CC-0. In Public Domain. Digitization by eGangotri

नं. २४३४

डोटेली लोकसाहित्य

एक अध्ययन

संपादक

देव कान्त पन्थ

नेपाल र एशियाली अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं० ~~९४८२~~
२४३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोटेली लोकसाहित्य

(एक अध्ययन)

सम्पादक

देवकान्त पन्त एम. ए.

दर्ता नं. 93329

प्रकाशक

नेपाल र एशियाली अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं,

नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक—
नेपाल र एशियाली अध्ययन संस्थान
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

398.204
PAN

प्रकाशन मिति- वि. सं. २०३२
प्रकाशित प्रति- ५००

मूल्य- 2

दर्ता नं.
93329

मुद्रक-
चाँमुन्द्रा प्रेस
यटखा,
काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

१	भूमिका	क – घ
२	विषय प्रवेश	१
३	संस्कार खण्ड -१	१८
४	इतिहास खण्ड -२	७९
५	प्रार्थना खण्ड -३	१५८
६	भारत (हुड्केली) खण्ड -४	२०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

नेपाली लोकसाहित्यलाई नेपालको एक प्राकृतिक भण्डार हो भने हुन्छ। यस मुलुकमा हामीले भौतिक सम्पन्नताको निगाह नपाए तापनि कतिपय नैसर्गिक वरदानले हाम्रो जीवनमा हाँसो र उल्लास भरिदिएका छन् । यिनमध्ये हाम्रो लोकगीत पनि एक हो । यस्तो जीवनमै आधारित हाम्रा लोकगीतको महत्व नेपालीले चिनेको धेरै भएको छैन । लोकगीतले नेपाली समाज सदैव व्याप्त र घनीभूत थियो तापनि केही वर्ष अघिसम्म यसको वास्तविक उपयोगिताको ज्ञान कसैलाई थिएन । यसको जुन यता नयाँ मूल्याङ्कन गरिएको छ त्यसले गर्दा लोकसाहित्य वा जनसाहित्य नेपाली नवोदित राष्ट्रिय संस्कृतिको ठूलो आधारस्तम्भ सिद्ध हुन गएको छ । लोकसाहित्यको आफ्नोपना र विशुद्धतामा नेपाली संस्कृतिको नयाँ मुहार झल्किएको छ । लोकसाहित्यले नेपाली समाजलाई केही वर्षभित्रै गहकिला योगदान पनि दिइसकेको छ । आधुनिक नेपाली संगीत र नृत्यका स्रोत हुन् हाम्रा लोकगीत र लोकनृत्य । लोकलयले नै नेपाली साहित्यलाई मौलिक झ्याउरे छन्द पनि प्रदान गरेको छ । यस छन्दलाई अँगाल्दै कति नेपाली कविहृदयले आफ्नो भावना फुटाइसकेका छन् । यसरी यति थोरै समयमा नै लोकसाहित्यले आफ्नो असीम उपयोगिता र अर्थपूर्ण शक्तिको परिचय दिइसक्यो ।

साहित्य र जनसाहित्यको गुण विवेचना गर्दा यिनमा धेरै अन्तर देखा पर्छन् । यिनमा रचनापद्धतिदेखि लिएर विषयवस्तुको प्रतिपादनसम्ममा धेरै भिन्नता पाइन्छ । साहित्य शिक्षित समाजको रचना हो । यसमा अभिव्यक्ति मात्र हुँदैन; अभिव्यक्तिमा सजावट हुन्छ । यहाँ कति शैली नै गूढ हुन्छन् । पन्ध्र दिशाबाट बग्ने आधुनिक संसारको विभिन्न विचारधारालाई चिन्ने मस्तिष्कको यो परिचायक हुन्छ । यसको विपरीत जनसाहित्यलाई यी कुनै रोगले छोएको हुँदैन । यसको अज्ञात रचनाकारले आफ्नो रचनामा ग्रामीण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समाज र त्यसको मनोभावनालाई मात्र चित्रण गर्ने प्रयास गरेको हुन्छ । यो केवल त्यस मानिसको चोखो र सहज अभिव्यक्ति भई आफ्ना घाँसपात गर्ने भाषामा फुटेको हुन्छ । यसमा सहज स्वाभाविक काव्य गुण पनि हुन्छन् । यसलाई सजाउन सिंगार्ने उपमा आफ्नै गाउँघर, लेख, पाखो र पहरोले नै दिन्छन् । हृदयले अनुभव गर्दछ । बोलीले त्यो अनुभवलाई जतिसक्यो निष्कपट रूपमा प्रकट गर्दछ । अनुभव र प्रस्फुटनका बीच नचाहिँदा पदविन्यास र लालित्यले उति स्थान पाउँदैन । छोटकरीमा लोकगीत भनौँ वा लोकसाहित्यको विषयवस्तु आफ्नै भूखण्ड र आफ्नै जनसमूहलाई लिएर बनेको हुन्छ । यिनमा शिक्षाले ल्याएको कृत्रिम सजावटको अभाव हुन्छ ।

नेपाली लोकसाहित्यमा गद्य पद्य दुवै समावेश भए तापनि पद्यपट्टिको भण्डार विशाल छ । नेपाली लोकगीतले पहाड, बेँसी, मधेश, जंगल, मैदान सबैलाई एक साथ घन्काएका छन् । लोकगीतले नेपाली जनजीवनलाई सरस र सुमधुर पार्नुका साथै एक भावनात्मक एकता प्रदान गर्न ठूलो सहायता गरेको छ । प्रत्येक नेपाली मुटुसँग नेपाली लोकगीतको एउटा सोझो र नगीचको सम्बन्ध रहन्छ । लोकगीत सुन्दा कुन नेपालीको मन झंकृत र प्रफुल्लित नहोला ? नीरव वातावरणमा, निर्जन पथमा वा विदेशिएर गएको नेपालीको मनमा हाम्रो लोकगीतले एउटा अनौठो उद्वेग संचारित गरिदिन्छ । मनमा सम्झनाको व्यथाले छटपट पार्दछ । मुटु–मुटुमा, श्वास–प्रश्वासमा नेपाली आत्मा चित्कार्दछ । उसका आँखाअगाडि वन, जंगल, भीर, पहरो, लेक, बेँसी, हिमाल, सोते, झर्ना, डाँफे, मुना, न्याउली गुराँस, उकाली- ओराली, चौतारी, पँधेरो, गाउँ, घर, आँगन, पिँडी, दाईँ, रोपाई, पंचैबाजा, पूजा, भाकल, मेला, पर्व सबै एक एक गरेर देखा पर्दछन् । धोती, कमीज, ज्वारिकोट र तलासेको झुल्फी माथि छड्के टोपी लाउने उन्मुक्त ठिटा र गुनीचोलो, पोते, मुँगा, ढुंग्री, बुलाकीले सुसज्जित, छचल्किँदो बैँस देखाउने ठिटीहरूको हासपरिहासको सम्झनामा ऊ मग्न हुन्छ । एउटा छेस्को गीत र एउटा सानो लयभित्र आफ्नो सुरम्य धर्तीका यी सबै चीज यसरी रमिएका हुन्छन् । त्यसैले नै लोकगीतलाई नेपाली जन–जीवनको मुटुको स्पन्दन भनिदिए हुन्छ ।

नेपाली जन–जीवन नेपाली भूभाग जस्तै कठोर र कठिन छ । घाम झुल्किएदेखिन् दुई घडी रात गएसम्मको मेहनत र परिश्रमले दुई गाँस बल्ल जुट्दछ । एक जोर नयाँ लुगा लाउन ऊ दसैँलाई उत्सुकताले कुर्दछ; दुईटा रोटी (सेल) खान तिहार पर्खन्छ । तैपनि संघर्षको क्षणमै ऊ गीत गुनगुनाइ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको हुन्छ । जीवन पहाड जस्तै कठोर र नाङ्गो छ । एक पहाडी नेपाली यी पहाडका बीच विश्वको अस्तित्व नै भुलेर रमेको छ । यी डरलाग्दा पहाडलाई नौ डाँडा मानी यहीँ उसले आफ्नो मायालुलाई सिर्जेको छ । त्यो लामीडाँडाको उकालीमा मुरीको भारी बोक्दा पनि उसलाई आउने चौतारीको आशाले सितलु छायाँभुनि बसी पहरै पगाल्ने गीत सुसेल्ने आशाले गति दिइरहेको हुन्छ । आफ्नो चारैतिरको गरीबी हैन कि गीतको साधनामा ऊ तल्लीन हुन्छ । हाम्रा लोकगीत एक उपासना र उत्सर्जनको भावनाले संरक्षित छन् । यिनलाई उपास्नेहरुले संघर्षमय जीवन बिताए पनि यी गीतमा संघर्षको व्यथा रूँदैन, बरू जीवनको आशा टुसाउँदछ । यी गीत जन–जीवनको श्वास–प्रश्वास भएको छ । जीवनको सुस्केरा कैं घाँसपात गर्दा, दाईं गर्दा, माछा मार्दा, वन जाँदा, गोड्दा र मल्दा नेपालीको ओंठमा एउटा गुनगुन फुङिएको हुन्छ । विश्रान्तिको बेला त फन् नृत्य र संगीत साँध्ने मौका हुन्छ । प्रत्येक गाउँ एक रोदी घर बन्दछ । नेपाली ग्रामीण समाजको कुनै पनि मेला, पर्व, चाहाड–बहाड वा धार्मिक व्रत पूजामा गीत हाल्ने प्रथाको प्राथमिक स्थान छ । नियालेर हेर्ने हो भने गीतको उपासना देवताको उपासनाभन्दा कहीँ बढी मात्रामा भएको पाइन्छ । संकुचित धार्मिक परिपाटी नहुँदा देवताको उपासनाको अवसरमा नेपाली समाजले जुहारी वा दोहोरो प्रेमगीतलाई यस्ता अवसरमा गाउन कुनै प्रतिवन्ध लगाउंदैन । ठट्टा र लहडमा नैं प्रतिस्पर्धाको वातावरण तयार गरी नेपाली समाजले गीत हाल्ने कलाको उपासना गरेको छ र यस कलालाई उकासिराखेको छ ।

उपर्युक्त सामान्य गुण जताततै विद्यमान हुँदा हुँदै पनि गहिरिएर खोतल्ने हो भने लोकगीतमा निहित नेपाली लोकसाहित्यमा क्षेत्रीय भिन्नता नभेटिने होइन । माथि लेखिएका धारणाहरु खासगरी मध्य र पूर्वी नेपालका प्रचलित लोकगीतहरुलाई स्थूल रुपमा निरूपण गरेर बनाइएका हुन् । यस पुस्तकमा प्रस्तुत गरिएका संकलन भने डोटी क्षेत्रका हुन् र प्रथम पाठमै यिनको अरू क्षेत्रसँग भाषिक मात्र हैन कि शैलीगत र विषयगत भिन्नता समेत भएको कुरा राम्रै देखिन्छ । डोटेली लोकसाहित्यका मुख्य विभेदहरू के के हुन् भन्ने कुरा विषय प्रवेशमा स्पष्ट्याइएको छ । जुम्ला प्रदेश जस्तै डोटी प्रदेश नेपालको अन्य पहाडी क्षेत्रभन्दा लामो ऐतिहासिक परम्पराले आलोकित एउटा समृद्ध प्रदेश हो । यसको कुमाउँसित प्रादेशिक सन्निकटता र ऐतिहासिक घटना क्रमले गर्दा बडो नजिकको सांस्कृतिक समानता रहेको छ । अतः डोटीको लोकसाहित्य-को पनि सबैभन्दा नजिकको तुलना शायद कुमाउँसँग हुन सक्ला जुन कुनै समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तृत अध्ययनबाट देखिन सक्ला । नेपालको मध्य र पूर्वी भागको तुलनामा डोटेली लोकसाहित्यका विभेदहरू स्पष्ट रूपमा वर्गीकृत छन् । विभिन्न विभेद अन्तर्गत अनेकौं विषयवस्तु प्रस्तुत भएका छन् । मध्य र पूर्वी नेपालका लोकगीत-हरू जीवन, प्रेम र हास-परिहासप्रति उन्मुख छन् । तर डोटेली लोकगीतमा शास्त्रसम्मत देवी-देवताहरूको स्तुति र संस्कार, हिन्दू सामाजिक रीति रिवाज, र काल्पनिक अथवा ऐतिहासिक वीर अथवा गुणी पुरुषको वर्णन (इतिहास) बढी भेटिन्छ । सरस र चुट्किला गीतहरूको सर्वथा अभाव तिनमा नभएको भएपनि यिनको ठूलो भण्डार त माथिका विषयमा नै छ । तिनै मध्येको केही पक्षलाई दर्शाउने रचनाहरू चार मुख्य विभाजन गरी यहाँ राखिएका छन् । डोटेली क्षेत्रको इतिहासले नेपालको इतिहासमा महत्वपूर्ण स्थान राख्ने र एटकिन्शन र राहुल सांकृत्यायन पछि तिनमा परिवर्धन गर्ने कुनै राम्रो प्रयास नभएकोले यसै संकलनमा केही शिलालेख, ताम्रपत्र र वंशावली जस्ता स्रोतलाई समावेश गर्ने लोभ पनि रोक्न सकिएन ।

आशा छ— यी सबै कुराले डोटेली लोकसंस्कृति र इतिहासमा केही ठोस सारांश निकाल्न पाठकवर्गलाई मद्दत गर्ला । यस अनुसन्धानमा उत्साह मात्रै हैन तीव्र अभिरूचि राख्नुभएका श्री देवकान्त पन्तजीलाई संस्थानको प्रोजेक्ट सम्पन्न गरिदिनुभएकोमा धन्यवाद दिन चाहन्छु । अस्तु ।

विनीत

डा० प्रयागराज शर्मा

डीन, नेपाल र एशियाली अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय प्रवेश

१

त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अध्ययन संस्थानको सहयोगले नै प्रस्तुत संकलन गर्न सकिएको हो । यद्यपि २०२४ सालदेखि नै म यो संकलन कार्य गर्दै आएको छु तापनि यसको पूर्णताको श्रेय उक्त अध्ययन संस्थानलाई नदिई रहन सकिदैन ।

सो २०२४ सालमा मैले धनगढीको हाइ स्कूलमा प्रधानाध्यापकको रूपमा सेवा गर्ने औसर पाएको थिएँ । त्यो वेला २०२३ सालको व्यापक प्रभावले पर्वतीय जनता तराईका गाउं र सघनवन प्रदेशमा बसाइं सरी सकेका थिए । ऐतिहासिक दृष्टिले पनि यो महत्वपूर्ण समय थियो । आजसम्म कालो पानी भनेर उपेक्षा गरिएको यो उर्वर र जङ्गली प्रदेश एक्कासि नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्र बन्न पुग्यो । भौतिक रूपले नांगै आएका जनताले उक्त भाषा, साहित्य र संस्कृतिको पोको ल्याउन भने बिर्सेका थिएनन् । अब के थियो तराईका गाउं र वन प्रदेश डोटेली लोक-साहित्यले गुंजित हुन थाले । कालो पानीमा सरस साहित्य र संस्कृतिको उज्वल बाढी आयो । प्रत्येक रातको ड्यौडा गीतले मलाई कुतकुत्यायो र मैले तिनीहरूको संकलन गर्ने निश्चय गरें । प्रायः अवकासको वेला मैले यो काम गर्ने बानी नै बसालें भने पनि हुन्छ । ड्यौडा गीत सार्वजनिक हुन् । अतः यी बनाउन र गाउन धेरै सरल हुन्छन् । जुनसुकैले पनि तुरुन्त बनाएर गाइदिन्छ । यी प्रायः सामयिक र प्रेमसम्बन्धी नै हुन्छन् । तुरुन्तै बन्ने र बिग्रिने हुनाले यिनको पृथक् रूपमा कुनै अस्तित्व छैन भने पनि हुन्छ । ड्यौडाको स्थायित्व त केवल त्यसको लयमा छ । ड्यौडा, गीतभन्दा बढ्ता लय हो यद्यपि यो लयका पनि स्थान भेद अनुसार विभिन्न रूप छन् । यस कारण यसलाई स्थानीय संस्कृतिको छन्यात्मक रूप नै भन्न सकिन्छ । यी सबै कारणले गर्दा यी ड्यौडाको संकलन अति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सजिलो छ त्यति नै अनावश्यक पनि । स्थानीय जनसंख्या अनुसार जति व्यक्ति छन् र जति तिनका भावना छन् त्यति नै डचौडा पनि छन् । यो त लयपूर्ण ध्वनिमा कुनै व्यक्तिले आफ्ना सामयिक भावना व्यक्त गर्ने प्रक्रिया हो । शिक्षित व्यक्तिले आफ्ना रसिक भावहरू जुन प्रकार गद्यमा व्यक्त गरेका छन् त्यस्तै त्यहाँका जनताले ती भावलाई डचौडा नामक पद्यात्मक लयमा व्यक्त गर्दछन् । यद्यपि केही डचौडा अज्ञात समयदेखि स्थायी रूपले चलेर आएका छन् । तर ती स्पष्ट रूपले चिनिन्छन र ती प्रेमको दृष्टिले मार्मिक, ऐतिहासिक दृष्टिले तथ्यपूर्ण, भौगोलिक दृष्टिले अत्यावश्यक, संस्कृतिको दृष्टिले सारपूर्ण एवं भाषा र साहित्यका दृष्टिले ग्राह्य र उच्च कोटिका हुन्छन् तर यस्ता स्थायी डचौडा-हरूको संख्याको निधो गर्न नसकेपनि धेरै छैन नै भन्न सकिन्छ । यी सारगर्भित डचौडाको संकलन हुनु पनि अत्यावश्यक छ ।

डचौडालाई निकटबाट यसरी चिनी सकेपछि मैले स्थानीय साहित्यको सारगर्भित र स्थायी रूपलाई संकलित गर्ने विचार गरें । प्रस्तुत पुस्तकका सबै गीतहरू यस कारण मात्र अस्थायी हुन् कि ती लेखिएका छैनन् । तर यसरी न लेखिएर पनि परम्परादेखि जनवाणीमै अविच्छिन्न रूपले रहिरहनु नै यिनीहरूको विशेषता हो । जनकंठमा प्रतिध्वनित यी लोक वेद नै त हुन् । तर दुःख त के छ भने यी सबैलाई सांगोपांग कंठस्थ हुँदैनन् । साथै खुशीको कुरा के छ भने एक जना पनि कंठाग्र गाउने अगुवा पाएमा सम्पूर्ण जनसमाजले उसकै लयमा लय मिलाएर यिनीहरूलाई गाइदिन्छ । यसको साथ साथै यी गीतमा आएका ऐतिहासिक नाम र घटना तथा वैदिक र पौराणिक प्रसंगको पनि तिनीहरूलाई कुनै विशेष ज्ञान हुँदैन जो तथ्यको दृष्टिले अरू पनि खुशीको कुरो हो । यसबाट यो थाहा हुन्छ कि ती तथ्यहरूलाई तिनीहरूले परम्परागत रूपले कंठाग्र नै राखेका छन् र त्यसमा कुनै परिवर्तन गरेका छैनन् । भाषाका धातुरूप र शब्दरूपमा अवश्य परिवर्तन हुँदै आएको छ तर यी गीतहरूको आत्मारूप तथ्य यथावत् नै छ । यसकारण लोकसाहित्यको यो सारगर्भित अंगलाई धनगढीमा मैले सांगोपांग संकलित गर्न सकिनँ । बसाईं सरी आएका जनतालाई यी सबै गीत सांगोपांग कंठाग्र थिएनन् र आफूलाई याद नभएका अंशहरूलाई डचौडा जस्तै तुरुन्त निर्माण गरेर पूरा गरिदिने उनीहरूको नत शक्ति थियो नत बानी नै । तर पनि संस्कार खण्डका धेरै अंशहरू मैले धनगढीमै संकलित गरिसकेको थिएँ । यी (संस्कार खण्डका गीत) अपौरूषेय अर्थात् नारी–वृन्दका गीत हुन र नारीहरूले नै गाउँछन् पनि । पुरुषभन्दा नारीको क्षेत्र घरसम्म मात्रै सीमित रहेकोले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होला प्राय: धेरैजसो नारीलाई आफ्ना गीत (नारीवेद) हरू कंठस्थ हुन्छन् । यति भएर पनि यी गीतहरूको सही संकलनको लागि मूल थलो डोटी-डडेल्धुरातिर नै जानुपर्ने भयो जसको निमित्त आर्थिक योगदानको आवश्यकता थियो । अतिशय प्रबल इच्छा रहेर पनि मैले रोटीरोजीको खोजीमा २०२६ सालको उत्तरार्धतिर काठमाडौं आउनुपऱ्यो र प्रस्तुत लोकसाहित्यको खोजी अधूरो नै रह्यो । काठमाडौं आएर भाग्यवश क्रमश: राजकीय प्रज्ञा प्रतिष्ठान र त्रि. वि. वि. मा सेवा गर्ने औसर पाएँ र गत २०२९ सालको चैत महिनामा उक्त अध्ययन संस्थानका डीन डा० श्री प्रयागराज शर्माले बडो उदारतापूर्वक मेरो वर्षौंदेखिको अभिलाषा पूर्ण गर्ने दिशातिर पाइला चाल्नुभयो । मैले यो सम्बन्धमा प्रस्तुत गरेको योजनालाई सहर्ष स्वीकृत गरी वहाँले गत वैशाखको प्रथम हप्तामा मलाई कार्यक्षेत्रमा गै काम गर्ने सुविधा र साधन जुटाई दिनुभयो । यसको निमित्त म श्री शर्माज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०३० सालको वैशाख ७ गते कार्यक्षेत्रको लागि प्रस्थान गरें । समय छोटो थियो काठमाडौंबाट डडेल्धुरासम्म आवत-जावतको निमित्त २० दिन र कार्यक्षेत्रमा काम गर्न ३ महिना गरी जम्मा ११० दिन पाएको थिएँ । गत वर्ष डोटी-डडेल्धुरामा चारैतिर अन्नाभाव थियो । अपरिचित गाउँमा त कुनै राति भोकै पनि बस्नुपऱ्यो । तर स्थानीय व्यक्तिको नाताले प्राय: धेरैजसो परिचय नै थियो । वैशाखको अन्तिम सातादेखि काम थालें । यहाँ निरयपालको ताम्रपत्र (शाके १२८४) को प्राप्तिको उल्लेख गरिदिनु आवश्यक ठान्दछु । प्रस्तुत योजनामा ताम्रपत्र र शिलालेखमा कार्य गर्ने नत उल्लेख थियो नत समय नै । तर मैले लोकसाहित्य संकलनको कार्यारम्भ गर्नुभन्दा पहिले नै उक्त ताम्रपत्र र त्यसै राति रिपुमल्लको चाँचरी पाएँ । त्यो दिन नत म सो ताम्रपत्रको खोजमा थिएँ नत मैले सो चाँचरीको नै संकलन गर्ने कुनै कार्यक्रम राखेको थिएँ । मत आफ्ना कुलदेवताको दर्शन गर्न गएको थिएँ । एक दुइ जना स्थानीय अध्यापकहरू पनि साथमा थिए । बन्यडी नामक देवताको माण्डौमा पुगेपछि हातखुट्टा धोई आराधना गर्न मनलाग्यो । माण्डो एकान्तमा थियो । हामीहरूसँग कुनै जलपात्र थिएन र पानी टाढा थियो । तर त्यसै बेला कुन्नि कताबाट सो देवताका भंडारी काशीराम आइपुगे र तुरुन्त आफ्नो केही टाढा रहेको घरबाट जलपात्रादि सबै सुविधा जुटाई आफ्नै घरमा खाना खाने निम्तो पनि दिएर गए । पूजा र रूद्रीपाठ सकियो पानी पनि पऱ्यो । वैशाखको आखिरी हप्ता थियो चैतमा छरेका धान सुकिरहेका थिए । अप्रत्याशित वर्षाले त्यो वरपर २।३ गाउँका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जनताले खुशी हुनु स्वाभाविक थियो । उक्त माण्डौमा सस्वर रूद्रीपाठ गरिदिनाले अदश पानी दछ भन्न उनीहरूको परम्परागत विश्वास पनि छ । औसरवश त्यो श्रेय मंले पाएं । बेलुका काशीरामजीले आफैं उक्त ताम्रपत्र देखाए । पहिले त मैले यसलाई एक आवत्ति नै ठानें तर त्यसको शाके १२८४ मा दृष्टिपात हुंदा मलाई आजभन्दा ६१० वर्ष पुरानो इतिहास जान्ने इच्छाले त्यता-तिर ध्यान दिन बाध्य गऱ्यो र मैले त्यो पढें । यसै स्वयं प्राप्त ताम्रपत्रले मलाई अन्य ताम्रपत्र र शिलालेख प्रति आकर्षित गऱ्यो र समयले भ्याएसंमका केही ताम्रपत्र र शिलालेखको विषयवस्तु पनि यसै पुस्तकको इतिहास खण्डमा प्रस्तुत गरेको छु ।

यसपछि कयौं गाउँ र घरबाट ताम्रपत्रहरूको सूचना आउन थाल्यो तर समयाभावले गर्दा मैले आफूलाई लोकसाहित्यभित्र सीमित राख्नुपऱ्यो । यो त मेरो ६ वर्षदेखिको प्रयास र स्थानीय जनताको हार्दिक सहयोग नै थियो जसले गर्दा अति कम समयमा मैले आशा गरेभन्दा बढी सामग्री संकलित गर्न सकें । जनताले अथाह परिश्रम गरे । दिनभरी उनीहरू खेतीको काममा व्यस्त हुन्थे र राति मेरो टेपमा गीत गाइदिन्थे । यो प्रक्रिया राति १२।१ बजेसम्म चल्दथ्यो । संस्कार खण्डका गीतहरू संकलन गर्दा त राति ३ बजेसम्म पनि कार्य भयो । दिनभरी थाकेका नारीहरू बेलुकाको खाना र चुलो–भाँडो गरी १० बजे राति-तिर मात्र भेला हुन सक्दथे । यसपछि लोकमंत्रको सस्वर गायन आरम्भ हुन्थ्यो जसमा एकै मन्त्रले पनि निकै समय लिन्थ्यो ।

यो सम्पूर्ण लोकसाहित्यको आधार डडेल्धुराको क्षेत्र हो । स्थानीय बोलीमा डोटी भनेको नै डडेल्धुरा हो । डोटी राजाको आदिम कोट (अजं-मेरकोट) डडेल्धुरामै पर्दछ । प्रायः सबै ब्राम्हण, क्षत्री र अन्य वर्गको एकै थलामा निवास डडेल्धुराको वरिपरि नै पाइन्छ । बाहुनहरूको सघन बस्ती पनि यहीं छ । यहींबाट बाहुनहरू सेती र महाकाली अंचलका अन्य क्षेत्रतिर फैलिएका हुन् । तर डडेल्धुरा भन्नाले डडेल्धुरा बजार र प्रशासनिक जिल्ला-मात्रै सम्झनु हुंदैन भाषा, साहित्य र संस्कृतिको दृष्टिले यसको क्षेत्र पश्चिम (बैतडी) भन्दा पूर्व (डोटी) तिर बढी फैलिएको छ । प्रशासनिक वर्गीकरण अनुसारको धारणा राखेर यहां साहित्यिक र ऐतिहासिक निष्कर्षमा पुग्न सकिदैन । यस दृष्टिले त सेती महाकाली अंचलका ९ वटै जिल्लालाई एकै रूपमा आबद्ध गर्नु पर्दछ । कैलाली कंचनपुरका मलवारा तप्पा, रैकावार तप्पा सिंहपुरको कोट, बमंडेज मंडी आदिसँग डोटी राजा र राज्यको इतिहास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अविच्छिन्न रूपले सम्बद्ध रहेको छ । अतः प्रस्तुत संकलनमा सम्पूर्ण डोटेली भाषा र साहित्य एवं ऐतिहासिक र सांस्कृतिक विषयवस्तुको दिग्दर्शन हुन सकेको छ भन्ने आशा लिएको छु । यद्यपि यो भाषा र साहित्यिक शैली वर्तमान डोटी सिलगढी बजारदेखि पश्चिमको डोटी जिल्ला र प्रायः पूरै बडेलधुरा जिल्लाको हो । माथि नै भनियो कि यो सम्पूर्ण सेती महाकाली अंचलको साहित्यिक रूप हो । प्रायः सबै पहाडी जिल्लामा यिनै गीतहरू पाइन्छन् । यसको विषयवस्तुमा अन्तर हुन सक्दछ । जस्तो बैतडीतिर चन्द-राजाहरूका चैत पनि पाइन्छन् । विभिन्न भेकमा विभिन्न स्थानीय सिद्धपीठका चैत धमारीहरू हुन्छन् । स्थानीय पाइक र प्रतिभाहरूको पनि वर्णन र स्तुति गान पाइन्छ तर सबको प्रक्रिया यही हो । तथ्यको दृष्टिले तिनीहरू सारगर्भित हुन सक्दछन् तर रूप र प्रकारको दृष्टिले तिनीहरू र प्रस्तुत संकलनको साहित्यमा कुनै अन्तर छैन भने पनि हुन्छ । तर प्रत्येक जिल्लाको भौगोलिक, ऐतिहासिक र भावनाको दृष्टिले आ-आफ्नै विशेषता भएको हुनाले सो दुबै अंचलका नौवटै जिल्लाको लोकसाहित्य संकलन हुनु आवश्यक छ र म व्यक्तिगत रूपले यसै दिशातिर कटिबद्ध पनि छु । तर यसको लागि गाउँ र भेक, जिल्ला र अंचल, लेक र बेसीमा घुम्न सक्ने क्षमता र अभिरूचि, स्थानीय बोलीको पूर्ण ज्ञान र परम्परा, प्रथा, आनिबानी र संस्कारको बोध हुनुका साथसाथै आर्थिक योगदानको पनि आवश्यकता पर्ने सर्वविदित छ । प्रस्तुत योजनाको सम्बन्धमा मैले गत ६ वर्षको साधारण प्रयासको साथसाथै यो नौ दश महिनासम्म अथक परिश्रम गर्नु पऱ्यो । कार्यक्षेत्रमा ३।४ घंटाभन्दा बढता कहिलेपनि सुत्न पाइएन । काठमाडौं फर्केर पनि निकै प्रयासपछि मात्र विषयवस्तुलाई यति छिटो पुस्तकाकारमा उक्त अध्ययन संस्थानलाई बुझाउन सकेको हुँ । यसकारण यसमा कुनै समालोचनात्मक दृष्टिकोण नअपनाई सामग्रीको परिचयसम्म मात्र दिएको छु । नत मैले डोटीको इतिहास नै लेखेको हुँ । यो त विभिन्न ताम्रपत्र र शिलालेख तथा कतिपय राजा र पाइकहरूका चैत (चरित्र) को अर्थ मात्रै हो । किन्तु ताम्रपत्रादि र वंशावलीलाई ठोस प्रमाण मानी अटकिन्सन, राहुल सांकृत्यायन आदिको भूललाई अवश्य औंल्याएको छु ।

पुस्तकै पुस्तकको आधारमा पुस्तक लेखेर त्यसलाई आफ्नो नयाँ खोज घोषित गर्ने चतुऱ्याइं कुनै क्षेत्रमा पनि राम्रो होइन । साहित्यमा पनि स्फुरण र प्रतिभाको साथसाथै अथक प्रयास नै चाहिन्छ । फेरि इतिहास जस्तो तथ्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र आधारित हुने विषयको सम्बन्धमा त्यही पनि हाम्रो जस्तो खोजी नभएको देशमा विदेशीहरूमाथि मात्र अवलम्बित हुनु आफ्नो देशका विद्यार्थी र बुद्धिजीवीलाई पनि अझै अल्मल्याउन खोज्नु हो। आजसम्म काठमाडौं उपत्यका बाहिरको इतिहास लेखिएकै छैन भने पनि भयो। यसको कारण के हो भने यो विषय नै यति कठिन छ कि विना तथ्य साहित्यिक कल्पनाले यसमा कलम उठायो भने असफलता र अपयश बाहेक अरू केही हात लाग्दैन। डोटीतिर ऐतिहासिक सामग्रीहरू असंख्य मात्रामा पाइन्छन् भने पनि हुन्छ। दुवै अंचलमा हजारौं ताम्रपत्र र सैकडौं शिलालेख छन्। केवल गाउँ गाउँ र घर घर घुम्न सक्ने शक्ति र सो लेखहरू पढ्ने धैर्य एवं संस्कृतको ज्ञान हुनु आवश्यक छ। शिलालेखहरू धेरै पुराना भएका हुनाले प्रायः खण्डित नै छन् र ती संस्कृतमै भएका हुनाले कुनै एकाध अक्षर मात्र खण्डित भएको ठाउँमा संस्कृत व्याकरणको बोधले सही श्लोक उतार्न सकिन्छ। संस्कृतको ज्ञानविना यस दिशातर्फ प्रयास गरेर कपाल नदुखाउनु नै राम्रो हो। ताम्रपत्रको पूर्व भागमा पनि संस्कृत पाइन्छ। तर त्यसको उत्तरार्ध डोटेली बोलीमा हुनेहुनाले सो भाषासँग पनि परिचित हुनु आवश्यक छ। यस बाहेक किंवदन्ती, उखान-टुक्काहरूमा पनि ऐतिहासिक तथ्यलाई पुष्ट गर्ने अभिव्यक्ति पाइन्छ। यी सबैको संकलन र अध्ययन इतिहास र संस्कृतिमा काम गर्ने बुद्धिजीवीको साथसाथै भाषा र साहित्यको क्षेत्रमा काम गर्ने अन्वेषक र समालोचकको लागि पनि त्यत्तिकै आवश्यक र महत्वपूर्ण हुनेछ भनिठान्दछु।

तर प्रस्तुत संकलनमा साहित्यका सबै विधाको संकलन भएको छैन। उक्त योजना अनुसार संकलन गर्नु पर्ने मुख्य विषय इतिहास र प्रार्थना खण्ड नै हुन्। भारत खण्ड केवल सहयोगीको रूपमा थियो। इतिहास खण्डको अभिलेख भाग र संस्कार खण्ड मैले त्रि. वि. वि. संग भएको कबुलियतभन्दा बढी सामग्रीको रूपमा प्रस्तुत गरेको छु।

डोटीतिर यो बाहेक अन्य कतिपय प्रकारको लोकसाहित्य क्रमबद्ध रूपमा देखापर्दछ। श्रौत संस्कार (विभिन्न यज्ञ गौरापूजन आदि) सम्बन्धी लोकसाहित्य पनि प्रस्तुत गृह्यसंस्कारभन्दा कम छैन। त्यस्तै सामाजिक विभिन्न भावना, व्यवहार, ऋतु, महिना र पर्वसम्बन्धी लोकसाहित्य पनि त्यति नै विशाल र सारगर्भित छ। यदि दुवै अंचलका सबै जिल्लाका मुख्य मुख्य साहित्यिक सामग्री मात्र संकलित गरी प्रकाशित गर्ने हो भने नेपाली लोक महाभारत खडा हुन सक्ने कुरा निर्विवाद छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२

यहाँ साहित्यिक समालोचनाभन्दा तथ्यगत परिचयलाई नै विशेष ध्यान दिइएको छ। लोकसाहित्यका गुण-दोष र प्रकार आदिको विवेचनाले पुस्तकको आकार निकै वृद्धि हुनजाने भयले सबै बुध्दिजीवीको संमुख ल्याए जति र अत्यावश्यक मूल पाठ नै साथै प्रस्तुत गरिदिएको छु। यद्यपि प्रस्तुत पुस्तकका सबै खण्डमा दिइएका सामग्री इत्यलं होइनन्। त्यसमा अरु पनि कतिपय सामग्री निश्चय रूपेण लोककंठमा व्याप्त रहेको निर्विवाद छ। किन्तु यहाँ लोकगीतहरुका नाम, समय र लय आदिको साधारण विवेचन गरिदिनु उपयुक्त ठान्दछु।

प्रस्तुत संकलनमा चैत, धमारी, भोलाउलो, ढुस्को, भैनी, चांचरी, फाग र भारत वा भणाग वा हुड्केली लयहरुको समावेश भएको छ। यिनीहरूको परिचय यथाप्रसंग दिइएको पनि छ। यहाँ सारांशमा यिनीहरुबारे केही भनिदिनु उचित हुनेछ।

चैत चरित्रको अपभ्रंश रूप हो। धमारी धमार रागको रूपान्तर हो। भोलाउलो विशुध्द स्थानीय बोली हो जसको अर्थ हो ब्राह्ममुहूर्त वा उषाकाल हुन थालेको। ढुस्को र भैनीको प्रायः एकै विषय र प्रसग हुन्छ यी दुवै रोपाइँमा नै गाइन्छन्। चांचरी पनि एक लय हो। यसको कुनै प्राचीन वाद्य विशेषसँग सम्बन्ध देखिन्छ। अमरकोषमा "चर्चरी झल्लरी चैव" भनेर चर्चरी र झल्लरी नाम गरेका प्राचीन वाद्यको उल्लेख छ। हुन सक्छ यो लयसँग सोही बाजा बजाइन्थ्यो होला। फाग नारीहरुका मंगल गीत हुन्। स्थानीय बोलीमा फाग भनेको घरको भित्तामा रहेको माहुरी बस्ने १।१ हात लम्बा चोडा प्वाल पनि हो। त्योभित्र माहुरीहरूले सधैं गुनगुनको ध्वनि गरिरहन्छन्। नारीहरुले पनि फाग गाउँदा यस्तै गुन गुन वा घन घन ध्वनि र लयको प्रयोग गर्दछन् तर यो फाग शब्दको प्रचलन कुमाउँ र राजस्थानी लोकसाहित्यमा पनि भएको छ। डोटीमा यो फागको माहुरीको घरसँग कुनै सम्बन्ध छ या छैन यो खोजको नै विषय छ र छ भने फाग गीतको नामकरण माहुरीको फागमा भयो वा माहुरीको घरको नामकरण गीतको ध्वनि अनुसार भयो यो पनि विवादास्पद नै छ। भारत, भणाग र हुड्केली पर्यायवाची शब्द हुन। महाभारत जस्तै वीर योध्दाहरुको वर्णन भएको हुनाले नै यसको मुख्य नाम भारत रहेको हो। भणागको स्थानीय भाषामा अर्थ हुन्छ भनिने कुरो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुड्केली यो शब्दको अन्तिम रूप हो । हुड्को नामक वाद्यसंग आजभोलि पनि यसको गायन हुन्छ ।

यी गीतहरूमा चैत र धमारीको ऐतिहासिक दृष्टिले विशेष महत्व छ । चांचरीमा पनि इतिहास पाइन्छ तर पहिले त चांचरी नै थोरै छन् । त्यसैमा कुनै पौराणिक र कुनै सामाजिक पनि भएका हुनाले मैले संकलित गरेका चांचरीमध्ये 'रिपुमल्लको चांचरी' नै ऐतिहासिक दृष्टिले महत्वपूर्ण छ । यसले डोटी राजवंशको इतिहासको धेरै ठूलो भागको अनावरण गरेको छ । गाउने व्यक्तिलाई यसको अर्थ, घटना र पात्रको कुनै विशेष ज्ञान भएको पाइएन । उनीहरूले त परम्परागत रूपमा यसलाई मुखाग्र पारी सुदूर अतीतको महत्वपूर्ण घटनालाई वर्तमानसम्म पुऱ्याई दिएका छन् । यदि घटना र पात्रको राम्रो बोध भएको भए उनीहरू यसको रूपान्तर पनि गरिदिन्थे र यो विकृत रूपमा मात्र फेला पर्थ्यो होला । तर मलाई त पूर्ण विश्वास छ कि नागमल्लको युवराज रिपुमल्ल अछाममा जन्मेको हो र अजमेरकोटबाट हाँसु कठायतको नेतृत्वमा गएको डोटेली सेनाले उसलाई अछामबाट पेलो सुन दिई ल्याएको हो । नागमल्लको शाके १३०९ को ताम्रपत्रबाट पनि यस तथ्यको पुष्टि हुन्छ । सो ताम्रपत्रको साक्षीमा युवराजको नाउँ छैन अर्थात् त्यो बेलासम्म नागमल्लको छोरा जन्मिसकेको थिएन ।

यी ऐतिहासिक लोककाव्यहरूको रचना घटनाको १०।१५ वर्षभित्रै भैसकेको हुनुपर्दछ । योभन्दा बढी समय नाघपछि जनमानसबाट ती प्रभावपूर्ण घटनाका स्मृतिहरू मेटिंदै जाने धेरै सम्भावना भएको हुनाले यी चैत चांचरी आदिको रचना हुन सक्दैन । मर्मस्पर्शी र प्रभावपूर्ण घटनाको सम्बन्धमा मात्र चैत आदि बनेका देखिए । यो कुरा विश्वको विकसित वाङ्मयमै लागू हुन्छ । आज भोलि पनि शहीद वा वीरहरूको स्मृतिमा गाथापूर्ण कविताको रचना विश्वभरी नै भएको पाइन्छ । तर ती घटनाप्रधान नभैकन भावनाप्रधान हुन्छन् । यदि ती शहीद र वीरहरूको अरू इतिहास नलेखिने हो भने आजको ५७० वर्षपछि ती कविताबाट सम्बन्धित व्यक्तिको छेउ टुप्पोको पत्ता लगाउनु आकाशको फल टिप्नु जस्तै हुनेछ । यस दृष्टिले यी लोक गीतहरू निकै तथ्यपूर्ण देखिन्छन् । यिनीहरूमा घटना र स्थानको उल्लेखको साथसाथै भावाभिव्यक्ति पनि यस्ता छन् कि जसको शैली र रसबाट समेत घटनाको बोध हुन जान्छ । यस प्रकार यी गीतहरूको रचनाकाल पनि त्यही हो जो सम्बन्धित घटनाको काल थियो । ताम्रपत्र अनुसार रिपुमल्लको समय शाके १३३४ सिद्ध हुन आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्, आजभन्दा ५७० वर्षअघि डोटेली भाषामा यो प्रथम लोककाव्यको निर्माण भयो जो आजसम्म प्राप्त नेपाली साहित्यका सबै रचनाभन्दा पुरानो हो र यो आफैं नेपाली भाषाकी जननी डोटेली भाषिकाको तथ्यरूपले प्रमाणित सर्वप्रथम रचना हो । यो चाँचरीका शब्द पुराना छन्, लय पुरानो छ, भावना पुराना छन् । जसले डोटेली भाषाको यथार्थ रूप–रंग, रस र लयसँग आत्मीयता स्थापित गर्न सकेको छ त्यसले यसको गायन सुन्ने बित्तिकै भन्नेछ कि यो निःसन्देह अतिशय पुरानो रचना हो । तर भागेश्वरको ढुस्को एवं नागमल्लको धमारी र भैंनी घटनाको क्रमले योभन्दा जेठा भएपनि तिनको सूक्ष्म रूप–रस र गायनमा कुन्नि कता कता यो चाँचरीभन्दा केही आधुनिक लाग्छ । या यिनका गायकहरूले शब्द, लय र शैलीमा धेरै परिवर्तन ल्याइदिए होलान् । किनकि यो चाँचरी केवल एकै भेकमा मात्र गाइन्छ र पाइन्छ पनि तर उक्त ढुस्को, भैंनी र धमारी जिल्लाभरी नै प्रचलित छन् । मत यसै निष्कर्षमा पुग्छ कि नागमल्लको भागेश्वरसँग पराजय भएको र उसको अपकीर्तिसम्बन्धी साहित्यको प्रचार नागमल्लको पालामै कदापि भएन होला । उक्त ढुस्को स्थानीय प्रमुख देवतासँग सम्बन्धित भएको हुनाले जनताले यो घटनालाई धेरै वर्षसम्म बिर्सेनन् र यसरी भित्रभित्रै उकुसमुकुस भई परिपक्व भएपछि उसको छोराको पालामा रोपाइँको वेला झरीको प्रतीक्षामा एकाग्र जनताको कण्ठबाट भागेश्वरको स्तुति रूपमा यसको विस्फोट भयो होला । हुन सक्छ यसको गायनपछि यथेष्ट पानी परी श्रद्धालु जनताको कण्ठ कण्ठमा यसको प्रचार हुँदै गयो होला । उक्त धमारी र भैंनीको रचनामा पनि प्रायः यस्तै अवस्था रह्यो होला ।

यस प्रकार ऐतिहासिक लोकसाहित्यको रचनाकालको निधो गर्न त्यति कठिन छैन । घटना र साहित्य निर्माणको कालमा अर्द्ध शताब्दीभन्दा बढी फरक पर्न सक्दैन किनकि त्यो बेलासम्म ऐतिहासिक घटनाको प्रभाव समाप्त भइसकेको हुन्छ र त्यसलाई प्रत्यक्ष देख्ने व्यक्तिहरू पनि कालकवलित भइसकेका हुन्छन् । देवस्तुतिमा गणेशजीको भोलाउलो र धमारीमा आएको रचनाकारको नामले उनीहरूको पुरताको गणना गरी मोटामोटी समयको ज्ञान हुन आएको छ जो यथाप्रसंग उल्लिखित भएको नै छ । त्यस्तै उग्रताराको चैतमा भूपति शाहीको नाम आएको छ किन्तु यो चैतको भाषा, भाव र शैली आदि त्यति पुराना लाग्दैनन् । यस बाहेक अरू प्रार्थनासम्बन्धी गीतको रचनाकालबारे निर्णयमा पुग्न केवल भाषा, भाव र शैली आदिको नै सहायता लिनुपर्दछ । जे भएपनि रिपुमल्लको चाँचरीभन्दा पुरानो साहित्य अरू कतै पाइएन । किन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कार खण्डका सगुन, गणेश फाग, दियो बाल्ने फाग र रूकविनाको फाग आदिको भाषा, भाव र शैली पनि सो चांचरीको समकालीन जस्तो देखिन्छ। जे होस् निरयपाल (शाके १२८४) को समयदेखि नै नेपाली लोकभाषामा व्यापक साहित्य रचना भइसकेको निर्विवाद छ। तर यो साहित्यरचना मौखिक रूपमै सेती र कर्णाली प्रदेशसम्म सीमित रह्यो। पूर्वतिर यो कहिलेदेखि बढ्दै आयो यो खोजको नै विषय छ। यति त तैपनि भन्न सकिन्छ कि नेपाली भाषा र साहित्यले पूर्वतिर पाइलो सार्दा धेरै वर्षसम्म मौखिक रूपमा रहनुपरेन होला। पूर्वतिर बढ्दै आउँदा उसको रूप लिखित हुन थाल्यो। नत्र सेती र सिंजाका यी अनेकन मौखिक लोककाव्य र गीतहरू पूर्वतिर पनि देखापर्नुपर्ने हो। यदि अप्रकाशित रूपमा पूर्वतिर पनि छन् भने यिनीहरूको संकलन र प्रकाशन आवश्यक छ। सिंजाली र डोटेली नेपालीका भाषिका मात्रै होइनन्। यी त नेपाली भाषाको आदिरूप नै हुन् र यी दुवैमा पनि परस्पर निकै साम्य छ। नेपाली भाषाको प्रवाह जलधारा झैं पश्चिमबाट पूर्वतिर बगेको निर्विवाद छ। सिंजापति पृथ्वी मल्लको शाके १२७८ र डोटीपति निरयपालको शाके १२८४ का कनक र ताम्रपत्र समकालीन देखिन आए। यी दुवैमा नेपाली भाषाको प्रारम्भिक रूप पाइन्छ। निरयपालभन्दा पहिलेदेखि नै डोटीमा कत्यूर वंशी राजाहरू (त्रिलोकी पाल आदि) ले राज्य गरेको पनि विभिन्न इतिहासकारहरूले उल्लेख गरेका छन्। यसै पुस्तकमा दिइएको डोटी राजवंशावलीमा पनि सो त्रिलोकी पालले सिंजाका भुजा काटेर अजैमेर थापेको वर्णन छ। यस्तो अवस्थामा शाके १२७८ को सिंजा भाषा डोटीमा १२८४ सम्मको ६ वर्षको अवधिमा पुगी राजभाषा समेत हुन सक्यो होला भनी आशा गर्न सकिंदैन। यो त डोटी र जुम्लामा समान रूपले सँगसँगै विकसित भयो। भाषाको प्रवाहको दृष्टिले डोटी जुम्लाभन्दा पश्चिम पर्दछ र सम्भवतः आफ्नो प्राकृत रूपलाई छोडी नेपालीपनमा आउने बेला यसको प्रथम गतिविधि डोटीमै बढी भयो होला।

३

अब डोटी र डोटीका देवताको संक्षिप्त परिचय पनि दिइहाल्नु आवश्यक भएको छ। डोटीमा असंख्य देवता छन्। प्रत्येक गाउँमा कैयौं थरीका देवता पाइन्छन्। डांडामा देवता, पहरामा देवता, लहरामा देवता, रूखमा देवता, गाउँमा देवता, धारामा देवता, खोलामा देवता र नदीमा देवता सर्वत्र देवतै देवता छन्। यी देवता सबै एकै प्रकार र गुणका छैनन् यी दुःख र सुख,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रोग र स्वास्थ्य, अशान्ति र शान्ति आदि दुवै प्रकारको प्रभाव दर्शाएर प्रतिष्ठित भएका छन् । यी क्रोधी र दयालु पनि छन् र तुरुन्तै रूष्ट र तुष्ट पनि हुन्छन् । यस कारण त्यहाँको प्रचलित उक्ति छ कि 'पहाड पुजिखानु माल जुजि खानु' अर्थात् पहाडमा पूजा गरेर खान (अस्तित्व राख्न) सकिन्छ भने मधेशतिर लडी भिडीकन खान सकिन्छ । तर अब प्रश्न उठ्न सक्छ कि के देवताले मानवलाई दुःख पनि दिन्छन् ? एकै गाउँमा यतिका देवपीठ पनि कसरी हुन सक्दछन् र ? यो सम्बन्धमा मसँग एकाध जना पूर्वतिरका साथीहरूले २।३ वर्षअघि धेरै प्रश्न गरेका थिए र त्यतिका देवताहरूलाई भूत-प्रेतादि होलान् भन्ने आफ्नो अनुमान लगाएका थिए त्यो वेला मैले पनि कुनै निश्चित जवाफ दिन सकिनँ ।

यहाँ सर्वप्रथम विचार्नुपर्ने कुरो के छ भने यो डोटीप्रदेश मानस सरोवरको क्षेत्रभित्र पर्दछ । हाम्रा धर्मशास्त्रादि अनुसार मानस सरोवरकै नजीक रहेको कैलास पर्वतमा आदिशक्ति उमाको साथमा भगवान् शंकरको निवास छ । शंकरका सिद्ध भूत प्रेत पिशाचादि अनेक गण छन् । ती गणहरू पनि वरदान दिन र विनाश गर्न समर्थ छन् । ती आआफ्नो गुण र रूचि अनुसार शिखर, मशान र गाउँमा घुमी रहन्छन् र निवास पनि गर्दछन् । शैव दर्शन वा मतको सम्बन्धमा प्रायः सबै शास्त्र-पुराणको यही धारणा रहेको छ । यसै कारणले होला अमर कोषका रचयिता अमरसिंहले यो शिवगण (पिशाच, गुह्यक, सिद्ध, भूत) लाई देवयोनि भनेको —*पिशाचाः गुह्यकाः सिद्धा भूतोमी देवयोनयः* । डोटीमा शंकर-पार्वतीको साथ साथै यी सिद्धादिगणको नै मान्यता छ । यहाँसम्म कि त्यहाँको आध्यात्मिक प्रशासनमा यिनै सिद्ध, भूत, प्रेत र पिशाचको एकाधिपत्य छ । तर जयाभावो छैन । देवी-शक्ति (दुर्गा, भगवती आदि) स्वतन्त्र छ त्यसलाई सबै देवताहरूले बैना (भगिनी) भनी समादर गर्दछन् । मष्टो देवतासँग त प्रायः दुर्गाको बैनी रूपमा अविच्छिन्न सम्बन्ध रहेको छ । जहाँ मष्टो छ त्यहाँ दुर्गा छिन् । देवीपछि सिद्ध-शक्ति (शिखरवासी देवता) पनि स्वतन्त्र छन् । उनीहरूले दुर्गाको सम्मान अवश्य गर्दछन् तर उनी दुर्गाप्रति जवाफदेही वा वाध्य छैनन् । जहाँसम्म मालिकाको प्रश्न छ ती स्वयं नै आदिशक्ति पार्वती भएकी हुनाले सर्वोपरि छिन् ।

सिद्धपछि भैरव-शक्ति देखापर्दछ । भूत र प्रेत यसैभित्र पर्दछन् । पिशाच सिद्धसँग सम्बन्धित छन् । भैरवशक्ति र दुर्गाशक्तिमा बलि चढाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर सिद्ध र पिशाच विशुद्ध सत्व गुणी छन् । त्यहाँ वलि त परै रहोस् मासु र मुसुरो आदि खाएको ३ दिनसम्म जानु पनि हुँदैन । तर यी पिशाच दुई प्रकारका छन् । ती हुन् देवपिशाच र मानवपिशाच । देवपिशाच नै पूजिन्छन् र देवदलमा सम्मिलित हुन सक्दछन् । मानवपिशाच त त्यो ठाउँमा जान पनि सक्दैनन् । तिनीहरू अतृप्त प्रेतात्मा हुन् जो आफ्नो मुक्तिको लागि आफ्नै वंश-धरहरूलाई दुःख दिइरहेका हुन्छन् । तिनीहरूको देवतासँग कुनै सम्बन्ध छैन । भैरवशक्ति स्वतन्त्र भएर पनि सिद्धशक्तिको अधीन हुन्छन् । यिनी दुवै कुराले प्रसन्न हुन्छन्–पाठपूजनादिद्वारा र वलिद्वारा ।

यस वाहेक ठाउँ ठाउँमा भगवान् शंकरको पीठ पनि देख्न पाइन्छ । यो पीठ नदीको किनारा र लेकमा पनि हुन्छ । तर यसको कुनै धामी हुँदैन । प्रायः यसको जात्रा र देउरो पनि हुँदैन । चाहे मशानमा होस् चाहे लेकमा होस् यो पीठमा केवल रुद्री आदि पाठमात्र गरिन्छ ।

उक्त सिद्ध र भैरवशक्ति परस्पर वलमा बाँधिएका हुन्छन् जसको राजा सिद्ध हुन्छ र अरू विभिन्न देवतालाई उसका मन्त्री सेनापति आदि रूपमा मानिएको हुन्छ । यिनीहरूको भेक पनि बाँडिएको हुन्छ । गन्याप, काफली, भागेश्वर र घण्टेश्वरलाई स्थानीय जनताले सिद्धको रूपमा मान्दछन् । त्यहाँ यो धारणा छ कि त्यो ठाउँको आध्यात्मिक प्रशासन यिनै सिद्धहरूको हातमा छ । तिनीहरूको आफ्ना भेकमा पर्ने सयकडौं देवताहरू तिनै सिद्धको वलको रूपमा रहेका हुन्छन् र तिनीहरूका धामीले सिद्धको धामीलाई साईं (स्वामी) भनेर सम्बोधन गर्दछन् । वास्तवमा डोटीतिर शंकरलाई होइन शंकरका गण-लाई सामाजिक गतिविधिमा प्रत्यक्ष प्रभाव पार्न आवाहन र पूजन गरिन्छ । अर्थात् यिनीहरूको प्रायः सकाम आराधना गरिन्छ जवकि शंकरको निष्काम । शिखरमा सबै सिद्धादि देवताहरू वर्षा कालमा पूजिन्छन् र तिनीहरूमा समाजवासी र मशानवासी देवताहरू कार्तिक शुक्ल पक्षमा पूजिन्छन् । डोटीको कार्तिक शुक्लपक्ष देवपक्ष हो ।

यस प्रकार भगवान शंकरका विभिन्न गण (देवता) को निवास भएको यो पवित्र भूमिलाई डोटी भनिन्छ । जो देवाटवीको अपभ्रंश रूप हो । देवाटवी माने देवताको निवास गर्ने वन प्रदेश हो । कालान्तरमा देवको देउ र द्यौ भयो 'वी' को व को लोप भई शेष रहेको ई मा ट संयुक्त हुन गई 'टी' हुन गयो अर्थात् द्यौटी भयो र पछि त्यही डोटी भएको हो । यहाँका विभिन्न देवताहरूले आफूलाई देवता र दैत्य पनि भन्दछन् । यदि ती वास्तवमा दैत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएका भए त्यहाँ पञ्चगव्य पञ्चामृतादि सहित वेदपाठको ठाउँमा सुरामांसादिको प्रयोग हुनुपर्ने । यहाँ त यो बिलकुलै वर्जित छ । जसले भ्रमवश पनि ती कुराको लसपससम्म गरेर सो ठाउँमा पूजापाठादि गर्दछ त्यसले वरदानको ठाउँमा दण्ड नै पाउँछ । यसकारण यहाँ 'दैत्य' प्रतीकात्मक मात्र देखिन्छ । अर्थात् दैत्य जस्तै तुरुन्त प्रसन्न र रूष्ट भई अद्‌भुत दैवी शक्तिद्वारा लाभ र हानि गर्न सक्ने यी देवताको पूजापाठ र आराधना गरी जनता अत्याशु लाभान्वित हुन सक्दछन् । सबै प्रकारका देवतामा पञ्चगव्यको अभिषेक र अग्निमा हवन अनिवार्य छ । सो दुवै कुरा विनाको पूजा अधुरो र फलहीन मानिन्छ । अग्निमा दिइएको पूर्णाहुतिको वेला देवशक्ति प्रसन्न भै अवतरित भएको देख्न पाइन्छ । पूर्णाहुतिको वेला धामी अवश्य काम्दछ । यो पूर्णाहुतिलाई देवताले मेधा भन्दछ र धामीले यसलाई ताप्दै मेधा खाएँ भन्दछ । हवनान्नको प्रथम तिलक गाथ [लिंग] मा लगाइन्छ र दोस्रो तिलक धामीलाई लगाएर मात्र अरू भक्तहरूलाई बाँडिन्छ । हवन र वेदपाठादि गरी दिने ब्राम्हणप्रति यो धामी कृतज्ञ भएर उसका पीर मर्का हटाइदिने वचन दिन्छ । उठेको गुठी चन्दाबाट बाहुनलाई सो धामीमा अवतरित भएको देवताले दक्षिणा पनि दिन्छ । यदि वास्तवमा त्यो दैत्य हो भने यी सबै आध्यात्मिक र वैदिक प्रक्रियाको त्यहाँ प्रचलन नहुनुपर्ने ।

अब प्रसंगवश बहुचर्चित मष्टोको पनि चर्चा गरिदिनु आवश्यक ठान्दछु । डोटीतिर मष्टो सिद्ध र भैरव दुवै रूपमा पूजिन्छ । दुधे मष्टो, लडे मष्टो, दारे मष्टो र खापरे मष्टो गरी यसका प्रमुख चार भेद छन् । यो बाहेक अन्य कतिपय विभेद पनि छन् । मष्टोलाई त्यहाँ रंयाने अर्थात् त्यहीं प्रकट भएको मानिन्छ । त्यसको इलाकामा जुनसुकै जाति बस्न गएपनि प्रायः त्यसैलाई पूज्दछन् । दुधे मष्टो र लडे मष्टो विशुद्ध सत्वगुणी हुन् । दुधे भनेको दुग्धाहारी हो र लडे भनेको जटाधारी हो । तर खापरे र दारे मष्टोले बलि पनि खान्छ । खापरे भनेको खपतडमा बस्ने र दारे भनेको लामा दारा भएको हो । यसको धामीले आफ्नै दाँतले ठूल ठूला बोकाको गर्दन एकै चोटिमा अद्यावधि पनि छिनालिरहेकै छ । कहिले काहीं प्रत्यक्ष अवतार भएको बेला सो धामीका दारा बढेर एक बित्ता जति लामा हुन्छन् भन्ने कथन पनि छ । सेती दक्षिणको मष्टो गन्याप आदि सिद्ध शक्तिको अधीन छ र यो स्वयं समाजमा बस्दछ । यो मष्टो शिखरवासी सिद्धपछिको दोस्रो शक्ति हो । यसको समकक्ष केही प्रमुख देवताको नाम यस प्रकार छ–लाटो, तेडी, कैलीपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[पिशाच शक्ति], बेताल [पिशाच शक्ति], गोड़ी वाग आदि । यी आपसमा मीत भन्दछन् । यसमा सबभन्दा बढी रूप लाटाका छन् । यो लाटो विभिन्न रूपमा पाइन्छ । यसका ८४ रूप छन् । यसले आफूलाई कन्नौजबाट आएको भन्दछ । यसमा कुनै यति सत्व गुणी र प्रबल हुन्छ कि यसको अघि मशानो देवता आफ्नो धामीमा अवतरित हुन सक्दैन । मष्टोलाई श्वेत र पीत रूपको मानिन्छ भने यसलाई गेरुवा रंगको ।

४

अब संस्कार खण्डको साधारण परिचय दिएर लोकसाहित्यको गायन समयको पनि उल्लेख गरिदिनु आवश्यक ठान्दछु । संस्कार खण्डका सबै मंत्र नारीद्वारा नै रचित हुन् । यसकारण यसको नाम मैले अपौरूषेय लोकसाहित्य राखेको हुँ । यसमा नारीहरूका कोमल भावनाको साथसाथै उनीहरूको नाम र यशको लिप्साविहीन साहित्यिक योगदान देखन पाइन्छ । वास्तवमा नारी वर्गद्वारा यस्तो योगदान प्रशंसनीय कुरो हो । मंत्रहरू ठोस र भावपूर्ण छन् । ती गीतहरूको पवित्रता र अनिवार्यतालाई देखेर मैले तिनीहरूको नाम लोकमंत्र राखेको हुँ । यो संस्कार खण्डका पनि दुइ भाग छन्–पूर्वांग र उत्तरांग । पूर्वांगका मंत्रहरू प्राय: सबै संस्कारको वेला गाइन्छन् र उत्तरांगका मंत्रहरू सम्बन्धित संस्कारको अवसरमा मात्र गाइन्छन् । यो यति मात्रै होइनन् । यहाँ एक शीर्षकमा केवल एकै मंत्रको संकलन भएको छ । यस्ता धेरै मंत्रहरू छन् । यी केवल गृह्य संस्कारसम्बन्धी मंत्रमात्रै हुन् । तर पूर्वांगका मंत्र भने श्रौत संस्कारको पूर्वांगको औसरमा पनि गाइने गर्दछन् । श्रौत संस्कारसम्बन्धी नारी साहित्य पनि प्रायः संकलित गरिसकेको छु र ती यथा अवसर प्रकाशित हुने नै छन् ।

इतिहास खण्ड र प्रार्थना खण्डका मंत्रहरू भाद्रशुक्ल सप्तमीको वेला गरिने गौरा पूजनको प्राय: सप्ताहव्यापी पर्वमा गाइन्छन् । पुरुष र नारी वर्गले भिन्ना–भिन्नै प्रांगणमा भेला भई उक्त लोकगीतहरू गाउँछन् । पुरुषहरूसँग ढोल नामक बाजा हुन्छ तर नारीहरूमने विना वाद्य नाच–गान गर्दछन् । नारी र पुरुषका गीतमा पनि अन्तर हुन्छ । यसको साधारण संकेत यथाप्रसंग दिइएको छ । पुरुषवर्गका गीतहरूमा पनि नारी झैं यश र नामको लिप्सा पाइएन । प्रार्थना खण्डका दुइटा गीत यसका अपवाद हुन् । यो गौराको पर्वमा नर र नारी दुवै वर्गलाई यी गीतहरू आफैं कण्ठस्थ भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउने र अरू बेला बिर्सिने हुन्छ भन्ने सबै स्थानीय व्यक्तिको भनाइ छ। यस कारण अरू बेला प्रायः निकै अभ्यस्त र निपुण व्यक्तिहरूले नै उक्त गीतहरूलाई सांगोपांग गाउन सक्दछन्। प्रार्थना खण्डका गीतहरू सम्बन्धित देवताको जात्राको राति पनि गाइन्छन्। यति भएर पनि यसको गायनमा समयको कुनै विशेष बन्धन छैन। जसलाई यो कंठस्थ हुन्छन् तिनीहरूले लहड चलेको बेला त्यसै पनि गाइदिन्छन्। बालकको छैटीपूजाको राति पनि यो गीतहरू गाइन्छन्।

५

यस प्रकार डोटेली लोकसाहित्यको संक्षिप्त रूपमा परिचय दिने औसर पाएकोमा लेखकको नाताले मलाई त खुशी लाग्नु स्वाभाविकै हो तर यो खुशियालीको सार्थकता देशका बुद्धिजीवीहरूको सन्तुष्टिमा निर्भर गर्दछ भने यसको कृतज्ञता स्थानीय विभिन्न सहयोगी साथीभाइ, दिदीबहिनी र इष्टमित्र–वर्गप्रति छ। वास्तवमा स्थानीय जनताको सहयोग बिना यो कार्य पूरा हुन सक्दैनथ्यो। यो कुनै पुस्तक र भित्तामा लेखिएको लेख मात्र होइन जसलाई जुन बेला मनलाग्यो सारेर ल्याउन सकियोस्। यो त जनताको हृदयपटलको अभिलेख हो जो उनीहरूले दिए मात्र पाइन्छ। ताम्रपत्र पनि प्रायः गुप्त नै रहन्छन्। जबसम्म यी ताम्रपत्रका धारकहरूले स्वेच्छया सूचना दिंदैनन् तबसम्म कसैलाई फलानाको घरमा ताम्रपत्र छ भनेर के थाहा हुन सक्छ र। यी सबै कारणले गर्दा मत पंगु थिएं र मेरो कुनै गति थिएन। यी त ती गाउंले दाजुभाइ नै हुन् जसले मलाई हिंडाए मेरो कलममा गति र मनमा उत्साह दिए।

डडेलधुरा जंसेरानिवासी देवीदत्त पनेरू, त्रिलोचन पनेरू, दुर्गाप्रसाद पनेरू, हेमराज पनेरू र धर्मराज पनेरूको सहयोग अविस्मरणीय छ। यो जंसेरा गाउँलाई (कांसी) काशी भनिन्छ। पंडित करूणाकर पनेरू पनि यसै गाउंका निवासी हुनुहुन्थ्यो। शास्त्रीय ज्ञानको साथसाथै लोकगीतको लागि पनि यो गाउं पहिलेदेखि नै प्रसिद्ध छ। यद्यपि आज त्यहां शास्त्रीय पंडितको अभावै जस्तो भएपनि लोक ऋचाको सस्वर गायन प्रभावकारी ढंगले सुन्न र संकलित गर्न पाएं। यो गाउंका त नवयुवकहरू पनि लोकमंत्रमा दक्ष देखिए। प्रायः यी गीतहरू बुढापाकालाई मात्र कंठस्थ हुन्छन्। दुर्गा, हेम र धर्मराज पनेरू तीनै जना नवयुवक छन् तर प्रार्थना खण्ड त प्रायः यसै गाउंमा पूरा भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो उक्त तीनै जनाले क्रमशः गाएका थिए । उक्त सबै इष्टमित्रहरूलाई हार्दिक धन्यवाद दिन्छु । मेरो संकलनको प्रथम पाइलो यसै गाउँबाट आरम्भ भएको हो ।

डडेल्धुरा कारी गाउं निवासी अध्यापक चूडामणि पन्त, सुदर्शन पन्त, प्रधानाध्यापक कालीप्रसाद पन्तको सहयोग पनि प्रशंसनीय छ । वहाँहरूको सहयोगले डडेल्धुरामा मैले निकै सफलता प्राप्त गरें । अध्यापक चूडामणि पन्तज्यू त स्वयं लोकसाहित्य संकलनमा लाग्नुभएको रहेछ जो खुशीको कुरो हो जसबाट मैले पनि सहयोग पाएँ । त्यस्तै डडेल्धुरा पोखरा निवासी भोजराज भट्टराई र जिलोडानिवासी केशव पाठकज्यूको सहयोगले इतिहास खण्डलाई पूरा गर्नमा निकै सहायता दियो । केशव पाठकज्यूलाई त यति ऐतिहासिक गीत कंठस्थ छन् कि ती सबैको गायनपूर्वक संकलन नै गर्ने समय मिलेन । सोही जिल्लाका बुढालीनिवासी जयनारायण पनेरू, काशीराम पनेरू र अध्यापक ताराप्रसाद पनेरूज्यूले ताम्रपत्रादिमा सहयोग पुऱ्याउनुभयो । यसको निमित्त सबै इष्टमित्र र साथीभाइहरूमा धन्यवाद ज्ञापन गर्दछु ।

डोटी पुन्नाका जगन्नाथ भट्ट, डोटी मुडभराका अध्यापक देवीदत्त जोशी, तुलसी प्रसाद जोशी, टिकादत्त जोशी, प्रधानाध्यापक हरिप्रसाद जोशी लगायत सबै बाजुभाइ र इष्टमित्रमा पनि मेरा सहस्र धन्यवाद छन् । जगन्नाथ जोशी र देवीदत्त जोशीको घरमा डोटी राजवंशावली रहेछ ।

डोटी उच्चाकोटका भाइ हरिप्रसाद पन्त, प्रेमराज पन्त, भतीजा लोकराज पन्त, बाजु वासुदेव पन्त, सागरसिंह र कमलसिंह खत्री एवं गोरे लुहार, बिरुवा लुहार, ललुवा भुल लगायत सबैलाई धन्यवाद दिन्छु । सीताराम हाईस्कूलका प्रधानाध्यापक नरबहादुर बलायेर, सचिव भक्तबहादुर बलायेर तथा बैरकोटीका चाँचरी गायक जमान बलायेर, गोरे बलायेर, गुज्या बलायेर, बोगटाका पं. कृष्णलाल जोशी वासुदेव जोशी, जिजोडाका हांसु भाट सहित सबै सहयोगी र गायक बाजुभाइलाई पनि धन्यवाद नदिई रहन सक्दिनँ ।

मेरो उक्त संकलनमा २ महिनासम्म साथ दिने अध्यापक टिकादत्त भट्टको सहयोग सदा अविस्मरणीय छ । वहाँलाई धन्यवाद बाहेक अरू के दिन सकिन्छ र । बाने डुंग्राका प्रधान पंच ठक्कर बहादुर बलायेरले एकै चोटि ९ वटा ताम्रपत्र देखाएर ताम्रपत्र सम्बन्धी मेरो तिर्खा नै मेटी दिनुभयो । निजका उक्त सहयोग सराहनीय छ ।

संस्कार खण्ड मेरो पहिलेदेखिकै संकलन हो तापनि यस वर्ष यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभिन्न गाउँमा गाइदिने र आफ्नो नाम भन्न लाज मान्ने दिदीबहिनीहरूलाई पनि धन्यवाद दिन्छु। तर यसलाई सांगोपांग सच्याई पूरा पार्न रातभरी जागा रही मलाई समेत प्रेरणा दिने पूजनीया भाउजू गिरा पन्तको सहयोगले नै गर्दा यो थप संकलन मैले यस अध्ययन संस्थानलाई दिन सकेको हुं भन्न करै लाग्दछ। प्रायः नारीगीतहरूको संकलनमा निकै कठिनाइ छ। यो त केवल मेरो आफ्नो गाउँ भएको र सोही गाउँमा भाग्यवश भाउजू गिरा पन्त विशेषज्ञ-को रूपमा उपस्थित हुनुभएकोले मैले यो काम गर्न सकेको हुँ। ६ वर्षदेखि प्रयास गरेर पनि यस खण्डको संकलनमा सन्तुष्ट हुन सकेको थिइनँ र यसबारे यस-पटकलाई आशा पनि मारी सकेको थिएँ। तर योजनाको अन्तिम सातामा मेरो आफ्नै गाउँका दिदीबहिनी र आमा-भाउजूहरू गिरा पन्तको नेतृत्वमा भेला भई यसको सरवरगान गरिदिनुभयो र यसलाई पुस्तकाकारमा प्रस्तुत गर्न सकिएको हो। वहाँहरूले नै मलाई आशीर्वाद दिनुभयो। त्यस्तो नारी शक्तिमा श्रद्धापूर्वक अभिनन्दन बाहेक अरू मैले के चढाउन सक्छु र।

देवकान्त पन्त
एम. ए. नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोटेली लोकसाहित्य

संस्कार खण्ड–१

अपौरूषेय भाग

पूर्वाङ्ग

सगुन–१

यो "सगुन" मंत्रमा गणेशजीलाई अगुवा बनाएर त्यसपछि वृहस्पति र तेत्तीस कोटी देवताको आव्हान गरिएको छ। सदा सौभाग्यका प्रतीक ईश्वर (शिवजी) की पार्वती, रामकी जानकी, ईश्वर (ब्रह्मा) की सरस्वती र नलकी दमयन्ती जस्ती ऐहाती (सौभाग्यवती) नारीद्वारा मंगलोच्चारण आवश्यक मानिएको छ। वर र पीपलमुनि वा कौशीको ठ्यालमुनि (गृहप्रांगणमैं) यज्ञ रच्नु शुभ मानिएको छ। लग्नको साइत दिने सरस्वती, लग्नको मंगल बोल्ने गणपति र वृहस्पति एवं लग्नमा शुभ सूचक दूध र घ्यू मिश्रित लाडु (लड्डु) को आवश्यकतामाथि जोड दिइएको छ।

सगुन

सगुन दिय सराइनीका☐ बोल
जयो मंगल गाउन्ती
शुभ लच्छिन बोलन्ती
ऐसा शुभ मंगल गाउन्ती
शुभ लच्छिन बोलन्ती
लाडुका नेवल★ दूध मलु घिय मलु
मउली○ मउली कर फाज
देवता तेत्तीस कोटि उचाइ꩜ चल्या

☐ वाद्यविशेष ★ धुलो ○ मलेर ꩜– उठेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघि चल्या गणपति पछि वृहस्पति
ई भला सगुन बोल्या
हात छ रूद्रमूरति दैयाकमली~
चली आया गणपति देउ
रतन कामली पैरी चली आया वृहस्पति
ई भला सगुन बोल्या
टाट्‌ऊ रूद्र माला पैरी चल्या विरस्पति
ई भला सगुन बोल्या
कनले○ सगन दियो
कनले लगुन दियो
कर्नले मंगल चारी□ दियो
सगुन दिन्या सरस्वती
लगन दिन्या विरस्पति
ऐहातीले × मंगल चारी दियो
कौशीका क्यालमुनि
वडन पीपल मुनि
गोसाइज्यूले जगिनु+ रच्यो
देव तितिसा कोटी उछाइ चल्या
सरघर= सरस्वता सरघर पारभता
रामघर सीता देवी राज
सरघर सरस्वता ईश्वरघर पारभता
नलघर दमयन्तीको राज

वेदी पुर्ने फाग–२

यो फागमा गृहिणी (आमा) ले आफ्नो छोरालाई वेदी बनाउने शुद्ध माटो उदैपुर (कुनै ऐतिहासिक शुद्ध प्रदेश) को मेधनी (भूमि) बाट मगाएको छ र बालकले माटो खन्न सुनको कुटो र माटो हाल्न रूपा (चाँदी) को डालो माग्दछ तर आमाले लोकमा त्यसको प्रचलन नभएको र अंगुठीले माटो खनी

~दहीको ठेकी ऊघांटीमा ○कसले □उच्चारी ×सौभाग्यवती
+जग्य =ईश्वरघर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पगडीमा पोको पारी ल्याए हुन्छ भन्दछिन् । त्यसपछि बाउन्न अंगुष्ठ प्रमाणको श्रुवा र पिर्काको साथसाथै चौसठ्ठी वेदको ध्वनि (विभिन्न छन्द-लय) को चर्चा छ । अनि ब्राह्मणलाई नम्रतापूर्वक बोलाएर मंडपको दक्षिण दिशातिर खुट्टा धुने मंडपभित्र पूर्वदिशामा कुनै धक नमानी वेदध्वनि गर्दै हात नकम्पाइकन (सोझो) चारकुने वेदी पुर्ने प्रार्थना छ । ब्राह्मणले पनि मेरो हृदय नै वेद छ, हात नै सोझो डीक छ र जिभ्रो नै कागज (वेदका पत्र) छन् भनी निर्धक्क जवाफ दिन्छ ।

यसमा माटो मगाउने क्रियाको पछाडि पारस्कर गृह्यसूत्रमा उल्लिखित मृदाहरणले नै काम गरेको छ भन्न सकिन्छ ।

वेदी पुर्ने फाग–२

जान बाला जान बाला
उदैपुर उदैपुर
जान बाला मेधनीको✽ माटो
जान बाला जान बाला उदैपुर उदैपुर
ल्यान बाला चोखो भलो माटी
आन◆ मेरी इजुमाय □सुन कुटी रूपा डाली
मरे जानउ मेधनीका माटी
सुन कुटी रूपा डाली काँरे देखी बाला तँले
ल्यान बाला चोखो भलो माटी
अँगूठाइले कोरी कोरी पगडीका छाल = वादी
ल्यान बाला चोखो भलो माटी
कतिया∽ अँगूठाइको सुरयडो वनि आयो
कति सही वेदैको ध्वनि
बाउन अँगूठाइको सुरयडो वनि आयो
त्रिसठ्ठी वेदैकी ध्वनि
कतिया अंगूठाइको चाकलो वसन्नरा ×
कति काणि वेदैकी ध्वनि
बाउन अँगूठाइको चाकलो वसन्नरा

✽मेदिनी (पृथ्वी) ◆ल्याऊ, देऊ □आमा =छोर, किनारा ∽कति छ
× पिर्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चौसठ्ठी वेदैंकी ध्वनि
आस तमि ब्राह्मणौ वसतमि ब्राह्मणौ
पाउ छाल[illegible] दखिन तीर
पुर तमी पूर्वामुखी तीर
आस तनी ब्राह्मणौ वस तमि ब्राह्मणौ
वस तमि कोरा+ फिनी= वस
अर÷ ब्रह्मा वेदेंकी ध्वनि
हियो जन< कम्पाया वाउली जन लन्काया
पुर ब्रह्मा चारैं कुनी वेदी
हियो∟ जति छ मेरो वेद भरी वेद भरी
वाउली यो सुर मिनी
जिब्या> छ कागलीको○ पात

गणेशको फाग–३

यसमा सर्वत्र बिनाउ (विनायक) गणेशलाई सम्झने चर्चा छ। इत्रै उत्रै (यता उता र सर्वत्र) पार्वती पुत्र मुसिकी (मूषिक) वाहन गणेश, देवकी नन्दन (कृष्ण), लक्ष्मीका वीर (विष्णु) र लक्ष्मीको स्मरण गरेर गंगाजल, पञ्चपल्लव, पेलोपिठायो (बेसारको चूर्ण विशेष), हरियो दुवो; जनै–सुपारी आदि षोडशोपचारले गणेशजीसहित सबैको पूजा गर्ने अभिप्राय छ। यो फागमा सम्पूर्ण षोडशोपचारको वर्णन थियो तर सो सबैको उल्लेख गर्दा फागको सुदीर्घ काया हुन जाने हुनाले पञ्चपल्लवादि र जनै–सुपारी आदिको मात्र उल्लेख गरी मंत्रलाई संक्षिप्त पारिएको छ। यो प्रक्रिया प्रायः सबै लोकमंत्रको संकलनमा अपनाउनुपरेको छ।

गणेशजीको फाग-३

बिनाउ1 बिनाउ गणेश
तोही क्याउकी पूजा लगाउँ
बाइर2बाट छै3 मेरा छत्तीस बाजा

[illegible]धुनु +चोखो =तृणासन ÷गर <न ∟ हृदय >जिभ्रो, बोली ○कागज
1– विनायक 2– बाहिर 3– छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भीतर गणेशैंकी पूजा
रूप जो देखउँ यै गज हस्तैंको
ऐसो गगन मुरारि
पाउ जो देखउँ यै गज हस्तैंको
ऐसो गगन मुरारि
गात जो देखउँ यै गज हस्तैंको
ऐसो हिरा सारी4की काया
इत्रै समिरउं उत्रै समिरउँ
समिरउँ पारवती पुत्र
इत्रै समिरउँ उत्रै समिरउँ
समिरउं मै लछिमी देवता
इत्रै समिरउँ उत्रै समिरउँ
समिरउँ मै लछिमीका वीर
दोरी र कञ्चन काकै भन्छन्
मुसिकी वाहन देवकी नन्दन
जय जय देव गणेश
गणपति पूजूं गंगा जलले
जय जय देव गणेश
गणपति पूजूं पञ्च पल्लवले
जय ... ...
गणपति पूजूँ पेला पिठायोले
जय ... ...
गणपति पूजूं हरियौडा दूबाले
जय ... ...
गणपति पूजूँ जनै सुपारीले
जय जय देव गणेश ।

4– समान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलशको फाग-४

यो फागमा सुनका कलश लोकमा नहुने र माटाका कलशको जनक कुमाले हो भनी समाजको त्यो सहयोगी अंगप्रति कृतज्ञता दर्शाएको छ। साथ-साथै कलशको श्रृंगार र गंगाजल तथा पञ्चपल्लवादिले कलश भर्ने एवं सो कलशको षोडशोपचार पूजन गर्ने उल्लेख छ।

कलशको फाग-४

काँ तम कलश उब्जी गया निब्जी गया
कसुघरी ॐ कलशैको ठाउँ
भूमिघरी कलश उब्जी गया निब्जी गया
कुमाल घरी कलशैको ठाउँ
कुमालेका चेला भया ○ तोइ बोलूं तोइ बोलूं
सुनका कलश बनाई देन
सुनका कलश भला काइन ✕ देख्या
माटीका कलश सनिसार
कुमालेका चेला भया तोइ बोलूं तोइ बोलूं
माटीका कलश बनाई देन
तल कलश मोडी आया पुर कलश भरी आया
बीच कलश मोतियैको हार
तल मोड्या कलशैका पुर भऱ्या कलशैका
कलश क्याउ = क्याउले भऱ्या
कलस गंगा जल भऱ्या
तल मोड्या कलशैका पुर भऱ्या कलशैका
कलश पञ्च पल्लवले भऱ्या
तल मोड्या... ...
कलश पिठायोले भऱ्या
तल मोड्या... ...
कलश अक्षत फूलले भऱ्या
तल मोड्या कलशैका पुर भऱ्या कलशैका

ॐ कुन घरमा ○ भैया, भाइ ✕ कतै पनि नाइँ = केले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलश भेटी वस्त्र जनै–सुपारीले भऱ्या
तल मोडया कलशैका पुर भऱ्या कलशैका
कलश धूप–दीप नैवेद्यले भऱ्या
तल मोड्या कलशैका पुर भऱ्या कलशैका
कलश क्याउ क्याउले भऱ्या
अब कलश स्वस्ति मंगलले भऱ्या ।

दियो बाल्ने फाग-५

यसमा सासू वा आचार्यकी कुलबधूलाई गणेश इष्ट देवता र तेत्तीस कोटी देवताको नाउँमा (वा लागि) गोघृतमा सपूर (सोझो) बातो बाल्ने निर्देश छ । दियोमा पानी चढाउन (पूजा गर्न) वर्त (उपवास)को आवश्यकता दर्शाएको छ । यो फाग धार्मिक भावनाको साथसाथै पारिवारिक भावुकताले पनि भरिएको छ । जुन घरमा साँझ बत्ती बालिन्छ त्यसै घरमा संजा माई (सिद्धि) को वास हुन्छ । जुन घरमा साँझ घंट र शंख ध्वनि होला मनानी खुडकली (मही मथिएला) बुढो कुनामा बसेर खाँसी (खोकी) रहेको र बालक-हरू क्रीडारत भै हाँसी रहेका होलान् त्यो घरमा सिद्धिको वास हुनेछ ।

तर जुन घरमा संध्याकालमा झाडु लगाइएला, ढेकी र जाँतोमा कुट-पिस होला अंकिनी डंकिनी (आइमाईको बाजाबाज र झगडा) होला र आइमाईले झाँकरो फुलाउलान् (कपाल खोली फैलाउलान्) त्यो घरलाई लक्ष्मीले टाढैबाट पनि हेर्ने छैनन् । श्रद्धा र भक्तिपूर्वक देवताको लागि बत्ती बालेमा स्वयं पनि ज्ञानवान् भै पारिवारिक मेलमिलापद्वारा सिद्धिको उपभोग गर्न सकिन्छ । तर श्रद्धाभक्तिविहीन परिवारको फूट, वेमनस्य र अनुचित कर्मद्वारा विनाश अवश्यं-भावी छ । दियो ज्ञानको प्रतीक हो र ज्ञानले विकास र अज्ञानले विनाश हुन्छ भन्ने अभिप्राय यो मंत्रबाट स्पष्ट झल्किन्छ ।

दियो बाल्ने फाग -५

दियो जगा दियो जगा कुल ब्वारी=
पडी गैछ गैलुडी△ साँझ
क्याउकर × दियो ज्यूकी क्याउकर बत्तीबाल

=बुहारी △गाढा ×केको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्याउइका घिउ माथि दियो जगाऊँ
अगरँको दियो बहू सपूरँकी बाती बाल
गावडीका घियो माथि दियो जगा
क्याउकर दियो जिउकी क्याउकर बाती बाल
क्याउका लकडा◇ माथि दियो जगाई दिय
अगरँको दियो बहू सपूरँकी बाती बाल
सुनका लकडा माथि दियो जगाई दिय
दियो जगा दियो जगा कुल ब्वारी
पडी गँछ गयलडी साँझ
कसून★ देवता बोली दियो जगाऊँ
कसू बोली कलपाऊँ नीर
इष्ट देवता बोली दियो जगा
बर्त बोली कल्पाऊँ नीर
कसून देवता बोली दियो जगाऊँ
कसू बोली कल्पाऊँ नीर
गणेश देवता बोली दियो जगा
बर्त बोली कल्पाऊँ नीर
तेत्तीस कोटी देवता बोली दियो जगा
बर्त बोली कल्पाऊँ नीर
संजा माई संजा माई तमँ बोलूँ
कसु घरी संजा माईको वास
जसुघरी सांजि सांजि दियो बल बत्ती बल
उसघरी संजा माईको वास
जसुघरी सांजि सांजि शंख ध्वनि घंट ध्वनि
उसघरी संजा माईको वास
जसुघरी सांजि मनानि~ खुडकली□
उसघरी संजा माईको वास
जसुघरी सांजि सांजि बुढो खाँस बालो हाँस
उसघरी संजा माईको वास

गाईको ◇पात्र, काठ ★ कुन चढाऊँ व्रत
~मथानी □मथिएला, चलाइएला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जसुघरी सांजि सांजि झाडु जाली
उसघरी लछिमी दूर डीठ हाल
जसुघरी सांजि सांजि ओखल जितरा बोल
उसघरी लछिमी दूर डीठ हाल
जसुघरी सांजि सांजि अंकिनी डंकिनी
तसुघरी लछिमी दूर डीठ हाल
जसुघरी सांजि सांजि झाँकरो फुलाली
उसघरी लछिमी दूर डीठ हाल

सेली ढाल्ने फाग -६

(मातृकापूजन र वसोधारा)

यो मातृकापूजन र वसोधारासम्बन्धी मंत्र हो । तर यसको विशेष संबन्ध लोकसाहित्यले विवाहसँग राखेको हुनाले सोही प्रसंगमा यसको चर्चा गरिएको छ ।

पितर निउता फाग-७

यो नान्दी श्राद्धको वेला गाइने लोकमंत्र हो । पृथ्वीमा जग्य आरंभ भयो । जग्यमा बत्ती बालियो र त्यसको ज्योति स्वर्गलोक पुग्यो । सो देखी पितृहरु प्रसन्न भए । आधा स्वर्गमा देवता र आधा स्वर्गमा पितरको वास छ । कटौरा भरी अमृत पितृको भागमा छ । जग्यमा ती पितृहरुलाई निम्त्याउनु पर्दछ । सुनको सिक्रीबाट स्वर्ग पुगिन्छ र रूपापनय (चाँदीको भऱ्याङ) बाट मन्दालोक (मर्त्यलोक) पुगिन्छ । निम्तो दिने फूल भया (फूल) छ । फूललाई पितृ निमंत्रणमा सहयोग गर्ने हुनाले भाइ मानिएको हो । सो फूलसँग पितर र पितन्नी (बाजे–बजेई आदि) ले प्रसन्न भई मर्त्य लोकको प्रस्तुत यज्ञवारे जान्न चाहन्छन् । फूलले जवाफमा भन्दछ "जसलाई तिमीले केटाकेटीमा दूधले धोई घिउले मल्यौ त्यसैका सन्ततिका आज विवाहादि संस्कार हुँदैछन् ।" अनि यसपछि आफ्ना ५ वा ३ पुस्तासम्मका पितरको नाम लिई लिई निमंत्रण पठाइन्छ जो यस मंत्रमा संक्षिप्त गरिएको छ ।

दृष्टि बाजाबाज, दुष्टता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पितर निउता फाग-७

उनी निची गिरि चौक◆ दिया बल दिया बल
दियँको जोति सरग▲ पउची जाली
सरग पितर हुन्ना खुशी
आधि सर्ग बसी जान्ना पितर पंडित
आधि सर्ग तेतीस कोटि देवता
थालि भरी कच्यौला★ की कच्यौला भरी अमृत
अमृत पितरैको भाग
फूल भया फूल भया तोइ बोल, सरग पितर निउताया
कै बाटु जाउँ मैं सरगे लोक
कै बाटु आउँ मैं मन्दालोक
सुनकी साङ्लीबाट◇ सरग्या लोक
रूपा✿ पनय○ मन्दालोक
फूल भया फूल भया तोइ बोलूँ सरग पितर निउताया
हाँसी हाँसी पितरैले बात पुछ्यो
मन्दालोक क्याउ बडाइ
जैं तमले नाना छन्ज्याँ दूध धोया घिय मल्या पूतथिया
तै घरी बाज बडाइ
सर्ग पितन्नी माता बात पूछन्नी
कसु घरी इतनो जगिनो
जैं तमले नाना छन्ज्याँ दूध धोया घिय मल्या
पूत नाति, उसघरी बडो छ जगिनो
सर्ग छन् हामरा (अमुक-) पंडित
उन सन्नि+ निउतो जगाऊँ
सर्ग छन् हामरा सबै पितर
उन सन्नि निउतो जगाऊँ

◆पहाडमा ▲स्वर्ग ★कचौरा ◇सिक्री ✿चाँदी ○भन्याङ
+सँग, लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मंगलो चार -८

यो पुण्याह वाचनको बेला गाइने लोकमंत्र हो । यसमा दिदी-बहिनी-लाई माइतमा बोलाउने र उनीद्वारा मंगलोच्चार वा पुण्याह वाचन गराउन लाउने चर्चा छ । यसमा पनि स्वर्ग र मर्त्यलोकको संबन्ध दर्शाएको छ । भगवता र भागीरथा दुई बहिनी र देवनारायण भाइको नाम यहाँ केवल मंगलसूचक मात्र हुन गएको छ । यस बाहेक माइत जाने बेला लगिने सेवा (उपहार वा कोसेली) को पनि चर्चा छ । धनी बहिनीले सुवर्णादि उपहार लैजाने र गरीब बहिनीले दुबो र पिठायो मात्र लगेर पनि भाइको घरमा मंगलोचार (पुण्याह वाचन) गरिदिने आशय व्यक्त भएको छ ।

मंगलो चार –८

जेठी बैना भगवता कान्छी बैना भागीरथा
उति कान्छा भयालु देवनारायण
जेठा भाइको पुत्र जन्म्यो पुत्र जन्म्यो
को देलो मंगलो चार
सरग्या लोक छन् हामरी भगवता भागीरथा बैना
उनै दिन्नी❧ मंगलो चार
कै वाटा जाऊँ मै सरग्या लोक
कै बाटा आऊँ मन्दा लोक
सुन साङलीवाट सरग्या लोक
रूपा पनाइ📖 मन्दा लोक
हात लियो भयालुले★ बेत छडी
कोखी हुनी पुस्तक भारो
चली गया बैनाइको घरी
भल छ की भौल्याको◆ गात
भलै हुन्ना भदु भदया✿
भलो होलो बौरानीको∾ गात
तँ भौल्या काँ चली आयै
जेठा भाइको पुत्र जन्म्यो पुत्र जन्म्यो
कान्छाको बियाउ रचियो
मंगलो चार मागन आया

❧देलिन् 📖भन्याङ ★भाइ ◆भाइ ✿भदहा ∾भाइबुहारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानिज कछली~ चढाउंलो
चल दिदी माइत घरी जाऊँ
घाट रोक्यो घटलाइले○
बाटो रोक्यो बटलाइले
माइत घरी कसियरी जाऊँ
घटालाकी दिउलो दिदी नाना दावलो○
बटालाकी दाम तिरुँलो
चल दिदी माइत घरी जाऊँ
धनली– बैंना होत सुन गेडुवा सेवा लैजाऊँ
निरधनी क्याउ लैजाइ जाऊँ
धनली बैंना त सुनगेडो– सेवा लै गइन
निरधनी दुबो पिठायो

उत्तराङ्ग

बालक जन्मदाको फाग -१

यो लोकमंत्रमा बालकको गर्भ–स्थितिको प्रथम मासबाट लिएर जन्मेपछिको वर्ष दिनसम्मको वर्णन छ । गर्भस्थ भ्रूणको प्रथम मासको स्थितिलाई पानी न केशर (नत जल नै नत शरीर नै) भनिएको छ । तेस्रो महिनामा रगतको डल्लो र पाँचौं महिनामा पंच कल्याण (पञ्चेन्द्रिय युक्त) बनेको र छैटौं महिनामा खेल्न लागेको तथा नयाउं (नवम) महिनामा बाटा लागेको (जन्मिने तयारी) र दसाउं मास जन्म लिई एघराउँ दिन न्वारन भएको उल्लेख छ । यस पछि छयाउँ मासमा अन्न प्राशन भै वर्ष दिनमा छम छम खेल्ने कुराको चर्चा गरी शास्त्रीय पद्धतिले यो प्रसंगमा उल्लेख गरेको आयुष्य कर्मलाई ग्रामीण प्रतीक अनुसार प्रकट गरेको देखिन्छ । सो आयुष्य कर्म गर्दा बालकको कानमा पिताले अग्नि, वनस्पति सोम औषधी, ब्रह्मा देवता, ऋषि, यज्ञ र समुद्र आयुष्मान् छन् र तीद्वारा तिमीलाई आयुष्मान् गर्दछु भन्दछ १ । तर यी सब नाम यहाँ आयुका प्रतीक हुन् जसलाई लोकमंत्रले जन्मेपछि वर्ष दिनसम्म बालकको जीवन–स्थितिद्वारा प्रकट गरेको छ ।

~काँध ○नाविक –धनी –सुनको दाना ।

१– अग्नि रायुष्मान्स वनस्पतिभिरायुष्मान् तेन त्वायुषा युष्मन्तं करोमि ... ... । पा. गृ. सू. १।१६।६ दशकर्मादिमा उद्धृत, पृष्ठ–२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालक जन्मदाको फाग -१

पैला मास बालो पानीनकेशर❧
तेसरा मास बालो रगतको डल्लो
पंचाउँ मास बालो पंचकल्याण★ बन्यो
छयाउँ मास बालो खेलन लाग्यो
नयाउँ मास बालो बटुली📖 लाग्यो
दसाउँ मास बालो मन्ता लोक◆ पुग्यो
जल फाँडी आयो बालो शिर फाँडी आयो
पुग्यो बालो मंदा लोक तिर
कतिया मास मेरो बालो जन्म रचलो
कति दिन न्वारन होलो
दसाउँ मास मेरो बालो जन्म रचलो
एघराउँ दिन न्वारन होलो
कति मास मेरो बालो अन्न प्राशन रच
कति मास छम छम खेल
छयाउँयै मास अन्नप्राशन रच
वर्षँ दिनको छम छम खेल

छैटीको धमारी -२

यो षष्टी पूजनको उल्लेख पारस्कर गृह्यसूत्रमा भएको छैन वेदमा पनि यसको उल्लेख नभएको हुनाले यो वैदिक संस्कार होइन भन्न सकिन्छ । पं. करूणाकरजीले आफ्नो पुस्तकको पृष्ठ २३ मा यसको उल्लेख गर्नु भएको छ । सो प्रसंगमा कुनै वैदिक मंत्र उद्धृत गरिएको छैन । यसमा गरिने द्वारमातृकापूजन, सेनापति स्कन्ध, प्रद्युम्न र धनुषपूजनले यो स्पष्टतः क्षत्रियहरुको संस्कार हो भन्ने जनाउँछ जसको आरम्भ गृह्य सूत्रादिपछि कुनै कालमा भयो होला र कालान्तरमा यसलाई ब्राह्मण र अन्य वर्गले पनि अंगीकृत गरेको देखिन्छ ।

यो प्रसंगको निमित्त कुनै नारीरचित लोकमंत्र पाइएन । यो त पुरुषरचित हो र पुरुषवर्गद्वारा नै गाइन्छ । स्थानीय प्रचलन अनुसार पुत्र जन्मेको छैटौं राति गाउंलेहरु मिलेर पिताको प्रांगणमा देवी-देवतासम्बन्धी

❧कुनै रूप नभएको ★पंचेन्द्रिययुक्त 📖बाटा ◆मर्त्यलोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पराक्रमका गीत वाद्यवादनादिसँग गाएर रमाइलो गर्दै रात बिताउँछन् । यसको फलस्वरूप पिताले गाउँले दाजुभाइलाई भोज (खसी र भात) खुवाउनुपर्दछ । यसलाई स्थानीय बोलीमा 'भातबाखरो' भन्दछन् ।

यो 'धमारी' मा कन्सका शत्रुरूप कृष्णको दश घडीमा मथुरामा जन्म भएको र बीस घडीमा गोकुलमा हर्ष बडाई भएको उल्लेख छ । यो राति यस्तै अनेकन लयपूर्ण लोकगीतहरु गाइन्छन् । कुनै ठाउँमा आफ्नो पुर्ख्यौंलीको पराक्रमसम्बन्धी गीत गाइने चलन पनि छ । पुत्रीको षष्ठी महोत्सव गर्ने चलन प्रायः पाइँदैन ।

छैटीको धमारी -२

देवकी बालो☙ कनिस★ रिपु जन्म्यो
कति घडी कनैयाले जन्म लियो
कति घडी बाज बडाई
जन्म्यो देवकी बालो कनिसरिपु जन्म्यो
दश घडी कनैयाले जन्म लियो
बीस घडी बाज बडाई
कहाँ कनैयाले जन्म लियो
कहाँ बाज बडाई जन्म्यो देवकी ......
मथुरा कनैयाले जन्म लियो
गोकुल बाज बडाई
जन्म्यो देवकी बालो कनिस रिपु जन्म्यो ।

न्वारनको फाग ३-

यो लोकमंत्रमा बालकलाई नाम सुनाउने व्यक्तिहरुको नाम उल्लेख भएको छ । ती हुन् - उसका आमा, बाबु र पुरोहित एवं कन्या–कुमारी र पञ्च ब्राह्मण । यिनीहरुले सुन, रूपा (चाँदी) र पीपलपातको ढुंग्रोबाट नाम सुनाउनु अनिवार्य मानिएको छ । यसमा पनि जात कर्म जस्तै उसको वर्षदिनसम्मको जीवन स्थितिको उल्लेख भएको छ । तर यहाँ बालक आँगनमा छम छम खेल्दै आमाको मनोरञ्जनसम्म मात्र सीमित नरहिकन कतै टाडा पीपलको चउतारीमा बसेका आपना पितासँग भली भली वात (रमाइला कुरा) सोधेर उनको मनलाई समेत खुलास (प्रसन्न) पारिरहेछ ।

☙ बालक, छोरा ★कन्स (कंस) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रीय पद्धतिमा यो प्रसंगमा मुख्य मुख्य कुराको उल्लेख भएको छ । (१) बालकलाई नाम सुनाउनु (२) उसलाई बाहिर निकाल्नु (निष्क्रमण) र सूर्यदर्शन गराउनु[१२] । यो पछिल्लो कार्यको अभिप्राय हो बालकलाई शुभ मुहूर्तमा यो नयाँ संसारको परिचय दिनु र प्रकाश एवं ज्ञानको प्रतीक सौरशक्तिको दर्शन गराउनु । यी दुवैको परिणामस्वरूप बालकमा सांसारिक र आध्यात्मिक ज्ञानको विकास हुन्छ भन्ने विश्वास गरिएको देखिन्छ । प्रस्तुत लोकमंत्रले यो अभिप्रायलाई बालकले आपना पितासँग 'भली भली वात' सोध्न थालेको स्थितिबाट व्यक्त गर्न खोजेको छ । यस अर्थमा यो लोकमंत्रले शास्त्रीय पद्धतिका नामकरण र निष्क्रमण दुवै संस्कारको क्षेत्र ओगटेको छ ।

न्वारनको फाग -३

कै कै◆ ले बालो चेला नाम सुणायो
क्याउ क्याउले नाम सुणायो
इन▬ मेरा बाबाज्यूले नाम सुणायो
इन मेरी इजूज्यूले◗ नाम सुणायो
इन मेरा पुरहितैले नाम सुणायो
वामन★ कन्याले नाम सुणायो
सुन रूपाइले नाम सुणायो
पिपलैकी पिपीले□ नाम सुणायो
पञ्च ब्राह्मणैले नाम सुणायो
बर्षे दिनको आव × बालो
आङनी छम छम खेल
इज्यूज्यूको मन छ खुलास
पिपलैकी चउडेलामि+ पितरैको∾ निवास
बालो त पुछन लाग्यो भली भली वात
पितरैको मन छ खुलास

◆क कसले ▬यिनी ◗आमा ★ ब्राह्मण □ ढुंग्रो
× अब + चउतारी ∾पिता

---

[१२] दश कर्मादि पद्धति, पृष्ठ ३०–३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पासनीको फाग ४-

यो मंत्रमा बालकलाई मर्यादा पुरुषोत्तम रामचन्द्रबाट अमृत र उसका आमाबाबुले दही मधु चखाएको उल्लेख छ। सो कुरा चाखेर बालकले जुग जुग अजम्मरी (अजरामृत) भएर यो पृथ्वीमा बस्न पाउनेछ भनी आशा र आशीर्वाद व्यक्त भएको छ।

यो प्रसंगमा शास्त्रले काम्य भोजनको उल्लेख गरेको पाइन्छ जस अनुसार शिशुलाई प्रवाहमयी वाणीको लागि भारद्वाज पक्षीको मासु, भोजनको प्रचुरताको लागि कपिंजल (कालो तित्रो वा मयूर) को मासु, तेजको लागि तित्राको मासु, कोमलताको लागि माछा र सुदीर्घ जीवनको लागि कृकष पक्षीको मासु खुवाउने निर्देश भएको छ१।

यो लोकमंत्रले शास्त्रीय मंत्रका उक्त कामनामा सुदीर्घ जीवनको कामनालाई नै प्रमुखता दिएको देखिन्छ। तर त्यसको लागि प्रयुक्त भएको कृकष पक्षीको मासुलाई वर्जित गरेर त्यसको ठाउँमा रामचन्द्रद्वारा अमृत चखाउने उल्लेख गरी रामको मर्यादा र आदर्शलाई समेत सो दीर्घ जीवनसँग सम्बद्ध गर्न खोजेको छ जो लोकमंत्रको आफ्नो मौलिकता र विशेष उदारता हो।

पासनीको फाग -४

खान बाला खान बाला
दधि मधु खान
खान बाला अमृतैको भोग
दधि मधु खाइ बाला
बैठि रयैं बैठि रयैं
जुग जुग अजम्मरि∞ भयैं
कं कैले बाला‡ घर
अमृत चखायो
कै कैले बाला घर
दधि मधु चखायो

∞ अजरामर ‡ बालकको घरमा, बालकलाई

१– भारद्वाज्या मांसेन वाक्प्रसार कामस्य, कपिंजलमांसेनान्नाद्य कामस्य, मत्स्यैर्जवन कामस्य, कृकषाया आयु कामस्य आद्या ब्रह्मवर्चस कामस्य... ... ।
पा. गृ. सू. करुणा करजीद्वारा उद्धृत, पृ.–३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इन मेरा राम चन्द्रैले
अमृत चखायो
इन मेरा इज्यू बाले
दधि मधु चखायो
खान बाला खान बाला
अमृतैको भोग
अमृतैको भोग खाइ बैठिरयै बैठिरयै
जुग जुग अजम्मरि भयै ।

चूडा करणको फाग -५

यो लोकमंत्रको शैली सरल र सल्ल बगेको छ । यसमा अबोध बालक आफ्ना केश पृथ्वीमा खसेका देखी दुःखी र विह्वल भई आफ्नी आमा सँग पुकारा गर्दछ । उ आमालाई जोर दिएर संझाउँदछ कि यी तिनै केश हुन् जसलाई तिमीले दूध (आफ्नो र गाईको) ले धोई घिउ मली बढाएकी थियौ ती आज नापित (नाई) द्वारा अनाहकमा भुइँमा खसालिंदै छन् र सो खस्न नदेऊ । जो खसेका छन् तिनलाई पनि उठाऊ । यो पुकार सुनेर आमाको स्नेही हृदय व्यथित हुन्छ र उनी नाईसँग अनुरोध गर्दछिन् कि बरु सुनको छुरी र चाँदीको थाली तिमीलाई नै दिउँला तर मेरो बालकको शिरमा पीडा नपुऱ्याऊ । यहाँ वेदको लोहाको छुरी ग्रामीण अतिशयोक्तिको कारणले गर्दा सुनको हुन आएको छ । तर छुरी छुरी नै रहेको छ१ । भुइमा खसेका केशलाई टिपेर उठाउने प्रसंगले शास्त्रमा उल्लिखित गोबरमा मिसाई लुकाइदिने प्रक्रिया सँग स्पष्ट संबन्ध राखेको छ२ ।

यो संस्कार पुत्रको मात्रै हुन्छ । यसको समयको निम्ति प्रथम, तृतीय, पंचम र सप्तम आदि विषम वर्ष उत्तम मानिएका छन् । लोक व्यवहारमा यसका संपूर्ण विधिविधान उपनयनको वेला मात्र प्रयोगमा ल्याइने र त्योभन्दा अघि सम्पन्न भएको अवस्थामा साधारण औपचारिकताले मात्र मुण्डन गर्ने चलन छ ।

१– शिवो नामासि स्वधितिस्तेपिता ... . । यजुर्वेद, करूणाकरद्वारा उद्धृत, पृ.–५६

२– ततः सकेशं गोमयपिंडं पल्वले गोष्ठे उदकान्ते वा निधापयेत् सोही पृष्ठ–५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चूडा करणको फाग -५

नौ भैया नौ भैया तोइ बोलाऊँ
मेरा भैया तोइ बोलाऊँ
मेरा बालाइका माथा पीड~ जन अन्यँ■
भैया माथा पीड जन अन्यँ
दूध धोया घिय○ मल्या केश मेरा
मेरी मायौ नौवा ढाली दिनो
मायौ नौवा ढाली दिनो
फड्या▬ पड्या केश मेरा टिपी टापी हाल मायौ
टिपी टापी हाल
मेरा केश मेरी मायौ भैंजा◆ जन फाल
छ मैना पाल्या केश नौवा ढाली दिनो
वर्ष दिन पाल्या केश नौवा ढाली दिनो
सुन छुरी रूपा थाल तोइ नौवा दिउँलो
मेरा बालाइका माथा पीड जन अन्यँ
भैया पीड जन अन्यँ

स्वस्तिवेदको पाठ-६ (अक्षरारम्भ)

यो लोकमंत्रलाई सबै संस्कारहरुमा गाइने चलन पनि छ । तर अक्षरारम्भमा यसको विशेष गायन हुन्छ । यसमा कल्याणकारी वेदको आफ्नो घरमा आह्वान गरिएको छ । त्यो स्वस्ति (वेद)का नौ पाठ र नौ प्रकार छन् अर्थात् विभिन्न किसिम छन् । यहाँ सुरति (पतिप्रिया नारी) र बबा (पुरूष) को दाम्पत्य जीवनलाई गंगाजमुनाको पवित्रतासँग तुलना गरी उनीहरुको प्रांगणमा सो गंगाजमुनारूपी दाम्पत्यप्रेमको नदी बगेर पनि आमा (नारी) आज किन मधुरी छन् भन्ने प्रश्न गरिएको छ । तर नारी केवल दाम्पत्यजीवनले मात्र आफूलाई कृतार्थ ठान्दिनन् । उनी उत्तर दिँदै भन्दछिन् कि जब मेरो छोरा होला र उसका जातकर्म षष्टीपूजन, न्वारन, पासनी र अक्षरारम्भ आदि मेरो आंगनमा सम्पन्न होलान् अनि मात्र म प्रसन्न हुनेछु ।

यो मंत्रलाई उपनयन विवाहादिमा गाउँदा ती प्रसंगलाई थप्दै लैजान्छन् । तर यसको विशेष प्रचलन अक्षरारम्भमै छ भनी मलाई गिरा पन्त लगायत धेरै प्रौढ र वृद्धा नारीहरुले भनेका छन् ।

~पीडा ■नगर्नू ○घिउ ▬फरेका ◆भुइँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पं. करूणाकरजीले यो प्रसंगमा केवल एक वेद मंत्रलाई उद्धृत गरी त्यसैद्वारा गणेश, सरस्वती, वेद, दर्शन, काव्य–शास्त्र र आचार्यादिको पूजा गरी 'ओं नमः सिद्धम्' को ३ चोटि बालकलाई पाठ गराई अक्षरारम्भ गर्ने उल्लेख गरेका छन् । यो संस्कार पनि पारस्कर गृह्य सूत्रमा दिइएको छैन ।

स्वस्तिवेदको पाठ -६

(जन्मदेखि बिहासम्म सबै शुभ कर्ममा गाइने विशेष गरेर अक्षरारम्भमा गाइन्छ)

नउ पाठ नौ आलिकी स्वस्तिवेद स्वस्तिवेद
चल स्वस्ति मेरी घरी जाऊँ
सुरतिका∾ म्वाल अघि गंगा जमुना नदी वह
तम सुरति मन क्या○ मधुरी
जब मेरा बालखैको जनमैन रचि आलो
पै□ हूँलो मनकी उज्याली
सुरपाट नौ आलीकी स्वस्तिवेद स्वस्तिवेद
चल स्वस्ति मेरी घरी जाऊँ
बबाज्यूका म्वाल अघि गंगा जमुना नदी वह
तम इज्यू मन क्या मधुरी
जब मेरा बालाइको षष्ठि पूजा रचि आली
पै हूंलो मनकी उजाली
जन मेरा बालाइको न्वारन रचि आलो
जब मेरा बालाइको अन्न प्राशन रचि आलो
जब मेरा बालाइको चूडा कर्म रचि आलो
जब मेरा बालाइको अक्षरारम्म होलो
पै हूँलो मनकी उज्याली
नउ पाठ नौ आलीकी स्वतिवेद स्वस्तिवेद
चल स्वस्ति मेरी घरी जाऊँ

मंडप रचना र गृहदानको फाग -७

आजभोलि मंडप रचना गृह्य संस्कारहरुमा प्रायः उपनयन र विवाहमै गरिने हुनाले यसलाई उपनयनको आरम्भमा राखिएको छ । विवाहको प्रसंगमा पनि सर्वप्रथम यसै रचनालाई राखेको संम्झनुपर्दछ । ग्रहदान (याग)

घरमा ∾सौभाग्यवतीप्रिया दैलो ○किन □अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि अरू बेला साधारण रूपले नै गरिन्छ र यी दुबै संस्कारमा मात्र यसलाई सविधि सम्पन्न गर्ने चलन छ। यो लोकमंत्र मण्डपको प्रशंसा र पवित्रीकरणको निम्ति र ग्रहयागको बेला ग्रहहरुको प्रसन्नताको निम्ति दुबै प्रसंगमा गाइन्छ।

यो फागमा पैंयो साल, सल्ला, केरा, बाब्यो र बाँससंग उनीहरुको उत्पत्ति कहाँ भयो र उनीहरूका पात र हाँगाको स्निग्धतापूर्ण हरियाली र छायाले कुन ठाउँको शोभा बढायो भन्ने प्रश्न गरिएको छ। प्रत्युत्तरमा रत्नवन बृन्दावन (अतिशय सुन्दर वन) एवं खेतबारी र शीतल खोलाको डीलमा ती सबै वनस्पतिको उद्गम भई मण्डपमा आफ्नो सम्पूर्ण हरियाली पूर्ण ऐश्वर्यले सुशोभित भए भन्ने कुरा दर्शाएको छ।

यसै मंत्रको उत्तरार्द्धमा सुनचाँदी, तामा, पित्तल र काली कैलू गावडी (गाई) को दान गरेर पिताले पुत्रका अरिष्ट फटाएको उल्लेख गर्दै नवग्रहसँग पनि दाइन (अनुकूल रहने) हुने प्रार्थना गरिएको छ। शास्त्रीय विधि अनुसार मंडप निर्माण र सिंगार गर्दा केही विशेष विधि विधान र औपचारिकतालाई ध्यानमा राख्नुपर्ने उल्लेख भएको पाइन्छ। त्यसमा बीस हातको शाला उत्तम र दश हातको अधम मानिएको छ। यो ईशानादि कोणाभिमुख नभैकन पूर्वपश्चिमाभिमुख हुनुपर्दछ। चार ढोका भएको, मेखला पुष्प, पल्लव, पहेंलो वस्त्र वितान ध्वजा– पताकादिले परिवेष्टित र विभूषित भएको मंडप सर्वार्थ सिद्धिदायक हुन्छ ◙। यस्तै ग्रह याग र पूजनको पनि लामो पद्धति छ जसमा भिन्नाभिन्नै ग्रहको लागि भिन्नाभिन्नै धातु, पशु, वस्तु र समिधाको उल्लेख भएको छ☐। तर लोकमंत्रले यो सबै औपचारिकतालाई प्राकृत, सरल र श्रद्धापूर्ण सामग्री एवं प्रार्थनाले नै पूरा गरिदिएको छ। मंडप निर्माणमा विभिन्न वनस्पतिलाई नै मंगलमय मानी सिंगारमा समेत तिनीहरुलाई यथेष्ट मानेको छ। यो ग्रामीण नारी वर्गको खेती, खोला र वनसँगको दैनिक सम्बन्धको नै फल हो।

मंडपरचना र ग्रहदानको फाग-७

(बृतबन्ध र बिहा आदि शुभकर्ममा गाइने)

काँ तैंले पैंजा~ डाली जडी रोकी▬ जडी रोकी
काँ तेरो मौलियो फाल

◙ करूणाकरद्वारा उद्धृत, पृष्ठ–१६८

☐ वहाँद्वारा नै उद्धृत र सम्पादित, पृष्ठ–३८–५२

~ पैंयो ▬ उम्रिनु, जरो हाल्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रन वन वृन्दा वन जडी रोक्या जडी रोक्या
मंडप मौलिग्रो फाल
काँ तैँले साल डाली जडी रोकी जडी रोकी
काँ तेरो मौलियो फाल
काँ तैँ ले सल्ला डाली जडी रोकी जडी रोकी
काँ तेरो मौलियो फाल
रन वन वृन्दा वन जडी रोक्याँ जडी रोक्याँ
मंडप मौलियो फाल
कां तैँले केला थमडी जडी रोकी जडी रोकी
काँ तेरो मौलियो फाल
अनाली कनाली मैले जडी रोक्याँ जडी रोक्याँ
मंडप मौलिया फाल
काँ तैँले बाब्या बोट जडी रोकी जडी रोकी
काँ तेरो मौलियो फाल
◯पडड □पखान मैले जडी रोक्याँ जडी रोक्याँ
मंडप मौलियो फाल
काँ तैँले बाँस डाली जडी रोकी जडी रोकी
काँ तेरो मौलियो फाल
गाड खोलेसी मैले जडी रोक्याँ जडी रोक्याँ
मंडप मौलियो फाल
क्याउ क्याउका बाबाज्यूले खम्भ रोक्यो खम्भ रोक्यो
क्याउइका सूत्र फेरायो
तामा पितलैका बाबाज्यूले खम्भ रोक्यो खम्भ रोक्यो
बाब्यैका सूत्र फेरायो
क्याउ क्याउका बबाज्यूले दान अन्यो दान अन्यो
कसूईका अरिष्ट कटायो
सून रूपाईका बाबाज्यूले दान अन्यो
बालाइका अरिष्ट कटायो
तामा पितलैका बाबाज्यूले दान अन्यो
बालाइ ....

थाम ◯भीर □पाषाण सानो नदी कसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काली कैलू गावडीको दान अऱ्यो
बालाइका अरिष्ट कटायो
जाँ तमी नव ग्रहौ दाइन भया दाइन भया
बालाइका अरिष्ट कटाया

ताईवस्त्रको फाग -८

यो लोकमंत्र पनि दुई अंगमा विभाजित छ -(१) ताई र (२)वस्त्र । ताई भनेको चूलिका कर्म हो । विवाह र ब्रतबन्धको यो एक मुख्य विधान हो । डोटीतिर यी दुबै संस्कार प्रायः तीन दिनमा पूरा गरिन्छन् । प्रथम दिन साधारण गणेशादि पूजन गरी ताई र वस्त्रको काम हुन्छ । दोस्रो दिन ग्रहपूजा र तेस्रो दिन मुख्य संस्कार पूरा गरिन्छ । स्थानीय प्रचलन अनुसार यो ताईको आरम्भ प्रायः मंगलवती (सौभाग्यवती) आइमाईहरुद्वारा नै गरिन्छ । शास्त्रमा पनि चूलिकर्म गर्ने आइमाईलाई लोभहीन, रोगहीन, सभ्य र शिल्पज्ञ हुनु अनिवार्य मानिएको छ१ । यो लोकमंत्रको पूर्वार्द्धमा रामलछिमन र बालकको पिताद्वारा ताई मलाएको (पकाउने पात्र शुद्ध गरिएको) र सीताजी, पार्वती तथा बालककी आमा, काखी, भाउजू आदिले घ्यूतेलमा पृथक् पृथक् चूली अराएको (पाक कर्म गरेको) उल्लेख छ ।

यसको उत्तरार्द्धमा वस्त्रको वर्णन भएको छ । यद्यपि यहाँ यो वस्त्रको प्रसंग शुभ मुहूर्तमा बालकको शरीर अनुसार लुगा नापी सूचिकारलाई सिउन दिनु हो र यस बेला यो मंत्र गाउनुपर्दछ । तर यो मंत्रको अर्थ र भावतिर ध्यान दिँदा यसले उपनयनमा गुरुले शिष्यलाई वस्त्र दिँदा भनिने वैदिक मंत्रको भावार्थसँग सम्बन्ध राखेको देखिन्छ । फेरि यो ताई वस्त्रको काम त विवाहमा पनि हुन्छ भने यसलाई उपनयनसँग नै सम्बद्ध गर्ने लोकधारणाले पनि त्यसै प्रसंगलाई इंगित गर्दछ। उपनयनमा गुरुले वटुलाई कौपीन दिँदै भन्दछन् कि 'जसरी वृहस्पतिद्वारा इन्द्रलाई अमरत्वको वस्त्र दिइयो त्यस्तै म पनि तिमीलाई दीर्घायुष्य तेजशक्ति र ऐश्वर्यको निमित्त यो वस्त्र दिन्छु २।' यसको सारांश वस्त्रको आध्यात्मिक महत्व नै हो जसलाई यो लोकमंत्रमा सुन र

---

१ अपटच्चराः अकृत्याज्ञाः अनेडमूकाः अकच्चराः अरूग्णाः अलोलुपाः शिल्पज्ञा पुरन्ध्रीरानाट्य । करुणाकरद्वारा उद्धृत, पृष्ठ–७५ ।

२ येनेन्द्राय वृहस्पतिर्वासः पर्यदधादमृतं तेनत्वा परिदधाम्यायुसे दीर्घायुत्वाय बलाय वर्चसे । पा. गृ. सू. २।२।१०

करूणाकरद्वारा उद्धृत, पृष्ठ–५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिराको मोलले पनि मोलिन न सकिने (भौतिक मूल्यभन्दा पर अध्यात्म मूल्यको) भावद्वारा व्यक्त गरिएको छ । यहाँ नारीवर्गले वैदिक अमरत्वको लागि आफ्नै किसिमको तर सक्षम प्रतीकको खोज गरेको छ । यसमा लल्लरी–पाटको प्रयोग पनि विशिष्ट प्रकारको सूत र धागोको लागि भएको हो ।

ताईवस्त्रको फाग-८

(क) – ताईः–

कनलइ१ ताई मलायो, कनलइ चूली अरायो
इन मेरा राम लछिमनलइ ताई मलायो
सीता माइलइ चूली अरायो
इन मेरा बबाज्यूले ताई मलायो
इन मेरी इजूज्यूले चूली अरायो
कोरे देवी वसी गैन घिउकी ताई छ
कोरे देवी वसी गैन तेलकी ताई छ
पार्वता बसी गैन घियैकी ताई
सीता माइ बसी गैन तेलकी ताई
इन मेरी इजु माइ घिउइकी ताई
जेठी जिया२ बसी गैन तेलकी ताई
इन मेरी काखीज्यू घिउइकी ताई
इन मेरी बउज्यू३ तेलैकी ताई
कन लै बाला तेरा अन्न साँच्यो धन साँच्यो
इन मेरा रामचन्द्रले धन साँच्यो
सीता माइले अन्न साँच्यो
इन मेरा बबाज्यूले धन साँच्यो
इज्यू माइले मेरी अन्न साँच्यो
आज बालाका काज व४ चाइयो

(ख)–वस्त्रः–

को तेरो डोरी हाट डोरी हाट~
को लेयो लल्लरीपाट○
इन मेरा बबाज्यू डोरी हाट डोरी हाट

(क) १–ले २–आमा ३–भाउज्यू ४–पो
(ख)~ बजार, पसल, ○ राम्रो वस्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मखि□ लेया लल्लरी पाट
जेठा बवा गया मेरा डोरी हाट डोरी हाट
मखि लेया लल्लरी पाट
गजपरिहोटेका◆ रजपूत बनिजार रे
अरिदेन▬ साइको★ मोल
हिरि मोल्या मैंले मोतिया मोल्या
नैंजाण्या∾ साइको मोल
गजपरिहाटका रजपूत बनिजार
अरिदेन बागाइ○को मोल
गज ... ...
अरिदेन पगडीको✿ मोल
हिरा मोल्या मैंले सुने व मोल्या
नै जाण्या बागा पगडीको मोल ।

छाला पहिराउँदाको फाग–९

यो मंत्रले छाला (अजिन) झोली (भिक्षापात्र) मेखला, झिनारेमिना (समिधा) र बेतैको लउडी (दंड) को सम्पूर्ण क्षेत्र ओगटेको छ । तर छालालाई रामचन्द्र लछिमनबाट बध गरिएको मृगसँग सम्बन्धित गरेर यसको ब्राह्मणकालीन वर्चस्विता, आध्यात्मिक र बौद्धिक सर्वोच्चता तथा यसको धारणद्वारा ब्रह्मचारीले ऋषिपद धारण गर्ने दृष्टिकोण राखनेछ भन्ने भावलाई सर्वथा अँगालेको छ× । साथसाथै पारस्कर गृह्यसूत्रको यो निर्देश कि ब्राह्मणले कृष्ण मृगचर्म धारण गर्नु पर्दछ माथि पनि ध्यान दिइएको छ◆ ।

यहाँ यो फाग मंत्र मात्रै नभैकन लौकिक सूक्त हुन पुगेको छ । यसमा शिकारमा जान लछिमनले रामलाई तयार पारेको तथा मृगले लेक र बेंसी डांडा र खोला वन र खेतमा भाग्दै दुःख दिएको अन्तमा पंधेरामा पानी पिउना थाल्दा रामले मारेको उल्लेखले यो प्रसंगमा रोचकता ल्याइदिएको छ । बालक–लाई छालामाथि झोली, मेखला, समिधा, मूजको डोरी र बेतको छडी पैंह भन्ने निर्देश पनि यो सूक्तको अन्तिम चरणमा भएको छ ।

× मित्रस्यचक्षुर्द रणं बलीय तेजो .. । करुणाकरद्वारा उद्धृत, पृष्ठ–५८
◆ऐणेयं ब्राह्मण ... । वहीँद्वारा उद्धृत

□मलाई ◆बजार विशेषका ▬गरिदेन ★फेटा, वस्त्र ∾जानेन ○भोटो
✿फेटा

१३३२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाला पहिराउँदाको फाग -९

उठ दाजु रामचन्द्र अंगेडुली + जाऊँ
नै मखि कोरामुठो नै मखिमाल जेउडी
क्याउ लैजाइ अंगेडुली जाऊँ
मैखी छ दाजु मेरा जेउडी कोरामुठो
चल दाजु अगेडुली जाऊँ
पूर्व फेर्‍या मैले पश्चिम फेरा मैले
नैपाया हरिनाइको ~ खोज
लेकको धपायो हरिनो औल जाइव पउंच्यो
औलको धपायो हरिनो डाँडी जाइव पउंच्यो
डाँडीको धपायो हरिनो खोला जाइव पउंच्यो
खोलीको धपायो हरिनो गाड जाइव पउंच्यो
गाडको धपायो हरिनो खेत जाइव पउंच्यो
खेतकी इजली ○ मुँडो □ दूवो चन्नलाग्यो
खेतको धपायो हरिनो पनेराइकी पाटिमाथि नीर खान लाग्यो
मारौन मृग भैया मारौन मृग
उठन लछिमन भैया खाल गडाउँ खाल
पैर पैर बाला क्योली न मेखला
उपर पैर बाला क्योली न मेखला
पैर पैर बाला क्विनारे मिना
उपर पैर बाला हरिनाइकी छाला
पैर पैर बाला मेरा क्विनारे मिना
उपर पैर बाला मूजैकी जेउठी
पैर पैर बाला मेरा क्विनारे मिना
उपर पैर बाला बेतैकी लउडी
पैर बाला बेतैकी लउडी

जनै पहिराउँदाको फाग -१०

यो लोकमन्त्रमा जनैको लागि कपासको खेतीबाट लिएर ६ पालाको जनै बनुञ्जेलसम्मको कार्य समाविष्ट भएको छ । साथसाथै एक पालाबाट

+ शिकार खेलन खाजा, सामन दाम्लो ~ हरिण बेंसी
○ झील □ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर ५ पालासम्मको जनै क्रमशः क्षुद्र, वैश्य, क्षत्री, खटकेलो (जैसीवाहुन) र ठगु(कु)री को र ६ पालाको जनै ब्राह्मणको मानिएको छ। यहां क्षुद्र भन्नाले शूद्र नभंकन निकृष्ट कोटीको अग्राह्य यज्ञोपवीतलाई जनाउँछ । ब्राह्मणादि वर्गानुसार उत्तरोत्तर पवित्रतामाथि मात्र जोड दिएर पला संख्या तोकेको छ ।

यो लोकमंत्रमा 'रामचन्द्र लछिमनैले कतायो जनै' भनेर जनै धारण गर्नाले राम लक्ष्मण जस्तै पराक्रमी दीर्घायु, आदर्श र पवित्र हुने अभिप्राय छ जो पारस्कर गृह्यसूत्रको जनैधारण गर्दाको मन्त्रार्थसँग पूर्ण साम्य राख्दछ ✿ । कपासको खेतीबाट जनै निर्माणको सूत्रपातले मनुस्मृतिको यो निर्देश कि ब्राह्मणको जनै कपासको, क्षत्रियको सन र वैश्यको ऊनको हुनुपर्दछ सँग पनि सम्बन्ध राखेको निर्विवाद छ○ । त्यस्तै कपास गोड्ने, टिप्ने, कात्ने कर्मसँग दिदी-बहिनी आदिको सम्बन्ध राखेर ब्राह्मणले ब्राह्मणीहरुद्वारा निर्मित जनै लगाउनु-पर्दछ भन्ने शास्त्रीय धारणालाई आफ्नै मौलिक अभिव्यक्तिको माध्यमले प्रकट गरेको छ◆।

जनै पहिराउँदाको फाग -१०

कँ कँ ले तेरा बाला, काट्यो कटाल●
बाला काट्यो कटाल
हलो बान्या□ बाँठेले◆, काट्यो कटाल
मायौ काट्यो कटाल
कँ कँ ले तेरा बाला, केडेयो★ कटाल–बाला...
राहुलीबाहुली+ केटीले, केडेयो कटाल–मायौ...
कँ कँ ले बाला तेरा बोयो कटाल – बाला बोयो कटाल
हलो बान्या बाँठेले, बोयो कटाल – मायौ...

✿यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजंपुरस्तात् । आयुष्यमग्रं प्रतिमुञ्च शीघ्रं यज्ञोपवीतं बलमस्तु तेजः । करूणाकरद्वारा उद्धृत, पृष्ठ–५८

○कार्पासमुपवीतं स्याद् विप्रस्योर्ध्ववृतं त्रिवृत् । शाणसूत्रमयं राज्ञो वैश्यस्याविक सूत्रजम् । म. स्मृ. २।४४

◆ब्राह्मणेन ब्राह्मणस्त्रीभिर्विधवादिभिश्चर्निर्मितं सूत्रम् ग्राह्यम् करूणाकर दशकर्मादि पद्धति, पृष्ठ–५७

●जंगल काट्नु, नयाँ जग्गा बनाउनु □जोत्ने ◆मूर्ख, अनपढ ★काटेको जंगल एकत्रित गर्नु +सुसारे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कँ कँ ले तेरा बाला, गोड्यो कपास – बाला ..
राहुली बाहुली लागि, गोड्यो कपास – मायौ ..
कँ कँ ले तेरा बाला, टिप्यो कपास – बाला ...
दिदी रे बहिनीले, टिप्यो कपास – मायौ ...
कँ कँ ले तेरा बाला, उँइट्यो कपास – बाला ...
इन मेरी पुसीमाइले, उँइट्यो कपास – मायौ ..
कँ कँ ले तेरा बाला, कात्यो कपास – बाला...
इन मेरी इजु माइले, कात्यो कपास – मायौ ..
कँ कँ ले तेरा बाला, कतायो जनै – वाला ..
रामचन्द्र मछिमनैले कतायो जनै – मायौ ...
तेरी जनै मेरा बाला, कति पल्यै भैछ – बाला ...
मेरी जनै मेरी मायौ, एक पल्यै भैछ – मायौ ...
एकपल्यै जनै बाला, छुद्रै की होली – बाला ..
मेरी जनै मेरी मायौ, दुइ पल्यै भैछ – मायौ ..
दुइ पल्यै जनै बाला, वैश्यैकी हुन्छे – बाला ...
मेरी जनै मेरी मायौ, तेपलेइ भैछ – मायौ...
तेपल्यै जनै बाला, क्षेत्रीकी होली –बाला ...
मेरी जनै मेरी मायौ, चौपल्यै भैछ – मायौ ...
चौपल्यै जनै बाला, खटकेलाकी□ होली – बाला ..
मेरी जनै मेरी मायौ, पाँचपल्यै भैछ – मायौ ..
पाँचपल्यै जनै बाला, ठगुरीकी होली – बाला...
मेरी जनै मेरी मायौ, छपल्यै भैछ – मायौ ...
आब भैछ मेरा बाला, तेरी जनै पूरी
बाला तेरी जनै पूरी

दीक्षा सुनाउँदाको फाग -११

गायत्री मंत्र सुनाउने बेला यो फाग गाइन्छ । यसमा बालकसँग क्याउ (कुन चीज) ले कँले (कसले) दीक्षा सुनायो भनी प्रश्न गरी उत्तरमा भनिएको छ कि रामचन्द्र-लछिमन, पिता, गुरु र पञ्च ब्राह्मणहरुले पंचपल्लव र सुन–चाँदीको ढुंग्रोले दीक्षा सुनाएको हो । यसपछि बालकलाई उपदेश गरिएको छ कि ती गुरुवाले दिएको दीक्षालाई चित्तमा राख्नू र त्यो मंत्रको हृदयले नै

□जैसी–बाहुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जप गर्नु । त्यस्तो मंत्र दिने गुरुलाई निहुरेर ढोग दिनू । यहाँ गुरू र गुरुद्वारा दिएको शिक्षालाई नै विशेष महत्व दिएको छ जो सबै हिन्दूको प्राचीन परम्परा हो ।

दीक्षा सुनाउँदाको फाग -११

क्याउ क्याउले बाला तेरा दीक्षा सुणायो
कँ कँले बाला तेरा दीक्षा सुणायो
बाला दीक्षा सुणायो
रामचन्द्र लछिमनैले दीक्षा सुणायो
सुनैंकी पिपरीले दीक्षा सुणायो
मायौ दीक्षा सुणायो
रूपाइकी पिपरीले दीक्षा सुणायो
पंच पल्लवैले दीक्षा सुणायो
मायौ दीक्षा सुणायो
इन मेरा बबाज्यूले दीक्षा सुणायो
इन मेरा गुरुबाउले○ दीक्षा सुणायो
पंचैंब्राह्मण बसी दीक्षा सुणायो
पिपलैंकी पिपरीले दीक्षा सुणायो
मायौ दीक्षा सुणायो
गुरुबाउकी दिनी दीक्षा चित्त राख्यैं हिया जप्यैं★
तिन तेरा गुरुबाउ निउडी ढोग दियैं
बाला निउडी ढोग दियैं

भिक्षा दिँदाको फाग .१२

प्रस्तुत लोकमंत्रमा बाला (ब्रह्मचारी) ले अंजुलीले दिएको भिक्षा स्वीकार नगरिकन आफूसँग बडीजमाद (ठूलो समूह) छ भनेर डलिया भरी भिक्षा मागेको छ । यो 'जमाद' ले प्राचीन कालका गुरुकुलका उसका सहपाठी–तिर नै संकेत गरेजस्तो लाग्दछ । यसपछि आमाले निर्दिष्ट गरेको छ कि पहिलो भिक्षा गुरुको बाहुलीमा चढाई विनम्र भई गुरुलाई ढोग्नू र गुरु प्रसन्न भै उक्त शिक्षा दिनेछन् सो शिक्षालाई काखी च्यापी हृदयङ्गम गर्नु । त्यस पछिका भिक्षा क्रमशः जोगी, पिता, ज्योतिष र ब्राह्मणलाई दिनू । यसरी भिक्षाकार्य सम्पन्न भैसकेपछि नारीवर्गले 'गोपीचन्नको फाग' गाउँछन् ।

○बाबा, पिता ‑ राखेस् ★ जपेस् ‑ निहुरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षा दिँदाको फाग -१२

छोड◆ छोड बाला मेरा भिक्षा छोड, बाला भिक्षा छोड
अंजुलीको दिनी भिक्षा मनैलिनो ◯
माय ! भिक्षा मनैलिनो
मरे● लिनो मेरी माय डलिया भरी
मेरी माय डलिया भरी
मेरा सँग मेरी माया बडी छ जमाव
मायौ बडी छ जमाव
पैंलीको दिनी भिक्षा गुरु बाहु दियैं
बाला गुरु बाहु दियैं
तिन तेरा गुरु बाउ निउडी ढोग दियैं
बाला निउडी ढोग दियैं
गुरु बाउको दिनी भिक्षा लोल लियैं
बाला हिया जप्यैं
दोसरी त दिनी भिक्षा जोगेडा★ दियैं
बाला जोगेडा दियैं
तेसरी त दिनी भिक्षा बाबाज्यू दियैं
बाला बाबाज्यू दियैं
तिन तेरा बाबाज्यू निउडी ढोग दियैं
बाला निउडी ढोग दियैं
बाबाज्यूको दिनी भिक्षा लोल लियैं
बाला हिया जप्यैं
चउथी त दिनी भिक्षा जोइसी × व दियैं
बाला जोइसी व दियैं
पञ्चाउं त दिनी भिक्षा ब्राह्मण दियैं
बाला ब्राह्मण दियैं ।
(यहाँबाट गोपी चन्नको फाग गाउने चलन छ ।)

◆थाप ◯म लिम ●मत ★जोगी ×ज्योतिष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोपीचन्नको फाग -१३

यो एक वियोगात्मक लोक (खण्ड) काव्य हो । (लोकरीति अनुसार अनिवार्य पुनरावृत्तिलाई हटाई यसको दीर्घ आकृतिलाई संक्षिप्त गरी यो प्रस्तुत गरिएको छ ।) गोपीचन्नसंबन्धी लोकाख्यान भारतीय हिन्दी, बांगला आदि लोकसाहित्यमा पनि पाइन्छ । तर यो गोपीचन्न को हो भन्ने निधोमा लेखक पुग्न सकेको छैन । यसको चरित्रचित्रण भर्थरि (भर्तृहरि) जस्तै छ । यसमा युगौं पुरानो सामाजिक दृष्टिकोण चित्रित भएको छ । युद्ध त्याग गरी जोगी भई हिंड्न थालेका अर्जुनलाई घरगृहस्थी र राज्यको समुचित (लिप्सा-हीन) संचालन नै कर्मयोग हो र कर्मयोग नै शान्तिको र मोक्षको बाटो हो भनी संझाउने गीता दर्शनलाई यसमा हेय दृष्टिले देखिएको छ जसको पछाडि समाजमा व्याप्त हुन थालेको अज्ञान र मोहमय समयको आविर्भाव देखापर्दछ ।

जेहोस्, यसको शैली सल्ल बगेको सरल र प्रभावपूर्ण छ । प्रस्तुत लोकसाहित्यका विभिन्न वियोगान्तक लोककाव्यहरुमा यो फाग महत्वपूर्ण छ । यसको कारण हो मातृस्नेह, ममतामयी आमालाई आफ्नो पुत्रले आफ्नै अघि भिक्षाटन गरी सुदूर गुरु आश्रममा जान थालेको देखी भविष्यको चिरवियोगको काल्पनिक भयले त्रस्त गर्दछ । यद्यपि शिक्षा समापनपछि उ फर्कनेछ तर आमालाई यो विश्वास गर्न नै कठिन छ । पुत्र आफ्नै अघि झोली, मेखला भिरी जोगी भेषमा हिंडिरहेछ । यो मातृहृदयले कसरी सहन सक्थ्यो र ? मलाई लाग्दछ गोपी चन्नको प्रतीकमा आमाको आफ्नै ममता लोककाव्यमा प्रकट भैरहेछ ।

बुढा आमा-बाबु, छोराछोरी र रानीहरुको असहाय अवस्था, सारा राजपाट, देश, डांडो र पानीपंधेराको टुहुरोपन र संरक्षणहीनताले सारा समाज दुःखी छ तर गोपी आफ्नो निर्णयमा अटल छ । यी सब आफ्ना आफ्ना सम्बन्धीद्वारा संरक्षित हुनेछन् र आमाबाबुलाई तीर्थमा राखेर जान सकिन्छ भनी संझने गोपीलाई माता (सामाजिक नारीवर्ग) को अन्तिम अनुरोध छ कि जोगी भएर हिंडेपनि बहिनीको घरमा भिक्षा माग्न नजानू; नारीको निम्ति माइती पट्टिको ममता र आशा पनि यसबाट स्पष्ट भएको छ । आमाबाबुपछि बहिनीको माइती पट्टिका आशा र सहायता भाइ नै हो । त्यही नै जोगी बनी भिक्षा माग्न आफ्नो दैलोमा टेकिन पुग्यो भने बहिनीको निम्ति यो असह्य हुनेछ । प्रत्येक नारी आमा र बहिनी दुबै हो । यहाँ नारीको पुत्र र मातृस्नेहको चमत्कारिक तुलना भएको देखिन्छ । उपनयनसँग यो लोककाव्यको संबन्धले वैदिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र उपनिषदकालको गुरुकुल निवासको परम्परा समाप्त भै विद्यार्थीलाई घरमै अध्ययन गराउने प्रथाको प्रारंभतिर पनि संकेत गर्दछ । यो फाग गाउँदा प्रायः नारीहरु आंसु खसाली हाल्दछन् ।

गोपीचन्नको फाग - १३

नङरैकी◆ दिदी बैनिउ चेलाजन○ पाल्या
बैनाउ● चेलाजन पाल्या
पाल्यो ताल्यो गोपी चन्द देश लागी गयो
बैनाउ देश लागी गयो
कनले औल्यायो★ गोपी कनले बउल्यायो★ गोपी
मेरा गोपी बउलाउन्याको भलो जनै होऊ
गीताइले औलेयो गोपी गीताइले बौल्यायो
गीताइले उरमाउलो□ लायो
तिन तेरा बबाज्यू कँरे सौंपि गयै~
गोपी कँरे सौंपि गयैं
बुढी तेरी इज्यूमाय कँरे सौंपि गयैं
गोपी कँरे सौंपि गयैं
हेलु केलु रानी तेरी कँरे सौंपि गयैं
गोपी कँरे सौंपि गयैं
रेतु ब्रेतु पूत तेरा कँरे सौंपि गयैं
तसो तेरो कोटकाणो꙰ कँरे सौंपि गयैं
तसो तेरो राजपाट कँरे सौंपि गयैं
तसो तेरो देश डाणो कँरे सौंपि गयैं
तसा तेरा गाई बाच्छा कँरे सौंपि गयैं
तसो तेरो पानी नाउलो कँरे सौंपि गयैं
गोपी कँरे सौंपि गयैं
बुढा मेरा आमाबाबु तीर्थ बिसाइ जानो
हेलु केलु रानी मेरी माइत पुऱ्याइ दिनो
रेतु बेतु पूत मेरा रानी सौंपि दिनो
इसो मेरो राजपाट साक▬ सौंपि जाउँलो

◆नगरकी ○छोरा ●बहिनी हो । ★बहकाउनु □उत्तेजित पार्नु
~गइस् ꙰राजदरवार ▬भाइबन्धु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इसो मेरो कोटकाणो साकँ सौंपि जाउँलो
इसो मेरो देश डाणो साकँ सौंपि जाउँलो
मायौ साकँ सौंपि जाउँलो
इन मेरा गाई बाच्छा दान अरि□ जाउँलो
इसो मेरा पानी न्वालो छोपी छापी जाउँलो
मायौ छोपी छापी जाउँलो
वल्ला☗ देश गयँ गोपी पल्ला देश गयँ
मयुरा नङरी गोपी तेरी बँना होली
वल्ला दैला माग्यँ गोपी पल्ला दैला माग्यँ
माफ्की मजेली गोपी तेरी बँना होली
गोपी तेरी बँना होली
तोङ्ङ धेक्या∾ तेरी बँना धुड धुड रोली
गोपी धुड धुड रोली

काशी पढ्न जाँदाको फाग -१४

लोकाचारमा प्रस्तुत प्रसंगको अन्तिम भागमा यो मंत्र गाइन्छ । यसमा पिताको कठोर कर्तव्य र आमाको मधुर स्नेहको उल्लेख भएको छ । अध्ययनार्थ बालकलाई पिताले काशी पढ्न पठाइदिन्छन् । दयालु आमाले घर फर्काई ल्याउँछिन् । सो फर्काउँदा स्थानीय प्रचलन अनुसार 'नजा, तेरो बिह गरी बुहारी ल्याइदिउँला' भनेर बालकलाई फकाइन्छ जो समाजमा व्याप्त बालविवाहको प्रचलनको पुष्टि र प्रमाण हो र ब्रह्मचर्याश्रमको आदर्श एवं उद्देश्यको उपेक्षा हो । तर घरमँ बालकका बुवा, दाजु र काकाहरु पंडित भै घरको वातावरण नै शिक्षामय छ भन्ने आमाहरुको अभिप्राय र घरमा एकै प्रकारको र काशीमा बाईस (सम्पूर्ण) विद्या हुन्छन् भन्ने बालकको जबाफले समाजको शिक्षा र ज्ञानको मूल्यांकन गर्ने दृष्टिकोणलाई अवश्य दर्शाएको छ । यसपछि लगत्तै समावर्तन संस्कार गरिन्छ ।

काशी पढ्न जाँदाको फाग -१४

बाबाज्यू निठुरैले काँशी पढन लायो
मायौ काँशी पढन लायो
इजुज्यू दयालुले घर बौडाइ○ ल्यैन

□गरी ☗वरको ∾देखेपछि ○फर्काई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मायौ घर बौडाइ ल्यैन
बउड बउड बाला मेरा घरै बउडी आन
बाला घरै भोडी□ आन
घर तेरा बाबाज्यू पंडित छन्
बाला पंडित छन्
बाबाज्यूकी दिनी विद्या एकै विद्या होली
मायौ एकै विद्या होली
काशी पडन जाइ मायौ बाइसै विद्या ल्याउँलो
मायौ बाइसै विद्या ल्याउँलो
अफनाइ∾ त बबाज्यूको लडेलो+ हुँलो
मायौ लडेलो हुँलो ।

यसै प्रकार जेठा बुबाले पढ्न पठाउने र जेठी आमाले फर्काएर ल्याउने तथा जेठा दाइ र काकाले पढ्न पठाउने र भाउजू र काखीले घर फर्काएर ल्याउनेसम्म गाएर यो फाग टुंग्याउने चलन छ ।

फुफूको फाग -१५

यसले जन्मदेखि विवाहसम्मको विस्तृत क्षेत्र ओगटेको छ । जन्मेको बेला "लगन" को उल्लेख गरेर संस्कारसंबन्धी फलित ज्योतिषको आवश्यकता–लाई समेत नछोडी विवाहको बेला "मंगलु" लाई समावेश गरी वैदिक स्वस्तिगानसम्म आफ्नो विस्तार गरेको छ । स्थानीय जनजीवनमा मांगलिक कृत्यमा फुफूको उपस्थिति र आशीर्वाद आवश्यक मानिन्छ । छैटी पूजाको दिन फुफूले यथाशक्य उपस्थित हुनैपर्दछ, न्वारनको दिन फुफूले भदहालाई भोटो दिनैपर्दछ; पासनीमा भात खुवाउनै पर्दछ । त्यस्तै अक्षरारंभको बेला धुलौटो फुफूले नै पहिलो तयार पारिदिनुपर्दछ एवं व्रतबन्धमा उबटन लगाई विवाहमा मंगल गाइदिनुपर्दछ । यस प्रकार यो फागले शास्त्रीय परंपराका सूक्ष्मतम तत्वलाई समेत ध्यानमा राखी लोकरीतिलाई सबल रुपले प्रस्तुत गरेको छ । यो अरु संस्कारको बेला गाइए पनि विवाहमा यसको विशेष महत्व छ ।

फुफूको फाग -१५

हात छ पिठायो शिवि कोखि मनि पुस्तक,
तमि○ पुसि का चलि आया

फर्के □फर्को सम्पूर्ण ∾आफ्ना +प्यारो ।
शिशी ○तिमी फुफू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज मेरा भदयैंको जन्म रचियो,
लगन हेराउना कि आया – हात छ .. ...चलि आया
आज मेरा भदयैंको षष्टि पूजा रचि आयो
छटेलो जगाउनाकि आया – हात छ..., चलि आया
आज मेरा भदयैंको न्वारन रचि आयो,
लडि~ जगौटो☐ दिन हाम आया – हात छ, चलि आया
आज मेरा भदयैंको अन्न प्राशन रचि आयो
अमृत चखाउनाकि आया– हात छ .. , चलि आया
आज मेरा भदयैंको अछेरारम्भ रचि आयो
घुलौटो बिसाउन हाम आया – हात छ– ..., चलि आया
आज मेरा भदयैंको बर्तिमन रचियो
उवटन लाउनाकि आया – हात छ . , चलि आया
आज मेरा भदयैंको बियाउ रचि आयो
मंगलु गाउना कि आया ।

आमाले दूधको मोल माग्ने बेलाको फाग -१६

आमाको महत्व निर्विवाद छ । मर्यादा पुरुषोत्तम रामचन्द्रले पनि जननी र जन्मभूमिलाई स्वर्गभन्दा गौरवशाली ठानेर स्वयं विजित स्वर्णमयी लंकाको परित्याग गरिदिएका थिए◯ । यो आदर्श हाम्रो समाजले कसरी बिर्सन सक्छ र ? यो फागमा रा । र अयोध्याको उल्लेख गरेर त्यसै आदर्शलाई लोकभाषामा प्रस्तुत गरेको छ । विवाह भैसकेपछि पुत्रको स्नेह बाँडिन्छ । उ आजदेखि आमाको वत्सल काख छोडेर पत्नीको स्नेहपूर्ण आलिंगनमा आबद्ध हुन गै रहेछ । हुन सक्छ विलास र वासनाले उसलाई आमाबाट धेरै टाढा पनि लगिदेला तर आमाको अधिकार सर्वोपरि छ । दूधको ऋण महान् छ । यो तिर्न सकिंदैन । पुत्रसंगको चिरवियोगको आशंकाले व्यथित मातृहृदयले आफ्नो सुरक्षात्मक अन्तिम अस्त्र प्रयोग गर्दछ त्यो हो दूधको मोल माग्नु जो तिर्न नै सकिंदैन । अनि विवश पुत्रले प्रतिज्ञा गर्दछ कि –उसले विहा गरी ल्याउने पत्नी

~भित्र ज्वानो भरेर सिएको कपडाको डोरी जेले बालकको घाँटी बाँध्ने चलन छ । ☐पुरानो कपडाको भोटो ।

◯अपि स्वर्णमयी लंका नमे लक्ष्मण रोचते
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।
– वाल्मीकिरामायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनकै (आमाकै) ढेकीजाँतो, पानीपंधेरो आदि सेवामा संलग्न हुनेछिन् । पुत्रको यो कृतज्ञता सुनेर आमा प्रसन्न भै भन्दछिन् ती काम त सब तिम्रै हुन् अर्थात् आजदेखि सारा गृहस्थी नै तिम्रो हो मलाई त पुत्रबधू भए पुग्छ । यहाँ विशेष उल्लेखनीय के छ भने पुत्रको गया र काशी गई पिण्ड दिने प्रतिज्ञाले मात्र आमालाई सन्तुष्ट पार्न सकेन, जीवनकालमै जुन पुत्रबाट सेवा प्राप्त भएन त्यस्तोले मरेपछि मात्र पिंड दिएर के हुने र दिई नै हाल्ला भनेर विश्वास पनि कसरी गर्न सकिने भन्ने धारणा राखेर यो लोकमंत्रले जीवनको उपयोगितालाई पनि विशेष महत्व दिएको छ ।

आमाले दूधको मोल माग्ने बेलाको फाग -१६

काँ तैंले बेटी○ बरी बेटी वरी
काँ तेरो ब्याउ जान लाग्यो
अयोध्या नगरी मैंले बेटी बऱ्या बेटी बऱ्या
मथुराइमी ब्याउ जान लाग्यो
तम बाबु रामचन्द्र बेटी ब्याउन चली गया
हामी दिय दूधडीको∞ मोल
गया जाउँलो गाड ढाल्लो
काँसी जाउँलो पिण्ण हाल्लो
तिरी जालो दूधडीको मोल
तम बाबु रामचन्द्रौ बेटी ब्याउन चलीगया
मेरो दिय दुधडीको मोल
दुधडी सुधडी मायौ तसो बोल जन बोल
तिनी हुन्नी घरकी घरिना
जब मेरी इजु माइको
ओखल जितरो होलो
तिरी जालो दुधडी मोल
जब मेरी इजु माइको
पानी पनेरो होलो
तिरी जालो दुधडीको मोल
इन मेरी इजु माइको चित्त कुचित्त
मइ ल्याउँलो अनेवारी पनेवारी‡

○बहू, स्वास्नी ∞दूध ‡पानी भर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेवारी पनेवारी तेरी व होली
मेरी होली पूतकी ब्वारी

बरियाँत हिँड्दाको फाग -१७

वरयात्राको वर्णन ऋग्वेद अथर्व वेद र पारस्कर गृह्य सूत्रादिमा पाइन्छ । आश्वलायन गृह्य सूत्रमा वरको सवारी रथ, हात्ती र घोडा हुन सक्दछ भनी उल्लेख गरेको छ । यो लोकमंत्रमा पनि वरले यात्रा गर्ने बेला सुनको भन्याङ, जन्ती र हात्ती, घोडाको खुट्टाले उडेको धुलोले बादलको रूप लिनु किरूडी (सुन्दर पुष्पादि) को मालाले सुशोभित वर तथा बधूको श्रृंगार सामग्रीको वर्णनको साथसाथै उक्त वरियाँतलाई निर्विघ्नतापूर्वक धारण गरिदिन पृथ्वीपूजन र प्रार्थना गरिएको छ । शौनकले वरयात्राको क्रममा मित्रवान्धवादिको उपस्थिति एवं कौतुकका साथ यानादिमा चढेर बधूगृहमा जाने उल्लेख गरेका छन्। यो लोकमंत्रको दोस्रो भागमा स्थानीय भौगोलिक र सामाजिक वर्णन तथा चालचलनको उल्लेख भएको छ । जस अनुसार दुलहालाई भनिएको छ कि ठौर ठौर (ठाउँठाउँ) पानीको धारा, फूलबारी, पिपलको चौतारी होलान् र त्यसको उपभोग गर्दै जानू तथा जेठू (जेठान) शालाहरूले छकाउलान् र चतुरो भएर बस्नू तर वर उत्तर दिन्छ – म त दुलहा नै भएँ यसकारण आफैं चतुरो नभैकन चतुराको छोरा हुनेछु । अर्थात् चतुर्‍याइँ सम्बन्धी सबै ब्यबहार मेरा बुवा र काकाहरूले गर्नेछन् ।

बरियाँत हिँड्दाको फाग -१७

सुनवारी खुर कुट्टी ओल्र्योछ दुलगेडो★
घरती कम्पन लागी
जनकम्पैं जनकम्पैं घरती मायौ
तो धरती गंगा जल चढाउँलो
सुनवारी खुर कुट्टी ओल्र्योछ दुलगेडो
धरती कम्पन लागी
जन कम्पैं जनकम्पैं धरती मायौ
तो धरती पिठायो चढाउँलो

कृत कौतुक बन्धुश्च मित्रबान्धव संयुत :
यानं यथार्हमारुह्य यातब्यञ्च बधूगृहम् । -शौनक

सुनको ○भन्याङ ★दुलहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कै कांणी बादलैकी कै काँणि कुइलुडि
कै काँणा ओडानी धुइलुडी □
नौ काँणी बादलैकी नौ काँणी कुइलुडि
हात्ति घोडा ओडानी धुइलुडी
शिबि भरि गाँजलैकी डिवि भरि अछेता
कै स्वाली किरुडी की हार
दुल गेडा कि रुडी की हार
कै स्वालो डुमन्यैलो फूल
दुलगेडी डुमन्यैलो फूल
कै स्वालो सिंदूरीको साडो
दुल गेडी सिंदूरी को साडो
डिवि भरि अच्छेताइकी शिवि भरि दूध
चन्द्रावली मागन्नी पूत

–२–

ठौर ठौर होली बाबा पानी मंगराउँ
तँरे बालो नीर चाखी व गयै
ठौर ठौर होली बाबा फूल बाडी
तँरे बालो फूल पेरीव गयै
ठौर ठौर होली बाबा पिपल चउरडी
तँरे वालो सेल वसीव गयै
ठौर ठौर हुन्ना बाला जेठू शाला
तँरे बालो चतुरो होइव गयै
चतुराइव हुन्ना मेरा बाबा काका
मरे हूंलो चतुराइको बेटा

बरियांत पुग्ने बेलाको फाग -१८

यो लोकमंत्रमा स्थानीय कौतुकपूर्वक कन्याको मन बुझिएको छ। आमाहरु (नारीवृन्द)ले कन्यालाई उसको निम्ति दिउँसै (दिनका नकि रातका)का चोर आएका छन् उसले लुक्नुपर्दछ भनी बहकाउन खोज्दछन् तर कन्याले आमाबाबुद्वारा भारी सभामा दिइएको वाग्दानलाई समर्थन जनाउँदै आफूलाई लुक्न नआउने कुरा प्रकट गर्दछिन्। सयकडौं हात्ती, घोडा र जन्तीको लस्कर एवं द्रौपदीरूपी कन्या (सदा सौभाग्यवती) को उल्लेख लोकजीवनमा विवाहको महत्व दर्शाउन स्वयं प्रशस्त छ।

कुइरो □ धुलो उड्यो जलाशय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बरियांत पुग्ने बेलाको फाग -१८

लुक पूत धिया★ मेरी मज्यालुडी∾
तोखि○ आया दिउँसैका चोर
सवाइ▰ वसी वबा मेरा बत्तीस दाँत बोली गया
अब इजु लुकनैन आउनो
सवाइ बसी कका दादा बत्तीस दाँत बोली गया
अब इजु लुकनैन आउनो
कसुइकी आङनी कसुइकी पडाकनि ×
कसुइकी पउची ┼बऱ्यांत
इजुडकी आङनी ववाज्यूकी पडाकनि
दुलहीकी पउची बऱ्यांत
कति सय हात्ति आया कति सय घोडा आया
कति सय पउची वऱ्यांत
दस सय हात्ति आया बीस सय घोडा आया
धुलीरम्म ÷ पउची बऱ्यांत
म्वाल जलेखिवाट हेरी रइन द्रुपदा
यो सवाइ कसुकी होली
म्वाल जलेखीवाट हेरी रैन द्रुपदा
यो सवाइ इज्यू बाकी होली

धूल्यघर्यको फाग -१९

यो लोकमन्त्रमा वरको शारीरिक शृंगार श्रेष्ठता एवं शिरमाथि उदिय सूर्जे (भाग्योदय) वाट परिचय दिई निजलाई नै अर्घ्य दिने र निजलाई नै पहिला तिलक लगाई वरण गर्ने उल्लेख भएको छ।

धूल्यघर्यको फाग -१९

अरघ दिय अरघ दिय बाबा हामरा
कइ दिउँ मइ□ यो धुलि अरघ
जैकर जाङ सुयुना= होली
जैकर गा‡को वाजो होलो

★छोरी ∾बीचको तला ○तँलाई, तेरोनिम्ति, तँ कहाँ ▰सभा
×ठूलो आँगन ┼पुग्यो ÷धुलो उडाउँदै
□मैले =सुरुवाल ‡आङको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जैकर शिर लट★ धारा
जैकर माथाइ की साइ~ होली
जैकर टाटु रूद्र माला होली
जैकर पाया पनाया○ हुन्ना
जैकर शिर भुज छाता होली
जैकर शिर माथि उदिय सूर्जे हुन्ना
तै दिय यो धुलि अरघ
सयलु+ बऱ्याति मैको को जेठो होलो
कै= वठि▬ पैराउँ मइ यो शिर तिलक
सयलु बऱ्याँति मैको दुलगेडो जेठो
तै वठि पैराउँ तिलक

दुलहा दुलहीको मण्डप प्रवेशको फाग -२०

यहां लोकमंत्र गम्भीर अभिव्यक्तिले भरिएको देखिन्छ । कन्यालाई वरप्रतिको यौवनगत होइन कर्तब्य र जीवनगत उत्सुकताले कुत्कुताएकी छ । उसलाई सबभन्दा ठूलो डर पेटमा गाँठा परेकी (छलछाम र ईर्ष्याले भरेकी) सौताको छ । त्यहाँ पछि गोठाला पापीको छ । मूर्खताको प्रतिरुप गोठालासँग परेर उसको विवाहित जीवनको सम्पूर्ण माधुर्य समाप्त हुनेछ ।

आज भोलि लोकसाहित्यको नाममा गोठाला घाँसी र ग्रामीणलाई विशेष महत्व दिएको पाइन्छ । यो लोकमंत्रमा गोठालाको भर्त्सनाबारे चर्चा हुँदा एक जना ख्यातिप्राप्त लोकगीतका गायक र संकलनकर्ताको स्मरण हुन आयो । वहाँले आफ्ना झ्याउरे आदि लोकगीतमा गाउँले गोठाला, घाँसी र हलीलाई प्रशस्त महत्व दिनुभएको छ जो समुचित नै हो तर मेरो कुरा सुनेर वहाँ व्यग्र हुनुभयो र विषादपूर्ण स्वरमा दोहोऱ्याएर सोध्नु भयो 'हँ ! लोकसाहित्यमा गोठालाको त्यस्तो निन्दा !!' यसबारे मैले ब्याख्या गरेर पनि वहाँले ग्रहण गर्न सक्नुभएन र विषादपूर्ण स्थितिमै मसँग बिदा भएर हिँड्नुभयो ।

हाम्रो संस्कृति मूलतः वैदिक हो । यसमा उपनिषदको चिन्तन, रामायणको आदर्श, गीताको कैवल्यका तत्वहरुको नै मिश्रण छ । यो "विद्यया-मृतमश्नुते" भनी घोषणा गर्ने आत्मज्ञानीहरुको संस्कृति हो । यो गोठालाको संस्कृति होइन तर गोठालामा पनि उक्त चैतन्य भरिदिनु यसको विशेषता हो ।

★एक प्रकारको सिंगार ~पगडी ○जुत्ता +सयकडौं =कसलाई▬पहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो संस्कृतिले गोठालाको जीवन (मूर्खता, अभाव, रुक्षता र अग्रहणशीलता आदि) लाई कहिले पनि महत्व दिंदैन। यसले त त्यो गोठालामा पनि संस्कारको प्रकाश भर्न चाहन्छ र भरेको पनि छ। भानुभक्तले घाँसीबाट शिक्षा लिएका हुन् तर घाँसीको घाँस काट्ने प्रवृत्तिबाट होइन बरु उसभित्र रहेको हाम्रो संस्कृतिको दिव्यतम प्रकाशबाट। उसको दरिद्र र अर्थाभावपूर्ण जीवन र घाँस काट्ने प्रवृत्तिको उनीले उपेक्षा नै गरेका छन् तर उसको संस्कारपूर्ण बुद्धिप्रति उनीलाई अपार श्रद्धा पनि छ= । यस कारण उनले घाँसीबाट शिक्षा लिएर घाँस काट्ने वा दरिद्र जीवन बिताउने बाटो न समातिकन केवल बुद्धिलाई नै लिए जसले देशको संस्कृति, सभ्यता र साहित्यलाई आदर्श र मानवताको प्रभावपूर्ण वरदान दियो। यस्तै देवकोटाले नेपालका गोठालामा शेक्सपियर हुने गुण पाए भने त्यो हाम्रो संस्कृतिको महानता हो नकि गोठालाको। यस कारण कोरा भावुकता कहिले काहीं अनर्थकारी हुन्छ। यो हामीले अवश्य बुझ्नुपर्ने कुरो हो।

यो लोकमंत्रमा भाव अतिशय गंभीर हुन पुगेका छन्। यस्तो उमंग र उत्सवको बेला यस्ता गंभीर भावले समाजलाई विशेष सतर्क गराउँछन्। कन्यादान गर्दा आमाबाबुले सकेसम्म वरको उच्चतम शिक्षालाई ध्यानमा राख्नुपर्दछ। त्यति भएन भने साधारणलाई दिए पनि हुन्छ तर सौतेलो र गोठालो पतिलाई दिनुभन्दा आजीवन कुमारी नै रहन दिनु उचित छ जसले गर्दा छोरीको श्रापले कुल र पितृको विनाश हुनबाट बाँच्न सकिनेछ। यो मंत्रको भावगांभीर्य बुझ्न स्थानीय भावाभिव्यक्तिको शैलीसँग परिचित हुनु आवश्यक छ।

(दुलहा दुलहीको) मण्डप प्रवेश फाग –२०

सुत्ती֍ छ धिया मेरी समद्दो❧ छ धिया मेरी
धनधन+ पुत्थी छ वात
कसु○ घर दिया□ बबा कसु घर दिया बबा
कसुसँग छोड्या मेरो पानी
कीत म दिय बाबा आलकुल वर खोजी
कीत म इसै थान~ रौलो
कीत म दिय बाबा पाँच पडित वर रोजी

=घाँसी दरिद्र घरको तर बुद्धि कस्तो।– भानु

֍सोच्नु ❧संझनु, विचार गर्नु +सरासर ○कुन □दियो ~यसै ठाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीत म इसँ थान रौंलो
कीत म दिय वावा भारू भारू × पुस्तक पण्यैका∾
कीत म इसँ थान रौंलो
आल कुल वर बाबु खोज्या लैन पायो▬
भारू भारू पुस्तक पण्य्या वर खोज्या लैन पायो
करम मिलायो वर पायो
उच्चाइका दिय बावा निच्चाइका दिय बाबा
सौतेना घर जन दिया
नौनी नरम जसी घर सौती होली
सौतीका पेट हुन्ना गाँठा
कन्यैको लागलो सराप
पितरैंको होइन उद्धार
उच्चाइका दिय बबा निच्चाइका दिय
गोठाला पापी का जन दिय
दिन दिन गोठालो पापी डाङी डोपली चुरलो●
राति उठि लडि ज्यौडी○ बाट+
कन्यैको लागलो सराप–पितरैं .. ...
भला घर दिया बाबा भला वर दिया
दिन दिन दिउँलो आशीष
पितरैंको होलो उद्धार ।

गोत्रोच्चारको फाग -२१

यो स्थानीय पद्धति अनुसार कन्यापक्षद्वारा वरको र वरपक्षद्वारा गोत्र, प्रवर, वेद, शाखा र कुलको परंपरा जान्न सोधिने प्रश्न र उत्तर हो। पहिले कन्यापक्षबाट श्रृंगारपूर्ण मांगलिक श्लोक पाठ गरी यो प्रश्न सोधिन्छ र वरपक्षबाट उत्तर दिइन्छ अनि वरपक्षबाट सोधिने र कन्यापक्षबाट उत्तर दिइने गरिन्छ। यो प्रश्न प्रत्येक पक्षबाट ३।३ चोटि सोधिने र उत्तर दिइने गरिन्छ। कुलपरंपरामा कन्या वा वर सहित ४ पुस्ताको परिच्चय दिनुपर्दछ×। लोक-मंत्रमा पार्वती र महादेव तथा देउला केदारको समावेश गरेर यसको मांगलिक पक्षलाई महत्वपूर्ण बनाएको छ।

× करूणा कर, पृष्ठ–८२

× धेरै ∾पढ्नेका ▬खोजेर पनि पाइएन ●घुम्ला ○डोरी-दाम्लो +बनाउला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोत्रोच्चारको फाग -२१

बेटी त बेटी गोबर लेटी
कहु बेटी आफ्नो गोत्र रे
बेटा त बेटा गोबर लेटा
कहु बेटा आफ्नो गोत्र रे
नाउइन▬ जाण्णो ○ गाउँइन∾ जाण्णो
क्या कहुँ आफ्नो गोत्र रे
बबा हामरा महादेव स्वरूप
इजू हामरी पार्वती स्वरूप
मामल हामरो देउला केदार

कन्यादानको फाग -२२

यो फागमा कन्यादानको समय आइपुगेकोले सुतिरहेका आमाबाबु सहित कन्याका सबै संरक्षक र माइतीहरुलाई ब्युँझाइएको छ र भनिएको छ कि यदि कन्यादान गर्नु छ भने कन्याको पाउ पखाली ..ो जल शिरमा चढाऊ। कन्यादानले घरै बसी गया र काशी गएको पुण्य पाइन्छ भनेर पनि अन्त्यमा उल्लेख भएको छ।

गोडो धुवाइ

आज भोलि प्रायः सबै वर्गले सबै ठाउँमा यो गोडो धुवाइलाई कन्यादानको नै प्रतीक मान्न थालेको निर्विवाद छ। प्रस्तुत लोकमंत्रले पनि यसैलाई महत्व दिएको देखियो। यस प्रकार यो गोडो धुवाइ सम्पूर्ण नेपाली समाजमै प्रसिद्ध छ। तर गृह्यसूत्र र दशकर्मादि पद्धतिमा यसको उल्लेख समेत छैन। पं. करूणाकरज्यूले वस्त्राभरणले भूषित र गन्धाक्षत पुष्पादिले पूजा गरी कन्यालाई वरको हातमा संकल्पपूर्वक सुम्पिदिने उल्लेख गरेका छन् +। पूजनका पाँच, सोह्र र तीस उपचार छन्। यसमा सर्वाधिक षोडशोपचारको नै महत्व छ जसमा पाद्य (पाउ धुनु) पनि एक उपचार हो। तर कन्यापूजनमा यो उपचारले यत्रो महत्व किन पायो यो खोजको नै विषय छ। यो बेला आमा-बाबुले मात्रै होइन प्रायः सबै सम्बन्धीहरुले कन्याको पाउमा यथाशक्ति द्रव्य

▬नत नाम ○ जान्दछु ∾नत गाउँ

+ततः सुलग्न समागम प्राक्काले कन्यां वस्त्रभूषणादिभिर्भूषयित्वा गन्धाक्षत पुष्पादिभिस्तां पूजयेत्। पृष्ठ–८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणा राखी पाउ धोई सो जल शिरमा चढाई पापमुक्त भएको विश्वास लिन्छन् । आज भोलि कन्यालाई अरू बाह्य व्यक्तिहरुद्वारा दिइने उपहारको नाम पनि गोडो धुवाइ नै छ । यसको निम्ति कुनै वैदिक र पौराणिक मन्त्रको व्यवस्था छैन । यो बेला कर्मकाण्डी ब्राह्मणले मौकपूर्वक विश्राम गरिरहेको हुन्छ । गोडा धुने सम्बन्धीको संख्या अनुसार यो प्रक्रियाले २।३ घंटाको समय लिन्छ । यदि पूजनका सोह्रै उपचारलाई यति नै समय दिने हो भने त समयको दृष्टिले अनर्थ नै हुनेछ तर भाग्यवश यो प्रक्रिया पाद्यसम्म मात्रै सीमित छ । कन्यादानको उच्च आदर्शको खोज गर्दा यो गोडो धुवाइ यस्तो रूपमा अवश्य थिएन होला । यो त बालविवाहसँग नै आरम्भ भएको प्रचलन हो जसले कालान्तरमा अतिशय महत्व प्राप्त गर्‍यो । आफ्नो बालस्वभावले नै निर्बोध, चपल र निश्पाप कन्याप्रति समाजको अतिशय श्रद्धाले यो गोडो धुवाइलाई यति महत्व प्रदान गरेको देखिन्छ जो आजकी यौवनारूढ कन्यामाथि पनि लागू नै छ । तर यति भएर पनि यसले मनुको ब्राह्म आदि प्रशस्त आदर्श विवाहको परिभाषालाई प्रभावित पारेको छ भन्न सकिंदैन । यसमा साधारण आडम्वर बाहेक अनादर्श अवश्य छैन ।

कन्यादानको फाग –२२

खाट सुत्या बबा मेरा बिउजी जाय बिउजी जाय=
आइ पुग्यो कन्या दान बेला
तमरा☛ चित्त कन्या दान अन्नुछत○
पाउ पखाली शिर लिय
धरमैका लागि बबा काशी जाना गया जाना
तमरा गया बबा घरै बसी भया
खाट सुती इज मायौ बिउजी जाय बिउजी जाय
खाट सुत्या काका बदा बिउजी जाय बिउजी जाय
खाट सुत्या सबै माइती बिउजी जाय ...
आइ पुग्यो कन्या दान बेला
तमरा चित्त कन्या दान अन्नुछत
पाउ पखाली शिर लिय
धरमैका लागि सब गया जाना काशी जाना
तमरा गया घरै बसी भया

=ब्युँझनुहोस् ☛तपाईंको, तिम्रो ○गर्नु छ त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंगूठो दान दिने बेलाको फाग -२३

यहाँ दुलहाको हातमा कन्या सुम्पिने बेला लोकमन्त्रले विशेष सावधानी राखेको देखिन्छ । यस्तो सावधानी शास्त्रीय पद्धतिमा पनि राखिएको छ । पिताले कन्याको अंगूठो वरको हातमा राख्दै भन्दछ कि मेरो कुलमा उत्पन्न यो कन्या आठ वर्षसम्म प्रेमपूर्वक पालिएकी छ र आज तिमीलाई सुम्पी रहेछु । यसले तिम्रो पुत्रपौत्रको वृद्धि हुनेछ र तिमीले धर्मार्थ काममा यसलाई नाघेर काम नगर्नू [१३] । तर लोकमंत्र योभन्दा पनि अघि दुगुरेको छ । यहां वरलाई गणेश, शालिग्राम, ज्वलित दीप, चन्द्र–सूर्य, दुबो–हलेदो, तामा–तुलसी, सुनचाँदी, पंच ब्राह्मण, पंच फगारी (फाग गाउने आइमाई) अगेना (यज्ञ) को आगो र ढोलीको चेलो (हर्ष बडाई गर्ने बाजावाल) लाई साछी राखेको कुरा सम्झाई कन्यालाई दुःख दिएपछि भारी पाप लाग्ने छ भन्ने अभिप्राय व्यक्त गरिएको छ । यो उक्ति गाउँले समाजको निस्कपट विश्वास र प्रचलन समेतको राम्रो उदाहरण हो ।

अंगूठो दान दिने बेलाको फाग -२३

छोड□ छोड दुलगेडा तैं बाउली छोड
मेरी धिया☗ दुःख जन दियँ◆
शालिग्राम देवता तेरा साक★
गणेश देवता तेरा साक
बाल्यंकी बत्ती तेरा साक
चन्द्र सूरिज तेरा साक
छोड छोड दुलगेडा तैं बाउली छोड
मेरी धिया दुःख जन दियँ
सयल वन्याँती तेरा साक
दुबो न हलेदो तेरा साक
जनैं सुपारी तेरा साक
तामा तुलसी तेरा साक

---

[१३] कन्या मम कुले जाता पालिता वत्सराष्टकं, तुभ्यं विप्र मया दत्ता पुत्रपौत्रविवर्धिनी, धर्मे चार्थेव कामेच नातिचरितव्या त्वया ।

– करुणाकरद्वारा उद्धृत, पृष्ठ–८४

□थाप ☗छोरी ◆नदिनू ★साछी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन रूपा तेरा साक
तैं सुण दुलगेडा मेरी धिया दुःख जन दियैं
छोड छोड दुलगेडा तैं बाउली छोड
मेरी धिया दुःख जन दियैं
तेतीस कोटी देवता तेरा साक
पंच ब्राह्मण तेरा साक
पंच फगारी∾ तेरा साक
अगिनोको आगो तेरा साक
ढोलियैंको चेलो तेरा साक
तैं सुण दुलगेडा तैं सुण
मेरी धिया दुःख जन दियैं

आँचल ग्रन्थिको फाग -२४

वरवधूको यो गाँठो पार्ने उत्तरीय वस्त्रलाई डोटीतिर "ब्यासडो" भन्दछन् । यो अंगुष्ठग्रहणकै अर्को रूप जस्तो लाग्दछ । वरले कन्याको अंगुष्ठ–ग्रहण गरेकी कुरालाई बाह्य मंडपमा अग्निको पूजन, हवन र साक्ष्य तथा ध्रुवदर्शनादि क्रियाबाट समर्थन गराउनलाई नै सुबिधाको दृष्टिले अंगुष्ठको ठाउँमा यो वस्त्रको गाँठो राखिएको होला । किनकि यो गाँठो परिसकेपछि वरले तुरन्त बधूको अंगुठो त्यागी दिन्छ । यो लोकमंत्रमा अंगुष्ठ ग्रहणकै शत र साछीलाई दोहोर्‍याएको छ । तर यसमा वरबधू दुबैद्वारा शालिग्राम र गणेशको साक्ष्यमा हामी परस्पर बाँधिएका छौं भन्ने कुरा व्यक्त भएको छ ।

आँचल ग्रन्थिको फाग -२४

कै○ तैंले दुलगेडा साकी राखी बाकी राखी
कै□ सित आंचल गाँछी★
शालिग्राम देवता मैंले साकी राख्या बाकी राख्या
दुलही सित आँचल गाँछया
कै तैंले दुलगेडी साकी राखी बाकी राखी
कै सित आँचल गाँछी
गणेश देवता मैंले साकी राख्या बाकी राख्या
दुलहा सित आँचल गाँछया

∾मंगल गाउने नारी ○कसलाई साछी राख्यौ □कुन ★गाँछयौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोलिका भरणको फाग -२५

वरद्वारा बधूलाई वस्त्राभूषण प्रदान गरिने बेला यो मंत्र गाइन्छ। डोटीतिर यी वस्त्राभूषणहरु मंगलमय फलफूलसहित शुभ्र पात्रमा राखी कन्याकी आमाको हातमा दिइन्छ। यस कारण प्रस्तुत फागमा छोलिम, दाडिम, केरा, कचूर, उखु आदि मांगलिक फलको उल्लेख भएको छ।

छोलिका भरणको फाग -२५

छक्का छोलिम□
नक्खा नारिम★
दक्खा दाडिम
केला कचूर∾
लिखू○ डांकली∞
नसूल नैलेद्य
दिय+ मेरी इजु माइका हात

रूकविनाको फाग -२६

यो लोकमंत्रमा गणेश–सरस्वतीको स्मरणपछि विवाह बेलाको उल्लेख भएको छ। कृष्ण र रूकविनाको उल्लेख मांगलिक नै भएपनि त्यसमा कन्याको रूचिलाई प्राथमिकता दिइएको छ। शिशुपाल (कन्याले मन नपराएको व्यक्ति) कन्याको दाजुको जेठू (जेठान) र भाउजूको भाइ पनि हुन सक्छ तर संरक्षकहरुको नातादारीले मात्र कन्यामाथि अनिच्छित विवाह थोपी दिनु हुँदैन। यसमा कृष्णजीलाई दुइ घडीको र शिशुपाललाई ५ घडीको लगन दिइएको छ। जो ग्रामीण नारीहरूको आफ्नै मौलिकता र स्वाभाविक सरलता हो। यसो गर्दा रूकविनाले कृष्णलाई निर्विघ्नतापूर्वक वरिसक्ने र पछि शिशुपालले केही गर्न नसक्ने भनी भइसकेको विवाहको अखंडतातिर पनि औंल्याएको छ जसलाई पुष्ट गर्न हाम्रा सम्पूर्ण वेदादि ग्रन्थहरु एकै स्वरले शंखघोष गरिरहेछन्। कृष्णलाई (इच्छित व्यक्तिलाई) वर्न पाउँदा रूकविना (कन्या) को प्रसन्नताले सीमा नाघ्न खोजेको छ। वर पनि इच्छित वधू पाएर प्रसन्न र सन्तुष्ट छ। दुबैले विवाहको मंगलगान, वेदपाठ र भुमरी (परिक्रमा) आफैं गरेका छन्। यहाँ वरवधूले सबै संकोच त्यागेर प्रसन्नतापूर्वक दाम्पत्य – जीवनमा प्रवेश गर्नु पर्दछ भन्ने लोकदृष्टिकोण स्पष्ट रूपले प्रकट भएको छ। यो मंत्रको पूर्वार्द्धमा

□फल विशेष ★फल ∾जडी विशेष ○उखु ∞डंडा +दिनुहोस्, देऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतको प्राचुर्य र हिन्दीको प्रभाव पनि देखिन्छ । यो लोकमंत्र दुलहा–दुलहीले बाह्य विवाहमंडपमा प्रवेश गर्ने बेला गाइन्छ ।

रूकविनाको फाग -२६

प्रथमै वरणै जगनै लास
गिरिजा तनय गणंश
देवी शारदा चरणै लागि
देवी समरथ उपदेश
क्रन्दन पुर है नगर बथानी
भिक्खु देह उनेश
यस माया पुरी आउनी मनोधरा
सो वेदु वेद रजेश
यच्छे नागिनी यच्छे भागिनी
यच्छयै की पडि गैछ मोक्ष
जसका भुवसैं पाप मिटावै
जनसैं राहु हरावै
रानी मनोधरा मनै विचारै
धिया भइन बियाउनी जोग
सुण हो सडि निउ सुण हो रखे वालिउ
रूकमिनी कै सो बोलाउन्नी
रोहीत रोही माण भिजाउन्नी
आँसुकी बहनी गंगा
सुन ह्यो शिशुपाल
बोल ह्यो रूकविनी
रूक विनि हृदय तलास
रतन जड मथि पालव टोक्यो
पडयो बन्ध निवास
कदली पातका पत्र लेखिया
मृगवति के मसेवान
कनै देशको निमतो पठायो
कनै बोलायो बर्न्याँति
देशै देशको निमतो पठायो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुपारी बोलायो बन्याँति
ददाज्यूको जेठू होलो
बउज्यूको भाइ होलो
ददाज्यूले रोज्यो शिशुपाल
तँ शिशुपालका जन दिय बबाज्यू
कन्यैको लागलो सराप
पितरैको होइन उद्धार
रथ चढि आवै वेलम◆ जन लावै
दुइ घडि अन्तर▬ पाउ
रथ चढि आवै वेलम जन लावै
पन्चै घडीको बियाउ
सुमिरउं वलि भद्र कटक★ तुमारी
पउची साजी बन्याँत
कृष्णजीका ढोलक बाज्या
बाज्या मेर मन्धीर
कृष्णजीका ढोलक बाज्या
बज्या गैला निसाना×
कृष्णजीका ढोलक बाज्या
बाज्या भेरी मृदंग
शिशुपालका ढोलक बाज्या
बाज्या थाल कुसाल□
कृष्णज्यू आया धम धम कार○
शिशुपाल रया खिसाइ
पैलो वचन मेरो अलेटी~ हाल्या
नया पाल चंपाल काशी पडन्ना बिहाल
दुइ मायबाबैकी लडेलु रूकविनी
कसरी मंडव जाऊँ
मुण+ कोरी मुण बाटी सिउंडी सिकार अरि
रूकविनी मंडव गइन

◆अबेर ▬ समय पाऊँ ★युद्ध ×राम्रा र गंभीर बाजा □नराम्रा बाजा
○शान साथ ~ टार्नु +कपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई माय बाबैकी लडलु कंठोला□
कंठोला मंडव गइन
दुइ माय बाबैका लडेला कृष्णज्यू
कृष्णज्यू मंडव गया
आफै रूकविनी हरदा करदा
आफै भुमरि रिटन्नी
आफै रूकविनी हरदा करदा
आफै मंगल गाउन्नी
आफै कृष्णज्यू हरदा करदा
आफै भुमरि रिटन्ना
आफै कृष्ण भला हरदा करदा=
आफै वेद पडन्ना
लेक डुमरि हिटी कृष्णज्यू
रूकविनी बियै घर लेया○
गंगा जमुना नदी तरी कृष्णज्यू
रूकविनी बियै घर लेया ।

बैस्यानरको फाग -२७

वैस्यानर (वैश्वानर) को अपभ्रंस रूप हो । यसमा सबै वेदमा रिखि (ऋक्) वेद जेठा हुनाले उनीद्वारा अग्निको खोजी हुनु आवश्यक मानिएको छ । वेदद्वारा पनि अग्निको खोजी गराउनुको माने हो यसको अनिवार्यता । अग्निविना शुभ फल प्रदान गर्न वेद पनि असमर्थ छन् । दुल्लू देशमा अग्नि पाइने उल्लेखले ज्वालामुखीलाई औंल्याए जस्तो लाग्दछ या यसमा अरू कुनै शास्त्रीय मत पनि हुन सक्दछ । अग्निविना कन्या अविवाहिता रहेकी र बर्मा (ब्राह्मण र वेद) भोकै रहेको कुरा सारगर्भित छ । अग्निविना सम्पूर्ण देवता नै भोकै रहने कुरा शास्त्रमा बहुचर्चित नै छ । वेदले अग्निलाई संसारको अंधकार हटाइदिने अनुरोध गर्दा अग्निले आफूले मन्दा लोक (मर्त्यलोक) मा नआउने कारण देखाउँछन् । ती हुन्-

(क) सासूले लिपघसको काम गर्ने तर बुहारीले खुट्टा धोई बसी राख्ने पाप
(ख) सासू बुहारीले ऐंचोपैंचो गरेको पाप
(ग) बाबुछोराको बीचमा लेखोजोखो भएको पाप

□छोरी =हर्ता कर्ता डाँडो बिहाएर ○ल्याए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) गाईका आमा–छोरीको एकै पारा (ठेकी) मा दूध दुहेको पाप
(ङ) मामाभानिजले एकै ओछ्यानमा सुतेको पाप
(च) जेठो भाइले भारी बोकी कान्छो भाइले लठ्ठी टेकी हिंडेको पाप
(छ) गोरुका मामा भानिज एकै हलमा जोतेको पाप

यी सबै पापले भरिएकी पृथ्वीबाट अग्नि लोप भएर ऋग्वेदले सो कुरा हुनेछैन भन्ने विश्वास दिलाए पछि मात्र पृथ्वीमा आएका हुन् भन्ने लौकिक विश्वास अनुसार उक्त सात वटा कार्यलाई दोषपूर्ण मान्ने चलन डोटीतिर अद्यावधि छँदैछ। यसप्रकार ऋग्वेदको अनुरोधमा वरको मंडपका अग्निको आगमनपछिमात्र बिहा संपन्न भयो। यो लोकमंत्र यहाँ केवल मंत्र मात्रै नभैकन लौकिक सूक्त हुन पुगेको छ। यसलाई विभिन्न लोककाव्यहरुमा महत्वपूर्ण स्थान दिन सकिन्छ। यो लोककाव्य "रुकविना" को फाग पछि गाइन्छ। वरवधूद्वारा विवाहको क्रममा गरिने सबै हवनहरुको पवित्र उद्देश्य यहां वैश्वानरको अनिवार्यता र महत्वले नै प्रकट भएको छ।

बैस्यानरको फाग -२७

कालिया कलहिनी रूप रौद्र माला दिन्नी
दिन्नी माता सकलैको भोग
रिखीवेदु⊛ श्याम वेदु यजुर्वेदु अथर्वण
तिनीमैका कोरे वेद जेठा
रिखी वेदु श्याम वेदु यजुर्वेदु अथर्वण
तिनीमैका रिखी वेद जेठा
जाँ= तमि रिखी वेद जेठा भया जेठा भया
चल बर्मा★ बैस्यानर खोजी
हात लियो वर माइले वेत छडी वेत छडी
कोखि मनि वेदैको भार
चली गया बैसानर खोजी
पूर्व ढुण्या मैले पश्चिम ढुण्या मैले
नै पाया बाला बैसानर
उत्तर ढुण्या मैले दखिन ढुण्या मैले
नइ पाया बाला बैसानर
गातैको◇ बागो○ मेरो गातै भिज्यो÷ गातै भिज्यो, नै पाया ...

⊛ऋक्वेद =जव ★ब्रह्मा ◇शरीरको ○भोटो ÷शरीरैमा बिलायो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथाइकी साइ मेरी माथाइ भिजी माथाइ भिजी–नै पाया...
शिर लट धारा मेरो शिरै भिज्यो शिरै भिज्यो–नै पाया...
जाङ सुतना□ मेरी जाङै भिजी जाङै भिजी – नै पाया...
टाट▭ रुद्रमाला मेरी टाटुइ भिजी टाटुइ भिजी – नै पाया...
आङुली हिरौंदा मेरी आङुली भिज्यो आङुली भिज्यो –नै पाया...
बाउलीका कंकण मेरा बाउली भिज्या बाउली भिज्या – नै पाया...
बारै विरसैको गयो बालो बैस्यानर
बाउन्नैको होइ आयो – नै पाया...
सेतो फूल फुलीवर
पेलो फूल फुलि आयो – नै पाया...
दुल्लू देश गया बर्मा दाइना बाटा गया बर्मा
वैं▭ हुन्ना बाला बैस्यानर
रूकु रूवयैं⌒ थली होली
झिमिझिम्या पानी होलो – वैं हुन्ना...
पिपल चउडलो○ होलो
धउलडो डाँसी होलो – वैं हुन्ना...
हात लियो वरमाइले बेत छडी
कोखि मनि वेदैको भार
चली गया दुल्लू देशतिर
बाली कन्या अब्याउ~ रैगैं=
बालो वरमा भोवयैं रैं यो
चल गुसाइँ मन्दा लोक जाऊँ
बालो वरमा भोय्यैं रैयो काचो रैयो
तम बिजाइँ भयो अन्धकार
अन्धकार होउ कि राजौ
धन्धकार होउ कि राजौ
मन्दा लोक पापैको भार
तम क्या का धर्मी कि हाम क्या का पापी
चल गुसाइँ मन्दा लोक जाऊँ

□सुरुवाल, धोती ▭घाँटीको ▭उहीँ ⌒सुन्दर, रमणीय ○चउतारी
~विवाह नभएकी =रही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सासू जति लिप घस बहू जति पाउ छाल
मन्दालोक पापैको भार
सासूब्वारी मंसुत्या★ ऐंचो पैंचो अरि हाल्ला – मन्दालोक...
बाबुछोरा मंसुत्या लेखोजोखो अरि हाल्ला – मन्दालोक...
माँ चेली गावडी एकै पारा दूध दूना – मन्दालोक...
ममा भांज मंसुत्या एकै खाट सुती जाना – मन्दालोक...
जेठो भैलु बोझ बोक्दो कान्छो भैलु लौडी टेक्दो – मन्दालोक...
ममा भांज बलेदा एकै रथ जोती हाल्ला – मन्दालोक...
बहू जति लिपघस सासू जति पाउ छाल
चल गुसाईं मन्दा लोक जाऊँ
बाबु छोरा लेखो जोखो नैअह्रा○ – चलगुसाईं...
माँ चेली गावडी भिन्नै पारा दूध दूँला – चलगुसाईं...
सासू ब्वारी ऐंचो पैंचो नै अल्ला – चलगुसाईं
कान्छो भैलु बोझ बोक जेठो भैलु लठ्ठी टेक – चलगुसाईं...
ममा भान्ज भिन्नै खाट सुती जान्ना – चलगुसाईं
ममा भान्ज वलेदा□ भिन्नै रथ जोती हाल्ला – चलगुसाईं
पिपलैका टुप्पा हैं ओरल्या गुसाईं बैसानर
पिपलैका हाँगा जाइव पउच्या
पिपलैका हाँगा हैत वरल्या गोसाइ बैसानर
पिपलैका पात जाइव पउच्या ।
पिपलैका पात होइत वरल्या गुसाईं बैसानर
पिपलैका फेद जाइव पउच्या
पिपलैका फेद हैत वल्या गुसाईं बैसानर
पिपलैका जडा जाइव पउच्या
पिपलैका जडा हैत वल्या गुसाईं बैसानर
वरमाइका वाउली जाइव पउच्या
वरमाइका वाउली होइन वल्या गुसाईं बैस्यानर
बालाइका मंडव जाइव पउच्या

★मान्छे ○गर्ने छैनन् □गोरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लया दिँदाको फाग -२८

यो लाजा होमको बेला गाइने लोकमंत्र हो । यसमा पिठीको भयलुले (कनिष्ठ भाइले) लावा दिने र ब्राह्मणले होमिदिने कुराको उल्लेख भएको छ । यहाँ ब्राह्मणद्वारा होमिदिनुको अर्थ हो मंत्रपाठ गरिदिनु । लावा त आठ वर्षकी बालिका नै भए पनि बधूले आफैं हवन गर्ने चलन छँदैछ ।

लया दिना फाग -२८

को तेरो वाली कन्या लया○ देलो लया देलो
को तेरो लया हुमी देलो
पिठीले भयलु मेरो लया देलो लया देलो
ब्राह्मण लया हुमी देलो

सिन्दूर ढाल्दाको फाग -२९

यसलाई शास्त्रीय पद्धतिमा बधूको अभिमंत्रण भन्दछन् । तर त्यहाँ सिन्दूरको उल्लेख नभैकन देवताहरुसँग बधूलाई अखण्ड सौभाग्य प्रदान गर्ने प्रार्थना मात्र गरिएको छ । यसकारण यो सिन्दूर ढाल्ने प्रचलन लौकिक नै हो । आजभोलि यो सिन्दूर स्वयं सौभाग्य र सुमंगलको प्रतीक सम्झिन्छ । प्रस्तुत लोकमंत्रमा रासचन्द्र र पिता आदि गुरुजनद्वारा कन्याको लागि सिन्दूर मगाई त्योसंग मंगल र कल्याणलाई आबद्ध गरिदिएको छ र दुलहाद्वारा बधूको शिरमा सो सिन्दूर हाल्न लगाई निजको अखण्ड सौभाग्यको स्थापना गरेको छ । सिन्दूर पतिद्वारा नै हाल्नुपर्दछ भन्ने धारणा अनुसार यहाँ रामचन्द्रादि-द्वारा सो सिन्दूर मगाउन मात्र लाइनु लोकसाहित्यको प्रवीणता हो ।

सिन्दूर ढाल्दाको फाग -२९

कनलइ❧ वाली कन्या सिंदुलडि□ मगायोछ
कनलै ढाल्यो सिंदुलडि
इनमेरा रामचन्द्रै ले सिन्दुलडि मगायोछ
दुलहाले ढाल्यो सिन्दुलडि
इनमेरा बबाज्यूले सिन्दुलडि मगायोछ
मेरा कका ददाज्यूले सिन्दुलडि मगायोछ
दुलहाले ढाल्यो सिंदुलडि

○लावा, लाजा ❧कसले □सिन्दूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेधाको फाग -३०

यो पूर्णाहुतिको फाग हो। विवाहमा पूर्णाहुतिबारे मतमतान्तर छ। कुनै ठाउँमा यो हुँदैन पनि। यहाँ यो पूर्णाहुतिको मंत्रमा घिउतेलले भरिएकी आफ्नी माणौ (मण्डप, मन्दिर) मा आउन अनुरोध गरिएको छ। यो मंत्र श्रौतयज्ञको पूर्णाहुतिमा पनि गाइन्छ।

मेधाको फाग -३०

मेधा त मेधा उरं○ मेधा
चल मेधा मेरी माणौ□ जाऊ – मलयागिरिमेधा
तेरी माणौ जाना हुँत चूडी छमकुं
मेरी माणी घिउतेल भरी
मेधा त मेधा उरं मेधा
चल मेधा मेरी माणौ जाऊँ – मलयागिरिमेधा
मेरी माणौ कपडाइले भरियाकी
मेरी माणौ नैवेद भरियैंकी
मेधा त मेधा उरं मेधा
चल मेधा मेरी माणौ जाऊँ – मलयागिरिमेधा

गोदानको फाग -३१

गाईलाई शास्त्र र लोक दुबैमा अतिशय पवित्र मानी त्यसको दानले सकल कामना पूर्ण हुने विश्वास लिइएको निर्विवाद छ। गोदान प्रायः सबै यज्ञान्तमा अपूर्णपूर्णार्थ गरिन्छ। कन्यादान पनि पवित्र यज्ञ हो यसमा सकेसम्म सबैले गोदान गर्दछन्। यस कारण लोकसाहित्यले पनि यो गोदानलाई निकै महत्व दिएको छ। यसमा गाईको चर्ने ठाउँ रमणीय पर्वत प्रदेश, पानी पिउने ठाउँ गंगा जमुना, गाईलाई चराउने र रक्षा गर्ने राम र लक्ष्मण दूध दुहुने, मही पार्ने र घिउ तताउने सीताको उल्लेख गरी गाईलाई आदर्श र पवित्रताकी प्रतिमूर्ति मानेको छ। त्यस्ती गाईका खुरसींग, पुच्छर र पिठीको सुन चाँदी र रेशमी वस्त्रले सिंगार गरी कन्याका पिताले दान गर्न आँगनमा बाँधेको छ। ती गाई दान गरेपछि आमाबाबुको सन्ततिको कल्याण हुनेछ र उनीहरुले गंगा स्नानको फल पाई पर जन्ममा वैकुण्ठवास पाउनेछन् भनी छोरीले आशीष दिंदै सके जति बढी बस्तु (हात्ती, भूमि र गाई) को दान गर्न भनेको छ।

○प्रचण्ड □मण्डप, मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोदानको फाग -३१

काँ तैले सुरभि दावो○ चरी दावो चरी
काँ तैले खाइ ठण्ड◆ नीर
डाङी डोइली मैले दावो चऱ्या दावो चऱ्या
गंगा जमुना ठंड खाया नीर
अनाली कनाली× मैले दावो चऱ्या दावो चऱ्या
गंगा जमुना खाया ठंड नीर
को तेरो कैलु गाई रखे बालो रखे बालो
को तेरो गोरूको गुवालो
रामचन्द्र हुन् मेरा रखेवाला रखेवाला
लछिमन गोरूका गुवाला
को तेरो कैलु गाई दूध दोयालो दूध दोयालो
को तेरो दही जमालो
यिन मेरी सीतामाता दूध दोयाउन्नी दूध दोयाउन्नी
कौशिला दही जमाउन्नी
को तेरो सुरभिनी छाँछ∾ अराउन्नी छाँछ अराउन्नी
को तेरो घिउ रस काउन्नी
सीता माई मेरोइ छाँछ अराउन्नी छाँछ अराउन्नी
सुमित्रा घिउ रस काउन्नी
क्याउइका कैलु गाई खुरयौडा□ खुरयौडा
क्याउइका सिंग्यौडा+ बन्या
चाँदीका कैलुगाई खुरयौडा खुरयौडा
सुनैका सिग्यौडा बन्या
क्याउइकी कैलु गाई पूछ वदाऊँ★ पूछ वदाऊँ
क्याउइले पीठ छयाऊँ
सुनैले कैलु गाई पूछ वादाऊँ पूछ वादाऊँ
रेशमीले पीठ छयाऊँ
आङनी वाद्‌यो बबाज्यूले कैलु गाई दान अऱ्यो
वाबाज्यूको वैकुंठ वास

गाई ○हरियो घाँस ◆शीतल, चीसो ×काँठ्ला ∾मही □खुर +सींग ★बधाऊँ बाँध्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आङ्नी वाद्यो बावाज्यूले कैलु गाई दान अर्‍यो
इजूज्यूको गंगा स्नान
आँगनी वाद्यो बावाज्यूले कैलु गाई दान अर्‍यो
इजूज्यूको पुत्रकल्याण
अजदान गजदान भूमिदान पाउदान
अर बाबा कैलु गाईको दान

छोरीलाई बिदाइ गर्दाको फाग -३२

यो वेला शास्त्रीय विधि अनुसार गणेश कलशको पूजन वरकन्याद्वारा साधारण रूपले गरिन्छ। लोकरीति अनुसार यसै बेला कन्याको पिताद्वारा आचार्य र वरपक्षका पूजार्ह अतिथिलाई दक्षिणा पनि दिइन्छ। तर नारीवृन्द अर्छै तृप्त भएकी छैनन्। उनको मंगलमय कंठले बधूलाई धैर्य र आशा दिन अर्छै छोडेको छैन। यसमा दुलहाको प्रतीक्षा र दुलहीको विलम्वलाई लक्ष्य गरिएको छ। दुलहा प्रतीक्षामा छ तर दुलही आफ्नो प्यारो माइती घरको कल्याण गर्नमा व्यस्त छे। आमाबाबु आदि गुरुजनको दैलो पूजेर सबैमा आफ्नो अभिनन्दन चढाउँदैमा उसको समय गैरहेछ। डोटीतिर छोरीबेटीहरुले माइतबाट आफ्नो घर जाँदै पिच्छे निकटतम माइतीहरुको दैलो पूज्ने र आमाबाबु, दाजु-भाउजूलाई निउरी ढोग दिने चलनको यो मंत्रमा स्पष्ट उल्लेख भएको छ। दुलहीलाई डर छ कि कालो लेक र कालो धुरो (टाढा) नाघेर उसले अपरिचित-हरूसँग एकलै जानुपर्नेछ। तर आमाले पो यो कसरी गर्न सक्थिन् र उनी स्थानीय प्रथा अनुसार उसका (कन्याका) परिचित डोलेमोर (डोलीबोक्ने) बामन (बाहुन) पिठीको भाइ, बाजावाल र सयकडौं वरियांती उसंग पठाइ-दिन्छ भनी छोरीलाई धैर्य दिएर बिदाइ गर्दछिन्।

छोरी बिदाइ गर्दाको फाग -३२

घोडी चढि दुलगेडो□ हेरिरैछ▰ हेरिरैछ
दुलगेडी कतनी○ छ बेर
आफ्नाइ त बबाज्यूकी सुन देली पुद्दी◇ छ
इजूज्यूकी अद्दी+ छ सलाम - घोडी...... बेर
आफ्नाइ त जेठाब्बाकी सुन देली पुद्दी छ
जेठी इजूकी अद्दी छ सलाम - घोडी.. ... बेर

□दुलहा ▰पर्खीरहेछ ○कति ◇पूज्नु बांकी छ +गर्नु बांकी छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नाइ त ककाज्यूकी सुन देली पुद्दी छ
काखीज्यूकी अद्दी छ सलाम – घोडी... ... बेर
आफ्नाइ त ददाज्यूकी सुन देली पुद्दी छ
बउज्यूकी अद्दी छ सलाम – घोडी...... बेर
कालो लेक कालोइ धुरो हिट्नु छ इजुमायौ
एक्ली म नैंव जानौ
अघि अघि लाउँलो बाबु ढोलियैको चेलो
उतिपछि पिठिको भयलु
त् बाबु एक्ली नैंव लाउँलो – कालो लेक... ...
अघि अघि लाउंलो बाबु डोलेमोर〰
उति पछि हिराराउली चेली※
त् रे बाबु एक्ली नैंव लाउँलो – कालो लेक... ...
अघि अघि लाउँलो बाबु बामन पंडित
उति पछि सयल★ वन्यांति
त् रे बाबु एक्ली नैंव लाउँलो

बुहारी भित्र्याउने फाग -३३

आज वरकी आमा प्रसन्न छिन् । उनी छोराबुहारीको स्वागत गर्न घर सजाई रहेछिन् । उनी यति व्यस्त र तन्मय छिन् कि ढोलीको शब्द (बाजा) पनि सुन्दिनन् तर छोराको बियाउ आई पुगेपछि उनी प्रसन्न हुँदै रामचन्द्ररुपी (आदर्श र मर्यादामय) छोरालाई अरू पनि बिहा गर्न भन्दछिन् । अनि सासू–ससुरा र इष्टमित्र तथा बुहारीको लक्षण पनि सोधिहाल्दछिन् । उनलाई छोराको बरियांतको बास्ना कस्तूरी जस्तै लाग्न थालेको छ । बरियाँत जसमा हात्ती, घोडा र मान्छेको घुइँचो (प्रतीकात्मक मात्र) छ धुलो उडाउँदै आइपुग्यो र पुत्रवधूको प्रशस्त दाइजो पनि सँगै छ जसमा अडकदो (गाई आदि पशु) र गड्कदो (भाँडा कुँडा) पनि छन् । उनी बुहारीलाई भित्र जान भन्दछिन् तर ढोली (बाजाबाल) ले आँगन र नन्दले दैलो रोकेको छ । बुहारी स्थानीय चलन अनुसार ढोलीलाई बागो (भोटो) र साई (फेटा) दिने गरी बाटो छोड्न भन्दछिन् त्यस्तै नन्दलाई हिरौंडा (औंठी) र गलाको हरियो पोति दिन्छु भनी बाटो छोड्ने अनुरोध गर्दछिन् । उनी सासूको अपाया (सुरक्षित) भंडार हेर्न गई रहेछिन् ।

〰डोली बोक्ने ※सुसारे केटी ★सयकडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा वरको घरमा विवाह आई पुगेपछिको करीब २ दिनसम्मको वर्णन भएको छ । माइतीलाई लाखा वरडा (खसी) अर्को दिन दिइन्छ । त्यस्तै बाजावाललाई पनि लुगाकपडा र दाम दिएर अर्को दिन बिदाइ गरिन्छ । बुहारीले पनि नन्दलाई दोसो तेसो दिनसम्म दैलो रोकेर छोडेबापतको उपहार दिन्छिन् । बाजावालले बाजा बजाउँदै आँगन छेक्ने र नन्दले मंगल गरिदिन दैलो छेक्ने डोटीतिरको चलन हो । यहाँ नन्दलाई द्वारमातृकाको रूपमा लिएको हुनसक्छ जो शास्त्रीय पद्धति हो ।

बुहारी भित्र्याउने फाग - ३३

कि मेरो मायका चित्त कुचित्त
कि मायौ मनको वैराग
गाव मजेली बसी मइदा पिस्या मैले
ढोलियैको शवदै नसुण्या
गाव मजेली वसी कोसेली हाल्या मैले
ढोलियैको शवदै नसुण्या
गाव मजेली बसी ज्यू ँति+ लेख्या मैले
गूड घियो□ लसक्या○
पगार▬ अरबाबु रामचन्द्रौ दस बीस ब्याऊ
मेरो मन अतिय खुलास
अर बाबु रामचन्द्रौ सयल बियाऊ
मेरो मन अतिय खुलास
पूत आयै बाबु पूत आयै
कसो तेरो आदर भाव – गयलडु निद्रा अन्यं
कसा मिलाया तेरा सासू ससुरा
कसि मिलाइन् तेरी बहू – गयलडु...
ससुरा मिलाया हामरा महादेव स्वरुप
सासू मिलाइन् पार्वता स्वरूप
बहू मिलाइन् मेरी अतिया लक्षन
कत सउची कत पउची बालाइकी बन्याँत
कत आइछ कस्तूरी बास★
नेडि= आइछ नेडि आइछ बालाकी बन्याँत

+जीवमातृका □घिउ ○लिपें ▬प्रबन्ध ★सुगन्ध =नजदीक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेडि आइछ कस्तूरी वास
जेठू आया इजूमायौ शाला आया
अदर❦ बटुली+ पर छन् अरे
काटिहाल्यो लखा वरडा□ – गयलुडि..
खड रस भोरजन कियो – गयलुडि...
कति सय हात्ति आया कतिसय घोडा
कति सय पउची बन्याँत
सोल सय हात्ती आया सत्र सय घोडा
धुलिरम्म पउची बऱ्याँत
अडकदो लेइ बहू गडकदो लेइ
काँ राखु दाइजाको भार
गडकदो राख सासू गाव मजेली
अडकदो गाईका गोठ
जलहर जुवाबुडी तलहर तालु होली
उगाड बहू सरिया दुवाड
चल बहू अपना भंडार
आङनी रोक्यो ढोलियैले
पडकनि कस्तूरी बास
दियली○ रोक्यो ननदैले
पडकनी कस्तूरी बास
छाडी दे ढोलिया चेला आङनीको खेल
म जानौ सासूका भंडार
माथाकि साइ जति तोइ ढोली दिउँलो
छाड् ढोली आङनीको खेल
गातैको वागो जति तोइ ढोली दिउँलो
छाड् ढोली आङनीको खेल
छाड नन्दौ छाड नन्दौ देलीको~ दान
म जानौ सासूका अपाया भंडार
आउंलीकी हिरौंदा जति तमै नन्द दिउँलो
छाड नन्दौ देलीको दान

❦आधा +बाटोमा □खसीबोका ○ द्वार, ढोका (देहली) ~ढोका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टाटुकी हरेवा पोती तमै नन्द दिउँलो
छाड नन्दौ देलीको दान

सेली ढाल्ने फाग -३४

यो ज्यूँति (जीवमातृका) पूजन र वसोधाराको फाग हो। वरवधू घरमा आइपुगेपछि शास्त्रीय पद्धतिले पनि यो क्रियाको उल्लेख गरेको छ। यसै बेला सासूबुहारीले मानापाथी भर्ने र दाम लुकाई बुहारीले खोज्ने काम हुन्छ, सासूले बुहारीलाई 'मुख धेकाउनी' दिने पनि यही बेला हो।

यो लोकमंत्रमा वसोधारा गरी बाँचेको तेलले सीता माइले माथा (कपाल) भिजाउने र पछि सेली ढाली दिने उल्लेख मंगल र आदर्शसूचक हो। सेली भाने अभिषेक हो जसको निमित्त वरको वहिनीले पवित्र गंगाजल ल्याइदिएको उल्लेख छ। अनि वरकी आमा, वधूकी सासू र सीताजीले सुन र चाँदीको कलश हातमा राखेर सेली ढाली मंगल गरिदिन उनीहरुसँग वरबधूले अनुरोध गरेका छन्।

सेली ढाल्ने फाग -३४

कैंतिर☐ ज्यूँति पूजा कैंतिर मातृ पूजा
कैंतिर बसुधारा ढाल
दाइनतिर ज्यूँति पूजा वाउँतिर+ मातृपूजा
जिउंतिका शिर बसुधारा ढाल
ढाल वर्मा ढाल वर्मा बासुधारा
बासुधारा भलो अरि ढाल
बासुधारा ढाल्यो तेल उपन्योछ उपन्योछ
सीता माई माथ भिजाउन्नी
बालखैंकी जिउँतिकी पूजा लागि पूजा लागि
कोरे लेइन गंगाइको जल
कोरे लेइन हरियौडो दुवो
को बैना लेइन पियेलो पिठायो
कोरे लेइन गाईको गोबर
इतिकी○ लडिली📖 मेरो (अमुक) बैना∾
उनै लेइन गंगाइको जल
हात सेली पात सेली सुन सेली रूपा सेली

☐कतातिर +देब्रेतिर ○यस्ती 📖मयालु ∾वहिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोरे माय ढालन्नी सेली
हात सेली पात सेली सुन सेली रूपा सेली
सीता माय ढालन्नी सेली
ढाल मेरी सीता मायौ
सेलीको सेलो × जल
ढाल मेरी इजू मायौ
सेलीको सेलो जल
जैसो गंगाजल नीर
हात सेली पात सेली सुन सेली रूपा सेली
सासू माय ढालन्नी सेती
ढाल मेरी सासू मायौ
सेलीको सेलो जल
जैसो जमुना जल नीर

× शीतल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोटेली लोकसाहित्य

इतिहास खण्ड -२

इतिहास खण्ड प्रथम (अभिलेख) भाग -१

डोटी राजवंशावली

आजसम्म डोटी राजाहरूको सही वंशावली प्रकाशित भएको देखिएन। डोटीमाथि कलम उठाउने प्रायः सबै इतिहासकारहरुले अड्कल र सुनिजानेको भरमा काम गरेको देखियो। अटकिन्सनले नाग मल्लपछि अर्जुन मल्ल राखेका छन्। राहुल सांकृत्यायनले पनि यसैको अनुमोदन गरेको देखिन्छ। तर कार्यक्षेत्रमा गै अनुसन्धान गर्दा वंशावलीको रूपरेखा र आकार अर्कै हुन आयो। यदि जनश्रुति र लोकसाहित्यमा पनि केही सत्य छ भने यदि सैंकडौं वर्षदेखि चट्टानी ढुंगामा प्राचीन देवनागरी लिपिमा कुँदिएका अभिलेख-हरुलाई छ्यास छ्यास्ती फिंजिएका हजारौं ताम्रपत्रलाई आधार मान्ने हो भने डोटी राजाको वंशावलीलाई मैले निम्न प्रकार कायम गरेको छु। वंशावलीबारे मेरो यही निर्णय हो पनि।

१– निरय (निरैं, निरंजन) पाल देव
२– नाग मल्ल देव
३– रिपु मल्ल देव
४– कल्यान (ण) मल्ल देव
५– संसार मल्ल देव
६– प्रताप (पृथिवी) मल्ल देव
७– अर्जुन मल्ल शाही
८– भूपति शाही
९– हरि शाही प्रथम
१०– राम (संग्राम) शाही
११– रूद्र शाही
१२– पहाड (मल्ल) शाह, पहाडी शाही
१३– विक्रम (बहादुर) शाही
१४– मान्धाता शाही
१५– रघुनाथ शाही
१६– हरि शाही द्वितीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१७– भाइ कृष्ण शाही

१८– दीप शाही

अब अटकिन्सनद्वारा दिएको वंशावली पनि तुलनाको लागि प्रस्तुत गरिन्छ○ । उनले डोटी, अस्कोट र पालीको भिन्नाभिन्नै वंशावली दिएका छन् । राहुल सांकृत्यायनले पनि यसैलाई उद्धृत गरेका छन्★ ।

१– शालि वाहन देव

× × ×

३३– पिथिय राज देव

३४– धाम देव

३५– ब्रह्म देव

३६– त्रिलोक पाल देव

६७– निरंजन देव

३८– नाग मल्ल देव

३९– अर्जुन शाही

यहाँ २ देखि ३२ सम्मका राजाहरूको नाउँको विशेष आवश्यकता नदेखिएकोले छोडिदिएको छु । तर राहुल सांकृत्यायनले नाग मल्लको समय १४६१ ई. र अर्जुन शाहीको १४६२ ई. लेखी ठूलो भूल गरेका छन् । अर्जुन मल्ल नाग मल्लका छैटौं वंशधर हुन् । एकै वर्षमा ६ पुस्ताको उद्गम र विलय कसरी हुन सक्दछ र । फेरि उनले दिएको नाग मल्लको समय पनि ताम्रपत्र र शिलालेखबाट निकै फरक पर्न गयो । उक्त १४६१ ई. मा ७८ वर्ष घटाउँदा १३८३ शाके हुन आउँछ । जबकि शाके १३३४ मा त नागमल्लका छोरा रिपु मल्ल राजा भैसकेको कुरा ताम्रपत्रबाट प्रमाणित हुन आएको छ । स्वयं नागमल्लको ताम्रपत्रले त उनको समय १३०९ शाके सिद्ध गर्दछ । फेरि नाग मल्ल जोगी भै हिंडेको हुनाले शाके १३३४ सम्म पनि ऊ पुगेन होला । तर अर्जुन मल्लपछि भने राहुल सांकृत्यायनले सही वंशावली दिन सकेका छन् जो अटकिंसनकै उतार हो । केवल पहाडी शाहीलाई पवर शाही भनी दीप शाहीपछि पनि विष्णु, प्रदीप, हंसध्वज शाहीको उल्लेख गरेका छन् जो कुरा सही भएर पनि अन्तिम राजा दीप शाही नै हुन् र विष्णु शाही दीप शाहीका भाइ हुन् । उनले आफ्नो पुस्तक (कुमाउँ, पृष्ठ–७१) मा डोटी राजाको उपाधि रैंनका राजा थियो र उनका सामन्त पनि राजा भनिन्थे भनेर सत्यतिर

○हिमालयन डिस्ट्रिक्ट, भोलम २, भाग २, पृष्ठ– ५३०–३१

★कुमाउँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लम्कन खोजे पनि रैंकालाई रैनका नै लेखे ।

मैंले प्रस्तुत गरेको उक्त वंशावलीको आधार यो वर्षको डोटीदेखि डडेल्धुरासम्मको खोज हो । डोटी पुन्ना जगन्नाथजीको घरमा पनि वंशावली पाइयो । त्यस्तै डोटी मुडभरा देवीदत्त जोशीको घरमा पनि वंशावली पाइयो । डोटी ढुंगपुजारीको घरमा पनि वंशावली रहेछ । प्रायः सबै वंशावली समान नै छन् । तर पौराणिक पुस्ता र नाममा भने फरक छ । सबैले राजा विष्णुलाई यो सूर्यवंशीको प्रथम पुरुष उल्लेख गरेका छन् सबैमा विक्रमादित्य र शाली-वाहनको नाम उल्लेख भएको छ । तर जगन्नाथजीको घरको वंशावलीमा दीप शाहीसम्म कुल पुस्ता १८२ मात्रै छन् भने देवीदत्त जोशीको घरमा प्राप्त वंशावलीमा दीप शाहीसम्म २३८ पुस्ताको नामोल्लेख छ जसमा दिलीपको ९४ र रामको ९७ क्रम छ । अयोध्या छोडी कत्यूर आउने प्रथम राजाको नाम सहदेव र संख्या (पुस्ता) १६८ उल्लेख भएको छ । त्यस्तै कत्यूरका अन्तिम राजाको नाम बिर्मदेउ र डोटीका प्रथम राजाको नाम त्रिलोकपाल छ । तर त्रिलोक पालपछि नाग मल्लसम्म निम्न पुस्ताको पनि उल्लेख भएको छ ।

१– त्रिलोकी पाल
२– चन्द्र पाल
३– अर्ज पाल
४– निरै पाल
५– अश्वकी पाल
६– विश्वकी पाल
७– मेधनी मल्ल
८– विरजन मल्ल
९– नाग मल्ल

तर अर्जमेरकोट देवलहाटको शिलालेख र निरै पालको ताम्रपत्र अनुसार यी यतिका पुस्ताहरू प्रमाणित हुँदैनन् । त्यहाँ निरै पालपछि नाग मल्ल नै सिद्ध हुन्छ । किन्तु त्रिलोकी पाल र निरै पालको बीचमा अर्ज पालको उल्लेख यहाँ विचारणीय हुन गएको छ । जहाँसम्म अर्जमेरकोटको सम्बन्ध छ यो नामलाई त्यसै अस्वीकार गर्न मिल्दैन र यस बारे बढी खोज गर्नु आवश्यक भएको छ । त्यत्रो विशाल अर्जमेरकोट एकै निरै पालका पालामा बन्यो होला भन्ने कुरा शंकास्पद नै छ र यसका संस्थापक अर्ज पाल पो हुन् कि भन्ने प्रश्न उठाउन सकिन्छ । तर उक्त कुमाउँका इतिहासकारहरूले डोटीका निरयपाल र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अस्कोटका अभयपाल त्रिलोकीपालकै क्रमशः जेठा कान्छा छोरा हुन् भनी लेखेका छन् । पुन्ना जगन्नाथजीको वंशावलीमा पनि त्रिलोकी पालपछि निरै पाल नै उल्लिखित भएको छ । तर डडेलधुरा भोजराज भट्टराईको घरबाट प्राप्त डोटी राजवंशावलीमा तिनलोकी पालभन्दा अघि सौं पाल भौंपाल निरहीपाल आदि अनेक राजाको नाम उल्लेख भएको छ र त्रिलोकी पालका छोरा वज्र् मल्ल र वज्र् मल्लका छोरा नाग मल्ल भन्ने उल्लेख भएको छ । तर त्यो वंशावली वंशावलीमात्र नभै कन प्रशस्ति र विरुदावली समेत भएको हुनाले र त्यसबाट राजाहरुको चरित्र र कार्यको समेत संकेत मिलेकोले त्यसलाई साहित्यिक ढंगको मानी लोकसाहित्य को आरंभमा राखिदिएको छु ।

यस प्रकार विभिन्न घरबाट प्राप्त वंशावलीहरुलाई ताम्रपत्र शिलालेखसँग मिलाई तथा प्रायः सबै विज्ञ बुढापाकाहरुसँग छलफल गरी मैले उक्त वंशावली तयार पारेको हुँ । तर त्रिलोकी पालबारे कुनै अभिलेख र ताम्रपत्र समेत नपाएको हुनाले निजलाई डोटीमा राज्य गर्ने प्रथम राजा नमानीकन निरयपालदेखि नै यो वंशावली आरम्भ गरेको छु । यद्यपि एकै निरय पालको पालामा त्यति राम्रो र विशाल अजैमेरकोटको निर्माण र सुसंगठित डोटी राज्यको स्थिति हुन गयो होला भनी विश्वास गर्न सकिँदैन ।

यसपछि विभिन्न ताम्रपत्र र शिलालेखको परिचय दिन आवश्यक ठान्दछु । डोटी राजाहरूको ताम्रपत्रको विशेषता के छ भने सो ताम्रपत्रमा ३ थरीका साक्षीहरूको नाम अनिवार्य रूपले उल्लेख भएको पाइन्छ । त्यसमा प्रथम साक्षी वेद र सूर्य हुन्छन्, दोस्रोमा राजगद्दीका उत्तराधिकारी युवराजको नाम आउँछ र तेस्रा किसिमका साक्षीमा गण्य मान्य धेरै व्यक्ति (प्रजा) हरुका नाम उल्लेख भएका हुन्छन् । यहाँ सबै ताम्रपत्रको नक्कल प्रस्तुत नगरी केवल शाके सम्वत् तथा राजा र युवराजको नाम नै उल्लेख गरेको छु । नमूनाको लागि केही ताम्रपत्रको नक्कल पनि प्रस्तुत गरिएको छ । तर निरैपालको ताम्रपत्रको समय र युवराज नाग पालबारे केही व्याख्या गरिदिनु उपयुक्त ठान्दछु । सबै अभिलेखहरुको समय, प्रतिलिपि र स्रोतहरु यसै भागको अन्तमा दिइएका छन् ।

निरयपालको ताम्रपत्र र संदिग्ध नाग मल्ल

यसमा साक्षीमा कुअर नागपालको नाउँ उल्लिखित भएको छ । पश्चिमी नेपालको इतिहासमा ३ वटा "नाग" राजा पाइन्छन् । (क) नाग राज (ख) नाग पाल (ग) नाग मल्ल । यसमा नाग राजको यो वंशसँग कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्ध देखिँदैन । नाग पालबारे बैतडी उकुको शिलालेखले केही कुरा भन्न खोजेको देखियो । त्यसका बेतल्ल देवी, लोमल्ल देवी, सोनल्ल देवी एवं रल्ल देवी नाम गरेका चारवटी सुन्दरी रानी थिए । यी संस्कृतका केही खंडित श्लोकहरूमा उक्त रानीहरुको सौन्दर्यलाई अतिशयोक्तिपूर्वक प्रकट गरी नाग पालको यशको पनि उल्लेख गरेको छ । यसमा समय दिइएको छैन तथा यसको प्रथम पदमा अजेपालको नामोल्लेख पनि भएको छ । यसबाट यो त सिद्ध हुन आउँछ कि यो नाग पाल यसै पालवंशसँग सम्बन्धित छ । बैतडी डडेल्धुराभन्दा पश्चिम पर्दछ र पश्चिमतिरको विजयमा ऊ पाल नै रही पछि पूर्वतिर विजय गर्दा मल्ल पो भएको थियो कि ? या यो नागपाल नाग मल्लको नै कुनै अर्को पूर्वज थियो । यसबारे अझै खोज हुनु बाँकी नै छ र उक्त उकुको शिलालेखको समयको पनि निधो भएपछि मात्र यसबारे केही निर्णय लिन सकिन्छ ।

अव प्रस्तुत नाग मल्लबारे चर्चा गरौं । यसलाई कसैले जुम्लाको मल्ल पनि भन्दछन् र सो प्रमाणित गर्न यसलाई निरयपालको बहिनी पट्टिको भानिज वा छोरीपट्टिको नाति भन्दछन् एवं निरैपाललाई पुत्रहीन सिद्ध गर्न चाहन्छन् । योगी नरहरिनाथको पनि मैले छलफल गर्दा यही आग्रह र दृष्टिकोण पाएँ । वहाँले डोटीतिरबाट हज्जारौं ताम्रपत्रको प्रतिलिपि ल्याएर पनि यो निरैपालको ताम्रपत्र पाउनुभएको रहेनछ । वास्तवमा यो यस्तो ताम्रपत्र हो जुन विना नाग मल्लको सायसाथै डोटीको इतिहास पनि संदिग्ध अवस्थामा रहन जान्छ । यसपछि साहित्य भागको 'रिपुमल्लको चाँचरी' को स्थान आउँछ । भाग्यवश यी दुवै तथ्य मैले अनुसन्धानको शुरुमै एकै दिन क्रमशः पाएको थिएँ र यी दुवै तथ्यको जानकारीले मलाई छोटो समयमै पूर्व योजना र आशा गरेभन्दा बढी सफलता दिलायो भन्नुमा अत्युक्ति हुनेछैन ।

यो ताम्रपत्रले नाग मल्ललाई निरैपालको नै कुअर (युवराज) सिद्ध गर्दछ । अब यी नाग पाल नै नाग मल्ल हुन् भनी प्रमाणित गर्ने तथ्य फेला परेपछि मात्र विश्वास गर्ने हो भने शाके १३०९ को नाग मल्लको ताम्रपत्र अघि सार्न सकिन्छ । यसको सायसाथै शाके १३७२ को कल्यान मल्ल पालको ताम्रपत्र पनि प्रमाणस्वरूप लिन सकिन्छ । निरै पालको समय सो ताम्रपत्रमा १२८४ शाके रहेको छ र त्यसको २५ वर्ष (१३०९ शाके) पछि नाग मल्लको ताम्रपत्र देखा पर्दछ जुन अबधि नाग मल्लको लागि आफ्नो पराक्रम द्वारा मल्ल पद अर्जित गर्न यथेष्ट छ । साहित्य भागको वंशावलीमा यो वंशले सिजाका भुजा काटेको (पराजित गरेको) उल्लेख भएको छ । यसबाट यो सिद्ध हुन्छ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नागपालले आफ्नो पराक्रमद्वारा जुम्ला आदि विभिन्न राज्य जितेर स्वयं मल्ल पदवी धारण गरेको हो वा अरूद्वारा सम्मानार्थ चढाइएको हो । यदि नाग मल्ल जुम्ली मल्लको वंशधर नै भएको भए उनको नाति कल्यान मल्लले आफूलाई पाल पनि भनेर किन लेखे (१३७२ को ताम्रपत्र) ।

जुन दृष्टिकोणको अध्ययन गर्दा पनि यी नाग मल्ल जुम्लाका ठहरिँदैनन् । डोटीतिर जुम्लाका निवासीलाई हेय दृष्टिले हेरिन्छ र कुनै अशिक्षित, असभ्य र फोहर व्यक्तिलाई कस्तो जुम्ली रहेछ भनेर उपमा दिइन्छ । यसको साथसाथै कुमाउँबाट आएका थरि वरिलाई सम्मानपूर्वक हेरिन्छ । डोटी राजवंशका गुरु पुरोहित शुरुदेखि नै पन्त, पनेरू, जोशी, उप्रेती नै थिए र अद्यावधि पनि छन् जो कुमाई बाहुन हुन् । यो यस कारण भयो कि डोटी राजा पनि कुमाई ठकुरी हुन् । यस्तै धेर कुलीन क्षत्रीहरू पनि कुमाउँतिरबाटै आएका हौं भनी गौरवान्वित हुन्छन् । यस्तो अवस्थामा नाग मल्ल जुम्लाका मल्ल भएका भए उनले पनि जुम्लाबाटै आफ्ना गुरु पुरोहितादि बाहुन र सहयोगी क्षत्रीहरू ल्याउनुपर्ने थियो । एक साधारण व्यक्तिलाई पनि आफ्नो कुल, जन्मभूमि र वंशप्रति मोह र सम्मानको भावना हुन्छ भने राजाको त झन् बर्ता हुने नै भयो । त्यही पनि नाग मल्ल जस्ता पराक्रमी र मनमानी गर्ने राजाको पालामा पनि जुम्लीहरूले कुनै स्थान नपाई कुमाईहरूले नै डोटीमा सम्मान पाई राखेको तथ्यले पनि नाग मल्ललाई निरंपालकै कुअर नाग पाल सिद्ध गर्दछ ।

नाग मल्लले प्रदान गरेको शाके १३०९ को ताम्रपत्रमा झंडा र खड्गको चिन्ह छ । झंडाको देब्रेपट्टि चन्द्र र दक्षिणपट्टि शंख बनेको छ ।

निरंपाजको ताम्रपत्रमा उजलिगाउँ देवल चढावो भन्ने उल्लेख छ । अब सो देवलको परिचय पनि दिइहाल्नु उचित ठान्दछु । यो देवलको बनौट र कला पनि अजैमेरका देवलको जस्तै छ । यो भित्र गणेशको मूर्ति र शिवको लिंग देखा पर्दछ । यसमा रहेको शिलालेखको बुझ्न सके जति प्रतिलिपि पनि यसै पुस्तकमा प्रस्तुत गरेको छु । त्यसका पहिला २ श्लोकका ललित पदावलीमा भगवान् शंकरको प्रार्थना गरिएको छ र त्यसपछि भारद्वाजकुलको विश्वशर्मा नामक ब्राह्मणबाट केही कथा आरम्भ गरेको देखिन्छ र अन्तमा राम जस्तै अर्को रामको उल्लेख छ । तर अक्षर खिइँदै गएका हुनाले सबै बुझ्न सकिएनन्, लेख अपूर्ण उतारिएको हुनाले सप्रसंग अर्थ लगाउन सकिएन । हाल सो ताम्रपत्रधारी काशीराम भंडारीसँग यो देवलबारे सोधपुछ गर्दा उनीले भनेको कथा निम्न प्रकार छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'यो देवल हाम्रा बाजे राम भंडारीले बनाएका हुन् र डोटीराजाले सो देवलको गुठी हाम्रा बाजेलाई यसै ताम्रपत्रद्वारा दिएका हुन् । तर सो कृत्रिम देवल निर्माणमा यहांको प्राकृतिक देवताको चित्त बुझेनछ र उनले विघ्न पारेछन् जसले गर्दा दिन भरी बनाएको देवल रातमा माटोभित्र धसी रहेको हुन्थ्यो । यो देखी राम भंडारी हैरान भए तर एक राति निजलाई स्वप्न भएछ कि 'म यहाँ जंगलमा उदांगै छु, तँ त्यहां देवल बनाउँदै छस् ।' अर्को दिन राम भंडारी सो निर्दिष्ट जंगलमा खोज्न गएछन् र त्यहाँ स्वयम्भू लिंग भेटेछन् । त्यसको पनि माणौ बनाई पूजा गर्ने संकल्प गरेपछि सो देवल तयार हुन सकेछ । यसबाट यो बुझिन्छ– अजैमेरको शिलालेखमा उल्लिखित राम भंडारी पनि यिनै राम भंडारी हुन् जसलाई उनको ब्रह्मवर्चस्वितले गर्दा निरैपालले सम्मान र आफ्नो नाउँमा देवल बनाउने अधिकार र खर्च समेत दिएका थिए । यसको साथसाथै डोटीका विभिन्न देवलहरूले डोटी राजा 'शैव' वा शिवभक्त न थिए भन्ने पनि संकेत दिन्छन् तर यहाँ विचार गर्नु पर्ने कुरा के छ भने निरैपालदेखि नै यी राजाहरुले स्थानीय देवताहरुको विरोध गरेको देखियो । यसबाट के बुझिन्छ भने यी राजाहरुले स्थानीय देवतालाई जंगली भूत–प्रेतादि संझेर हेला गरी वैदिक रीतिले स्थापित र प्रतिष्ठित शिवको प्रचार गर्न चाहन्थे जसमा उनीहरु सफल भएनन् । यसै कारणले होला डोटी राजाका सन्तानलाई आज भोलि पनि भागेश्वर आदिका सिद्धपीठको जात्रामा जाने अनुमति छैन या भनौं उनीहरु स्वयं नै जाँदैनन् । यो भनिन्छ कि भागेश्वर उनीहरुसँग यति रिसाएका छन् कि उनीहरुको अगाडि आफ्नो धामीमा उनी अवतरित नै हुँदैनन् । तर डोटी राजाका सन्तान ठीक यसको विपरीत अर्थ लगाउँछन । उनीहरु भन्दछन् कि हाम्रा बाजे नाग मल्लले तर्साएका हुनाले ती हाम्रा अगाडि अवतरित हुन सक्दैनन् । यसपछिका अरू ताम्रपत्रको विषय वस्तु स्वयं नै स्पष्ट छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोटीराजा र युवराजहरुको नामसहित ताम्रपत्रको क्रमिक समय

क. सं.	श्रीशाके	राजाको नाम	युवराजको नाम
१	१२८४	श्री राजाधिराज निरय पाल देव	नागपाल कुअर
२	१३०९	श्री राजाधिराज नागमल्ल देव	×
३	१३३४	श्री राजाधिराज रिपुमल्ल देव	कल्यान मल्ल
४	१३७२	श्री राजाधिराज कल्यान मल्ल पाल देव	संसार मल्ल
५	१५१५	श्री महाराजाधिराज हरिशाही	संग्राम (राम) शाही
६	१५३१	श्री महाराजाधिराज रैंकाज्यू राम शाही	रुद्र शाही
७	१५३८	" "	"
८	१५४९	" "	"
९	१५६६	श्री महाराजाधिराज रैंका पहाड मल्ल शाह	बहादुर शाही
१०	१५७५	श्री महाराजाधिराज रैंका पहाड मल्ल शाह	विक्रम शाही गोसाईज्यू
११	१५८१	" "	" "
१२	१५८५	" "	" "
१३	१५९८	श्री महाराजाधिराज रैंका विक्रम शाही	मान्धाता शाही गोसाईज्यू
१४	१६४४	श्री महाराजाधिराज रैंका रघुनाथ शाही	हरिशाही गोसाईज्यू
१५	१६८५	श्री महाराजाधिराज रैंका किसन शाही	दीप शाही गोसाईज्यू
१६	१७०७	श्री महाराजाधिराज रैंका दीप शाही	श्री पृथ्वीपति शाही गोसाईज्यू
१७	१७०७	" "	" "
१८	१७११	" "	" "

यसमा रामशाही र विक्रम शाहीको नाम युवराज कालमा क्रमशः संग्राम शाही र बहादुर शाही देखियो जो पछि आफ्नो राज्यकालमा परिवर्तन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरे होलान् र यो परिवर्तन नाम सुधारको रूपमा मात्र देखिन्छ र यसले कुनै खास फरक परेको पनि छैन ।

डोटी दान्कोट उजली गाउँ

कांसी भंडारी (मुख्या)को घरवाट प्राप्त ताम्रपत्रको प्रतिलिपि

ॐ ।। स्वस्ति श्रीशाके १२८४ समय वंसाष वदी ऐकादस्यां मंगुल वारे श्री राजाधिराज श्रीनिरय पाल देव् चिरं जयतु । श्री रान्नी मौक्नि कसि रा (कांसी रानी) चिरंजयतु । राजाधिराज उजलि गाउ देवल चढावो भरा ४ को गाइ षोज कुटिघा । राम भडारी अपावो हिल पानी या धुल साहु ली सर्वकर विर्वाजिता कटक सेवा क्याही ना कर्नो । देव्लय पुफ (ज) नायो दत्त जो अ(उ)डाव् सो लिग की पूफा टाल । तसका ऐकैसं पुरुषा नर्क पडन्हा अत्र शाजि नागपाल कुअर । मुस्यो प्रतिहारा चंद प्रतिहारा नर सिघ प्रतिहारा थेवल च्यौ देउवा । जै सिघ देउवा सकर्‍यौं देउवा । गोविन्द प्रोहित । महेस्वर प्रोहित । श्री कंठ सेफ्वाला नैंद्यौ भडारी । भगल च्यौ वलाहिर विषावमु (वम) कार्कि स्वदतां परदत्तां वा यो हरति वसुन्वरां षष्टिर्वर्ष सहस्रानि विष्टायां जायते कृमिः लेखितम पुंडा सेटी आमडिस वुसिला गाई षोज कुटिघाउ बुधे न्वाला गाड खर्क ।

उक्त उजली गाउँ देवलभित्र रहेको शिलालेखको प्रतिलिपि

ॐ स्वस्ति । सकल भुवन वंद्यो विश्व मौलिः शरण्यो
जयति सुररिपुघ्न सर्व सत्वेष्टकारी
कलि कलुष विनाशो सर्वगो देव देवः
भुवन भवनदीपः पार्वती प्राणनाथः ।

भारद्वाजकुले भूप मान्यो भूसुर नायक
विश्व सर्मा गुण श्रेष्ठो वसिष्ठ इव भूतले
तम्मादभू विल्लो रिय कुल श्रेष्ठ उदारधी
राजकर सेव्य ... षेतल्ल देवी
... .राज .. ... वल्लभा । .. ...
श्री राम नामा .. ... पुरे वो
देवालय विदा वाढो रामो राम इवापर ।

श्री शाके १२८५ सम्वत् १४२० मास मार्गषिर तिथयः ७ नक्षत्र २३ चन्द्रवारे मार्गसिर दिन १६ गतेष्ट आरोहनं कृता । सूत्र धारं रुदु शुभम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डडेल्धुरा बुढाली काशीराम पनेरूको घरबाट प्राप्त ताम्रपत्रको प्रतिलिपि

।। स्वस्ति ।। श्रीशाके १३३४ सम्वत् १४६९ समये आषाढ सुदि दशमी तिथौ स्वाति नक्षत्रे रवि वासरे श्री राजाधिराज गजघटा राज सिगनाद राजहिज मनि वाण परतापिक राजमुकुट मनि राज फंश नारायण राय परम धार्मिक परम माहेश्वर श्री शालिग्राम लिंगका गजराज श्री रिपु मल्ल देव चिरंजयतु । इति विरिदा वलि ।। श्री राजाधिराज रिपुमल्ल देवलें छुत्रर्वृति वृद्धि श्री कंठ गागु अर्जुन पनेरूले पाई ।।... ..

डोटी मुडभरा देवीदत्त जोशीको घरबाट प्राप्त ताम्रपत्रको प्रतिलिपि

ॐ श्री साके १३७२ समये कार्तिक सुदी द्वादशी तिथौ गुरूवासरे रेवती नक्षत्रे श्री राजाधिराज कल्यान मल्ल पाल चिरंजयतु कल्यान मल्ल कीर्तिमल्ल संग्राम मल्लको संकल्प पासा करि सुजान जोइसी ले पाई ... ...। अत्र साकी वेद सूर्य भूमंडलका साक्ि संसार मल्ल ... ... ।

डोटी उच्चाकोट स्वयं लेखक देवकान्त पन्तको घरबाट प्राप्त ताम्रपत्रको प्रतिलिपि

स्वस्ति श्री शाके १५६६ समये वैसाख मासे शुक्ल पक्षे अक्ष तृतीया तिथौ सोम वासरे श्री मन्महाराजाधिराज श्री रैंका पहार मल्ल शाह चिरंजयतु श्री रैंकाज्यूशाहले संकल्प गरि जुमिदिनि शिव पन्थले पाइ फालिदिहत साउँद की खाइहर तडा की गाड गमटि आलिकी खाइ सदा सव पाइ गाडकी बगरी लेगकी इजरी हिल पानी धुल स्याउली सर्व कर अकर गरि पाइ अत्र साछी वेद्र र सूर्य भूमंडलका साछी बहादुर साही गुसाड ज्यु नुदि देउवा कीर्ति वगोटि मनि साउद शारंगज, हरिवीर रामवोरा ... ... ।

अरू ताम्रपत्रहरूको स्रोत

डोटी वाने डुग्राका प्रधान पंच ठक्कर बहादुर वलायरको घरबाट प्राप्त ताम्रपत्र अनुसार

क्र. सं.	शाके	राजाको नाउँ	युवराजको नाउँ
१	१५३१	रामशाही	रूद्रशाही
२	१५३८	,,	,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३	१५७५	पहाडी शाही	विक्रम शाही
४	१५८१	"	"
५	१५८५	"	"
६	१५९८	विक्रम शाही	मान्धाता शाही
७	१७०७	दीप शाही	पृथ्वीपति शाही
८	१७०७	"	"
९	१७११	"	"

डडेल्धुरा फारीगाउँ चूडामणि पन्तज्यूको घरबाट
प्राप्त ताम्रपत्र अनुसार

१०	१६४४	रघुनाथ शाही	हरि शाही

डोटी जिल्ला टिकादत्त भट्टको घरबाट
प्राप्त ताम्रपत्र अनुसार

११	१५१५	हरि शाही	संग्राम शाही
१२	१५४९	राम शाही	रूद्र शाही

डडेल्धुरा बुढाली काशीराम पनेरूज्यूको घरबाट
प्राप्त ताम्रपत्र अनुसार

१३	१६८५	किसन शाही	दीप शाही

डोटी खीरसैन गाउँबाट प्राप्त
ताम्रपत्र अनुसार

१४	१३०९	नाग मल्ल	×

१५ १५७० पहाडी शाही (डोटी दिपाइल दिलिपेश्वर मठको शिलालेख)

१६ १६९० किसन शाही (सोही मठमा रहेको १२ माने पाथीमा उल्लिखित)

सोरको लालमोहर

पाटाकी नकल सही करिया छ

महाराजाधिराज श्री ज्ञान चन्द देव पाटो दत्तम् हरिकेश गिरिधर सदानन्द अर्जुन पंडेरू योग्य सोरका देश थर कोटमा ज्यूला छ छँविनायक भट्ट वालाज्यूला २, पाटनी वाला ज्यूला २ धानकी वाला ज्यूला २ जमडीका विनायक भट्ट वाला येकत्र ज्यूला १२ दिना इनज्यूलानल गतो गाड घट्ट इजर सुद्दा पायो सेवा करनी डोटीकन षेपनो, डोटीका समाचार कुमाउँ दिना डोटीका लोग जो कोई भला हुन् त्रा मिलाउना सोर का गर्षांका मानिसन डोटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नसिजाउ कै कूट बुद्धि नै दिनी राजघाउ करनो, लोक न काज वामी नै वह कानो जसो देव सिति कंठ पंडेरू चोरिवेर पारत रात सो नै करनु अपनी भूमि वाजी नै राखनी पूर्वियानकी भाँति वारपार नी करनी अपनी वोल विन्नी हाजर करनी साछी महाराज कुमार श्री जगत सिंह गुसाईज्यू गंगाधर पंडित, नरसिंह विष्ट, ऋषिकेश, भवानन्द जोशी, दुर्गा साहु, लाल विष्ट, लाल मनि भंडारी जगत सेजाली, गोवर्धन पाटनी लिषित पांडे लक्ष्मी पति साके १६२८ कार्तिक बदी २ शनौ ।★

बैतडी उकुको शिलालेख

योप्रतिलिपि मैले डडेल्धुरा पोखरानिवासी भोजराज भट्टराईज्यू-बाट प्राप्त गरेको हुं । वहांको भनाइ अनुसार यो बैतडी उकुको शिलालेख हो ।

प्रतिलिपि

... ... अजैपाल राजाधिराज :
तामानेतुं प्रतापी नृपपरिषदि यः सत्यसंघां विधाय
संख्ये जित्वा कृतार्थो भवति गुणगणै : सत्यमेतद्‌वदन्ति
सत्यासत्य विवेकवान् विजयते योसौ पृथिव्यांनयाद्
राजर्षे गुणमा कलय्य कलया गाधेय गांगेयवत् ।
... . वा ... . वासरं
तस्याज्ञा कर ... ..
यस्त्रीरूप निरीक्षणेपि विमुखो लज्जाकुलो वर्तते
यत्सौन्दर्य निरीक्षणेन गिरिजा भूत्वा ह्रिया मास्पदं
भर्त्रा सार्द्ध मगाद्धिमालय गुहां वासार्थिनी निर्जने
लक्ष्मी पंकजमाश्रयेत्यनुदिनं तापान्विता लज्जया
सेयं धर्मपरायणा विजयते खेतल्ल देवी सदा ।।
राज्ञी शीलनिकेतन स्मरवधू सल्लाकरी शैलजा
प्रीत्यै स्थान मकल्पयाच्छिव गुरो : कारूण्य तारण्यभू : ।
विष्णो श्रीरिव नागपाल नृपते गंगायथा शन्तनो :
सा साध्वी पतिदेवता विजयते लोमल्ल देवी भुवि
वीतानागत सर्ववृत्त निपुणामालोक्य लोके श्रु तां

★यो लालमोहरको नक्कल डडेल्धुरा बुढाली जयनारायण पनेरूको घरमा छ । त्यसैबाट सारिएको हो । अर्थात् नक्कलको नक्कल हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवी दीन दयास्सेव गिरिजा लज्जाव नम्राननां
याक्षिण्योपि सुलक्षणा बहुगुणा मज्जन्ति लज्जाम्बुधौ
सेयं सर्वं गुणा श्रया विजयते सोमल्ल देवी चिरं ।।
... ... सहितं तेजो मितं निर्मलं
दृष्ट्वा शीलरूचि : कलंक सहितो वारांनिधौ मज्जति
दीप्तस्यापि यदीय वक्त्र कमलं प्राप्यंजले शीतले
मग्नं तत्कुरूते ततोति विमलं सौन्दर्यं शीलास्पदं ।।
राज्ञी तथा सकल भूतल भूमिपाल
सीमन्तनी विनय विस्तृत कीर्तिपूरा
दानादि धर्मनिरता शिवभक्ति चित्रा
जीयाच्चिरं वहुगुणा भुविरल्ल देवी ।।
यस्यानृत्यकला निरीक्षणमुदा स्वर्गं परित्यज्य किं
शक्रो त्राजनि नागपाल नृपते रूपेण भूमंडले
यद्गीतं स्वरसंगतं युतिगुणा ग्रामादि युक्तं शुभम्
गंधर्वानिभृता वियद् विषयगा : श्रृण्वन्ति विद्याधरा
लक्ष्मी सागर संभवापि चटुला शान्ता सदा दुःखिणी (रूक्मिणी)
नित्यं शंकर वल्लभा पतिहिता वाग्देवता याचिका
एवं सा वर कामिनी विजयते त्रैलोक्य साराकृति
स्तुल्या सा नृप नागपालदयिता श्रीरल्ल देवी यथा ।।
नागपाल यशो वंश चन्द्ररूप कृदंवरे
भ्रमत्यन्त दिगन्तस्य लक्षं नक्षत्र तण्डुलाः ।।

इतिहास खण्ड द्वितीय (साहित्य) भाग

१– डोटी राज वंशावली

यसमा ज्योतिस्वरूप सूर्यवंशी राजाका प्रथम पुरूष विसन र उनका क्रमिक सन्ततिको उल्लेख भएको छ। यो वंशावली डडेलधुरा पोखरानिवासी भोजराज भट्टराईबाट प्राप्त भएको हो र वहांले नै पढेर सुनाउँदा टेप गरिएको र लेखिएको पनि थियो।

यो वंशावली अनुसार डोटीका राजाहरूमा नागमल्लबाट नै क्रमबद्धता पाइन्छ। यसमा रूद्र शाहीको नाम छुटेको छ र अन्तिम दुइटा राजा कृष्ण शाही र दीप शाहीको उल्लेख छैन। निज भोजराजको भनाइ अनुसार यो वंशावली केही खण्डित छ र वहाँलाई सबै कंठस्थ छैन। यो एक पुरानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तिकामा हस्तलिखित पनि थियो तर त्यसका अक्षर देवनागरी लिपिमै भएपनि विचित्र र नबुझिने थिए तर भोजराजजीले भने यो वंशावलीको पाठ गर्दा सो पुस्तिकाको सहायता लिएका थिए । यो प्रशस्ति र विरूदावली नै हो जसमा प्रायः अतिशयोक्ति रहन्छ तर अरू वंशावली, ताम्रपत्र, शिलालेख, ऐतिहासिक लोकगीत र जनश्रुतिसँग तुलना गर्दा यसले तथ्य र सत्यलाई नै अंगालेको देखिन्छ । निज भोजराजका पुर्खाहरूमा यो विरूदावली गाउने परम्परा थियो ।

नाग मल्लभन्दा पूर्वको स्थितिबारे भने ताम्रपत्र र शिलालेख जस्ता ठोस प्रमाणसँग यसको कुनै मेल देखिंदैन । ती अभिलेख अनुसार यो स्पष्टतया प्रमाणित छ कि डोटी राज्यका प्रथम राजा निरै पाल नै हुन् र यिनै निरयपाल-पछिका दोस्रा राजा नागमल्ल हुन् । तर यसमा त्रिलोक पालका छोरा वज्रमल्ल र वज्र मल्लका छोरा नागमल्ल भनिएको छ । माथि भनिए अनुसार यो वंशा-वली अस्पष्ट र खण्डित हुनाले सही रूपले नपढिएको पनि हुन सक्दछ । यसमा पनि निरही (निरय) पालको उल्लेख भएको छ तर त्यसमा कुनै क्रमबद्धता छैन । यसमा निरही र त्रिलोक पालदेखि नै सिंजाका भुज काटी भनेर सिंजाको पराजय र अजैमेरको स्थापनाको उल्लेख छ । यसपछि नाग मल्लले हिन्दूतुरीक (मुसलमान र हिन्दुस्थान) लाई जितेको र तिरहुत, केदार, सोर र मुक्तिनाथ (नेपाल) सँग नाग मल्लको सम्बन्ध देखाएको छ । यसपछिका विभिन्न राजाहरूको विजय वर्णनको साथसाथै अर्जुन मल्ललाई शाही समेत भनी उनको निकै ठूलो विजयको वर्णन गरेको छ ।

डोटीराज वंशावली

अथ जोति स्वरूप । अथो राजा सूर्यवंशी प्रकाशियो प्रथमे राजा विसन विसनको राजा शालीवाहन शालीवाहनको राजा शक्तिकुमार शक्ति-कुमारको राजा हरिब्रह्म हरिब्रह्मको राजा श्रीब्रह्म श्री ब्रह्मका राजा शक शकको राजा विशक विशकको राजा बैश्रव बैश्रवको राजा वीर विक्रमाजीत वीर विक्रमाजीतको राजा विनयपाल विनयपालको राजा भंजुराज भंजुराजको राजा अशुक अशुकको राजा सारंग सारंगको राजा प्रथेश्वर प्रथेश्वरको राजा कर्मजय कर्मजयको राजा तालिकूल तालिकूलको राजा कंश शेखर कंशशेखरको राजा अविजलु अविजलुको राजा विंध्याराज विंध्याराजको राजा आसन्ती आसन्तीको राजा वासन्ती वासन्तीको राजा चाफल देउ चाफलदेउको राजा जैसिंह जैसिंहका राजा गनपति गनपतिका राजा कटारी मल्ल (१) कटारी मल्लका राजा सिद्ध सिद्धका राजा फीन फीनका राजा नृफीन नृफीनका राजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नीलवज्र वाहु गोरो राजा सङ्लो राजा आसन्ती राजा इला राजा तिला राजा फाट फटक शिलाको राजा गौरव राइको राजा कटारी मल्ल (२) कटारी मल्लको राजा नीलचामरी धामदेउ वडे राजा धामदेउको हांनुलो घोडो पख्याली खांडो वेताल मुख्या छुरो डांडाको चोडाइन साद्यो गंगाको मसान साद्यो उज्जैन नगरीको घाम साद्यो दूधधारी कृष्ण अवतारी छत्रपति राजा धाम देउ वडे राजा धाम देउको खाँडो प्रकाशियो।

धाम देउको राजा हिरम्वहाडो हिरम्वहाडोको राजा देउनर धामपाल सौंपाल, भौंपाल, अशोकीपाल, सहसुपाल, निरहीपाल, दारन्ती राजा त्रिलोकीपाल मदेश हंत दिल्ली गडावं पर्वतमध्ये सिजो विलोस्यो सिजाका भुजकाटी अजंमेर जाइ थाप्या चन्द्रपाली सरिसो राजा भयो हम्मीर थामी वंस भुली भंगी भरहेरे काजकाइया कीर्तन कपटिया तन राई राजा न की जीत बार वडे राजा त्रिलोकी पालको खांडो प्रकाशियो।

तिनलोकी पालका राजा बडे राजा वज्र मल्लकी पाट वज्र मल्लका राजा नाग मल्ल नागमल्लको पाट आफ्ना वैरि कूँ वास नइ वसावं बापका वैरि कूँ वास नइ वसावं अलिहार नागमल्ल वलि हार घोडा जोरायल जसी थात बत्तीस हात की थाल हिन्दू तुडीकको जीतवार वर्नसिह सुमेरु अठार कामीको राजा मोति मरहट्टी कान्डी केदार संग सोन दुर्ग जमन अनेक नारायणका उजीतका भुज काटी मार्जं दल कौन मेटं गण राज वृखेत्रको जीतवार गण धाम ली वृखेत्रको जीतवार सोर जाइ सोल चुला लगाया मुक्ति-क्षेत्र नाथ जाइ धजा चढाया कालीको घा जाइ खाणो पखाल्या तिरहुत जाइ खाणो प्रकाशियो वडेराजा नाग मल्लको खाणो प्रकाशियो।

नागमल्लका राजा रिपु मल्लकी पाट तिखाल राइ तर्वरा राइ राजान की जीतवार पोखर कट्या राइ राजान की जीतवार वडे राजा रिपुमल्लको खाणो प्रकाशियो। रिपुमल्लका राजा वडेराजा करि कल्यान मल्लकी पाट आधि पाखरी तुडीकको सङ्लीपाखरी महाराज करि कल्यान मल्ल की करि कल्यान मल्लको राजा वडे राजा संसारी मल्ल संसारी राय पार निकर धज गण गुमा वृखेत्रको जीतवार हाट वांको थाट वांको भीर वांको जंजीर वांको तीर वांको वागुनानीकी डेग डेग धरि उपर सै कखांको दुलैचा उपरिको वांको वडे राजा संसारी मल्लको खाणो प्रकाशियो। संसारी मल्लको राजा वडे राजा प्रताप मल्ल की पाट ये असपति, गजपति, नरपति, भूपति, चक्रपति राजा दारूणा वाग वडेराजा प्रतापमल्लका राजा गृमेर अर्जुन मल्लकी पाट चहुदिशा नजरु लगाया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चहुइ दिशा राजानकी जीतवार पूर्वका वार पश्चिमका वार उत्तरका वार दखिनका वार वारै चौको अठचालीस राजान की जीतवार वडेराजा अर्जुन शाही मल्लको खाणो प्रकाशियो ।

अर्जुन शाहीका राजा वडेराजा भूपति शाही की पाट भूपाल भ्रम नइ जानै यसुमति क्रम की होइ ठौर जनकी वाट राहुरे नहि जानै मारि पलंग की मति जोर भूपति शाही की धनक समार इत गंगा भागीरथी उत गंडकी न ठौर वडेराजा भूपति शाहीको खाणो प्रकाशियो । भूपति शाहीका राजा वडे राजा हरि शाही की पाट सरकको लिसनो नही पातालको कोदालो नही तनै राइ राजान की जीतवार अगम जामुगढ गोकुलै छीन कीर्तन कपटिया तनै राइ राजान की जीतवार जतना भाट पंछी कीर्तन वोलै ततना वीर तनको जीतवार राय पृथ्वीमै इन राजा हरि शाही सौं कोइ जुझारो नही वडे राजा हरि शाहीको खाणो प्रकाशियो ।

हरि शाहीका राजा वडेराजा राम शाही धर्मराज राइ की पाट राम शाहीका राजा (रूद्रशाही छुटेको छ चाँडै मृत्यु भई भाइ पहाडी) पहाडी शाही की पाट पहाडी शाहीका राजा विक्रम शाही रैंकाज्यूकी पाट अगेवान लाया हैं पश्चिमकी धाया हैं पीक वलीन पावडी विक्रम शाही रैंकाज्यू समुद्र पछाड्यो हैं इमान सिंह भाट खोजी रामसिंह कठायत अगेवानी लाया हैं अगम गढ चम्पावती मे धाया हैं इसुवार झौका झाँकी धजी लाया हैं तरास कुमाउँको पश्चिम भवानीका गर्भ गवाया हैं वडेराजा विक्रम शाहीको खाणो प्रकाशियो ।

विक्रम शाहीका राजा वडेराजा मंधाता शाहीकी पाट वजाङ्या गणमारी वृखेत्रको जीतवार वाजुर कोट मारी वृखेत्रको जीतवार वडेराजा मंधाता शाहीको खाणो प्रकाशियो । मन्धाता शाहीका राजा वडेराजा रघुनाथ शाही की पाट माइला माहुरा राजान की जीतवार कानरा महुरा राजान की जीतवार रघुनाथ शाहीका राजा वडेराजा हरि शाही की पाट वाजुर कोट मारी वृखेत्रको जीतवार ।

२– भागेश्वरो ढुस्को

यो ऐतिहासिक लोककाव्य हो । ढोल नामक वाद्यसंग रोपाईंमा यसको लयपूर्ण गायन हुन्छ । यसमा राजा नाग मल्ल र देवता भागेश्वरको चरित्र र शक्तिको वर्णन भएको छ र कथा आरम्भ गर्नु भन्दा पहिले प्रस्तावना दिइएको छ । गंगा, जमुना, भागीरथी र राम - लछिमनको नाम मंगलसूचक, रूपमा लिई तीर्थमा भागीरथी, वृक्षमा वड पीपल, नर र पशुमा गाई ब्राह्मण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्तीमा कूर्म, देवतामा भागेश्वर र ठाकुरमा नाग मल्ल महान छन् भन्ने दिग्दर्शन गरी कथा आरम्भ गरिएको छ जो निम्न प्रकार छ ।

नाग मल्ल र भागेश्वरमा को ठूलो भन्ने विवाद खडा भयो । नाग मल्लले म ठूलो भन्दथ्यो र भागेश्वरले म ठूलो । अन्तमा नाम मल्लले शर्त राखी नै छोड्यो । त्यो थियो तुरन्त पानी वर्षाउनुपर्ने । अब के थियो माल मधेश (दक्षिण) बाट बादल उठ्न थाल्यो र घनघोर वर्षाको साथ नाग मल्लको कोटमा ओइरियो । सर्वत्र हाहाकार पर्‍यो कोट काम्न थाल्यो रानीहरु डगन (मूर्छा हुन) थाले । यो थियो भागेश्वरको घडी भरको चमत्कार । नाग मल्लले भागेश्वरको शक्ति स्वीकार गर्‍यो र प्रार्थना गर्दै भन्न थाल्यो - क्षमा गर मत बलको मात्रै ठाकुर हुं तर तिमी छल (गुप्त शक्तिसम्पन्न) का देवता हौ । तिमीलाई सुनजनै, चेली (केटी), चाकर, वेदरुद्री र जोलो गावडी (जोडा गाईको दान) चढाउँला । तर भनिन्छ कि भागेश्वरले यो स्वीकार नगरिकन नाग मल्ललाई श्राप दिएको थियो कि उसको जीवनकालमै राज्य भ्रष्ट भई भीक माग्नुपर्नेछ । रोपाईमा यो गीत गाएमा राम्रो वर्षा भै खेतबालीमा वृद्धि हुन्छ भन्ने विश्वास अद्यावधि छँदै छ र यो कथा प्रायः सबै स्थानीय व्यक्तिहरुलाई थाहा छ । यसले नाग मल्लमा ठूलो विजयले गर्दा आएको अहंवाद र दर्पको संकेत दिन्छ । घमंडीको शिर निहुरिन्छ भन्ने उक्तिको पनि यो राम्रो उदाहरण हो । नागमल्लले सो भागेश्वरमा चढाएकी केटी नै पश्चिम नेपालकी प्रथम धौकी (देवताकी) हो भन्दछन् जो पछि समाजकी वेश्या भई ।

२- भागेश्वरो ढुस्को

ए! गंगा जमुना हो भागीरथी
" राम लछेमन पारवती
" तीरथ मैका○ हो को छ बडो
" तीरथमैका हो भागीरथी
" वीरछ मैका हो को छ बडो
" वीरछ मैका हो बड पीपल
" नर पशु मैका हो को छ बडो
" नर पशु मैका हो गाई बामन
" धरती मैका हो को छ बडो
" धरती मैकी हो कुरम बडो

○तीर्थमा रूखमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" देवता मैंका हो को छ वडो
" देवता मैंका हो भागेश्वर
" ठाकुर+ मैंका हो को छ बडो
" ठाकुर मैंका हो नाग मल्ल
" मैं ठूलो ठाकुर नाग मल्ल
" तैं नानो × देवता भागेश्वर
" नाग मल्ल भागेश्वर वाद्य= पड्यो
" वाद्य पड्यो तिन दुइको जसो
" मैं ठूलो देवता भागेश्वर
" तैं नानो ठाकुर नाग मल्ल
" ततिको★ देवता छैं त भागेश्वर
" द्यौ □ कन वर्साउनै, भागेश्वर
" पैंल्लीको बादल गोसाईं काँ उनायो
" माल मदेश हो उइँ उनायो
" दोसरो बादल गुसाइँ काँ उनायो
" लेक कउवानी हो उइँ उनायो
" तेसरो बादल गुसाइँ काँ उनायो
" लेक मचाङन हो उइँ उना यो
" चउथो बादल गुसाइँ काँ उनायो
" कस्याकी ढुकुरी माथि उइँ उनायो
" पचाउँ बादल गुसाइँ काँ उनायो
" नाग मल्ल कोट माथि उइँ उनायो
" उइँ~ उनायो गुसाइँ उइँ वरस्यो
" कोट कामन लाग्यो भागेश्वर
" रानी डगन लागी नाग मल्ल
" छलको देवता छैं हो भागेश्वर
" बलको ठाकुर छौं हो नागमल्ल
" सुन जनै तोइव ÷ दिउँलो भागेश्वर

+ राजा × स्यानो = वादविवाद ★ त्यति □ बलशाली पानी किन बर्षाउंदैनस् उठ्यो ~ उहीं, त्यहीं ÷ तँलाई नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" चेली चाकर दिउँलो भागेश्वर
" वेद रूद्री दिउँलो भागेश्वर
" जोलो गावडी दिउँलो भागेश्वर

३- नाग मल्लकी धमारी

भनिन्छ कि नागमल्लले आफ्नो अन्तिम अवस्थामा जोगी भएर हिंड्नु परेको थियो । नागमल्लले पश्चिम कुमाउँ, पूर्वमा गण्डकी र दक्षिणमा तिरहुतसम्म विजय गरेका थिए रे । तर नाग मल्लको अवगुण वा गुण भनूँ उनको उदारता नै थियो । उदारता वीरोचित गुण नै हो तापनि योसँग असावधानी जोडिएको हुनु हुँदैन । नागमल्लको उदारतासँग यही ठूलो अवगुण थियो । उनी जितेका प्रदेशको प्रवन्ध उनै विजित शत्रुलाई सुम्पेर अघि बढ्दथे । यस प्रकार उनी विजयी हुँदै गएर आफूले चाहे जति प्रदेश लिइसके पछि उनले अब विशाल भूभागको सम्राट् वनी राज्य गर्ने मनशाय लिए । तर भागेश्वरको श्रापले उनको आफ्नै बुद्धि नै उनको लागि सम्राट् बन्नमा अलंघ्य पहाड बन्यो। जजसलाई उनले विजित प्रदेशको प्रवन्ध सुंपेका थिए ती सबैले आफूलाई स्वतन्त्र घोषित गरिसकेका थिए र उनी अब केवल डोटी (पैत्रिक भूमि) का मात्र राजकुमार थिए । भनिन्छ कि त्यो बेलासम्म उनका बुढा बाबु राजा निरै पाल जिउंदै थिए । नागमल्ललाई अब खपी नसक्नु भयो र उनी जोगी भेष लिई हिंडे । यो सब जनश्रुति हो । यसलाई सत्य वा असत्य घोषित गर्न निकै प्रमाण बटुल्न पर्ने देखिन्छ ।

प्रस्तुत धमारी यसै सन्दर्भको उत्तरार्द्ध भाग हो । जोगी भएर देश देशान्तर र तीर्थहरुमा घुम्दै नाग मल्ल अछाम तिमिल्सैनमा पुगे । त्यहाँ उनी गोमा नाम गरेकी एक विधवा ब्राह्मणीको घरमा वास बसेछन् । भेषमा जोगी भएपनि रूपमा राजचिन्ह देखेर ब्राह्मणीलाई दया लागी खीर पकाई खान दिइछन् । तर जोगी हुनाले पात्लो (पातको टपरी) मै खीर दिइयो र राजस्वभाववश नाग मल्लले सो खीर बीचबाट खान थाल्दा वरिपरिको खीर बगेर खेर गएछ र नाग मल्लको पेट नभरिएर ब्राह्मणीतिर हेर्दा ब्राह्मणीले "त् जोगीले खीर खान जाणी नै नाग मल्लले राज्य अर्न जाण्यैन" (तँ जोगीले खीर खान जानिनस्; नागमल्लले राज्य गर्न जानेन) भनिछन् । नागमल्लले कारण सोद्धा राज्य पातमा राखेको खीर जस्तै हो जसको चारैतिरको सुरक्षा नभएमा बगेर खेर जान्छ । नागमल्लको चित्त बुझ्यो र केही दिन त्यहीं बस्ने विचार गरे । यसै बीच नाग मल्लको निज ब्राह्मणीकी एक मात्र कन्या द्यौमासँग प्रेम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई छोरो पनि भएछ ।

यसै कथानकलाई साहित्यिक ढंगले यो धमारीमा व्यक्त गरिएको छ । पीपलको चउपाती र शीतल जलाशय नेर द्यौमाको घर थियो । यसैको आंगनमा तपसिया जोगी बस्न आयो । झ्यालमा १२ वर्षकी द्यौमाता बसेकी थिइन् । जोगी श्वेत वर्ण र गेरुवा झोली भिरेको थियो । द्यौमाता पीत वर्णकी थिइन् र उनको रातो रंगको चोलो थियो । उनको उदिया सूर्जे जस्तो उज्वल छोरा भयो । पछि बडुभाट नामक ज्योतिषलाई देखाउँदा दशम मंगल भै राज-रेखा (योग) परेको बतायो । यहाँ द्यौमालाई १२ वर्षकी भनेको छ र फेरि प्रेम भएको संकेत गरेको छ । यो सब ऐतिहासिक तथ्यलाई साहित्यिक कलेवर दिएको मात्रै हो ।

३- नाग मल्लको धमारी

पीपल चउरडी जोला मगराउँ
तखत बन्यो ठन्ड पानी
आँगनी बैठ्यो तपसिया जोगी
झ्यालमि × द्यौमाता रानी
कैसा वर्णको तपसिया जोगी
कैसा वर्णको झोली
कैसा वर्णकी द्यौमाता रानी
कैसा वर्णकी चोली
सेता वर्णको तपसिया जोगी
लाल खरूवाकी झोली
पेला वर्णकी द्यौमाता रानी
पाट पटम्बर चोली
बार बरिसकी कुमारी द्यौमा
द्यौमा होइ गइछ छोरो
कतिको भइछ उजलो पाँजलो
कतिको भइछ गोरो ।
उदिया सुर्जे जसो □ उजलो पाँजलो
फलिया~ चामल जसो गोरो
चन्द्र सुर्जे जसो देदीप्यमान

× मा □ जस्तो ~ फलेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्यौमाता रानीको छोरो
आँचल वाँद्यो○ चामल मानो
जोइसी★ हेराउन गैछ
वडु भाट वामन मेरो वोल लिय
मेरा चेलाको📖 जोइसी हेराइ दिय
कतिको पड्यो ग्रह दशा
कतिको पड्यो रेख
दशम मंगल वस्या
पडी गैछ राज रेख

४– नाग मल्लको भैनी

नागमल्लको चरित्र विचित्रको थियो। उनी वीर, निर्भय, क्रान्तिकारी, शंकालु र क्रूर पनि भएको वुझिन्छ। नाग मल्लबारे स्थानीय जनताको यही धारणा छ। उनलाई अतुर्वली उद्‌बुधि राजा भनिन्छ। यी दुवै विशेषण हुन् जसको स्थानीय बोलीमा अर्थ हुन्छ पराक्रमशाली एवं भयंकर र उपद्रवयुक्त कार्य गर्ने।

प्रस्तुत भैनीमा नाग मल्लले आफ्नो शाला शनिफा (चुनिफा) राउल (रावल)लाई मारेको वर्णन छ। भनिन्छ कि नाग मल्ललाई आफ्नी रानीसँग शनिफा राउलको सम्बन्ध भएको शंका थियो। सो रानीलाई यहाँ नागिनी मल्ल भनिएको छ र साथै सोही शनिफा राउलकी बहिनी पनि। यो चुगुली नाग मल्ललाई शनिफा राउलका मामा हाँसू कठायतले लाएको थियो। यी हाँसू कठायतको नाम रिपुमल्लको चाँचरीमा पनि पाइन्छ जसमा यिनले रिपुमल्ललाई अछामबाट ल्याउने अभियानको नेतृत्व गरेका थिए। यसबाट बुझिन्छ कि अजमेर दरवारमा यी व्यक्ति निकै प्रभावशाली थिए।

शनिफा राउल नागिनी मल्लको अरतिपुरति (अर्ती, निर्देश) बमोजिम चल्दथे र नागमल्लको पाला (समय) मा प्रभावशाली थिए। तर उनलाई बडो दोष लाग्यो र दरवारमा बोलाइयो। उनी डडेलधुरा कोला खेतका निवासी थिए। घोडा, पैदल भोकै वा खाएर जसरी चाँडो हुन्छ तुरुन्त कोट आई पुग्ने खरो आदेश पाएपछि उनी कोट गए र थाहा पाए कि यो सब षड्-यन्त्र हाँसू कठायतको हो। यसमा उनले हाँसूलाई पनि आफू जस्तै रूनुपर्ने श्राप दिएका छन्। शनिफा राउल घोडामा गएका र अन्तमा कोटको सवाई (सभा)

○बाँध्यो ★ज्योतिष 📖छोराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारा उनको मरू (मृत्यु) भएको उल्लेख छ। यसबाट शनिफा राउल पनि दरबारिया र बलशाली देखिन्छन्। शनिफा र हाँसूको राजप्रिय बन्ने प्रतियोगितामा हाँसू विजयी मात्रै भएनन् कि उनले आफ्नो ठूलो शत्रु (रानीका भाइ) लाई पनि सदाको निमित्त समाप्त गरिदिए। यो हाँसूको बहादुरी होइन नाग मल्लको शंकालु र उत्तेजनात्मक प्रवृत्तिको फल हो।

यो बाहेक नाग मल्लको आतंक र प्रवृत्तिसम्बन्धी कतिपय जनश्रुति प्रचलित छन्। जस्तो एक चोटि कुनै गरीबले जंगल फाँडी कोदो बोएछ र कोदोको उब्जनी निकै भएछ। यो कुरा नाग मल्लले थाहा पाई निजलाई बोलाई कोदो बारे जान्न चाहेछन्। निजले भए जति कोदोको सत्य विवरण दिँदै व्यंगमा भनेछ 'भएर के गर्नु नत भागेश्वरको भोग नत ठाकुरको ज्यूनार' अर्थात् कोदो नत देवतामै चढ्छ नत यसलाई राजाले नै खान्छन्। यो त गरीबको आहार हो जसमा नागमल्ल जस्ता राजाले चाख लिई सोध्नु बेकार हो। यस्तो व्यंग सुने पछि नागमल्तले निजलाई छोडी दिएका थिए रे। आदि आदि।

४– नाग मल्लकी भैनी

सरक थपिया चन्द्र सूर्य
पताल थपिया जल
कसुनु~ रानीका भयलु चनिफा रावल
कसुनु रानीका शाला चनिफा राउल
नागिनी मल्लैका भयालु चनिफा
नागरे मल्लैका शाला चनिफा
कसूकी▬ सुणला अरति पुरति
कसुका खालाउ हो पाला
नागिनी मल्लैकी अरति पुरति
नागरे मल्लैका पाला
आव तमजति○ चनिफा राउलौ
बडोइ लाग्यो दोष
जानु जानु जोलिया चेला
कोला खेत जानु
कोला खेत जाइ
चनिफा बोलाइं ल्यान

~कुन ▬कसको ○तिमीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धाउनो धिउनो★ जोली चेलो
कोली खेत पुग्यो
कोली खेत चनिफा राउल
घर छौकी नई
क्याउ❦ खरो आदेश हुन्छ
घरैं छु गुसाई
तम तन नागि मल्लकी
अगाली छ माया
खानु खाइ आउँ राजौ
भोक्यैं कोट आउँ
भोक्यं घडी छाँटो□ छैंत
भोक्यं कोट आस
खानु खाई छाँटो छैंत
खाइ कोट आस
घोडा चढी आउँ कि राजौ
पायाँ हिटी आउँ
घोडा चढी छाँटो छैंत
घोडा चढी आस
पायाँ हिटी छाँटो छैंत
पायाँ हिटी आस
ताँ वागो■ पैंर राज याँ वन्दवाद+
ताँ घोडा चढ राज याँ लगाम कस
धाउनो धिउनो चनिफा
कोट जाई पुग्यो
अजैमेर कोटका वाननमी
बडी छ सवाइ
तम नन चनिफा राउल
अगाली छ माया
तमत चनिफा राउल
बडोइ लाग्यो दोष

★बुगुरेर ❦के □छिटो ■भोटो +तना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म जति दोष लाउन्या
कउन पैक्या होइ
तम जति दोष लाउन्या
हाँसु कठायत होइ
मेरा जति आँसु पडिजाउन
हाँसु मामा तोई
घोडी छाड्यो दुवी चौड
आफु ग्यो सवाइ
तति प्रथम चनिफा की
मरू होइ गई

५– रिपु मल्लकी चाँचरी

निरैपालको जीवनकालमै नागमल्लले शासन सूत्र आफ्नो हातमा लिइसकेका थिए । राजा निरैपाल थिए वा नाग मल्ल यो सन्देहास्पद नै छ । तर आफ्नो वीरोचित गुण र महत्वाकांक्षाले गर्दा नाग मल्ल नै राज्यका हर्ता कर्ता भएका देखिन्छन् । यो चाँचरीबाट यो पनि प्रमाणित हुन्छ कि निरैपालको नाग मल्ल बाहेक अरू कुनै उत्तराधिकारी सन्तान थिएन ।

तर यो चाँचरीको कथानकभित्र प्रवेश गर्नु भन्दा पहिले यहाँ नाग मल्लबारेका केही प्रचलित जनश्रुतिको उल्लेख गरिदिएमा पाठकहरूलाई डोटीको इतिहासबारे र यो चाँचरीबारे आफ्नो निश्चित धारणा बनाउन सजिलो पर्नेछ ।

नागमल्ल जोगी भएर हिँडेपछि राज्य खाली भयो र अर्को राजा चुन्ने निर्णय गरी डडेल्धुरा कोटकाणेका रावललाई राजा बनाउने निश्चय भयो । निज रावलका दुइटी स्वास्नी छुट्टिएर बसेका थिए । एकको गुराउँस (दाल विशेष) खेतबाट झिकी सकेको थियो र अर्कीको झिक्नु बाँकी नै थियो । गुराउँसलाई ठीक मौकामा खेतबाट झिकिएन भने फुट्न थाल्दछन् । यसकारण सो राउलले भने कि मलाई राजा बनाउने भए छिटो बनाऊ नत्र मेरा गुराउंस फुट्न थालेका छन् । यसबाट उनको छोटो नियत बुझी गुनपाली (गाउँविशेषका) राउललाई राजा बनाउने निधो गरी राजतिलक पहिराउनुभन्दा पहिले उनको सन्मानमा केरा खान दिइयो । तर उनले केराको गुदी झिकी पछि खाने नियतले देब्रे हातमा राखी पहिले बोक्रा चपाउन थाले र उनलाई पनि बवर गरियो र यस पछि अठौरि (गाउँविशेष) का साउँदलाई राजा बनाउने निधो गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजतिलक पहिराउन थाल्दा उनले अरुको घानु (माथा) टिका साउनको पाखुरा टिका भनी पाखुरामा राजतिलक पैरी निमित्त मात्र भएर राज्य चलाउन थाले ।

यो वेलासम्म नाग मल्ल जोगी भेषमा अछाममा छन् भनी थाहा भैसकेको थियो र निजलाई लिन सेना पठाइयो । सजधजसाथ डोलीमा राखी सो सेनाले नाग मल्ललाई ल्यायो तर नागमल्लको बाटैमा मृत्यु भएपनि राजाको नाउंले सलामी उठाई खाने आशय र राजालाई साविक मशानमै दाह चिता दिने बिचारले समेत निजको लासलाई जीवित नागमल्ल नै भनेर यथावत् सवारी चलाई जनताबाट उपहार र सलामी लिंदै मलामीहरु अघि बढे । डोटीको वानेडुंग्री सैन भन्ने ठाउँमा आइपुगेपछि सो ठाउँका वलायर क्षत्रीहरुले राजाको सुख नहेरी सलामी नदिने र राजाको मुख समेत हेर्ने निधो गरी डोलीमा जाइलागे र नाग मल्लको पोल खुल्यो तर अब मशान पनि नजदीकै थियो र घोगडा भन्ने ठाउँ (सेती नदी र सकाइल गाडको दोभान) मा नागमल्लको दाहकर्म गरियो । यसरी वल गरी राजाको मुर्दा उघारेको हुनाले पछि तिनीहरुलाई वलायर उपाधि दिइयो । कसैले यिनीहरुलाई 'मडो (मूर्दा) उचेड (उघार्ने) वलायर' पनि भन्दछन् । पछि यी वलायरहरुलाई डोटी राजाले 'रजवार' को पदवी पनि दिए जो अद्यावधि चलेकै पनि छ । यी हुन् नाग मल्ल सम्बन्धी प्रसिद्ध किंवदन्तीहरु जो प्रायः सबै स्थायीय व्यक्तिलाई ज्ञात छन् । तर यिनीहरुको सम्बन्ध नागमल्लसँग नभएपनि त्यो ठाउँको अराज–कतापूर्ण कुनै समयसँग अवश्य छ । यी किम्वदन्तीहरु अव पूर्णतया लोकोक्ति भैसकेका छन् ।

अव हेरौं प्रस्तुत चांचरीलाई । यो क्षत्रीहरुको पुस महिनामा पर्ने 'भो' भन्ने पर्वमा गाइन्छ । यसको विशेष प्रचलन डोटीको जिडोडा माणो र लाटामाणो गाउँ पंचायतहरुमा छ । यो वेला यस्ता धेरै किसिमका चांचरीहरु गाइन्छन् जसमा यो प्रमुख हो ।

यसमा निरै पाललाई तल्ली चाक (तल्लो बैठक) मा जन समुदाय-द्वारा वर्लिन भनिएको छ । तर निरंपाल जान्न चाहन्छन् कि उनले कुन पाप गरे जसले गर्दा जनसमुदायले उनलाई यस्तो बाध्य गरी रहेछ तर प्रत्युत्तरमा भनिएको छ कि भौल्यान (भाइवन्धु र जनता) सँग मीठो मुखले बोल । यहाँ सम्म केवल औपचारिकता मात्र देखिन्छ । यसपछि निरैपालले हाँसु कठायत लगायत सबै जनतालाई भित्र बोलाएर अछाम तिमिलसैनमा नाग मल्लको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीयंबाट जन्मेको रिपुमल्ल ठाकुरलाई ल्याउने मिली मत (सल्लाह) गरेको छ । सो लिन जाँदा पुसमा तुवारो, माघमा हिउँ, फागुनमा व्यापारमा जानुपर्ने, चैतमा घाम लाग्ने, बैशाखमा गौं जौं चुट्न बाँकी रहने, जेठमा धूप चढ्ने, आषाढमा खेतमा बिउ छर्नुपर्ने, साउनमा झुम्म कुइरो लागी दिउँसै रात पर्ने, भादौमा बाटो चिप्लो हुने हुनाले असौजको महिना आठ गते मंगलवार पूर्वको साइत गरी हिँड्ने उल्लेख छ । हाँसु कठायत यो अभियानका नेता छन् र बाटामा पर्ने वासको नाउँ र देवताहरुको प्रार्थना र भाकलको पनि उल्लेख छ । अछाम पुगेपछि रिपुलल्ल माग्दा संरक्षकले आफूले पाउनुपर्ने पेलो पिचास (सुन) मागेको र सो दिई रिपु मल्ललाई बाटामा भोज–भत्यार गर्दै अजमेर पुगी रिपुमल्ल गादी (गद्दी) मा बसेका र जनताले यो खुशियालीमा सधैं चाँचरी गाउँला भन्नी यो लोककाव्य टुंगिएको छ ।

यसमा सुनको कुरा आएको छ । जनश्रुति अनुसार अजमेरबाट रिपुमल्ल माग्दा अछामका उनी (रिपुमल्ल) बराबर सुन दिएर लैजाने शर्त बमोजिम यो सुन दिइएको हो । यो सुन अजमेरबाट हाँसु कठायतको नेतृत्वमा अवश्य गयो तर बाटामा नदीको किनारका राम्रा ढुंगालाई सुनको कलप लगाएर लगियो र असली सुन बाटैमा पर्ने सुना गाउँ भन्ने ठाउँमा गाडियो । पछि फर्किंदा यो असली सुन लिने मौका परेन र यो त्यहीं रह्यो । २००२।३ सालतिर यो सुन एक किसानद्वारा खनजोत गर्दा पाइएको सर्वविदितै छ र स्थानीय जनताको एकै मत छ कि यो सुन रिपुमल्लसम्बन्धी सुन नै हो ।

५- रिपुमल्लकी चाँचरी

ए ! तमैरे जति हे निरैं पाल भौल्या तल्ली चाक ओल❧
ए ! क्यावैहार○ हे पलापैंकी∿ तल्ली चाक ओलु■
ए ! तमैरे जति निरैं पालौ भौल्यानै कि निको बोल
ए ! तसैहार निरैंपाल भौल्या तल्ली चाक ओल
ए ! तसैहार पलापैंकी भौल्या तल्ली चाक ओल
ए ! हाँसु कठायत पच्याग जोइसी भीतर हाल्यो बोलाइ
ए ! हामरा ठाकुर रिपु रे मल्ल तिमिल सैन थिया
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हाम जाउँ
ए ! राजु बलायर सिंगारी विष्ट भीतर हाल्यो बोलाइ
ए ! भीतर बोलाइ राज रे घरि मिलीमत कियो

❧आर्ले ○कुन ∿पापले गर्दा ■ओलूँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए ! हामरा ठाकुर रिपु रे मल्ल तिमिल्सैंन थिया
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हाम जाउँ
ए ! रतु खडका राइ देउ वाग भीतर हाल्यो बोलाइ
ए ! डिपु भंडारी रतुरे साउन भीतर हाल्यो बोलाइ
ए ! पन्त पनेरू जोशी उप्रैती भीतर हाल्यो बोलाइ
ए ! बारँ रे थरिका बाल रे बुढा मण्डप बसी गया
ए ! हामरा ठाकुर रिपु रे मल्ल तिमिल्सैंन थिया
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हाम जाउँ
ए ! पूस जो मास हाम जाउँ गोसाईँ खोली रे पडी तूस
ए ! माघ जो मास हाम जाउँ गोसाईँ बरफ पडी जालो
ए ! फागुन मास जाउँ त गोसाईँ बनिज चली जान्ता
ए ! चैत जो मास जाउँ त गोसाईँ लागि जालो घाम
ए ! वैशाख मास जाउँ त गोसाईँ रन□ रे सुक्यादाउँ÷
ए ! जेठ जो मास जाउँ त गोसाईँ चढी रे जाली धूप
ए ! असाढ मास जाउँ त गोसाईँ खेतोली छड्या बिउ
ए ! साउन जो मास जाउँ त गोसाईँ कुइडी झुम्मी रात
ए ! भउद मास जाउँ त गोसाईँ चिफली होली बाटु
ए ! हामरे जाउँला गोसाईँ रे जति असौज मास
ए ! असौज मास मंगलवार भलो हुन्छ पूर्वको साइत
ए ! आठ असौज मंगलवार भलो होलो पूर्वको साइत
ए ! आठ असौज मंगलवार लठ्ठी रे हाल्यो सारी
ए ! ताहाँ है रे होइत हांसु कठायत चलुरेभलु+ कियो★
ए ! आठँरे विसी डोरी रे जाइ वेली रे वासो लियो
ए ! आठँरे बिसीका बालारे बुढा हामरो✿ बोल◆ लिय▬
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हामी जाउँ
ए ! ताँहरे होइत हांसु कठायत चलुरेभलु कियो
ए ! राँइरे कर माणौ जाइ वेलीरे वासो लियो
ए ! राँइरे कर इङ्गड्या दंत तोइरे मन ध्याउँ
ए ! ठाकुर धेकाइ पाउँ त आलम चढाइ दिइँलो

□रहन थालेछ ÷चुट्नलाईसुकाएको जौ गहुँ+चलाइ, चाल ★गऱ्यो
✿हाम्रो ◆बचन ▬लेऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! वनैरे डोरी सैनरे जाइ वेली रे वासो लियो
ए ! वारै रे विसीका बाल रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हामां जाउँ
ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! पाँच रे गाउँ तिखाइरे जाइ वेली रे वासो लियो
ए ! तिखाली रे खँडका भौल्या हामरो बोललिय
ए ! हामरा ठाकुर रिपु रे मल्म देखाइ हाम दिय
ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! फुलौटैकी नङरी जाइ वेली रे वासो वासो लियो
ए ! फुलौटैका बाला रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल देखाइ हाम दिय
ए ! ताँहैरे हैंत हाँसु कठायत काणारेवन पउच्या
ए ! काणा रे वनका इंगड्या दैंत तोइ मन ध्याउँ
ए ! ठाकुर देखाइ पाउत दैत्य गडुवा चढाइ दिउँलो .
ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! अछामैंकी खोली रे जाइ वेली रे वासो लियो
ए ! अछामैंका थापा कमरउ हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल धेकाइ हाम दिय
ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! तिमिलसैन जाइरे जति वेली रै वासो लियो
ए ! तिमिल सैनकी वुध्यैंऔ बुढी हामरो वोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल धेकाई हाम दिय
ए ! दीजा हामरो पेली पिचास★ ठाकुर लैजा चलाइ
ए ! दिउँलो तमरो पेली पिचास ठाकुर लिउँलो चलाइ
ए ! दिग्या × तमरो पेली पिचास ठाकुर लैग्या◆ चलाइ
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! अछामैंकी खोली रे आइ वेली रे वासो लियो
ए ! अछामैंका थापा कमरौ हामरो वोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल खसी भात दिय

★सुन ×दिएर गएँ ◆लिएर गएँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए ! ताँहं रे होइत रिपु रे मल्ल चल रे भल कियो
ए ! काणा रे गाउँका डाणा रे वन वेली वासो लियो
ए ! काणा रे गाउँका लाड्डइ रे चिउडा खायो
ए ! ताहाँ रे होइत रिपु रे मल्ल चल रे भल कियो
ए ! फुलौटँकी नङरी आइ वेली वासो लियो
ए ! फुलौटँका खाति रे खडका हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात रे खसी दिय
ए ! ताँहँरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! पांचरे गाउँ तिखारे आइ वेली रे वासो लियो
ए ! पांचरे गाउँका साउन खडका हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात रे खसी दिय
ए ! ताँहँरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! वन रे डोरी सँन रे आइ वेली रे वासो लियो
ए ! वन रे डोरीका बाला रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात रे खसी दिय
ए ! ताँहँरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! राइरे कर माणौ जाइ वेली रे वासो लियो
ए ! राइरे कर इंगड्या दँत आलम चढाइ दियो
ए ! ताँहँरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! आठरे विसी डोटी रे आइ वेली रे वासो लियो
ए ! आठँ विसीका बाला रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात खसी दिय
ए ! ताँहँरे होइत रिपु रे मल्ल चलरेभल कियो
ए ! अजइ मीर कोटरे आइ वँसेक भयो
ए ! अजइ मीर कोटरे आइ काटी रे हाल्यो खाइ
ए ! हामरा ठाकुर रिपु रे मल्ल टिको रे दिय लाई
ए ! अजइ मीर कोट रे जाइ लेखी हाल्यो वादी
ए ! हामरा ठाकुर रिपु रे मल्ल वसीरे गया गादी
ए ! भँलो भोट्याउंला चाँचरी गाउँला अजँमीर आई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६- राम शाहीको चैंत

यसमा रामशाहीको नाउँ दुदुसिल पनि भनिएको छ । सो रामशाहीको अजैंमेरकोटलाई उदीयमान सूर्यसँग, रानीलाई पूर्णिमाको जूनसँग, हात्तीलाई ऐरावतसँग दाँजी घोडालाई तारितुरंग [असल जातको] भनिएको छ । यस्तो रामशाहीसँग लखिचन्न [चन्द] लडाईं गर्न आए र मारिए । यहां अजैंमेर कोटलाई काप गढी पनि भनिएको छ । यसमा सो लखिचन्नको छोरी कमलाले आफ्ना बाबुको मृत्युमा विलाप गरेको वर्णन छ । यस बाहेक निज कमलाले तिरी मल्ललाई काका भनेको छ । मल्लहरु शाही नै हुन् तापनि कुनै सम्बन्धले निजका काका पनि पर्न सक्दछन् । यो कथानकले चन्न राजाहरुको अजैंमेर कोटमाथि आक्रमण गरेर हारेको तथ्यलाई औँल्याउँछ । तर यी लखि चन्न को हुन् यो खोजको नै विषय छ ।

६- राम शाहीको चैंत

राजा दुदुसिल रामैको नाउँ
गडछ अजैंमीर धेकन☙ जाउँ
यैं राजा राम शाहीको कोट कसो
जैसो उदिया सूरिज जसो
यैं राजा राम शाहीकी रानी कसी
जैसी पनिउंकी जून जसी
यैं राजा राम शाहीको हात्ती कसो
हात्ती धेकूँ राजा ऐरावती
यैं राजा राम शाहीको घोडो कसो
जैंसो तारि तुरंगि जसा
लखि चन्न चलि गैछ कापगढ
जनचलै∾ लखि चन्न कापगढ
कापैको गढ राजा होइन तेरो
राजा राम शाही हो मारी देलो
पन्तपनेरू चल्या काप गढी
भट्ट कठाइत चल्या कापगढी
साउन भडारी चल्या कापगढी
लोग लस्कर आइयो बाबा काँ गया

☙देख्न, हेर्न ∾नजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेरा बाबा मेरी गोसी○ काप रँगया□
बाबाकी पालङ्गी आइगै बाबा कां गया
तेरा बाबा मेरी गोसी काप रँगया
कापका हौसिया यिया कापै रँगया
रोजी घर दिउँला भन्थ्या★ आव को दैलो
रोजी वर दिउँला भन्थ्या आव को देलो
रोजी दाइजो दिउँला भन्थ्या आव को देलो
तिरी मल्ल काकाज्यू हो इसो के भयो
लखिकी पालङ्गी माथि कमला फुर×
जैं भाँति चैतंकी भ्याउली फुर
जैं भाँति जेठंकी कुतुडी फुर
तैं भाँति लखिकी रानी फुर
काप घनेरा पिपलडि मिति
यैं राजा राम शाहीको होइ गैछ जिति

७– रघुनाथ शाहीको धमारी

यसमा राजा रघुनाथ शाहीको वाइल, दिपाइल चौकी र जोरायल भेकमा शासन गर्न दान्कोटमा तखत (गद्दी) बनेको उल्लेख छ। निज रघुनाथ शाहीले दिल्लीबाट भदौरा (?) को फौज ल्यायी वनजारा (कैलाली कंचन–पुरका जंगली जाति) लाई मारेको (जितेको) र यसैबेला कालीको किनारामा कुमाउँका राजा देवी चन्न (१७२०।२६ ई.) सँग भेट गरेको रहेछ। यहाँ भेटको अर्थ सम्झौता र संघर्ष दुबै हुन सक्दछ। यसपछि निज रघुनाथ शाहीले भीट (तराई) को हात्ती पहाड ल्याउने विचार गरी सो हात्तीलाई मछेली खोला (जहाँबाट पहाड शुरु हुन्छ) मा ल्याई पुऱ्याउँदा हात्ती हिँड्न नसक्ने भै वुनियाँलाई बोक्नु परेको हुनाले धन्न (चिन्ता) परेछ। यसको कचहरीमा पन्थ पनेरू बस्दथे र उसका भाइको नाम अरजन, करण र लछिमन शाही एवं नन्द [छोरा] गुसाईँ [युवराज] को नाम हरि शाही हो। निज रैकाज्यू रघुनाथले रतन टुकुरी [दान्कोट] मा राज गरे र रानीले रनिवासमा हात्ती मगाई नजर गरिन्। सो हात्ती सपूर दाँ भएको थियो। यहाँवाट 'तलछ दिपाइल'

○तल्लो जातले माथिल्लो जातका कुमारीलाई र भाउजूले देवर र नन्दलाई बोलाउँदा भनिने शब्द र साइनो। गोसाईँको स्त्रीलिंग□रही गए ★भन्थे ×विलाप गर्न थाली।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर दान्कोट रतन टुकुरीको सम्बन्ध छोडी दिपाइल कोट [स्थायी दरवार] को वर्णन भएको छ। सो दिपाइलको माथि रौला गढ छ। चारैतिर गंगाज्यू [सेती] को खाई छ। सो सेतीको किनारमा पीपलको छाया पनि छ र तपत कुंडल [सेतीकै किनारमा अद्यावधि रहेको बाइसधारा कुंड] मा रघुनाथ शाहीले नित्य स्नान गर्दथे।

यसको साथसाथै यो 'धमारी' सँग सम्बन्धित केही भौगोलिक प्रमाण र किंवदन्तीको उल्लेख गरिदिनु यहाँ प्रासंगिक नै हुनेछ। 'रतन टुकुरी' भन्ने ठाउँ डोटी दान्कोट गर्खाको लाटा माणौ गाउँ पंचायतमा पर्दछ। यो मैदान परेको अग्लो टाकुरो हो र आजभोलि यो मैदानमा र सो दरवार बनेको ठाउँमा समेत गाउँलेले खेती गर्दछन्। यो निकै रमणीय डाँडो छ। यसको दक्षिणपट्टि आधा माइल पर वन्थडी देवताको माणौ छ। यसको तलतिर राम्ररी निर्माण गरिएको जलाशय छ। सो जलाशयनिर घोडाले पानी पिउने ढुंगाका बाटा अद्यावधि छँदैछन् जसमा गाउँलेहरुले आजभोलि लुगा धुने गर्दछन्। यो ठाउँभन्दा दक्षिण पट्टि रहेको महाभारतको लेकमा 'हात्ती बाद्या' नामको ठाउँ छ जहाँ रघुनाथ शाहीले ल्याएको उक्त हात्ती बाँधिएको थियो भन्ने जनताहरुको भनाइ छ। तर दिपाइल जस्तो स्थायी दरवार छोडेर यीं राजा यहाँ किन वस्न आए होलान्? यसको उत्तरमा दुइ प्रकारले विचार गर्नुपर्ने देखिन्छ। पहिलो के भने यस्ता अरू पनि कैयौं अस्थायी कोट पाइन्छन् जहाँ राजाहरु मौका मौकामा हावा-पानी फेर्न र त्यो भेकको प्रत्यक्ष शासन गर्न जाने गर्दथे। अर्को कुरा के छ भने यो ठाउँ जंगलको बीच र अलिकत्ता कुनामा परेको हुनाले दिपायलभन्दा सुरक्षित मानियो होला जसले गर्दा आक्रमणकारी-हरुलाई कुक्याउन सजिलो पर्ने विश्वास लिइयो होला।

७-- रघुनाथ शाहीको धमारी

वाइल दिपाइल चौकी जोराइल
तखत बन्यो दान्कोट
दिल्ली भदौराकी फौज गाडी○ ल्यायो
बनिजारो मान्यो चोट
कालीकी घाट सौं भेट भइ रे
रैंकाज्यू देवी चम्न
भोटको हात्ती मधेली धेकियो▬

○फिकेर, मागेर ▬देखियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुनिया लागी धन्द[१९]
पन्थ पनेरू कचहरी सेवा लगाइ
अरजन करण लछिमन भाइ
नन्द[□] गुसाईँ हरिशाही
रतन टुकुरीमी राज रचियो
रैंकाज्यू रघुनाथ
हात्ती मगाइ नजर भयो
रानी धेकँ रनिवास
बन्त सपलि गज धेकियो
तल छ दिपाइल पुर रौलागढ
गंगाज्यू जसि खाइ
बूना हस्त पिपलकी छाइ
तपत कुंडल जल नाइ

८- हरि शाहीको चैंत

हरिशाहीकी रानीको नाउँ सुगडावती थियो । निजको मयेबी (माइती) कालिगाउं थियो । एकाराति, निज रानीले चन्द्र सूर्य बुड्न [डुब्न, अस्ताउन] थालेको स्वप्न देखिछन् । यो कुरा सुन्दा राजासहित सबैलाई यसको फल जान्ने खुलदुली पऱ्यो । पतिशाही [हरिशाहीको कुनै अधिकारपूर्ण बान्धव] ले कालिका नामक कुनै व्यक्तिलाई बोलाई तिलक (सगुन, टिका) लगाई शिरपाउमा समेत पैरन (फेटा, जुत्ता) दिई भेकुनी गढ (स्थान विशेष) मा पठाएछन् र निज कालिकाले त्यहाँबाट जोलिया (आठपहरिया वा सिपाही) लाई खुमिफ्ताल नामक गाउँमा पठाएछ । यो खुमिफ्तालमा गौली पनेरुकी मौखिमा नामक पत्नीबाट जन्मेको खेमा पनेरु बस्दथे र निज (स्वप्न विशेषज्ञ) लाई रानीको उक्त प्वप्न निज आठपहरियाले सुनाएछ ।

सो स्वप्नको पारख गर्दै खेमाले पाति परजा (राजा र प्रजाको) क्षय हुने लक्षण बताए । यो खबर हरिशाहीले सुनेपछि अब के गर्ने भनी रानी सुगडावतीसँग उपाय सोधे । निजले दानादि गरेर अरिष्ट कटाउने राय व्यक्त गरिन् । सो दानादि गर्दा पहिलो दान बाहुनलाई दिने दोस्रो दानको प्रतिफलमा राजाले बाहुन र देवतादिमा प्रणाम गर्नुपर्ने वा राजाको निमित्त तान्त्रिक अभिचारादि गर्नुपर्ने रहेछ । यहाँ दोस्रो अर्थ उपयुक्त देखिन्छ । स्थानीय

---

[१९] चिन्ता, धन्दा [□] छोरा युवराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बोलीमा ढोयो माने सीमा रेखा र जादूकपट वुवं हुन्छ । त्यसपछि चार सिंगे भेडो, कस्तूरी बिना, बाजपक्षीलाई रक्साल (दान, उपहार, भाकल) दिने वर्णन छ । तर कटरिया हात्तीसँग आधा राज जाने विश्वास लिई सो कसैलाई पनि नदिने रानीको आग्रह छ ।

यसपछि मुगलको बारहारी (बाह्र पल्टन) राजघाट (कैलाली–कंचनपुरको सीमाना) तरेर आइपुगेको र निजहरूसँस लड्न जाँदा हरिशाहीको कटरिया हात्ती कीचमा फसी भवौंरियामा डेरा गरी वस्नु परेको रहेछ । सो युद्धमा हरिशाहीको साउन र खडकाको पल्टनले सर्वप्रथम दुई वैरी (मुगलका दुई पल्टन) ध्वस्त पारी तेस्रो माथि धावा गरेको र उनीहरूलाई दिपाइलमा गैं पैराउन (पुरस्कार) दिने प्रलोभन दिई हिम्मतसँग जुज्ने (लडाइँ गर्ने) उत्साह दिइएको वर्णन पनि छ ।

तर यो युद्धको पृष्ठभूमिमा दिइएको अशुभ स्वप्नलाई ध्यानमा राख्दा यहाँ हरिशाहीको धनजनको क्षतिको साथसाथै पराजय पनि भएको बुझिन्छ ।

८- हरि शाहीको चैत

डुकुमुकु पति साइले कालिका बोलायो
कालिकाइले पति शाही भीतर= बोलायो
भीतर बोलाइ राजौ क्याउ क्याउ ꣸ पैरायो
भीतर बोलाई राजौ तिलक पैरायो
तिलक पैराइ राज शिर पाउ पैरायो
वैराइ पैराइ भेकुनि गढ लायो ×
भेकुनीको जोलिया पौंच्यो खुमिक्राल
हरिशाहीका पियारा सुगडावती रानी
कालिगाउँकी मयेडी स्वप्न होइ गैछ
गौली पनेरूको मैखिमा जायो
खेमा पनेरू सपन परेख
क्याको हो राजौ तिलक पड्यो गात
चन्द्र सूरिज बुड्न+ धेक्या रात
पाति परजाको क्षय होइ जान्छ
कसो मत अरू हो सगडावती रानी
पहिलो दान वामन धरिदिय

= भित्र ꣸ के के × पठायो + डुब्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोसरो दान राजा ढोपाउँ
चौसियाँ भेडो राज रक्साल दिय
कस्तूरी बिना राज रक्साल दिय
बाज वेसरा राज रक्साल दिय
कटरिया हात्तिराज कसैंजनदिय~
कटरिया हात्तिराज बँसको बालो★
कटरिया हात्तिमि हरिशाही राज
कटरिया हात्तिमि आधी राज जालो
चलि गयो हात्तिराज फसिगयो कीच
हरिशाहीको डेरा पड्यो भवौँरिया वीच
बार हारी मुगुल तरियो राजघाट
साउनैका डेरा मुगुल आइलाग्यो
साउन खडकी उबज्याको जायो
दुइ वैरी मारी तेसराकी धायो
जुज मेरा पँकेला जुज मेरा भाइ
पइराउन दिउँलो दिपाइल जाई

९- नरपति शाहीको चैत

यो चैतको प्रथम पदको तारतम्य प्रस्तुत प्रसंगसँग मिलाउन अलि घुमाउरोजस्तो छ। यसको शद्वार्थ मात्रै लिने हो भन्ने 'सूर्यवंशी दिवल शाहीका पुत्र !' भनेर सम्बोधन गरेको देखिन्छ। तर यो सम्बोधन कसले गऱ्यो र ती दिवल शाहीका पुत्रको नाम के हो स्पष्ट विवरण प्रस्तुत चैतबाट पाईदैन तापनि यहाँ सम्बोधन गर्ने हरिशाही र दिवल शाहीका पुत्रको नाम नरपति (नरि) शाही नै हो भन्न सकिन्छ। यस प्रकार यहाँ हरि शाही र नरि शाही दुइ साक्कै भाइ नभैकन केही टाढाका भाइबन्धु देखिन्छन्।

जनश्रुति अनुसार यी दुइ जना दाजुभाइ थिए। नरि शाही निकै कर्मठ र वीर हुनाले हरि शाहीलाई उनको ठूलो डर थियो र उनी नरि शाहीलाई मार्ने दाउमा थिए। यो कुरा जनताले थाहा पाएपछि ठूलो व्यंग हाने। व्यंग थियो 'हरि शाही राजा भएपनि पातै टिप्नु, नरि शाही राजा भएपनि पातै टिप्नु' अर्थात् जुनसुकै राजा भएपनि जनताको पात टिप्नु (गरीबी र अपमान) हट्नेछैन। यो वर्तमानको प्रसिद्ध र व्यंगपूर्ण लोकोक्ति मानिन्छ।

~कसैलाई नदेऊ ★तरूणो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो बेला शाही वंशले गरेको शोषण र अत्याचारको प्रतिविम्ब हो यो अर्थात् जनता यो विश्वासमा पुगिसकेका थिए कि राजा बदलेर मात्र जनतालाई कुनै फायदा हुनेछैन । उनीहरु कुनै बढी उदार र न्यायपूर्ण व्यवस्थाको खोजमा थिए । हरि शाहीको शोषण, अत्याचार र मनमानीको आज पनि प्रशस्त चर्चा डोटीतिर सुन्न पाइन्छ । यसबाट यो थाहा हुन्छ कि इतिहास (समय) ले कुनै घटना घटाउन निकै अधिदेखि तयारी गर्दो रहेछ । श्री ५ पृथ्वीनारायणको न्यायनिसाफपूर्ण राष्ट्रिय एकताको स्वप्न पूरा गर्ने उनकै सुयोग्य सन्तान बहादुर शाहको राष्ट्रिय अभियान (शाके १७११–१२ तिर) को स्वागतको तयारी डोटीमा शाके १६६०।७० (हरि शाहीको समय) तिर नै भइसकेको थियो ।

प्रस्तुत चैतबाट थाहा हुन्छ कि मुगलहरुले माल (मधेश, तराई) जिती पर्वततिर आएछन् र यहांको चक्कर लगाई हेर्दा उनीहरुको मन परेछ । निजहरुलाई हटाउन डोटी राजा हरि शाहीलाई आवश्यक भयो । उनी आफू पहिले नै राजघाटमा मुगलशक्तिको अघि घुँडा टेकेर आइसकेका थिए । उनीलाई विश्वास थियो कि अर्को चोटि पूरा तयारीसँग लड्न आएको मुगल सेनाको सामना गर्नु मृत्युको मुखमै जानु हो । नरि शाहीको खतराबाट बाँच्ने र उनको बहादुरीले मुगललाई पनि तर्साउने हरि शाहीको निमित्त यो उपयुक्त औसर थियो । यो बेला उनी आफ्नै दाजुभाइलाई नपठाई अरू जोधा र पैंकेला पनि पठाउन सक्थे । तर आफ्नो पापी र शंकालु प्रवृत्तिले गर्दा नरि शाहीलाई नै पठाए । नरि शाही युद्धमै मारिए । यो युद्ध फल्टुँड्या गढीभन्दा दक्षिण मछेली र वयाला (तराईबाट जाँदाको पहिलो उकालो) मा लडिएको थियो । तर जनताको भनाइ छ कि आफू मर्नुभन्दा पहिले नरि शाहीले मुगल सेनालाई ध्वस्त पारी उसको अघि बढ्ने साहस समाप्त गरिदिएका थिए । यसरी आफूप्रति रचेको षड्यन्त्रको थाहा पाएर पनि उनीले देशलाई विधर्मीको हातबाट बचाउनुपर्दछ भन्ने जनभावनाको कदर गर्न आफ्नो बलिदान अवश्य गरे र जनताले पनि सो गुनलाई आजसम्म यो चैतको माध्यमले, मुक्त कण्ठले गाई नै रहेछन् ।

प्रस्तुत चैतमा यसै तथ्यलाई साहित्यिक ढंगले वीर र करूण रसमा व्यक्त गरेको छ । यसरी मुगलहरुले पर्वतको च्यावा गर्न थालेको थाहा पाएपछि हरि शाहीले नरि शाहीलाई (मुडेगाउँमा) लड्न जाने आदेश पठाए । यसमा बेली (गत) राति जोरायल मुगलहरुको हातमा परिसकेको वर्णन छ तर युद्ध चाहिँ सो जोरायल भन्दा ५।६ कोस दक्षिणतिर भएको उल्लेख छ । यसबाट यो भन्न सकिन्छ कि मुगलका केही फौजले पर्वतको भित्री भाग जोरायलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कब्जा गरी सकेपनि नरपति शाही अघि बढ्दै गएपछि तिनीहरु दक्षिणतिर हट्दै गए होलान्; आफ्नो प्रमुख छाउनीसम्म पुगी थप मद्दत र तयारीका साथ युद्ध गरे होलान् ।

नरपति शाहीलाई हरि शाहीका कागल (कागज, पत्र, आदेश) पुगेपछि निजले घरमा लुगा धोई सामल कुटी तयार पारी दिन भनेछन् । तर धोएका लुगा सफा भएनन्, कुटेका चामल धुलो धुलो भए र लाड़ु (लड्डू) फुटेर गए । यस्ता असगुन घरमा भए भने युद्धमा जान उचित छैन भनी निजकी रानीले भन्दा कटक (युद्धको) पालो पड्यो अवश्य जान्छु भनी नरि शाही हिंडे । यसपछि उनका विभिन्न वासको र निजले गरेको घँड्यालो (घंटेश्वर) र पिलका देवतासँगको पुछाई (भक्तिपूर्वक प्रश्न) र घंटेश्वरको हाक (आवेशपूर्ण उत्तर) को वर्णन छ जसमा निज देवताले काग पिठीतिर लागेकोले असगुनको नै संकेत गरेका छन् । यसपछि निज नरिशाही बाटामा पर्ने विशिष्ट व्यक्तिहरुसँग उनीहरूको दल मागी लड्न जान्छन् । पहिले सिंजा महाराज जुजेको कुराले सिंजा (जुम्ला,ले पनि यो युद्धमा साथ दिएको देखिन्छ । दोस्रो चोटि भुवापति शाही र अन्तमा नरपति शाही जुधे । तर नरिपति शाहीलाई मलौट्या (मधेशेको) तीर लागेर मृत्यु भयो । मर्ने बेला निज नरपतिले साथीहरुसँग घर फर्केर जाने र उनकी आमासँग उनी आउँदैछन् भन्ने तथा हरि शाहीलाई भने मरिसके भनिदिने र उनको हिस्साको लाड़ुचिउरा उनीहरुले बाँडी चुडी खाने अनुरोध गरी प्राणत्याग गरेको बुझिन्छ । डोटीमा उनको मृत्युमाथि भयालु [बन्धु, स्वास्नी, जनता आदि] र कुमाउँमा बहिनी [बिहा गरी दिएकी] कुरी (विलाप गरी) रहेछन् भनेर यो चैत टुंग्याइएको छ ।

९- नरपति शाहीका चैत

सूर्य वंशी दिवल शाहीका जाया
माल है◇ मुगुल पर्वत आया
पर्वत आइ राजौ हेरो फेरो चायो
हेरो फेरो चाइ राजौ चित्त भलो आयो
दिपाइल हरि शाहीका लेखिया कागल
जाहो जोलिया चेला मुडेगाउँ जान
धाउनो धिपाउनो जोली मुडेगाउँ पउँच्यो

◇ बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुडे गाउँ नरपति घर छौ कि नइ
घर त घरै छु जोली क्याउ आदेश हुन्छ
आँचल खोइ हाल्यो कागल पात
उपर कैहालो मुखैंकी बात
जोराइल मारी हाल्यो वेली+ परभात□
तमत राजैले कोट बोलायो
दिपाइल कोट मै तुलसीको बोट
घोडा चढी नरपति दिपाइल कोट
घोडी लाइछ दुवी चौड आफुग्या सवाइ
ढोग हाल्यो ढोइ राजौ सेवा हाल्यो लाइ
जानु पड्यो नरपति मुगुलैकी दौड
ताँहै नरपति चलभल कियो
मुड्या गाउँ कोट आइ वेली वासो लियो
लाहो राहुली चेली छ्याडुलो○ लान
सुजा राउली चेली लुगुडा सुजाइदेन∾
कुट राउली चेली सामल कुटी देन
लाया जति छ्याडुलो टटोलानी भयो
सुजाया लुगुडा राजौ नैरे स्वाइला भया
कुट्यो सामल राजौ खड्या वाली भयो
बटार्‍या लड्डुवा राजौ पाग फुटि गया
इतनात असगुन घरै बसी भया
हउसकी जाउस कटकि पालो पड्यो
ताँहैत नरपति चल भल कियो
तेल्याका लेक जाइ वेली वासो लियो
घँड्या पिलका भैया मेरो बोल लेन
मुगुल मारन जान्छु पुछाइ अरि देन
औतर्‍यो घँड्यालो छोडी हाल्यो हाक
ऐल साल नरपति पिठी लाग्यो काग
ताँहैत नरपति चलभल कियो

भनिहाल्यो +हिजो □बिहान ○जडिबुटी रिट्ठा आदि पकाई बनाएको लुगा धुने मिश्रण ∾धोइदेन पातलो पानी मात्र सुहाउँदा, राम्रा, सफा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गडसेरा गर्खा जाइ वेली वासो लियो
भट्ट शिवा भट्ट शिवा मेरो बोल लेन
मुगुल मारन जान्छु दललाई देन
लै चल नरपति छउनीदल
ताँहँत नरपति चलभल कियो
जोराइल गर्खा जाइ वँसेक लियो
जोराइलका बुढापाका मेरो बोल लिय
मुगुल मारन जान्छु भात खान दिय
क्याउको छ दरुँवा क्याउको छ पात
बाँचेको दरूँवा बुराउँसँको पात
नरपति साइज्यूले नैखायो भात
ताँहँत नरपति चलभल कियो
मस्याकी गाड जाइ वेली वासो लियो
मस्याकी गाडका धुलि पाक्या आम
आब लाग्या भाइ वँना हरि साइका काम
ताँहँत नरपति चल भल कियो
फल्टुँड्या गढी जाइत वेली वासो लियो
फल्टुँड्या गढी माथि ठोकिया निसान
माल मुगुलका उगडिगया□ कान
फल्टुंड्या गढी माथि बाँजेको वोटि
बयलाकी गडि जाई जुजि[लाग्यो लोटी
पैली जुजनी जुज्यो सिजा महाराज
दोसरी जुजनो जुज्यो भुवापति शाही
तेसरी जुजनी जुज्यो नरपति शाही
नरपति शाहीको ज्यूनार पाकी खीर
नरपति शाही लाग्यो मलौट्या तीर
साथका सयोला भैया मेरो बोल लिय
मेरो यो लाडु लाखो घर लैजाइ दिय
दिपाइल हरि शाहीको रन पड्यो कह्या
मेरी तन इजुज्यूकी आउनैछ कह्या

□उग्रे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो हुन लाडु चिउडा बाँडी चुँडी खाया
साथका सथोला भैया जतन घर गया
नरपति शाहीकी पिजरा पाली मैना
डोटी कुर भयालु कुमाउँ कुर बैना

१०– कर्ण शाहीको चैत

यो चैत नारीवर्गद्वारा रचित र नारीहरूद्वारा नै गाइन्छ । यो करुण रसपूर्ण छ । रघुनाथ शाहीको धमारीमा निजका भाइका रूपमा यी कर्ण शाहीको उल्लेख भैसकेको छ । यस प्रकार यी हरि शाहीका साक्कै काका सिद्ध हुन्छन् र यसमा काका नै भनिएको पनि छ । पहिले नै भनियो कि हरि शाही कति कपटी र अत्याचारी थिए । यो वंशका दुइटा हरि शाही छन् । भूपति शाहीका छोरा हरि शाही प्रथम र रघुनाथ शाहीका छोरा हरि शाही द्वितीय । यो चैत हरि शाही द्वितीयसम्बन्धी नै हो । आज पनि स्थानीय बुढापाकाले यी हरि शाहीको अत्याचार तिर औंल्याउन छोडेका छैनन् । उनीहरूको भनाइ अनुसार यी अत्याचारी मात्र होइनन् विलासी पनि थिए । वाहुन बाहेक अरू जातकी सुन्दरीसँग जबर्जस्ती गर्ने यिनको आचरण नै थियो । तर यिनले जस्तो गरे आफ्नो यसै जीवनमा त्यसको फल पनि पाए । यिनलाई यौवन कालमै कुष्ठ रोग लाग्यो र गद्दीको उत्तराधिकारीको रूपमा यिनका आफ्ना सन्तान पनि भएनन् । यिनको शेषपछि यिनका भाइ कृष्ण शाही राजगद्दीमा बसे र निज कृष्ण शाहीका छोरा दीप शाही नै डोटीका अन्तिम राजा थिए ।

हरि शाहीको यो अत्याचार र षड्यन्त्र जनतामा मात्र सीमित नभैकन आफ्नै शाही दाजुभाइहरूमा समेत खुले आम चरितार्थ भएको थियो । प्रस्तुत चैतमा यसै तथ्यलाई करूण रसपूर्ण भावमा ब्यक्त गरिएको छ ।

दिपायल (राजाको वस्ने ठाउँ) र मुडेगाउं [चौतरिया आदि शाही परिवारले बस्ने ठाउँ] को दूरी २ कोश लगभग छ । यो मुडेगाउँमा कर्ण शाहीले घर बनाउन काला गाड भन्ने खोलामा ढुंगा फिक्न लाउँदा सो मुडेगाउँ नै हल्लिएको थियो । यसबाट यो बुझिन्छ कि निजले निकै ठूलो घर (दरवार) बनाउन चाहेको रहेछ र यो कुरा दिपाइल हरि शाहीले थाहा पाई कहीं अर्को दरवार त खडा हुन थालेको छैन भन्ने शंका गरी निज काका कर्ण शाहीलाई भोज खान बोलाई खीरमा विष मिलाई दिएछन् जसले कर्ण शाहीको मृत्यु भयो । सो मृत्यु हुँदा कर्ण शाहीले आफ्नी जेठी रानी लालमातालाई छोरा पाली बस्ने र कान्छी रानी परान्‌मातालाई आफूसँग सती जाने निर्देशन दिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । यो कुरा थाहा पाई रानी परान माता राजदरवार पुगिन् र हरि शाहीले निजलाई पनि व्यंग कस्दै सती जाने तयारी गर्ने संकेत दिए । रानीलाई यो असह्य भयो र उनले हरि शाहीलाई दिलैले सराप दिंदै भनिन्—मेरो जस्तो तेरी रानीलाई पनि भइहालोस् । मेरो जस्तो कोट तेरो पनि रित्ती हालोस् र मेरा जस्तै तेरा छोरा पनि टुहुरा भैहालून् । यति मात्रै होइन तेरा त सन्तान नै नहून् । यो भावलाई यस प्रकार व्यक्त गरिएको छ –

'पैल्हा त फूल नै नफुलून्, फूल फुलिहाले फल न लागोस् यदि कथं कदाचित् फल 'लागिहाले भने ती भैय्यां (अकालमै भुईँमा) झडी हालून्' अर्थात् उनका सन्तानले गर्भपातभन्दा अघि बढ्न नपाऊन् । यसबाट यो ज्ञात हुन्छ कि यस बेलासम्म हरि शाहीका सन्तान भएका थिएनन् । साहित्यिक रूपले करूण नारीहृदयले यिनको जे जस्तो सिंगार गरेको भएपनि यो घटना सत्य हो । नारीहरू यो गीत गाउँदा अद्यावधि पनि रूने गर्दछन् ।

हरि शाहीलाई यो सराप लाग्यो । भनिन्छ कि वर्ष दिनभित्र नै उनी कोढी भए । यस्तो अवस्थामा उनले तपस्या गर्ने निधो गरे । उनको यो कोढ र तपस्यासम्बन्धी चैत पनि मैले पहिले सुनेको थिएँ तर यो वर्ष सो गाउने कुनै व्यक्ति पाइएन । दिपाइलको एक जना दमाईले जम्मा ३।४ पंक्ति सुनाएको थियो र त्यत्तिले केही अर्थ नलाग्ने र पछि सम्पूर्ण संकलन गरूँला भन्ने आशाले त्यही पनि छोडिदिएँ । त्यसमा हरि शाहीका हातका औंला खंडित भएको उल्लेख थियो ।

अब हरि शाही विभिन्न देवस्थल नजदीक अस्थायी दरवार (कोट) हरू बनाई बस्न थाले तर अन्तमा केही सीप नलागेर कफल्या [काफलीकै अंग] देवताको ३ वर्षसम्म सेवा गरे र देवताले 'वर माग' भन्दा रोगमुक्ति र सन्तान मागे । देवताले रोगमुक्ति त तुरून्तै गरिदिए किन्तु सन्तानको लागि सतीको श्रापलाई अकाट्य मानी अस्वीकार गरे । तर हरि शाहीले पनि के छोड्थे र उनले पुनः जोड गरेर सन्तति माग्दा 'कमसली पट्टि होला' भनी देवता अन्तरध्यान भए । यो जनश्रुति हो । जे होस् हरि शाहीका आफ्नै छोरा राजा नभएका निर्विवाद छ ।

यद्यपि नरपति शाहीको चैत र यो चैतमा उल्लिखित हरि शाहीको विभिन्न चरित्र र जीवनकालको पूर्वापरको तारतम्य मिलाउने कुनै खास प्रमाण छैन तापनि प्रस्तुत चैतलाई हरि शाही सम्वन्धी अन्तिम लोकवर्णन भन्न अव्यावहारिक हुनेछैन । दक्षिण र पश्चिम (कुमाउँ) बाट आक्रमणको खतरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हर हमेशा उपस्थित भैरहेको बेला यस्तो विलास र दरवारी फूट हरि शाहीको अप्रौढ र अल्लारे बुद्धिकै परिणाम हो भन्न सकिन्छ । नरपति शाहीको अद्भुत पराक्रमले मुगलहरूले डोटीतिर छुट पुट आक्रमणको अभिप्राय छोडिदिएपछि हरि शाहीले आफूलाई सुरक्षित ठाने होलान् र उनी कर्ण शाहीको अवसानको योजना बनाउन पट्टि लागे होलान् । यो चैतलाई स्थानीय नारीवर्गले 'साइकर्णको चैत' भन्दछन् ।

१०- कर्णशाहीको चैत

काला गाड ढुंगो गाड्यो○ साइकर्ण
मुडेगाउं थरपु⊛ हो साइकर्ण
दिपाइल हरि शाहीले साइकर्ण
जाणीव❧ हाल्यो रे साइकर्ण
पैल्लीको ढुंगो गाड्यो साइकर्ण
पैतली लाग्यो छ हो साइकर्ण
दोसरो जो ढुंगो गाड्यो साइकर्ण
गोली गाँठी लाग्यो छ हो साइकर्ण
तेसरो जो ढुंगो गाड्यो साइकर्ण
जाङ जोली लागेछ हो साइकर्ण
चउथो जो ढुंगो गाड्यो साइकर्ण
कण्ण जोली लागेछ हो साइकर्ण
जानु हो जोलिया चेला साइकर्ण
मुडे गाउं नगरी जान साइकर्ण
मुडे गाउँ नगरी जाइत साइकर्ण
काकाज्यू बोलाई ल्यान साइकर्ण
जेठी रानी लालमाता साइकर्ण
छोयोडुलो लाया हो साइकर्ण
लाया जति छोयो डुलो साइकर्ण
टटुलानी भयो हो साइकर्ण
यतिकर असगुन साइकर्ण
घरै बसी भया राजौ साइकर्ण
जन चलै राजैको साइकर्ण

○झिक्यो ⊛कम्पन भयो, हल्लियो ❧जानी हाल्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिपाइल थली हो साइकर्ण
कान्छी रानी परान माता साइकर्ण
लुगुडा सुजाया हो साइकर्ण
सुजाया जति लुगुडा त साइकर्ण
निला काला भया छन् हो साइकर्ण
यतिकर असगुन साइकर्ण
घरैं बसी भयाछन् हो साइकर्ण
जन चल राजैंकी साइकर्ण
दिपाइल थली हो साइकर्ण
जेठी रानी लालमाता साइकर्ण
लाडु चिउडा बाट हो साइकर्ण
बाट्या जति लाडु चिउडा साइकर्ण
पाग फुटी गया हो साइकर्ण
कान्छी रानी परान माता साइकर्ण
ज्यूनार साल हो साइकर्ण
शाले जति ज्यूनार साइकर्ण
इलि गिलि भैंछ हो साइकर्ण
इतिकर असगुन साइकर्ण
घरैं बसी भएछन् साइकर्ण
जन चलैं राजैंकी साइकर्ण
दिपाइल थली हो साइकर्ण
जेठी रानी लालमाता साइकर्ण
सुन प्याउलो□ गाड हो साइकर्ण
गाड्यो जति सुन प्याउला साइकर्ण
काउचा★ भाची गएछ हो साइकर्ण
लाय मेरी इजुमायौ साइकर्ण
दयय~ न टिका हो साइकर्ण
लाये जति दयय टिको साइकर्ण
कछलीनो+ फडेछ हो साइकर्ण
इतिकर असगुन साइकर्ण

□बाकस ★कप्चा ~दहीको +आँचलतिर, पेटतिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घरै बसी भएछ हो साइकर्ण
जन चलै राजैकी साइकर्ण
दिपाइल थली हो साइकर्ण
आस वस काकाज्यूकी साइकर्ण
रतनकामली हो साइकर्ण
आस वस काकाज्यूकी साइकर्ण
ज्यूनार साल हो साइकर्ण
तम जति काकाज्यूकी साइकर्ण
दूध पाकी खिरोडी = हो साइकर्ण
हाम सुवा हरि साइकी साइकर्ण
छाँछ ○ पाकी मयेरी हो साइकर्ण
पैल्लीको गास जति साइकर्ण
गोठन बछुरी दियो साइकर्ण
गोठन बछुरी जति साइकर्ण
किला ढुल्ली रैछ हो साइकर्ण
दोसरो गास जति साइकर्ण
द्वार कुन्टा □ कुति दियो साइकर्ण
द्वार कुन्टा कुति ★ जति साइकर्ण
द्वार कुन्टा ढुल्यो छ हो साइकर्ण
तेसरो गास जति साइकर्ण
बाड × न काक दियो साइकर्ण
बाड न काक जति साइकर्ण
बाडै ढुल्ली रैछ हो साइकर्ण
चउथो गास जति साइकर्ण
आफू जति खाइछ हो साइकर्ण
आब भैछ राजैकी साइकर्ण
इलि रे गिली ∾ हो साइकर्ण
जान जोलिया चेला साइकर्ण

रत्नमय आसन = खीर ○ मही, मठ्ठा महीमा पकाएको भात विस लागी तन्द्रित भएको □ कुना ★ कुकुर × बारी तिरको काठको बार ∾ घाँटीमा कुनै कुरा अड्की एकदम अपठेरो हुनु, बेहोस हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुडे गाउँ जान हो साइकर्ण
धाउनो धिपाउनो जोली साइकर्ण
मुडे गाउं नगरी गयो साइकर्ण
कहो कहो जोलिया चेला साइकर्ण
क्याउ सुचिवात हो साइकर्ण
कहना त कहना हुँ साइकर्ण
हिया लागि खाँत◆ हो साइकर्ण
जुडुक्कै उठि रानी साइकर्ण
घुडुक्कै रोइन हो साइकर्ण
धाउनी धिपाउनी रानी साइकर्ण
गावन मजेली गैन हो साइकर्ण
गावन मजेली जाइत साइकर्ण
सुन प्याउलो गाडेछ हो साइकर्ण
निको निको बुकि सुन साइकर्ण
सुन प्याउला हालेछ हो साइकर्ण
जसो तसो बुकी सुन साइकर्ण
आँचल बादेछ हो साइकर्ण
चली गैन परान माता साइकर्ण
दिपाइन थली हो साइकर्ण
जेठी रानी लाल माता साइकर्ण
चेला पाली रया हो साइकर्ण
कान्छी रानी परान माता साइकर्ण
हाम साथ आया हो साइकर्ण
आस वस काखीज्यूकी साइकर्ण
रतन कामली हो साइकर्ण
मेरी जसी कामली बस्तु साइकर्ण
तेरी रानी होइ जाउ हरि साइकर्ण
आस वस काखीज्यूकी साइकर्ण
ज्यूनार शाल हो साइकर्ण
मेरो जसो ज्यूनार शाल्लु साइकर्ण

◆ दया, माया, अविस्मरणीय करुण दृश्य वा घटना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेरी रानी होइ जाउ हरि साइकर्ण
आस वस काखीज्यूकी साइकर्ण
फुका केश अर हो साइकर्ण
मेरा जसा फुका केश साइकर्ण
तेरी रानी होइ जाउ हरि साइकर्ण
आस वस काखीज्यूकी साइकर्ण
माथा तेल हाल हो साइकर्ण
मेरो जसो माथा तेल साइकर्ण
तेरी रानी हालउ हरि साइकर्ण
आस वस काखीज्यूकी साइकर्ण
रेशमी कपडा पैर साइकर्ण
मेरो जसो रेशमी पैन्नु साइकर्ण
तेरी रानी होइ जाउ हरि साइकर्ण
मेरो जसो कोट बाँक्यो साइकर्ण
तेरो लगै होइजाउ हरि साइकर्ण
मेरा जसा चेला मुल्या × साइकर्ण
तेरा लगै हुन्ना हरि साइकर्ण
पैल्लो जन फूलै फुलौ साइकर्ण
फूल जति फुलि ग्यात साइकर्ण
फल जन लागौ हरि साइकर्ण
फस जति लागि ग्यात साइकर्ण
भैंय्याँ रुडि जाउ हरि साइकर्ण

११- भुवन मल्लको चैत

यसमा डोटी पचनाली बस्ने भुवन मल्लको चरित्र गान भएको छ । डोटी राजाका सन्तानलाई मल्ल र शाही भनिन्छ । पालहरुको पनि यही वंश हो तर डोटी र डडेल्धुरा जिल्लामा प्रायः शाही र मल्लको नै बस्ती छ। यिनीहरुका मुख्य गाउँ डोटीमा दिपाइल (राजपुर) डुमराकोट, मुडेगाउँ, पचनाली र डडेल्धुरामा मोइकोट, चोरेला र बोगटा आदि हुन् तर बोगटा नयाँ बस्ती हो अर्थात् डोटी राज्य समाप्त भएपछि यिनीहरु यहाँ बसेका हुन् ।

× टुहुरा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिपाइल र डुमराकोट हाराहारीमा क्रमशः उत्तर–दक्षिण लगभग २ कोशको दूरीमा छन् । मुडेगाउँ र पचनाली दिपाइलबाट क्रमशः २।२ कोश पश्चिमतिर पर्दछन् । प्रस्तुत लोकसाहित्यमा प्रायः यिनै ठाउँ र गाउँका शाहीहरूको उल्लेख भएको छ । यसमा पचनालीका मल्ल र अरू सबै गाउँमा शाही भनिन्छन् । यसबाट यो स्पष्ट छ कि यी पचनालीका मल्लहरू अर्जुन मल्ल र शाहीको समयसम्म छुट्टिइसकेका थिए । यो चैत हरि शाहीसँग सम्बन्धित छ र यसमा उनलाई वडा राजा हरि शाही भनिएको छ । यो चैतमा डडेल्धुरा जिजोडा गाउँका हरिकेश भट्टको सम्पूर्ण परिवार कसैले थाहा नपाउने गरी (रातारात) कुमाउँ गएको र त्यहाँबाट कुमाउँ (चन्द्र राजा) को सेनाको सहायता लिई डोटीमाथि आक्रमण गरेको एवं आक्रान्तालाई भुवन मल्लले मारेको कथा छ । यसमा जिजोडाका भट्टहरुको देशद्रोहको र त्यस्ता घरफोडा विभीषणलाई यमलोक पुऱ्याएको राम्रो वर्णन छ । आफ्नो तुच्छ स्वार्थ पूरा गर्न विदेशसँग मिली राष्ट्रमाथि नै आपत्ति ओइऱ्याई दिने हरिकेश भट्टको छोरा बलु भट्टलाई मारी विदेशी आक्रमणलाई ओठे जवाव दिन सक्ने भुवन मल्लप्रति जनताले आफ्ना आदरपूर्ण उद्गार यो चैतमा पोखेको छ ।

यसबाट यो थाहा हुन्छ कि कुमाउँले त्यो बेला डोटी खोलो (डडेल्धुराको वरिपरि) लाई जितिसकेको रहेछ । जिजोडा पनि यसैभित्र पर्दछ । यो सब हरिकेश भट्टले एक्कासि षड्यन्त्रद्वारा गराउन लाएको देखिन्छ । यो खबर दिपाइल हरि शाहीमा पुग्यो र उनी आफैं तुरुन्त लड्न हिंडे । यसको साथै बाटाको नजदीकै पर्ने पचनालीमा भुवन मल्ललाई पनि लड्न आउने सूचना पठाए । हरिकेश भट्टको यो देशद्रोहको भयंकर खड्यन्त्र थाहा पाएपछि सयभाइ मल्ल, पन्थ, पनेरू, जोशी, उप्रेती, (ब्राह्मणहरू) खाति, खँड्का, जोरा मोहरा (क्षत्रियहरु) र सबै थडिवडि (सबै जात) ले हतियार झिके । यसबाट यो थाहा हुन्छ कि युद्ध घमासान नै भएको रहेछ र सबैमा देशभक्ति र राजभक्ति रहेछ एवं जिजोडाका हरिकेश भट्टको देशप्रतिको षड्यन्त्रलाई सबैले घृणा गरेका रहेछन् ।

यसमा भुवन मल्लले साइत गर्दा राम्रा सगुन भएका छन् । धोएका लुगा फूल जस्तै साफ भए । ज्यूनारमा सगुनको प्रतीक हरियो साग थियो । भुवन मल्लकी रानीको नाम पद्मावती, आमाको नाम मैनावती र पिताको नाम जशु मल्ल थियो । बाटामा पर्ने विभिन्न देवतालाई युद्ध जित्ने भाकल गर्दै भुवन मल्लले तडेबाटा लेकमा रंकाज्यूलाई भेटे । राजाले उनलाई 'तँ नै मेरो भाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होस्' भन्दा उनले राजाको निमित्त ज्यूज्यान दिने प्रतिज्ञा गरे । उनीसँग ताछेर चुच्चो पारेका वाण थिए । उनको पीठी नाङ्ला जस्तो चौडा थिए। उनी युद्धमा चरा जस्तो फुर्तिला र बाज जस्तो क्रूर दृष्टि भएका (आक्रान्ता) थिए । उता हरिकेश भट्टको छोरा बलभट्ट घोडा चढेर डाँडै डाँडा हिँडी रहेको थियो । दुबैको भेट भयो र लड्नुभन्दा पहिले दुबैले एक अर्काको परिचय मागे । दुबैले आआफ्ना पितासहित आफ्नो नाम भने । यसै वेला भुवनले बलुको टाउकोमा हिर्काए र उसको फेटा रगताम्य भई मृत्यु पनि भयो । यसपछि राजाले मल्ललाई काँणेको गाउँ बक्सिस दिई उनलाई धन्यवाद दिए । यसमा गीत टुंग्याउँद साहित्यकारले भनेका छन् कि युद्ध एकै जुगमा हुन्छ तर युद्धका पैकेलाहरुको नाउँ चारै जुग रहन्छ ।

प्रस्तुत चैत हरि शाही प्रथमसंग सम्बन्धित देखिन्छ । राजा र प्रजाको पारस्परिक सद्भावना एवं कुमाउँको आक्रमणलाई विफल पार्न सक्ने स्थिति हरि शाही द्वितीयको पालामा कतैबाट पनि सिद्ध हुँदैन । तर यो चैत भुवन मल्लको स्मृतिस्वरूप बनाइएको र निज डोटीका गद्दीधारीहरुको परम्परा (रोल) मा नभएका हुनाले यसलाई राजाका साक्कै काका कर्ण शाहीपछि राखिएको हो ।

११- भुवन मल्लको चैत

मारिहाल्यो मछल्याका गाडी हाल्यो पित्त
हरिकेश भट्ट कुमाउँ जानि चित्त
जिजोडा नगरीको बडो ठण्ड पानी
भट्टकी मौ○ निसि☙ कसैले नजाणी
भट्टकी मौ निसी कुमैञाले जाणी
हरिकेश भट्ट करन भट्ट जायो
कुमाउ गडाइ लेइ डडेलधुरा आयो
जाहो जोलिया चेला दिपाइल जान
धाउनो धिपाउनो जोलीं दिपाइल पउच्यो
हात दियो कागजकी मुख सुजाइ × बात
डोटी खोलो मारि हाल्यो वेलीकी रात
ताँहैत महाराजकी भैछ चलाइ
तडे बाटा लेक जाइ तम्बू रोकाइ

○परिवार ☙भाग्नु, जानु ×सुझायो, भन्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफू महाराजकी तम्वू रोकाइ
चेली★ चाकरकी कुडिया रोकाइ
जाहो जोलिया चेला पचनाली जा
धाउनो घिपाउनो जोली पचनाली पौंच्यो
सय भाइ मल्लको वैठ सवाइ
क्याउ हो जोलिया चेला क्याउ सूजि बात
तुमखि□ भुवन मल्लौ कागल आयो
फैं थडि वडिको कागल आयो
वडा राजा हरि साइको कागल आयो
तसैं वचन राजौ उठिगैं सवाइ
सय भाय मल्ल पाखरूगाड※
पन्थ पनेरू पाखरूगाड
जोशी उप्रेती पाखरूगाड
खाति खँड्का पाखरूगाड
जोरा महरा पाखरूगाड
सबै थडि वडि पाखरूगाड
केटी लाल माता मेरो बोल लेन
डोटी चलि जान्छु लुगुडा सुजाइ देन
राति लायो छोयडो दिउँस धोयो वागो
सुजाया लुगुडा तेरा चिन्ठीका फूल
रानी पद्मावती मेरो बोल लेन
डोटी चली जान्छु ज्यूनार साली देन
साली ज्यूनार तेरी सगुन भुट्यो साग
जिया मैनावती मेरो बोल लेन
डोटी चली जान्छु तिलक पैराइ देन
बुबा जसुमल्ल मेरो बोल लेन
डोटी चली जान्छु हत्यार गाडी देन
ताँहैंत भुवन मल्ल चल भल कियो
ल्वाखडी माणो आइ देवी वासो लियो
ल्वाखडी दैत्य तोइ मन ध्याउँ

★ छोरी, केटी [यहाँ केटी] □ तिमीलाई ※ पाखुरा, हतियार भिक्न थाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यैं परथाम∾ खाणा जस पाउँ
खाणा जस पाउँलो त छोरी (देउकी) चढाउँलो
जाहो जोलिया चेला दान्कोट जान
थान थान▬ पैंकेला○ चेला कोराल खोला ल्यान
ताँहैं भुवन मल्ल चल भल कियो
भुम द्यौली माणौ आइ वेली वासो लियो
भुम द्यौली दैत्य तोइ मन ध्याउँ
यैं परथाम खाणा जसपाउँ
खाणा जस पाउँलोत भोफर चढाउँलो
ताँहैंत भुवन मल्ल चलुभलु कियो
राँइकर माणौ जाई वेली वासो लियो
राँइका इङड्या दैत्य तोइ मन ध्याउँ
यैं परथाम खाणा जस पाउँ
खाणा जस पाउलोत गडुवा चढाउँलो
ताँहैंत भुवन मल्ल राति दिउँस हिट
छोली छाली धनाग (वाण) नाङ्ली जसि पीठ
तडे बाटा लेक जाइ रैंकाज्यू भीट
चम्पाकी डाली वासली राई
आई पुग्यैं मल्ल तैं मेरो भाइ
शिखर पखान बरसैं हिउँ
तसो भण्या रैंकाज्यू दिउँलो जिउ
चडा जसो मल्ल बेजारा जसि डीठ
घोडा चढी बलु भट्ट डाणी काणी हीट
नाउ सार पैंकेला के तेरो नाउँ
बुवा जसुमल्ल भुवन मेरो नाउँ
नाउँ सार पैंकेला के तेरो नाउँ
हरिकेश बुबा बलु भट्ट नाउँ
शिखर पखान दूधकी कुण्ड
भुवनले हाणि हाल्यो बलुका मुण्ड
लाल सुपैंती (पगडी) पडी रगतैंका वण्ड

∾अवस्था, बेला,▬ठाउँ ठाउँका ○वीर, योद्धा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बक्सिस मल्ल क्याउ क्याउ दिउँ
रोतकी रोताली काँणेको गाउँ
नर पाठो हाम अकर भरो पाउँ
एक जुग मार भैछ चहुजुग नाउँ ।

१२- दिलपति शाहीको चैत

यसमा दिलपति शाही (?) र सिजा महाराजले मिलोमतो गरी डोटी–डडेल्धुरा र बैतडकीका विभिन्न भेकबाट खेडां (सहायता) लिई विभोगी चन्नको सेनापतित्वमा बिगा पनेरूसंग ढिक्या कोट बैतडीमा युद्ध गराई हराएको वर्णन छ । निज सेनापति विभोगी चन्नले कुमाउंबाट सहायता मागी ल्याएको उल्लेख पनि छ ।

जनश्रुति अनुसार 'बिगा पनेरू' कुमाउँबाट डोटीको लागि राजदूत खटिई आएका थिए तर डोटी आएर उनी राजदूतसम्म सीमित नरही शक्ति हतियाउन पट्टि लागे । पहिले उनको यस्तो कार्यलाई कुमाउँले अनुमोदन नै गऱ्यो तर पछि उसको बढ्दो शक्ति र भोटसँगको बढी सम्बन्धले कुमाउँ पनि रिसायो । यता डोटीले निजलाई समाप्त गर्ने विचार गऱ्यो र सिजासँगसमेत मद्दत मागी बिगा पनेरूसँग लड्न पठायो । बिगाको बढी प्रभाव डडेल्धुरा र बैतडीतिर हुनाले बैतडीकै निवासी विभोगी चन्नलाई यो कार्यभार सुम्पेको होला । निज विभोगीले कुमाउंबाट पनि मद्दत पाए र ढिक्या कोटमा दुर्ग बनाई बसेका बिगोलाई हराउन सके । यसमा अन्तमा पनेरूकी रानीले पनि लडेको वर्णन छ । पनेरू ब्राह्मण हो । बाहुनीमा पनि यत्रो साहस इतिहासको विशेष घटना हो । यो घटनाको समयबारे लेखक कुनै निर्णयमा पुग्न सकेको छैन ।

१२– दिलपति शाहीको चैत

दिलपति शाही सिजा महाराज
मत जत रचियो सेलि नउराज
कसो मत रचियो सेलि नउराज
मुकलान मारी हालूँ पैं+ जाउँला माल
इसो मत रचियो सेलि नउराज
लाइ दिय सुना देउवा हाम जाउँला सात
चौकी सुजान साइ तँ बडो बजीर

+अनि, पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोल (१६) बिसी चौकी तेरी, खेडी○ दे हजूर
बोकटा भिउपाल साई तँ बडो बजीर
आठ बिसी बोकटा तेरी खेडी दे हजूर
पुर चौँडी जय बम्म तँ बडो बजीर
ढीक प्रचूँडी तेरी खेडी दे हजूर
स्वराड किसन्न चन्द तँ बडो बजीर
बैतडी स्वराड तेरी खेडी दे हजूर
भट्ट हर केशव भट्ट तँ बडो बजीर
पान सय भुत्यूँ तेरी खेडी दे हजूर
बिष्ट बयाल बिष्ट तँ बडो बजीर
छ सय छ गर्षा खेडी दे हजूर
खेड्या मेड्या★ कटकैको◘ कहाँ होलो ठाउँ
खेड्या मेड्या कटकको ढिक्याकोट ठाउँ
खेड्या मेड्या कटकको को होलो माफी▬
खेड्या मेड्या कटकको विभोगी चन्द माफी
ताँहँत विभोगले चलु भलु कि यो
जूलकी घाट (झूलाघाट) जाई बैंसेक लियो
कोइ तऱ्या चिण्णी□ तार कोइ तऱ्या वाउँ8
ताँहँत विभोगीले चलु भलु कियो
सोर कीलँन जाइ बैंसेख लियो
ताँहँत विभोगीले चलु भलु कियो
अल्मोडा लैन जाइ बैंसेक लियो
छ मैना विभोगी चन्द अल्मोडा वस्यो
चिण्गी चिचिण्णीकी सेवा लाइव हाल्यो
सुन मेरा जोलिया सुन मेरा भाइ
चिण्णी चिचिण्णीकी सेवा कैले लाइ
स्वराडी रौतेलो∾ विभोगी नाउँ
लैजा विभोगी चन्द सारी कुमाउँ

○सामूहिक योगदान, जनसमूहको सहयोग ★एकत्रित गरेको ◘सेनाको ▬सरदार, अधिकारी □चिण्णो (लौको) नामक तरकारीलाई प्वालै नपारी सुकाई कम्मरमा बाँधी नदी तरिने 8पौडी ∾युवराज, राज कुमार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अल्मोडा लैन वासी जान्ना मोर
लैंजा विभोगी चन्न नौढुका सोर
ताँहैत विभोगीले चल भल कियो
जूलकी घाट आइ बैसेख लियो
गडाका☐ माछ फल्ला हरिया कलाउँ
कोइ तन्या चिन्डी तार कोइ बुकी बाउँ
भूंडका डाडा माथि लाइछ्छ लगार
कुमाउंको सेना आयो सात हजार
यैं ठिक्या कोट पज रन्ना रूख
पैला अनैं जुज्यो भुत्युँ सन्मुख
छमकन्छ तरवार चमकन्छे ढाल
थवया गल्या कुमैन्नाको अरि हाल्यो काल
यैं ढिक्या कोटकी हलाइ हाल्यो धुरी
दोसरी अनैं जुज्या पनेरू ज्यू पुरी
यैं ढिक्या कोटका हलाइ हाल्यो बाँसी
तेसरी अनैं जुज्या पनेरू जी काँसी
काँसी पनेरूका सुन वाद्या सिका
चौथी अनैं जुज्या पनेरू जी बिका
यैं ढिक्या कोटको सेलाउन्या पानी
खाणो छाडी फरा जुजी पनेरूकी रानी ।

१३- लाल द्यौवाको चैत

द्यौवाहरू कुमाउँतिर निकै खानदानी भनिन्छन् । यिनीहरु आफूलाई रघुवंशी भन्दछन् । यो चैतमा पनि 'सरना समला वंश' (रामको वंश) र अन्तमा रघुवंशी नै भनेको छ । डडेल्धुरा जिल्लामा पनि द्यौवाहरूका धेरै गाउँ छन् । तर यहाँका द्यौवाहरु अब ठगुरी नरही क्षत्री भैसकेका छन् । यिनीहरू हलो जोत्ने र क्षत्री वर्गसँग बिहाबारी गर्दछन् । यहाँ पनि पहिले यिनीहरुको बिहाबारी ठगुरीहरुसँग नै हुन्थ्यो र यी हलो जोत्दैनथे । एकाध सम्पन्न परिवार आज भोलि पनि हलो जोत्दैनन् ।

यसमा लाल द्यौवा नामक व्यक्तिसँग पहिले रैकाको मितेरी भएको र पछि धँतेरी (बाजाबाज) भएको उल्लेख छ । हतियारमा निपुण द्यौवाले यसको

☐खोलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बदला लिन चाह्यो र कुमाउँ बडालुबाट हिँडी बैतडी हुँदै सबै गण्य मान्य व्यक्तिलाई डर—त्रास र मेलमिलापले समेत आफूतिर मिलाई सहायता माग्दै रैकासँग लड्न आयो। तर डडेल्धुराको रेल गर्खाले भने मद्दत दिन इन्कार गरेको रहेछ। अदरूइ (?) केदरूइ (?) यिनको स्पष्ट अर्थ नभएपनि यी क्रमशः रैका र द्यौवाका पर्याय हुन्। यी दुबैको हाकाहाक भयो र रैकाका जोधाले द्यौवाको टाउको फोडी दिए। अन्तमा द्यौवाको मृत्युमा शोक प्रकट गर्दै भनिएको छ कि ऊ बिचराको हाड र घोडो डोटी रह्यो; परिवार र कोट बडालु रह्यो तर यसले के भयो र रणमा मर्ने पैकेला (वीर) को नाउँ त चारै जुग रहेकै हुन्छ।

तर जनश्रुति अनुसार यो कथा यहीँ टुंगिदैन। द्यौवाले डोटीमात्रै होइन कुमाउँ पनि थर्काएको थियो। पछि यो कारणवश डोटीतिर बढ्यो र डोटीमा रैकाज्यूसँग यसको सम्बन्ध सुधिँदै गयो। यसको बल र हिम्मतको रैकालाई पनि आवश्यकता थियो। द्यौवाले रैकालाई थिति बसाल्नमा सहायता दियो। द्यौवाको यो आगमन राम शाहीको कालमा भएको हो भन्ने बुढा पाकाको भनाइ छ। हुन सक्छ लाल द्यौवाको मृत्युपछि सो वैर साध्न आएका द्यौवाहरु बिस्तारै रैकाका मित्र, सहयोगी र प्रजा हुँदै गए होलान्। कुमाउँ अस्कोटी पालले पनि द्यौवाको सन्मान नै गर्दथ्यो भन्ने गीत पनि छ। आजभन्दा लगभग ५० वर्ष पूर्व डडेल्धुरा जैसेरा निवासी गंगाराम पनेरूले त द्यौवा वंशावली बनाएर यसको पुर्खाको सम्बन्ध भारत सागरसँग भएको र त्यहाँबाट क्रमशः बढ्दै यो उत्तरतिर आई कुमाउँका विभिन्न राजालाई भय, त्रास र मेल–मिलापद्वारा मित्र बनाई उनीहरूलाई सहयोग गर्दै डोटी आई रैका राजलाई समेत थिति बसाल्नमा मद्दत गर्‍यो भनी धेरै लामो लोककाव्य रचेका छन्। यो उनको काव्य कल्पना भएपनि जनश्रुतिमै आधारित देखिन्छ र आज भोलि द्यौवाहरू कुलीन र सम्पन्न क्षत्रीको रूपमा रहेका छन् जसमा साहस र स्वाभि–मानको प्रधानता पाइन्छ र अशिक्षाले गर्दा यी गुणहरु कहिलेकाहीँ मूर्खतापूर्ण बल प्रदर्शन गर्नमा प्रकट भएका देखिन्छन्। यो वर्गलाई पनि डोटी राजाको कालदेखि नै रजवार पद प्राप्त भएको छ।

१३- लाल द्यौवाको चैत

लाल देउवा रैका सौं मितेरी भैछ
मितेरी लाइ राजौ धैं तेरी○ भैछ
तमरी धैं तेरी धेकी हाम डर भैछ

○तँ तँ म म, बाजाबाज,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाल पगडी देउवा आँठामरि केश
तम सोरा+ थाति▬ वस हाम पर देश
तम ददा□ अघिसर हाम पछि सरू
सरना समला वंश नाठ★ असु अरू
लाल देउवाको करन देउवा जायो
जेठो भाइ लाल देउवा कान्छो भाइ रनि
जोइसी मियो जोइसी मेरो बोल लेन
डोटी चली जान्छु दिउँस हेरी देन
आउँलीकी हिरौंदा हेराउन राखि
दिन भलो जुड्योछ बुधवार राति
रघुवंशी देउवा हत्यारैको पूरो
हत्यारैको पूरो देउवा कटारी ठेस
कटारी ठेस देउवा कम्मर कस
ताँहैत देउवाले लियोछ पयान
साँगडी पिपल आइ मोल बियान
साँगडी पिपल आइ मागी हाल्यो भात
बुढो देलो वाखरी प्रजा देली भात
ताँहैत देउवाले चलभल कियो
बैंतडी हाट आइ बेली वासो लियो
बैंतडा कालु मेरो बोल लेन
रैंकाकी जान्छु कटक हाम देन
वैंतडो कालु भौतं व जोड
जो तिर वलियाकी सो तिर तान
दिउँला कटक देउवा आफू जाउँला साथ
ताँहैत देउवाले चल भल कियो
पाटन सोराड जाइ बेली वासो लियो
राम स्वराडी राम मेरो बोल लेन
रैंकाकी जान्छु कटक हाम देन
दिउँला कटक देउवा आफू जाउँला साथ

+भाइबन्धु, ▬सुरक्षित, (पछि काम लाग्ने गरी) □दाजु, ★नाक काटिनु, अपमान हुनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ताँहैत देउवाले चल भल कियो
डडोला वसना आई बेलीवासो लियो
डडोली वसानी ऐर तै मेरा भाइ
रैकाकी जान्छु कटक दिय लाई
दिउँला कटक देउवा आफू जाउँला साथ
ताँहैत देउवाले चल भल कियो
रेल गर्खा आइ बेली वासो लियो
रेला वामन मेरो बोल लेन
रैकाकी जान्छु कटक हाम देन
कटक दिनैन देउवा गर्खा हामरो
ताँहैत देउवाले चल भल कियो
डोटी रे खोला आइ बेली बासो लियो
अदरै केदरै भइ हाका हाक
अदरुइकी हाँडी साँट केदरूइका मुंटा○
काँ नेरा हाड रया∾ काँ तेरी मौ● छ
डोटी रया हाड खोड बडालु मौछ
काँ तेरो घोडो रयो काँ तेरो कोट
डोटी रयो घोडो तेरो वडालु रयो कोट
जौँ गडा ज्वांतो धान गडा साउँ
रनपडन्या पैकेलाको चौजुग नाउँ ।

१४- पिरिबोराको चैत

यो पिरिबोरालाई पिरि मल्ल र कँवर पनि भनेको छ जो सन्मान-सूचक मात्रै हो । यो डडेल्धुरा गठगर्खा निम्तोलाको निवासी थियो । राजा राम शाहीको पालामा कुमाउँमा यो डोटीको पैकेलाको रूपमा लड्न गएको थियो र कुमाउँका पैकेला विजैचन्द्रद्वारा मारिएको थियो । निजलाई कुमाउँसँग लड्न पठाउँदा उता खैरीगढमा पनि मुगलहरुले उत्पात मचाएका थिए। यो कुराको संकेत पिरिबोरालाई दिनुको अर्थ उसले कुमाउँ जिती मुगलहरुसँग पनि लड्नुपर्ने थियो जसलाई उसले निम्तोला अकर भरो (करविहीन पुरस्कार) पाउँदा सहर्ष स्वीकार पनि गरेको थियो । परन्तु बिचराको केही लागेन । उसले

○टाउकोमा, ∾रहे, ●परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुमैआको प्रशस्त क्षति नपुऱ्याएको होइन तर आफैं मारियो । यसबाट राम शाहीको पालामा कुमाउँर मुगल दुवैसँग डोटीले संघर्ष गर्नुपरेको थियो भन्ने प्रमाणित हुन्छ तर पिरिबोराको मृत्युले मात्र हार, जित वा सम्झौता के भयो भन्ने निर्णयमा पुग्न सकिँदैन । यसको निमित्त अरू खोज गर्नुपर्ने भएको छ ।

१४- पिरिबोराको चैत

डोटी कुमाउं ढुकुरीकी खीर
पिरि मल्ल चलिगया रैंका सौंकी भीट
पिरि मल्ल कँवर विजैं चन्न बालो
तपि राम साइको कुमाउँ लाग्यो चालो
मारि हाल्यो बाखरीको बनाइ हाल्यो भोज
डोटी कुमाउँका पैंकेला रोज
कुमाउँको पैंकेलो विजैं चन्न होइ
डोटीको पैंकेलो गढ पिरि बोरो
जान जोलिया चेला नितोला जान
नितोला जाइ पिरि बोलाई ल्यान
भाइ जितारू सि मेरो बोल लेन
सुना भाट वामन बोलाइ हाम देन
सुना भाट वामन मेरो बोल लेन
पिथौरा गढ जान्छु दिउँस हेरी देन
आउँलीको हिरौंदा□ हेराउन मि राखी
दिउँस भयो जुड्योछ बुधवार राति
घोडो बादयो दुवी चौड आफुम्यो सवाइ
ढोग हाल्यो ढोइ वोरा सेवा हाल्यो लाई
कैको छ नाति पूत कैंको छ जायो○
किसनैको नाति पूत भता रानी जायो
तइ पिरि बोरा मेरो बोल लेन
पिथौरा गढको अगेवान लेन
अगैवानी लिउँला रानी रोताली+ पाउं
बांसकी धान वारी नरंको जोफ
तेरी रोज पिरि बोरा हामरी कुरोज

□औंठी, ○जन्मेको, +बक्सिस,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रातेकी रोताली कांडेको गाउँ
निम्तोला राजौ अकर भरो ★पाउँ
चन्न सूरज दीपनी घाम
तलि हेर पिरि बोरा मुगलैकी राम
मुगलैकी राम खैरी गढ चामल
खैरी गढको राजौ दइ भात खाउँला
दैं भात खाइ बोरो अरलो घुमनी
अरल्लै घुमनी बोरा हालुलो पैराई
मारू कडारू रतनकी खाई
पिरि बोरा पउँच्यो पिथौरा गढ जाइ
सिनि हाल्या फगुलीको राखि हाल्यो फेर
आइ पड्या बोरो कसैकी न हेर
सनि मुख रनि मुख बोरो लडन्थ्यो'
कुमैआकी जुल्फी समाइ खेल खेलन्थ्यो
गात लागी पिरिका हत्यारकी धार
दुइ साँट भुत्याकी तीन तलवार
बोराकी निम्ति बाजलो सानु
आफु बोरो भलो थियो वैंस होइयो नानु
छम्कन्छे बगपूँछ रन्कन्छे घाँट
तोइ पछि पिरि बोरा वंशैकी नाठ

ढुस्को

लोही भिजी रैछ पिरी बोराको
गातैको वागो पिरी बोराको
पहरीले लैयो पिरी बोराको
मथाकी साइ पिरी बोराको
पहरीले लैयो पिरी बोराको, पौनैको छुरो पिरी बोराको
पहरीले लैयो पिरी बोराको, कलखौवा घोडो पिरी बोराको
पहरीले लैयो पिरी बोराको, छैकस्याबालो पिरी बोराको
पहरीले लैयो पिरी बोराको, ढालतलवार पिरी बोराको
पहरीले लैयो पिरी बोराको, खुँडा खुकुरी पिरी बोराको

★करविहीन तमाशा, लीला, कार्य, दही, स्यानो, छोटो रगत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहरीले लैंयो पिरी बोराको, खांडो कटारो पिरी बोराको
पहरीले लैंयो पिरी बोराको, बाउलीको बाउडंड पिरी बोराको
लोही भिजी रैंछ पिरी बोराको, कौडेली आँखी पिरी बोराको
लोही भिजी रैंछ पिरी बोराको, घुमरेली जुल्फी पिरी बोराको

पिरि बोराको ढुस्को

ढुस्को प्रायः सबै वियोगान्तक चैतको अन्तमा पाइन्छ । यहाँ विषय वस्तु एउटै हो केवल लयको फरक हुन्छ । यो ढुस्कोमा मर्ने वीरप्रति शोक र विलाप प्रकट गरेको हुन्छ ।

यसमा पिरि बोराको भेटो रगतले र पहरी (प्रहरी) ले उसको फेटा, छुरी, घोडो, ढाल–तरवार, खुँडा–खुकुरी आदि लगेको मार्मिक वर्णन छ । यहाँ यो नमूनाको लागि मात्र दिइएको हो । यसको कुनै ऐतिहासिक महत्व त अवश्य छैन । तर देशको निमित्त मर्ने वीरहरुप्रति जनभावनाको व्यथा र श्रद्धापूर्ण रूप छलंग भएको छ । यस्तो सबै चैतको उत्तरार्द्धमा सम्झनुपर्दछ ।

१५- किसा बिष्टको चैत

यो किसा विष्ट हरि शाही द्वितीयको पंकेलो हो । आफ्नो चारैतिर–बाट पराजय भैराखेको बेला सो हरि शाहीले यो बिष्टलाई मलवारामा लड्न पठाए । यो बेला मुसलमानहरुले कैलाली कंचनपुरमा आफनो प्रभाव जमाएका थिए । किसा विष्टलाई लड्न जाने कागल (सूचना) मिलेपछि यो कसको सूचना हो भनी सोध्यो र दूतले साउन भंडारी, भट्टकठाइत, पन्त–पनेरू, देउवा बोगटी आदि थरिवरि (देशका सबै निवासी) को आदेश हो भन्दा निज बिष्टले त्यस्तो हुन सक्दैन भन्दा सो दूतले बाध्य भएर राजा हरि शाहीको सूचना भन्यो । यसबाट यो प्रकट हुन्छ त्यो बेला जनता युद्ध गर्ने पक्षमा थिएन तैपनि राजाको आदेश अनुसार किसा बिष्ट मलवारा गयो र सैंकडौं शत्रुसँग एक्लै लडी अन्तमा मारियो ।

यो चैतको उत्तरार्द्धमा राजा हरि शाहीसँग सोधिएको छ कि उनले किसा बिष्टलाई नाहकमा किन मराउन लाए । फेरि जवावमा भनिएको छ कि यो उनको पुरानो दगा (रीस) थियो । यसले डोटी राज्यको अन्तिम कालको जनभावना र स्थितिको संकेत दिन्छ । हरि शाही द्वितीयको पालामा जनताको राजाप्रति कुनै श्रद्धा र सहयोगको भावना थिएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१५- किसा बिष्टको चैत

पैल्लीकी उत्पात क्याउलागि भैंछ
बोल्या वचनकी उत्पात भैंछ
जसु किसु बिष्टैंको चानुलागि गैंछ
चानो जति लागि जालो सिउँचिर आउँला
सिउँका पूरनि मल्ल पालो मागी खाउँला
तमखित किसा बिष्टौ कागल आया
कै थडि बडीका कागल आया
साउन भंडारीका कागल आया
भट्ट कठायतका कागल आया
पन्त–पनेरूका कागल आया
देउवा बोगटीका कागल आया
तिन थडि वडीका कागलैंन आया
बडा राजा हरिसाइका कागल आया
काकल के आया राज जियडीको काल
लैंजाहो किसा बिष्ट चढन्या घोडो
मलेवार जाइ आउँछु पैं लैं जाउँ घोडो
ताँहंत किसा बिष्ट चलभल कियो
देउरा मसान आइ बेलीवासो लियो
देउरा मसानी दंत्य तोड मन ध्याउँ
ताँहंत किसा बिष्ट चलभल कियो
जैंतडी सेरा आइ बेली वासो लियो
ताँहंत किसा बिष्ट चलभल कियो
खुनी पलेटा आइ बेली वासो लियो
खुनी पलेटाका भुकन्ना कुकुर
माल जान्ना किसा बिष्ट मुख सुकुर
खुनी पलेटाइको मौन सिंया लुल
मौन सिंग्या लुल मेरो जियडीको काल
मौन सिंग्या मारी हालु पइ जाउँला माल
खुनी पलेटाइको गलसेलो पानी

भाग्य फुट्नु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाँकट फरन्नी विठ्ठैकी रानी
ताँहैत किसा बिष्ट चलमल कियो
ऐरोडा निंतोला आइ बेली वासो लियो
ऐरोडा निंतोला गर्खा= ह्रामरो
कति गाउँ पर्वत कति गाउँ माल
सय गाउँ पर्वत असी गाउँ माल
दूद धारी खान्छैत न्वाघर जान
शिरधारी खान्छैत मालैनो जान
ताँहैत किसा विठ्ठ चलमल कियो
खार खुचडा जाइ बेली वासो लियो
ताँहैत किसा विठ्ठ चलमल कियो
मल्लवारा जाइत वेली वासो लियो
किसा बिष्ट पडि गैछ सयकी अंगाल
सयकी अंगाल किसा लैं लैं हिंड्यो
किसाकी गर्दन वैरीले गिंड्यो
क्याकि मारी हरि साइ गौंडीको बाग◆
जौं गडा ज्वाँतो धान गडा साउ
कस्याको दागा◆ बिसरी कसु जाउँ
साथ सथोला भाइ जतन घर गया
मेरो दियो लाडु चिउडो बाँडी चुँडी खाया
बबाज्यू जसुखि रूनु छ कया
इजुज्यू मयेडी खी आउनैछ कया
देउवाकी चेली खी ह्राम साथ आया
बोगटीकी चेली खी छोराइ पालिरया
मालैका कागल स्वाकट आया
जसुबिठ्ठ रजवार बाउली चुटी रोया
जौं गडा ज्वाँतो धान गडा साउँ
एक जुग मार भैछ चउ जुग नाउँ

=भेक, ◆बाघ, ◆ईर्ष्या, रीस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१६- रुपा शाहीको चैत

यसमा पूर्व र पश्चिमको बीच पाज (झगडाको निहुँ) उठी लडाईँ भएको र सो लडाईँमा डुमराकोट निवासी पाइक (योद्धा) रुपा शाही मारिएको वर्णन छ । यो बेला राजा दीप शाही थिए जो दिपाइलको दरवारमा वस्दथे । पूर्वबाट अमरसिंहले विजय गर्दैं जाँदा यसै दिपाइल कोटमाथि आक्रमण गरे होलान् । यहाँको भौगोलिक स्थितिनै यस्तो छ कि अछाम बझाङ्बाट पश्चिमतिर बढी रहेको विजयी गोर्खाली सेनाले दिपाइललाई छोडेर डुमराकोटमा पहिले आक्रमण अवश्य गरेन होला । तर डोटी राजाको तर्फबाट लड्ने मुख्य सेनापति यसै डुमराकोटका निवासी रूपा शाही भएका हुनाले राहुल सांकृत्यायनले डुमराकोटकै युद्धमा डोटीका अन्तिम राजाको पराजय भयो भनी लेखेका छन् ।

यो युद्धबारे स्थानीय जनश्रुति पनि नभएको होइन । दीप शाही पनि जनप्रेमी भएका देखिँदैनन् । हरि शाहीको अत्याचारी परम्परालाई यिनीले पनि कायमै राखेको देखिन्छ । ज्योतिषीहरुले यिनीलाई राज्यभ्रष्ट हुने योग परेको छ भन्दा यिनीले सबै पंडितहरूलाई जम्मा गरी सम्पूर्ण राजयोगले भरिएको अर्को चिना बनाउन लाएका थिए । यसको निमित्त कुमाउँका ज्योतिषीहरु पनि बोलाइएका थिए । ज्योतिषीहरुले चिना त बनाइदिए तर त्यो चिना निज दीप शाहीको नभैकन शर्वशक्तिसम्पन्न काल (समय) को थियो जसको दुरतिक्र-म्यतालाई राजा भएर पनि उनले चिन्न सकेनन् र अन्ततोगत्वा उनी आफ्नो दीन र हीन चिना अनुसार उक्त सर्वशक्तिसम्पन्न कालद्वारा पराजित भए ।

यी दीप शाही आफ्ना पूर्वजहरुको अत्याचारको साथसाथै एक कदम अघि बढेका देखिन्छन् । पूर्वबाट बढिरहेको विजयी गोर्खाली सेनाको समाचार पाएपछि यिनी स्थानीय देवीदेवताको खोइरो खन्न पट्टि लागे । देवताका धामी (झाँक्री) लाई बोलाएर यी विकट परीक्षा गरी उनीहरूका देवताद्वारा आफ्नो राज्य सुरक्षित गर्ने आशीर्वाद लिन चाहन्थे । भनिन्छ कि यस्तो परीक्षा गर्दा पातका विभिन्न बोहतामा मानिसको मूत्र राखेको हुन्थ्यो जसको बीचमा एउटा बोहतामा गोमूत्र पनि । ती सयकडौं बोहताबाट जसले गोमूत्रलाई चिनी पान र अभिषेक गर्दथ्यो उसलाई मात्र देवताको असली झाँक्री मानी गुठी आदि दिइन्थ्यो । अरू मानिसको मूत्र पान गर्ने झाँक्रीलाई प्राण दण्ड वा कैद गरिन्थ्यो । जनश्रुतिमा त यहाँसम्म भनिन्छ कि त्यस्ता असफल झाँक्रीलाई बोरामा बन्द गरी सेती नदीमा बगाई दिइन्थ्यो । यो थियो दीप शाहीको अत्याचार जसले मानवलाई मानवको मूत्र पिलाई जघन्य अपराध गरे । सूर्यवंशी डोटी राजाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलमा लागेको यो कहिले न मेटिने कलंक हो ।

अन्तमा देवताले पनि यो बर्बर अत्याचारको विरोध गर्न सर्पको रूपमा प्रकट हुनुपर्‍यो । भनिन्छ कि सम्पूर्ण देवशक्ति एकै धामीमा अवतरित भयो र (जसले यो मानव मूत्र जस्ता अनेकौं विकट परीक्षा सजिलैसँग उत्तीर्ण गरिसकेको थियो) उसलाई राजाले गुठी आदि दिन्छु भनी आफ्नो राज्य थामी दिने प्रार्थना गरे । तर यस्ता प्रलोभनमा नफसेर उनले दीप शाहीलाई धिक्कार्दै भने 'तैंले हद गरिस् । अत्याचारको सीमा नाघिस् । मेरा भाइबन्धुलाई मानव मूत्र पिलाइस् । म तँलाई दण्ड नदिई छोड्दिनँ । तेरो राज्य छ महिनाभित्र हरण हुनेछ ।' अब दीप शाही भय र क्रोध, दुबैले चूर भए । उनले यसको प्रमाण मागे । देवताले भने 'उ हेर्, शिखरबाट ठूलो सर्प आउँदैछ । ऊ सेती नदीमा पस्नेछ । यदि उसलाई पस्न नदिइकन मार्न सकिस् भने तेरो राज्य सधैं रहनेछ । आधा मात्र काट्न सकिस् भने आधा जीवनसम्म तेरो राज्य रहनेछ । पुच्छर मात्रै काट्न सकेमा ६ महिना मात्र तेरो राज्य रहनेछ ।' राजाको निमित्त एउटा जाबो सर्प मार्नु के ठूलो कुरा थियो र । अब दीप शाही सदलबल सेती नदीको किनारमा हातमा नांगो तरवार लिएर उभिए । सर्प पनि आयो । भनिन्छ कि त्यो सर्पसँग प्रबल आँधीब्यारी पनि आएको थियो । सर्पको अग्रभाग हेर्न नसकिने भयानक थियो । उसलाई देखेर सारा सेना र सेनापति किंकर्तव्य विमूढ भए । स्वयं दीप शाही पनि स्तब्ध भए । सर्प आफ्नो शान र वेगका साथ नदीभित्र पस्यो । अब दलसहित राजालाई होश भयो तर के गर्नु सर्प त सेतीको गहन जलधारमा विलाई सकेको थियो । तर उसको पुच्छर अझै पानी बाहिर थियो र दीप शाहीले पूरा शक्तिले नांगै तरवारको प्रहार गरे । एक बित्ता पुच्छर काटियो तर काटिनै बित्तिकै सुनको भयो । यो कथा कथा नै किन नहोस् तर प्रशासनको अत्याचार र निरंकुशतालाई समाप्त गर्ने सार्वजनिक संकल्पको अबध्य सर्पाकार रूप योभित्र पाइन्छ । कोही यो देवतालाई काफली कोही मष्टो र कोही ल्वाखडी हो पनि भन्दछन् र यो सुनको पुच्छर अद्यावधि यिनै देवताहरूको कुनै गुप्त भंडारमा विद्यमान छ भन्ने विश्वास लिइन्छ । यो किंवदन्ती प्रायः सबैलाई थाहा छ ।

यसपछि हतोत्साहित दीप शाही लडाईंको तयारी गर्न थाले । जनता उनको साथमा थिएन । देशका योद्धा (पाइक) हरूमा लड्ने इच्छा कत्ति पनि नरहेको र जनतामा पनि आफूप्रति कुनै श्रद्धा र विश्वास नपाएको हुनाले उनले आफ्नै खानदानको रूपा शाहीलाई यो कार्य सुम्पनु पर्‍यो । उसले गहत र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोदो प्रशस्त मात्रामा जम्मा गऱ्यो र गोर्खाली फौज आउने बाटोमा छरिदियो। दिपाइलको राजदरवार जसलाई गनैंगौंडा कोट भन्दछन् एक चुच्चो परेको टाकुरामा छ र जसमा पुग्न चारैतिरबाट ठाडै उकालो छ । यस्तो उकालोमा गहत र कोदो प्रशस्त मात्रामा छरिदिएपछि गोर्खाली सेना चिप्लेर मर्नेछ भन्ने उसको विश्वास थियो। यो त उसको अन्तिम सुरक्षात्मक तयारी थियो । तर कस्तो बालक बुद्धि ! पूर्वबाट अनेक डाँडाकाँडा र खोला नदी नाघी सबै बाईसे चौबीसे राजाहरुलाई वश गर्दै आएका गोर्खालीहरुले नारीको घाटमा डोटीको सेनापति रुपा शाहीलाई मारी सम्पूर्ण सेनालाई वशवर्ती बनाइसकेपछि गहत र कोदो जस्तो खाद्यान्नलाई के सम्झे होलान् । कोही भन्दछन् रूपा शाहीको मृत्युको समाचार सुनेपछि दीप शाही रातारात भागी खैरी गढ सिंगाहीतिर लागे तर कसैको भनाइ अनुसार उनी गोर्खाली सेनाद्वारा वन्दी बनाइएका थिए र अमरसिंह थापाले 'नेपालका श्री ५ लाई मानी बस' भन्दा दीप शाहीले सो कुरा अस्वीकार गरी डोटी छोडी हिंडेका हुन् ।

डोटीबाट हिंडे पछि उनी सोझै सिंगाही गए या भारतका अन्य ठाउँमा गए यसबारे खोजी हुन बाँकी नै छ तापनि जनश्रुति अनुसार उनी सिंगाही (खैरीगढ) नै गएको बुझिन्छ । सो अनुसार निज दीप शाही गोर्खाली सेनाको हातमा नपरिकन रातारात भागेका पो हुन् कि भन्ने तर्क पनि गर्न सकिन्छ । उनका आत्मीय नोकरमध्ये एक जना बलिष्ठ व्यक्तिले उनलाई भगाउनमा सर्वप्रथम साथ दिंदा अरू पनि तयार भएछन् र उनको सरसामान र गरगहना आदि मूल्यवान् सम्पत्ति बोकी हिंडेछन् । तर सुन भने उनको विश्वास प्राप्त नोकरले नै बोकेछ । सो सुन भारतमा एक्कासि लग्न डर मानेर विधिपूर्वक नक्सा बनाई बाटामा पर्ने बयाला गढीमा गाडिएछ जो पछि उनका वंशजहरुले आई नक्सा बमोजिम खनी लगे भनिन्छ । त्यो विश्वास प्राप्त नोकर निजलाई अर्को चोटि भेट्न जाँदा पुरानो दुःख सम्झिन्छ भनी भेटै नदिई बाटाको खर्च दिएर निज दीप शाहीले पठाइदिएछन् । त्यत्ति गर्दा पनि त्यो नोकरले स्वामी-भक्ति र इमानदारीले गर्दा सो सुन नत आफूले लियो नत अरूलाई नै सो गाडेको निश्चित ठाउँको जानकारी दियो । यसबाट पनि दीप शाहीको कृतघ्न हृदयको परिचय पाइन्छ । तर आफू सिंगाहीमा जमी सकेपछि उनले गुरू—पुरोहित भने डोटीबाटै मगाए ती थिए पन्त, पनेरू, जोशी र उप्रेती जसको अद्यावधि सिंगाही (खैरीगढ) मा घर—जग्गा र बसोवास छँदैछ । तिनको एक शाखाका व्यक्तिहरूले पनि त्रिकौलिया भन्ने ठाउँमा बसी यिनै गुरू-पुरोहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई मानेका थिए । अंग्रेजको समयमा यो सिगाही (खैरीगढ) पनि एक ससानो रियासत थियो । यो कैलालीको सिमानाबाट १५ —२० मील दक्षिणतिर भारतमा पर्दछ ।

अब दीप शाहीलाई प्रसंगवश भारतमा पुऱ्याई सकेपछि फर्कौं डोटीतिर । मान्धाता शाहीको पालादेखि नै डोटीको बझाङ, बाजुरा र अछामसंग कट्टर शत्रुता रहेको बुझिन्छ । तर यी राज्यहरुको बेग्ला बेग्लै वा संगठित शक्तिले पनि डोटीसँग लड्न सक्ने स्थिति थिएन । यस्तो अवस्थामा अमरसिंह थापालाई यिनीहरुले खुले आम स्वागत र समर्थन गर्नु स्वाभाविक थियो र गरे पनि । अमरसिंह थापालाई पनि पश्चिम नेपालको एक मात्र शक्तिशाली र गौरवी राज्य डोटीलाई वशीभूत गर्ने यो अनुकूल औसर थियो । यसरी आफ्नै जनता र छिमेकी राज्य आफ्नो विरोधमा गएको थाहा पाएर पनि शत्रुको अधि टाउको नझुकाई आफ्ना बल र बुताले भ्याएसम्म लड्नु डोटी राजाको पनि गौरव र स्वाभिमान थियो । उनी एक्लै लडे तर जितेनन् । उनी भागे तर हार स्वीकार गरेनन् । यो थियो डोटी राजाको सूर्यवंशी खूनको प्रभाव जसलाई उनका तमाम अत्याचारको वावजूद पनि एक इतिहासकारले सम्मान नदिई रहन सक्दैनन् ।

बझाङी र अछामी राजाले यसै समर्थनको फलस्वरुप सामन्त राज्य पाए । तर डोटीको यो स्थिति रहेन । केही वर्षसम्म डोटी राजाका भाइबन्धु— हरुले ठेका राज्य अवश्य चलाए तर पैतृक परम्पराको रूपमा होइन । यो ठेका जुनसुकैले लिन सक्थे तापनि राजनैतिक दृष्टिकोणले प्रायः तिनीहरूलाई नै दिइन्थ्यो । तर जनताको अधिकारमा भने अमरसिंह थापाले कुनै हस्तक्षेप गरेको र गोर्खाली सेनाले डोटीमा कुनै उल्लेखनीय अत्याचार गरेको सुनिंदैन ।

यदि कर्णाली पश्चिमका सबै राज्य र जनता मिली संयुक्त रूपले लडेको भए अमरसिंहलाई यति सजिलोसँग विजय हात लाग्ने थिएन ।

अब रूपा शाहीको चैतको व्याख्या गरिदिनु उपयुक्त भएको छ । यसमा रूपा शाहीका पिताको नाउँ कमलाकर र काकाको नाउँ भवानी शाही भनी लेखिएको छ । साथसाथै युद्धमा जाँदा निज रूपा शाहीले भवानी शाहीसँग मात्र अनुमति लिएकोले त्यो वेलासम्म यी कमलाकर शाहीको मृत्यु भैसकेको प्रमाणित हुन्छ । यसमा रूपा शाहीले बबा (यहाँ काका) भवानी शाहीसंग यो पनि भनेका छन् कि विजयी गोर्खाली आए भन्दैमा नलडी शरणागत हुनु ठीक छैन । यसबाट यो बुझिन्छ कि जनताको सायसाथै अरू शाही परिवारको पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लड्ने इच्छा थिएन र राजा दीप शाही र सेनापति रूपा शाहीको इच्छा र हिम्मतले मात्र यो युद्ध लडिएको हो। यो युद्धको तयारी गोर्खाली सेनाले दुल्लु लिएदेखि नै भएको देखिन्छ। यो चैतमा 'पंराउन (पुरस्कार) दिउँलो डुमराकोट जाई' भन्ने उल्लेख भएको छ। जसबाट रूपा शाहीलाई निकै अधिकार प्रत्यायोजित भएको देखिन्छ। उनले राजाको दरवारको स्थानमा आफ्नै घर र ओहदाबाट विजयी सेनालाई पुरस्कार दिने अधिकार र सम्पत्ति पनि पाएका रहेछन्। गोर्खाली सेनाका गुरुङ—नेवारको अनकस्या (नबुझिने, अपठ्यारो) बोलीको पनि यसमा चर्चा भएको छ। यसबाट यो थाहा हुन्छ कि त्यो बेलासम्म डोटीमा गुरुङ—नेवार आदि मंगोल वर्गको प्रवेश भएको थिएन। रूपा शाहीको मृत्युको खबर डुमराकोट पुऱ्याउन जोलिया (दूत, सिपाही) ले रातदिन हिंड्नु परेको उल्लेखले पनि यो युद्ध डुमराकोटभन्दा निकै टाढा लडिएको थियो भन्ने प्रमाणित हुन्छ। तर यहाँको भौगोलिक स्थिति थाहा नपाइकन सेनापतिको नाउँ र गाउँले मात्र डुमराकोटको युद्ध भन्नु, रैका राजलाई रैनका राज भने जस्तै भ्रम र जबर्जस्ती हो। यो हुन सक्छ कि विजयपछि राजालाई स्थायी दरवारमा नपाई तथा अन्य कारणले पनि यस्ता सेनापतिको घरको तलासी लिन गोर्खाली सेना डुमराकोट पनि पुग्यो होला। तर प्रस्तुत चैतमा त यो पनि उल्लेख भएको छैन। रूपा शाहीको मृत्यु भएपछि उनका दुइ रानीमध्ये चन्नकी छोरी सलचढी (सती) गएकी र द्यानकी छोरीले बालक समाती विलाप गरेको तथा डुमराकोटको ढुकुरो (वीर) ढलेको करूण रसपूर्ण वर्णनको साथसाथै उधवसाई पनि सोही युद्धमा मारिएको कुराको यो चैतमा उल्लेख भएको छ।

यो थियो डोटी राजाहरुसम्बन्धी लोकसाहित्य। डोटीका प्रथम राजा निरै (निरय) पाल बाट लिएर अन्तिम राजा दीप शाहीका सेनापति रूपा शाहीसम्मको न्यूनाधिक वर्णन यो लोकमहाभारतमा भएको पाइयो। यदि यसको साहित्यिक कलेवरप्रति इतिहासकारहरुको परिचय र आस्था छ भने यो भित्र राजनैतिक इतिहासमात्रै होइन सम्पूर्ण सामाजिक स्थितिको नै चित्र खिचिएको उनीहरुले पाउनेछन्। यो त इतिहासकारको प्रतिभामाथि निर्भर गर्दछ कि यसबाट कति तथ्य र सत्य उनीहरुले लिन सक्दछन्। यहाँ साहित्यका विभिन्न विधा (चैत, चाँचरी, मैती, ढुस्को, धमारी र लोकोक्ति) को भावबाट समय र घटनाको अनुमान लगाउनुपर्ने कुरा बिर्सिनु हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निष्कर्ष

अब विगत तथ्यको साधारण सिंहावलोकन गरेर प्रस्तुत लेखलाई अन्तिम रूप दिनु उपयुक्त ठान्दछु। यसो गर्दा डोटी राजाका दुइटा प्रमुख दरवार (कोट) को साधारण चर्चा उपयुक्त नै हुनेछ। ती दुइ कोटको नाउँ हो अजँमेरकोट र दिपाइल (गनँ गौँडा) कोट।

अजँमेरकोट

यसको नाउँ किन अजँमेर राखियो भन्ने कुराको टुंगो लगाउनु अलि गाह्रँ छ तथापि यसको निमित्त दुइटा तर्क उपस्थित गर्न सकिन्छ। प्रथम यो कि त्रिलोकी पालपछि वंशावलीमा अजँ पालको नाउँ पनि आएको छ र उनी राजा हुँदा यसको शिलान्यास भई उनकै नाउँमा यसको पनि नामकरण भएको हुन सक्दछ। अर्को कुरा के भने चारैतिरबाट आफ्नो अजेय भौगोलिक स्थितिले यसको नाम अजयमेरु (जित्न नसकिने पहाड) रहेको हुन सक्दछ। जे होस्, यो खोजको नै विषय छ। यसको निमित्त त्यसैको तल देवलहाटमा रहेका विभिन्न शिलालेखबाट पनि सहायता लिन सकिन्छ जसलाई मैले यो वर्ष समयाभावले पूरा पढ्न सकिन जति पढेँ त्यो निम्न प्रकार छः–

१– निरं पालको देवल शाके १२८४

२– ... ... राम भंडारी ... ...

३– ... . यं माला १३०६ शाके

४– ॐ स्वस्ति ।। स जयति सुरदैत्यानंद रुद्देवदेव

स्तदधिगत भवानी भूषिताभूषवेषः
जगति विततरूपा मूर्त्तयोष्टौ हि यस्य
क्षितिजल पवनात्मव्योमि वन्हींदुसूर्याः ।।

तस्मादभूत्पर्वतराजपुत्र्याः
श्रीकार्तिकेयः सुरवाहिनीशः
व्यधायि येनामर वन्दि मोक्षः
पांचाहि केनाहत तारकेण ।।

अजनिसहजपालस्तस्य पुत्र प्रतापी

... ...

... ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिग्दर्शन

यो कोटको पूर्व—समैज्यू देवताको माणी, नदी, ग्यैमाणी र पोखरा
पश्चिम—वेताल माणी, नौगाउ डुमरी, बगरकोट र गोलाई
दक्षिण—नदी
उत्तर—देवलहाट, जिजोडा, रोल्ली पल्यौडो,
डुडला आदि गाउँ र घनघस्या (गणेश धुरो) को लेक
पूर्व-दक्षिण—डडेल्धुरा, हरणि, भलिया आदि गाउँ र ठाउँ पर्दछन् ।

वर्णन

यो राजदरवार जो उक्त निरै पालको शिलालेख (शाके १२८४) भन्दा पहिले बनिसकेको थियो आज भग्नावशेषको रूपमा विद्यमान छ । यसको विशाल मूल ढोका त अद्यावधि आफ्नो छानो मात्र खसालेर यथावत् उभिएको छ । दरवार योजनाबद्ध तरिकाले बनेको देखिन्छ । सम्पूर्ण दरवारको लम्वाइ ३०० गजभन्दा बढी र चौडाइ ५० गजभन्दा कमै देखिन्छ । यो एक पहाडको टाकुरो हो जसको तीन तिर नदीले घेरेको छ र उत्तरबाट योसँग आबद्ध पर्वत-शृंखलालाई काटेर विशाल कृत्रिम खाई बनाइएको छ । यसको टाकुरामा पुग्ने प्राकृतिक बाटो छैन । चारैतिर चट्टान भएको हुनाले यो स्वयं अजेय छ । पहिले चौडा कृत्रिम बाटो बनाएको देखिन्छ जो अब नष्ट भएर नयाँ बाटो बनाइएको छ । यसप्रकार प्राकृतिक दुर्गभित्र कतिपय घर र कोठा देखिन्छन् । कोठाहरुको प्रत्येक भित्ता (गाह्रो) को चौडाइ दुइ हात जति छ । दक्षिणपट्टि केही खुला मैदान र साधारण घर तथा नदीसम्म पुग्ने सुरुंग पनि देखिन्छ जो अब पुरिइसकेको छ । यो कोटबाट नदी सोझै दुइ सय गज जति गहिराइमा पर्दछ । प्रबल चट्टानको आधार नभैकन यस्तो सोझै ठाडो टाकुरो अड्ने प्रश्न उठ्दैन त्यही पनि नदीले घेरिएर । यस्तो चट्टानमा दुइ सय गजसंम भित्रैभित्र सुरुंग बनाउन निकै साधन, जुक्ति र खर्चको आवश्यकता पर्‍यो होला । भनिन्छ कि यो रानीको नुहाउन जाने गुप्त बाटो हो जो निकै चौडा र सुबिधापूर्ण हुनुपर्दछ ।

दरवारका ढुंगाहरू अवलोकनीय छन् । दलीन र थाम पनि ढुंगैका छन् । प्रत्येक थाममा बुट्टा कुँदिएका छन् जसमा गुह्येश्वरीको जस्तो कलश प्रमुख हो । यो कलश प्रायः सबै मुख्य थाममा देखियो । आज यी सुन्दर ढुंगा र कलशे थाम पनि भूमिमग्न भैसकेका छन् । यति भएर पनि यो धराशायी दरवार र यसको शानपूर्बक ६१० वर्षदेखि उभिएको मूल ढोकाले दर्शकमाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाव नपारी छोड्दैन ।

यो दरवारभन्दा धेरै तल नदीको किनारमा र बाटामा समेत बैठकहरु बनेका छन् जसमा कुनै खंडित भैसके र कुनै प्रायः यथावत् नै छन् । यसै नदीको किनारमा अलि अग्लो ठाउँमा पाइने विभिन्न जलस्रोतमा रमणीय जलाशय बनेका छन् जसमा चारवटा त अझै पानी पिउन हुने छन् । प्रायः सबै जलाशय (न्वाला) मा पनि स्नान र संध्या गर्ने स्थान बनेका छन् । यी सबै जलाशय कलापूर्ण नै छन् र दरवारको पूर्वतिर पर्दछन् । यिनै जलाशयभन्दा अलिकति पूर्वमा विभिन्न देवल (देवालय) बनेका छन् । ती देवालयहरुमै विभिन्न अभिलेख पाइन्छन् जो अब अक्षरको जग (गहिराइ) सम्म खिइँदै मासिँदै र चोइटिँदै गइरहेछन् । धेरै कम लेखहरु मात्र पूर्ण होलान् । ती देवालयका थामहरुमा उक्त बुट्टा र कलश झन् राम्रो रूपमा देखापर्दछन् । त्यसमा धेरै देवालयहरु नभत्केर घसिँदै गैरहेछन् । यो राजदरवार र देवालयका भित्ता (गाह्रा) का ढुंगालाई छेउमा भित्रपट्टिबाट प्वाल पारी फलामको अंकुशे किलाले परस्पर बाँधिएको छ । जो फलाम अब जनताद्वारा झिकेर कुटो—कोदालो बनाइँदै छ । यस्ता देवल र जलाशयहरु प्रायः सम्पूर्ण पश्चिमी नेपालमा पाइन्छन् जसको प्रवल निर्माणको प्रकार र कलाको ढंग यसै अजैमेर कोटका विभिन्न कला र निर्माणसँग मिल्दछ । अभिलेख प्रायः ललित पदावली भएका संस्कृत श्लोकमा छन् जो तात्कालिक विद्वान्हरूका प्रसंगानुकूल मौलिक रचना हुन् ।

यी देवलहरुले धार्मिक अनुष्ठान र आस्थाको उन्नत रूप प्रदर्शित गर्दछन् । यसप्रकार भन्न सकिन्छ कि निरै पालको समयसम्म डोटी राज्य कला—कौशल, शिक्षा र धार्मिक अनुष्ठान आदिको प्रबल संरक्षक र पक्षपातीको रूपमा रहेको देखिन्छ ।

निरै पालपछि नागमल्लको समय आउँदा सो देवलहाटमा धसिन थालेको एक स्तूप छ जसमा "...... र्यं माला शाके १३०६" लेखेको छ । त्यहाँका शिक्षितवर्गको भनाइ छ कि यो नाग मल्लकै स्तूप हो र उक्त 'र्यं' भन्दा पहिलो अक्षर 'सू' हो अर्थात् यो सूर्यमाला नाग मल्लकी आमा हुन् । डोटी राज्यको यस्तो प्रबल पृष्ठभूमि नभैकन नाग मल्ल दिग्विजय गर्न अवश्य हिंडेनन् होलान् । तर नागमल्लको एकदमै नवीन र क्रान्तिकारी विचारसँग जनता सहमत हुन सकेन र डोटी राज्यको अवनति पनि यहीँबाट आरम्भ भएको देखिन्छ । नागमल्लले आफ्ना अन्तिम वंशधर दीप शाहीलाई स्थानीय देवता-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरुका विषयमा अर्ती दिए जस्तो लाग्दछ। उनले पनि देवताका धामीहरूको खोइरो खने। रिट्ठाका मिश्री काला दानामाथि पिरुका राखेर अजैमेर कोटमा यसैको निमित्त बनाएको एउटा अग्ली परखालको टुप्पामा ती धामीहरुलाई नाग मल्ल देवता काम्न लगाउँथे। यो परखाल अद्यावधि नाग मल्लको कलंकस्वरूप छँदैछ जसले डोटी राज्यको उत्तरोत्तर पतनको कारण रातदिन भनी रहेछ। कैयौं धामीहरु त्यो परखालबाट रिट्ठाका दानामाथि राखिएको पिर्का सहित गुडी नदीको गर्भमा विलीन भए तथा उनका सन्तानले दाहकर्म पनि गर्न पाएनन्। देवताहरुलाई मान्न हुँदैन भन्ने नाग मल्लको क्रान्तिकारी र नवीन विचार यति अघि जन्म्यो कि आज लगभग ६०० वर्षपछि पनि प्रायः बहुसंख्यक नेपालीहरुको लागि त्यो नवीन नै छ। डोटी राजवंश उडिसक्यो तैपनि ती देवताहरु आजसम्म श्रद्धा र भक्तिसाथ पूजिएकै छन्। अर्थात् जनताको सार्वजनिक संकल्प र नाग मल्लको महत्वाकांक्षामा विरोध भयो र अन्ततोगत्वा जनता नै विजयी भए।

यी नाग मल्लले सो अजैमेर कोट नजिकै रहेका समैज्यूलाई पनि उडाउन खोजेका थिए। यसको पृष्ठभूमिमा स्थानीय जनताले लामो कथा भन्दछन् जसको सारांश हो – सो समैज्यू देवताको लिंगलाई दिउँसो उखेलेर नदीमा फालिदिए राति फेरि त्यसै ठाउँमा पाइन्थ्यो रे। यसपछि केही नलागी आरीले सो लिंग चिरी त्यसमा विष हाल्दा देवताले श्राप दिए कि तिमीले मेरा गाथमा विष हाल्यौ; म तिम्रो जरा (वंश) मा विष हाल्नेछु। तर यो श्राप तुरुन्तै नलागिकन क्रमशः डोटी राज्यको पतन र नाग मल्ललाई जोगी बनाउनमा प्रवृत्त भएको देखिन्छ। जे होस्, नाग मल्ल वीर हुनुका साथसाथै प्रशस्त घमंडी र अदूरदर्शी थिए जसले जनताको प्राणभूत विश्वाससँग अभिन्न रूपले गाँसिएका स्थानीय देवताको अपमान गरे र कला—कौशलपूर्ण डोटी राज्यलाई पतनाभिमुख बनाए। सो समैज्यूको लिंगको बीचमा चिरेको चिन्ह अद्यावधि देख्न पाइन्छ।

यसपछि डोटीले आफ्नै अधीनस्थ कुमाउँसँग बारंबार लड्नुपर्‍यो। उता दक्षिणबाट पनि मुसलमानहरुले उपद्रव गर्न थाले। तर अर्जुन मल्लको पालामा मुसलमानहरुसँग राम्रो सम्बन्ध भएको देखिन्छ। यसै कारण मुसलमानहरुले निज अर्जुन मल्ललाई शाही पदवी दिए। यहीँबाट मल्लवंश शाहवंशमा परिणत भयो। तर आफ्नो परम्परागत पदलाई त्यागी यो शाही पद धारण गर्नाले अर्कै कुराको संकेत पनि दिन्छ त्यो हो मुसलमानहरुको कुनैनकुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारको प्रभाव र अधीनता स्वीकार गर्नु । यो शाह पद निज अर्जुन मल्ललाई लखनउका नवावले दिएको हुनुपर्दछ र यसै बेला खैरी गढ सिंगाही (हाल भारत) र कैलालीको मल्ल बारामाथि पनि अर्जुन मल्लको अधिकार भएको हुनुपर्दछ । खैरी गढमाथि भएको यसै अधिकारको फलस्वरूप पछिका राजाहरूले डोटीको राज्य नष्ट भएपनि सो ठाउँमा रियासत खडा गरी राजा बन्न पाएका होलान् । यी अर्जुन मल्लबारे केवल एक लोकोक्ति सुन्न पाइन्छ त्यो हो 'आधा दिनका अर्जुन मल्ल; आधा दिनका अर्जुन शाही' अर्थात् आधा उमेरसम्म यी मल्ल थिए र आधा उमेरपछि शाही भए । यसैले यिनीलाई यो शाही पद जीवनको मध्यावधिमा मिलेको विश्वास गर्न सकिन्छ ।

अर्जुन मल्लका छोरा भूपति शाहीले दिपाइलमा राजधानी सारेका हुन् भनी स्थानीय बूढापाका र वंशावली धारकहरू भन्दछन् । तर दिपाइल कोट भने तेस्रो पुस्ता अर्थात् राम शाहीको पालामा बन्यो । ठिकै पनि हो त्यो बेलाको अवस्था अनुसार सीमित साधनको साथसाथै कुमाउँसँग बेलाबेलामा भइरहने युद्धमा संलग्न राजाहरुले यत्रो विशाल दरवार छिटो तयार पार्न सकेनन् होलान् ।

दिपाइल (गनैगौंडा) कोट

यसको निर्माणमा कलाभन्दा सुरक्षाको बढी विचार राखिएको छ । यद्यपि प्राकृतिक रूपले अजैमेर जति यो अजेय र दुर्गम्य छैन । यसको नक्सा पनि प्रायः अजैमेर कोट जस्तै छ तर ऊभन्दा यो आकारमा लघु र कलामा शून्य छ । यसको बीचमा स्थित मूल दरवारका २।२ भित्ता (गाह्रो) परस्पर सम्बद्ध छन् । प्रत्येक भित्ताको चौडाइ साढे एक हातको छ । एकै भित्ता ३ हात चौडा नबनाएर यस्तो गर्नुमा सुरक्षालाई नै ध्यानमा राखिएको होला । यसमा काठको काम धेरै छ जबकि अजैमेरमा नगण्य । यसमा कुनै त्यस्तो विशाल मूल ढोका छैन । तर यसको प्रवेशद्वारमा रहेको कालभैरवको मूर्ति निकै कलापूर्ण देखिन्छ । भनिन्छ कि यो मूर्ति बनाउने कलाकारलाई अन्यत्र स्यस्तो अर्को मूर्ति नबनाओस् भन्ने विचारले आजीवन खान पुग्ने धन दिएर उसका दुवै हात डोटी राजाले कटाउन लाएका थिए । यो निकै विकराल छ र एक्लै मान्छेले पहिलो चोटि देख्दा भयभीत हुने धेरै संभावना छ । यसको अद्यावधि सरकारी अड्डा तर्फबाट पूजा र नवरात्रिमा वलिको प्रवन्ध भएकै छ ।

यो कोट सेती नदीको उत्तर पट्टि स्थित छ । यसको पूर्व-दक्षिणपट्टि (सेती पारी) राजपुर गाउँ छ जहाँ डोटी राजाका निकटतम चौतरियाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बस्दथे र आज भोलि पनि बस्दैछन् । डोटी राजाका निकटतम सम्बन्धामा राजपुर र मुडेगाउँ क्रमशः आउँछन् ।

बासिन्दा

उक्त दुवै कोट (डोटीको इतिहासका मेरूदंड) को वरिपरि निम्न वर्ग र थरीवरीको बसोबास पाइन्छ ।

१-ब्राम्हणवर्ग

पन्त, पनेरू, जोशी, उप्रेती, पाँडे, पाठक, फुलारा, भाट, भट्ट, चटौत, रोस्यारा, बत्थी, नौन्याल, बक्रा, कर्णनी, मिश्र, उपाध्या आदि ।

२-ठगुरो:-

शाही, मल्ल, पाल, द्यान, सिंह आदि ।

३-क्षत्री:-

धौवा, बिष्ट, बोगटी, भंडारी, ढांट, निदाल, साउँद, बोरा, खड्का, रावल, राउत, महर, ऐर, बलायर, साहु, रोकाया, महरा, खडायत, कठायत, बुढा, थापा, जोरोमोरो, धौनिमौनी, तितरो चाखुरो, सिल्लो, कोर, चोर, गौली कार्की, भुल, माली, गैराल, ढकाल, सुतार, थापामगर, खाती, ठगुराठी, लुल, खत्री, पुजारा, भाट फुलारा आदि ।

४-शूद्र-

पार्की, टमटा, लुहार, सुनार, ओड, चुनारा, ओखडा, तिरूवा, परी, तुरी, कणारा, रैकाल, भुल, सार्की, दमाईं, ढोली, हुड्क्या, आउती, भाँड स्याडी आदि ।

यस पछिको संक्षिप्त ऐतिहासिक झाँकीको दिग्दर्शन लोकसाहित्यका विभिन्न चैत, धमारी आदिको व्याख्या गर्दा न्यूनाधिक मात्रामा भै नै सकेको छ ।

रैका राजा - शौनक गोत्र

डोटी राजालाई रैका राजा भनिन्छ । यो कुरा वंशावली, लोक-साहित्य र अभिलेखद्वारा सिद्ध भैसकेको छ । तर यो रैका पदवी कहिलेदेखि चल्यो यसबारे मेरो कुनै अन्तिम निर्णय छैन । अब यो रैकाको अर्थ केहो त ? डोटीतिर राई ससाना राजा र गायक एवं वन्दी चारणहरुलाई पनि भन्दछन् । यहाँ दोस्रो अर्थसँग कुनै सम्बन्ध छैन । प्रथम अर्थसँग मिलाउँदा राइका = रैका अर्थात् राजाका राजा हुन आउँछ । जनभावना, डोटी राजाको स्थिति र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकसाहित्यको समष्टि रूपमा विचार गर्दा यो दोस्रो अर्थलाई मान्न करै लाग्दछ । डोटी अधिराज्यका सामन्तहरूलाई पनि राजा नै भनिने हुनाले रैंका राज भनिएको हो ।

तर अटकिन्सन र राहुल सांकृत्यायनले बीचमा 'न' कहाँबाट थपी यसलाई 'रैंनका' बनाए । त्यत्रो कुमाउँको इतिहासको खोज गर्ने विद्वान्हरूसँग कुनैनकुनै आधार अवश्य हुनुपर्ने हो तर उनीहरुले सो आधारको पनि केही उल्लेख गरेका छैनन्☙ । यसमा मलाई लाग्दछ यो उनीहरुले भ्रमवश लेखेका हुन् । कुमाउँतिर नाके स्वरको प्रयोग पनि पाइन्छ । सो कुमाउँका स्थानीय व्यक्तिहरुले यो रैंकाको उच्चारण रैंका भनेर गरे होलान् र त्यसको आधारमा अटकिन्सनले 'एन' थपिदिए होलान् जो हिन्दी नेपालीको 'न' र अनुस्वारको निमित्त एकै अंग्रेजी अक्षर हो । तर त्यसलाई महापंडित राहुलले हिन्दीमा अनुवाद गर्दा अनुस्वार पनि हटाएर पूर्ण 'न' बनाइदिए । त्यसैको नक्कल गरी सत्यमोहन जोशीले पनि कर्णाली लोकसंस्कृति, इतिहास खण्ड (पृष्ठ ११६-११८) मा यही रैंनका लेखेका छन् । साथसाथै नाग मल्ल र (अर्जुन) शाहीलाई भिन्नै खानदानका बनाई दुवै ६ पुस्ता टाढाका बाजेनातिलाई एकै समयमा सिद्ध गरी मल्ल र शाही पछि पुनः कुन्नि कताको देवपाललाई समेत खडा गरेर इतिहासको केटाकेटीले पनि नपत्याउने कुरा लेखिदिएका छन् । अहिलेसम्म प्राप्त सामग्रीको आधारमा योभन्दा बढी लेख्दा इतिहास जस्तो कुरो कल्पना र अनुमान मात्रै हुन जाने हुनाले यो लेखलाई यहीं टुंग्याउंछु ।

रूपासाईंकी चैंत

पूरब पश्चिमकी नितैं उठी पाज
सूरिजवंशी राजा जितुसाईको राठ
कैंखरो○ पूत रूपा कैंखरो जायो
कमलाकर साईको रूपा साई जायो
कति जिउनी◆ मागी मंदालोक□ आयो
तरवार जुजनु अंकुर★ लेखी ल्यायो
काकाज्यू भवानी साई मेरो बोल लिय
यैं गड डोटीको पाइक〰 खोजि दिय

☙ अटकिन्सन हिमालयन डिस्ट्रिक्ट भोलम-२, भाग-२, राहुन सांकृत्यायन-कुमाउँ ।

○ कसको, ◆ जीवन, आयु □ मर्त्यलोक, ★ भाग्यमा 〰 वीर, योद्धा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजि हाल्यो देवता चढाई हाल्यो पाती
यैं गड डोटी त पाइक लं र आथी
गाई गोठ बाकरी भैंसी गोठ छानु
नारीकी घाटमै रूपासाईको ठानु
रूपासाईका डोडाकी कँडाली लकाम
गोरखो चढी पुग्यो दुल्लु अछाम
बबाज्यू भवानी साई मेरो बोल लिय
गोरखाली आया भणी छाडी जन दिय
तुला जोख ल्वाखरैंकी सुना जोख रति
तम काका बसी रया हाम जाउँला अघि
वोइल लुकुडैको तुडतुड्या धार
आइ पुग्यो बैरी ओल्यो खुर धार
पूजी हाल्यो देवता चढाई हाल्यो पाती
स्याबास पैंकेला मेरा दडि अर छाती
गैरिकी घाट खरहरो तार
मुकिय्यो पैंकेलो रूपा गोरखाइकी मार
नारीकी घाट बिरालीका वेला
छुटिया पत्थर कला पडिगया रेला
जुज मेरा पैंकेलाउ जुज मेरा भाइ
पैराउन दिउँलो डुमरा कोट जाई
मधुवा आउजीको रनसिङो बाज
रूपा उधव साईकी तरबार काज
गुरुङ नेवारकी अनकसी बोली
मधुवा आउजीका टीक + लागी गोली
नारीकी घाट लागी जालो हाउ
रूपासाई जिउ लागी गया खुकुरीका घाउ
सपुर पिछाउडीको रिथि □ मरी गैछ
सुनुमुठी तरबार फेरी पडी गैछ
जुल मेरा पैंकेलाउ जुज मेरा भाइ

घमासान युद्ध भयो (यो पूरै पदको अर्थ हो), + निधारमा
पछ्यौरा, □ स्वामी, मालिक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संबात○ दी दिय डुमरा कोट जाई
साथका भाइविना तम घर गया
आँचलको लाडु चिउडो बाणी चुणी खाया
चन्नकी चेली खँ= हाम साथ आया
द्यानकी चेली खँ चेलो पाल कया★
जानहो जोलिया चेला डुमरा कोट जान
तँ मेरा कोटको सँ बात ल्यान
लोही लेख्या कागल अडोई हाली बात
आँचल बादिहाल्यो कागज पात
रूपा साईकी तरबार सुनखरो भोँड
ताँहैं जोलिया चेलो रात दिन हिंड
डुमराकोट जाई भोल बियाउनो
रूपा उधव साईको कोट खिसाउनो
कउहो जोलिया चेला क्याउ कसी बात
आँचल हैं खुसाई हाल्यो कागल पात
हेरी हाल्यो कागल पुछिहाल्यो बात
रूपा साईकी जियालि~ चानी लाइछ हात
हरि दैव नरायन क्या अनारो▬ भयो
डुमरा कोटैंको ढुकुरो× ढली गयां
दुवै रानी साईज्यूकी भल भल§ भैछ
चन्नकी चेली सल□ चडी गैछ
तँ कोट वरिपरि फुलि जाली बेली
बालो +समाई झुरन् लागी द्यानैंकी चेली
साइ खेत सिउडीको हलकन्छ पाङो
काटिय्यो डुमराकोटी फिङन्याल राङो
साई सिउडीकी लडकन्छे बाली
पाइक डुमराकोटी देउ❧ छ काफली

○कुशल समाचार, =लाई, ★भनिदिनू, ~आमा, ▬अँध्यारो, ×वीर गौरव, §धुरू धुरू भल बगे जस्तै रोएको, □सतीजानु, +बालक, ❧देवता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपा उधव साईकी लुवा साली भंछ
पूरब पश्चिमको सकाबन्द रैछ ।

१७ दीपा रजवारको चैत

यो करूणरसपूर्ण वियोगान्तक ऐतिहासिक लोककाव्य हो । यो पुरुषकृत हो तापनि नारीवर्गले समेत गाउने चलन छ । नारीहरू 'उवो रे लायो दैया रे टिको उना रे ढाल्या आउँस' अर्थात् साइत गर्दा उँभो निधारमा यही चालमको टिको लगाउँदै दीपाकी रानीले उँधो आँसु खसालिन् भन्ने बेला प्रायः रोइनैहाल्दछन् ।

यो थापा अमरसिंहको पश्चिम विजयमा साथ दिने डोटी बराइल कोटका योद्धा दीपा रजवारको सम्मानपूर्ण स्मृतिमा बनाइएको चैत हो । यसमा भगुवा दमाई र निजकी पत्नी पात्तर शोभा पनि सो हण्डूर गढीको युद्धमा लडेर मरेको वर्णन छ । यसरी डोटीका नारीहरुले समेत राष्ट्रनिर्माणमा आफ्ना प्राणको आहुति दिएको तथ्य यो चैंतबाट प्रमाणित हुन्छ । तर यसरी डोटीबाट अल्मोडा पुगी लड्ने नरनारीहरु डोटीराजासँग गोर्खालीको युद्ध हुँदा मौन र उदासीन भएका देखिन्छन् । फेरि यो चैंतमा राजा गीर्वाण युद्ध विक्रम र उनकी रानी तथा सेनापति अमरसिंह थापाको पनि खुला हृदयले प्रशंसा गरेको छ । यसबाट पनि डोटीका सर्वसाधारण जनताले डोटी राजालाई मन नपराई राष्ट्रिय एकतामा आबद्ध हुन चाहेको नै बुझिन्छ । अर्थात् पृथ्वीनारायण शाहको सम्पूर्ण पर्वतीय राज्यहरुलाई एक सूत्रमा आबद्ध गर्ने विचार केवल उनको व्यक्तिगत विचारमात्रै नभएर युगको माग र सम्पूर्ण देशवासीको नै प्रबल सामूहिक संकल्प थियो जसले गर्दा यो उत्तरोत्तर कार्यरुपमा परिणत हुन सक्यो ।

यसमा गीर्वाण युद्धविक्रमको ताप (प्रकाश, यश) लाई रातिका चन्द्र र दिनका सूर्यको तापसँग दाँज्न खोजी चन्द्रसूर्यांकित राष्ट्रिय ध्वजतिर पनि औँल्याएको देखिन्छ । अमरसिंह थापालाई काजी मर्द (वीर) र अल्मोडामा तरवार चलाउन कुशल र इच्छुक देखाएको छ । नेपाल राजाको कीर्तिले हन्डूरमा हैकम (भय, त्रास) उत्पन्न भएको र सो राजाले सज्जित पारेको (पड्काएको) तोपले हन्डूर गर्जेको (कम्पित भएको) भन्ने वीररसपूर्ण अभिव्यक्ति पनि पाइन्छ । नेपालको सूचना अनुसार जुजन्या पैकेला (लड्ने वीर) हरुलाई सुन चाँदी आदि पुरस्कार दिने र लडाईंमा मर्नेहरूको खोजी गरिनेछ भन्ने भनाइले उसका परिवारलाई भरणपोषण दिइने शर्त राखेको देखिन्छ । यी सबै विभिन्न कारण र नेपाल सरकारको उदार नीतिले गर्दा आफ्नो परम्परागत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४०० वर्षदेखिको राज्य र राजपरिवारलाई समेत वशीभूत गर्ने नयाँ सरकारलाई तुरुन्तै समर्थन गरेर उसको निमित्त लड्न जान स्थानीय वीर दीपा रजवार सहित सबै जनता कसिएका देखिन्छन् । पत्नीको हैसियतले दीपाकी रानीले विरोध गर्नु स्वाभाविक थियो । तर भाग्य वा दुर्भाग्यवश दीपा रजवार पनि नेपाल आमाका अरू कतिपय सपूत भक्ति थापा आदि जस्तै शहीद भए । यो खवर बराइल पुग्दा उनका तीन वटै स्वास्नी गंगा (सेती) को तीरमा सती गए । उनीहरूलाई यो विश्वास थियो कि सती गए वैकुण्ठ पुगिन्छ जहाँ उनका रजवार पनि गंगा–जमुनाको माध्यमले पुग्नेछन् र उनीहरूको भेट (मिलन) हुनेछ ।

ऐतिहासिक क्रममा रूपा शाही र दीपा रजवारको चैत समकालीन हुन् र प्रस्तुत चैत अन्तिम चैत हो भन्न सकिन्छ । यस पछि नत यस्ता मर्मस्पर्शी घटना घटे न चैत बने ।

१७- दीपा रजवारको चैत

कहाँ तपिया चन्द्ररि तारा कहाँ तपिया रविभान
रात तपिया चन्द्ररि तारा दिउँस तपिया रविभान
राजा तपिया गीर्वाण जुद्ध पनिउँकी चन्न परिवान▬
रानी तपिन गीर्वाण जुद्धैको जैसो पदमको फूल
थापा अमरसिंह बडा मर्द काजी अल्मोडा तरवार बाजो
नेपाल राजैले कीर्ति कमाइछ हन्डूर हुकम लागी
नेपाल राजाइले तुपुक★ सजाइछ हन्डूर गर्जो गुमान
नेपाल लेख्या कागल बराइल कोट पउच्या जाई
कागल बाचन्ना रजवार दीपा मुयेडो☐ ढुल्काई
जानुरे पड्यो रजवार दीपा हन्डूरको गढी
जानात जाउँला राजा हामरा रौताली क्याउकी पाउँला
सुन कुटाउँलो चाँदी पिटाउँलो कुम्भैकी पुन्याउँलो भोज
जुजन्या पैकेला पंकम दिउँलो मरन्यैको अरिलिउँलो खोज
गुलेली काटी धनुष तुवाका बनाइ हाल्यो सार
बन्धूक काटी कुटका बनाया खाट्टाकी बनाई हाली ढाल
लान रे लान राहुली चेली छाँया रे डुलो लान
सुजान सुजा राउली चेली लुगुडा सुजाइ देन

▬प्रमाण, जस्तो, ★तोप, ☐फेटा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लायारे जति छाया रे डुलो टटो रे लानी भयो
सुजाया जति लुगुडा राजौ नैरे स्वाइला भया
इतना त असरे गुन घरैवसी भया
जनचल दीपा कटकि पाला को बस तमरी सभा
हुउसकी जाउस रानी हामरी कटकि पालो पड्यो
मा पूत हूँलो कटकि जिती आउँलो मै वसु आफनी सभा
नेपालैका दैयारे ठेका○ सिङाउडी कोट बसी खाउँला
नेपालैका चामल माना बराइल कोट बसी खाउँला
ऊनकी जाउँलो नूनकी जाउँलो साभरी ल्याउँलो नून
रण मुख जाउँलो रण जिती आउँलो तमरानी पइराउँलो सुन
लान रे लान रानी हामरी दैया रे टिको लान
उवो रे लाग्यो दैयारे टिको उनारे ढाल्या आउँस
लाल रूमालले पुछिहाल्यो आउँस
लाइहाल्यो चिउँडी◆ खी∾ हात
लाल रूमालले पुछिहाल्यो आउँस
छाड रानी चिउँडीको हात
धरती उठी साथ लागली
नैं छाडु चिउँडीको हात
लाल रूमालले पुछिहाल्यो आउँस
लुछिहाल्यो चिउँडीको हात
डाङी ढलक्या रजवार दीप
डोली फुलाई गया बाड
फिरी भीट हुन्छे कि नै फरकि धेकाई चलम्बाड
रात संगलीमै नाच लगायो
एकलो वैरी हाँक
दाडी समाई समाई तोइ मियाँ मारूँलो
गीर्वाण जुद्धको बाग
पैल्ली जुजनी जुज भगुवा दमाईँ
जैसो माला खरि आग
एक वैरी मारी दोसरा घाउ दीछ

○दहीको ठेकी अर्थात् सम्मानपूर्वकको उपहार, ◆चिउँडो ∾मा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होइगया भगुदैंका काल
दोसरी जुजनी जुज पात्तर शोभा
जैंसो बिजुलीको रंग
दुइ वैंरी मारी तेसरा धाउ दीछ
गैंछ खसमैका संग
तेसरी जुजनी जुज वरहट्टी रौतेलो
त्यो होलो दीपाइको सालो
तीन वैंरी मारी चउथा घाउ दियो
दीपासँग वैंकुण्ठ जालो
हन्डूरंका लेख्या कागल
बराइल कोट पउंच्या जाई
सुन क्रौखामि दीपाइकी रानीले
सवाइ नजर लगाइ
कागल बाचन्ना रजवार खिमा
मुथेडो ढुल्काई
सवाइखर बसन्या लोगौ कागल कैंसो बोल
चनि चन्नर भान कुशल छन् दीपाइका होइगया काल
दीपाइकी आगनमाथि पराल खर माच
रण मुख पडन्या ज्वानकी जन रे माण खाँत
दीपाइकी रानीका हात रे डोर खोया
फुलेली छापरी भरिभया
दीपाइकी रानी सलबन्द भैंन
जैसो बिजुलीको रंग
कैं सुंप्या रानिउ हिरामनि रौतेलो
कैं सुंप्या घुडीको पारो
राजैं सुम्प्या हिरा मनि रौतेलो
वैं सुम्प्या घुडीको पारो
तीनैं रानी सलबन्द भैंन गंगाजीका तीर
गंगा जमुना बगी रजवार आउन्ना
वैंकुण्ठ होइ जाली भीट

आखी कयाल मा, को ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोटेली लोकसाहित्य

प्रार्थना खण्ड -३

१- श्री गन्याप (गणेश) जीको चैत

यो भक्तिपूर्ण लोककाव्य हो। तर यो काव्यको व्याखा गर्नु भन्दा पहिले सम्बन्धित स्थानीय सिद्धपीठहरुको परिचय दिइहाल्नु उचित हुनेछ।

गन्याप सिद्धपीठ

यो सिद्धपीठ डडेल्धुरा र डोटी जिल्लाको सन्धिमा पर्दछ। यो जति अद्‌भुत छ त्यति नै रमणीय पनि। एकै ढुंगो यति विशाल र आकर्षक छ कि त्यसलाई हेरी रहूँ जस्तो लाग्दछ। भनिन्छ कि यो चुलोको एक ढुंगो हो जो बढेर यस्तो विशाल हुन गयो। भाटभटेनीका भक्त दम्पतिले सर्परूप गणेशजीको पछिपछि हिँडेर आउँदा यो (शिखर) ठाउँमा सर्प अलिपएछ र तिनीहरुले यहीँ चुलो लगाई भात पकाई खाएछन्। पछि आफ्ना इष्ट देवको वियोगमा तिनीहरुले पनि त्यहीँ प्राण विसर्जन गरेछन्। तिनीहरुको चुलोका ३ वटा ढुंगामध्ये एउटा बढेर यत्रो विशाल भयो। यसै ढुंगोमा आज भोलि विशाल सर्पको लामो आकृति देखिन्छ तर सो सर्पाकृति कहाँबाट आरम्भ भयो र कहाँ टुंगियो भनी पत्ता लगाउन मैले त सकिनँ। यो सर्पको आकृति अरू साना ढुंगाहरुमा पनि पाइन्छ। तर पुच्छर र टाउको कतै पनि देखिँदैन। यसै विशाल ढुंगोमा हल्का मानवाकृति (जो अरुले भन्दा हो कि जस्तो लाग्ने) पनि देखिन्छ जो उक्त भाटभटेनीकै आकृति हो भन्ने विश्वास लिइन्छ। यसमा एउटा २ फुट जति लम्बा चौडा चौकोस प्वाल पनि देखिन्छ तर त्यो अर्को ढुंगोले यसरी टम्म र बराबर गरी पुरिदिएको छ कि साधारणतया थाहा नै हुँदैन र त्यो अर्को ढुंगोको रंगभेदले मात्रै अनुमान गर्न सकिन्छ। यो भित्र कुनै गुप्त धन राखिएको विश्वास गरिन्छ र यो भुईंभन्दा १५ फीट उचाइमा पर्दछ। टाढाबाट प्रायः शालिग्राम जस्तो रंग भएको देखिने यो ढुंगो लगभग पाँच सय फीट अग्लो र तीन सय फीट जति चौडा छ। यसकारण यो ढुंगालाई ६।७ कोश टाढाबाट पनि देख्न सकिन्छ। यसैको फेदमा एउटा लिंगको प्रादुर्भाव भएको छ। सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिंगको पूजा हरसाल भाद्र शुक्ल चतुर्दशीमा हुन्छ र त्यसै दिन जात्रा पनि लाग्दछ जसलाई स्थानीय बोलीमा जाँत भन्दछन् । गन्यापसम्बन्धी लोक–साहित्यका सबै स्तुति–गीतहरु यसै बेला गाइन्छन् ।

यो बाहेक यहाँ अरू पनि अद्भुत र चमत्कारिक दृश्य देख्न पाइन्छ । यो विशाल ढुंगाको फेदमा दुइसय जति व्यक्तिले बसी प्रार्थना र भजन गर्न सक्ने ओराड (गुफा) पनि छ । उक्त लिंग यसै ओराडको एक कुनामा बनेको सानो भ्राणोभित्र रहेको छ । यो ओराडको पनि आफ्नै विचित्र कथा छ ।

खपतडको खापरे देवताले यो लेकमा बसोबास गरी यो भेकको पूजा लिन चाहेछ । यहाँ स्मरणीय के छ भने यो ठाउँ आफ्नो लघु रूपमा खपतड जस्तै विभिन्न ससाना उपत्यका (मैदान) ले युक्त भएर अत्यन्त रमणीय देखापर्दछ । यस्तो प्राकृतिक रमणीयता प्रायः घंटेश्वर, काफली र गन्याप देवताको शिखरक्षेत्रभित्र नै पाइन्छ । यद्यपि यो गन्याप पीठ लेकको एक खोंचमा छ तापनि उक्त रमणीय स्थलहरु पनि यसको क्षेत्रभित्र पर्दछन् । यसकारण पनि होला सो खापरे देवताले यहाँ बस्न चाहेको । तर उसलाई यहाँ बसी पूजा लिनुभन्दा पहिले यहाँका देवताहरुलाई वशवर्ती गर्नु अनिवार्य थियो । उसको दृष्टि सर्वप्रथम यिनै गणेशमाथि गएछ । युद्ध आरम्भ भयो । खापरेले अनेक तान्त्रिक अभिचारका साथै ठूलो गोला वर्साएर यी गणेशको लिंगलाई माटोमा मिलाउन चाह्यो । ढुंगाको गोला द्रुत वेगले आयो र सो लिंगमाथि बज्रिने बेला तलबाट केही तेर्छो परेर अर्को ढुंगो उठ्यो र त्यो गोलालाई उक्त विशाल ढुंगाको आडमा आकाशमै च्यापी दियो र यो ओराड बन्यो । वास्तवमा त्यो गोला गोला जस्तै गोल काटिएको देखिन्छ र बारौ मास त्यसबाट पानी चुही रहन्छ । भनिन्छ–यी खापरेका आँसुका थोपा हुन् । माटोसंग कुनै प्रकारको सम्बन्ध नभई दुइटा विशाल ढुंगाको बीचमा अडेको यो एउटा सानो गोलाले मात्र वैशाख जेठ जस्तो रुखाम्रा पनि निरन्तर चुही रहनु एक आश्चर्य नै हो । यो अर्को उठेर आउने ढुंगो पनि उक्त भाटभटेनीको चुलोको एक ढुंगा हो भनिन्छ । दुइ सय जति भक्तहरुलाई आफ्नो आश्रय दिनसके पनि यो गोला निवारक ढुंगो पूर्ववर्णित विशाल ढुंगोभन्दा धेरै सानो छ; उसको शतांश नै होला ।

तर यतिले मात्र खापरेले हार स्वीकार गरेन र उसले उग्र तान्त्रिक अभिचार शुरु गऱ्यो । हाड, मासु र मदिरा आदिको वर्षा गरी उसले गणेशजी–लाई आच्छु आच्छु पाऱ्यो । किनकि गणेशजीले ती कुरा छुँदैनथे पनि । अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गणेशजीलाई साथ दिन अनेक स्थानीय देवताहरु वल बाँधेर आए जसमा स्मशानवासी भैरवहरु पनि थिए। तर ती मशानीहरुको शर्त थियो गणेशजीले उनीहरुलाई मान्नु पर्ने। गणेशजीले सो कुरा स्वीकार गरे। अब के थियो मशानी देवता सेतीका गम्भीर दहभित्र पसे र त्यहाँवाट वीभत्स नरकंकाल लिएर आए। यस्तै अरु मष्टो लाटो आदि देवताले पनि आआफ्ना हतियार धारण गरेर लडाईंको मैदानमा कुदे। यस्तो सदलवल देवशक्तिसँग खापरेको केही लागेन र उसले हार स्वीकार गऱ्यो। त्यो बेलादेखि मशानी देवताले पनि गणेशजीको उक्त सिद्धपीठको एक कुनामा स्थान पाई गणेशजीसँगै जनताको पूजा र गणेशजीको प्रसाद खान पाउने भए। स्थानीय जनश्रुतिको सारांश यही हो। यो खापरेसम्बन्धी कथा प्रायः सबै शिखरवासी (काफली, घंटेश्वर, भागेश्वर, गन्याप) सिद्धहरुसँग गाँसिएको पाइन्छ तापनि घटनाको वर्णन अनुसार स्थानको दृश्य यसै सिद्धपीठमा मात्र देख्न पाइन्छ। यो कथा वैदिक र तान्त्रिक मतको प्रतीक जस्तो लाग्दछ। यो ठाउँमा वैदिक ब्राह्मणहरु आउनुभन्दा पहिले डोटीको उत्तरी भागतिर विशुद्ध तान्त्रिक मत रहेको र नवागत ब्राह्मण-हरुले वैदिक मतको प्रचार गर्दा सो भागबाट यसको विरोध हुन गयो होला। तर ब्राह्मणहरु चलाक थिए उनले तुरुन्त तान्त्रिक मतलाई पनि स्वीकार गरी वैदिक र तान्त्रिक मिश्रित मत वनाएर पनि वैदिक मतलाई नै प्रधानता दिए जुन क्षमता विशुद्ध तान्त्रिक मतमा थिएन र उसले असफल हुनुपऱ्यो। यसको साथ-साथै डोटीको उत्तरी भागतिर त्यो बेला तिब्बतबाट सर्दै आएको वेदविरोधी तान्त्रिक मत पनि थियो कि भन्ने शंका हुन्छ जसलाई वैदिक ब्राह्मणहरुले शनैःशनैः समाप्त गरे।

यसपछि प्रसंगवश यो शिखरस्थ अन्य सिद्धपीठको पनि संक्षिप्त परिचय दिइहाल्नु समुचित हुनेछ। यी सबै सिद्धपीठ दक्षिणी डोटी र डडेल्धुरामा स्थित महाभारतको पर्वत श्रृंखलामा पर्दछन्। कर्णालीबाट महाकालीसम्मको यो रमणीय पर्वत श्रृंखलामा अनेकन देवस्थलको साथसाथै पाँचवटा मुख्य सिद्धपीठहरु पाइन्छन्। यिनको वर्णन स्कन्द पुराण मानस खण्डमा सविस्तार गरेको छ भनी स्थानीय पंडितहरु भन्दछन्। तर मैले सो पुस्तक हेर्न पाएको छैन। ती सिद्धपीठ वा देवताका नाउँ हुन्— भागेश्वर, घंटेश्वर, काफली, गन्याप र केदार। केदार देवताको क्षेत्र पूर्व-दक्षिण डोटीमा पर्दछ र यो वर्ष त्यसको अध्ययन नगरिएको हुनाले विशेष लेख्न सकिएन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भागेश्वर

स्थानीय विश्वास अनुसार यी उक्त चारवटा देवताहरुका जेठा भाइ हुन्। यो स्थान डडेल्धुरा जिल्लामा स्थित छ। यो पनि अतिशय रमणीय ठाउँमा रहेको र आश्चर्यजनक छ। यसमा पनि विशाल चट्टान देख्न पाइन्छ र सो चट्टानको बीचबाटै फुटेको लिंग पनि धेरै लामो छ र विभिन्न कठिनाइले गर्दा सो लिंगको बीचबाट मात्र माणौ (मन्दिर) को जग उठाइएको छ। यहां डडेल्धुराबाट १½ दिनमा सजिलैसँग पुग्न सकिन्छ। यसबारे पनि विचित्र कथाहरु पाइन्छन्। यो अतिशय पवित्र तीर्थस्थल मानिन्छ र ज्येष्ठ शुक्ल दशमी, श्रावण पूर्णिमा तथा मंसीर शुक्ल चतुर्दशीमा यो पूजिन्छन्। यिनै भागेश्वरसँग राजा नाग मल्लको विवाद परेको थियो।

घंटेश्वर

यो स्थल पनि डडेल्धुरा जिल्लामै पर्दछ र धुरोको बीचमा अवस्थित छ। लेकको स्वयं खुला र उचाइको रमणीयता बाहेक यो माणीको कुनै प्राकृतिक विचित्रता छैन। यो ठाउँबाट उत्तरको समुज्वल हिमाल र कैलाली– कंचनपुरको सस्यश्यामल मैदानको शोभा हेर्न पाइन्छ। वर्तमान धनगढी–डडेल्धुरा राजमार्ग यो देवस्थलभन्दा करीब एक कोश परबाट गएको छ। यी घंटेश्वर श्रावण र असौजमा पनि पूजिन्छन्। यस देवस्थलको क्षेत्र महाभारतभन्दा दक्षिणी भाग जोरायलतिर बढी छ। यसको मन्दिर मूलबाटोमा पर्दछ र यसलाई नमस्कार गर्दा जनताले 'सेवा लाइदे नरि बोरा दाइन भयै घंटेश्वर वा घण्याला' भन्दछन्। सो नरि बोराको कथा यस प्रकार छ— निज नरि बोराको सन्तान रहेनछ र निङालाको लामो लट्ठीमा सुन भरेर देवताका धामीहरुकहाँ पुगेछन्। यो बेला घंटेश्वरको जात्रा भैरहेको थियो र उनका सदलबल देवताहरु आ–आफ्ना धामीमा अवतरित भएका थिए। सन्ततिको अभावले दुःखी नरि बोराले ती धामीहरुलाई सो सुन भरेको लट्ठी देखाउँदै भनेछन् कि जसले मलाई बाबु भन्छ उसलाई म यो लट्ठी दिन्छु। तर सो लेकभरी नै छ्यास्ती पाइने जाबो निङालाको लट्ठीको लागि उनलाई पिता भनी सम्बोधन गर्नु कुनै धामीलाई पनि ठीक लागेन छ र सबै चूपलागी बसेछन्। तर शक्तिसम्पन्न र पारखी घंटेश्वरले निङालाभित्रको सुन र नरि बोराको हृदयभित्रको दुःखलाई देख्न सकेछन् र खुला हृदयले नरि बोराको धर्मपुत्र बनी उनलाई पिता भनी सम्बोधन गरेछन्; सो सुन पनि आफ्नो भंडारमा हुलेछन्। नरि बोरा अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवताका जनक भए तर थिए त मान्छे नै । उनको पुत्र पाउने अभिप्राय पिण्डदानादि श्राद्ध नै त थियो होला जो दिन स्वीकार गरेर नै घंटेश्वर उनका धर्मपुत्र भएका हुन् । भनिन्छ कि देवतालाई धर्मपुत्र पाई कृतार्थ भएका नरि बोराले तुरुन्तै प्राण छोडे र घंटेश्वरले भक्तहरुद्वारा आफूभन्दा पहिला उनको नाम उच्चारण गर्ने शर्त राखेर उनको निरन्तर तर्पण गर्ने प्रथा चलाइदिए । उक्त नरि बोराको नामोच्चारण नगरिकन घंटेश्वरले सेवा स्वीकार गर्दैनन् भन्ने विश्वास पनि छ । यो बाहेक कतिपय चमत्कारपूर्ण लोककथाहरु घंटेश्वर-सँग सम्बद्ध भएका पाइन्छन् । यसपछि क्रमशः पूर्वमा गन्यापको सिद्धपीठ पर्दछ जसको वर्णन माथि नै भैसक्यो ।

काफली

यो सिद्धपीठ डोटी जिल्लाभित्र पर्दछ । यी देवता जति उग्र छन् त्यति नै दयालु पनि । यिनको पूजा र जात्रा भाद्र शुक्ल चतुर्दशीमा देख्न पाइन्छ । सबभन्दा धनी देवता यिनै हुन् । यिनको भंडारमा कति सुन छ त्यसको जोखो छैन भने पनि हुन्छ । यिनको कालकोठरीको भंडारमा के छ भन्ने कुरा आजसम्म यिनका पूजारीलाई पनि थाहा छैन भन्दछन् । नत सरकारले नै यिनको गुठीको जाँच गर्न सकेको छ । जति चोटि सरकारी जाँच गयो त्यत्ति चोटि अनेक विघ्नले गर्दा सो निस्फल नै भयो । यी कति उग्र रहेछन् भन्ने कुरा नेपालबाट डोटीका बडा हाकिम बलभद्र कुंवरलाई लेखिई गएको पत्रबाट थाहा हुन्छ । सो पत्रको नक्कल यस प्रकार छ —

श्री पशुपति सहाय

स्वस्ति श्री सरदार बलभद्र कुवरकस्य पत्रम् ... ...
आगे जैभान भाटके यथोचित । उप्रान्त पाच कटिञा मध्ये देकुराली गाउँ मुरि ०।८५ काफली देवताको रहेछ अङि जाँच गिरीले कुम्पनी का ढगमा ठेकी ठेकि दिदा त्यस वर्षा गाउँमा विथिति भै षेत र गाउँ बाक्षा रहन लाग्या भनि रयेत कराउन आउँदा गावहा सोद्धा यहाँका दफथरि भलाआदमीले निश्चय हो भनी सच्चा ठहर्दा कम्पनीका ढग धाहिक राखी थामिदिञु उजारको गुल्जार वासको पोषत गर्‍या इनि सबै नित्य पूजा गरी काफलीको जय मनाई शेष रह्याको पूजाका भाँडा बर्तन बनाई चलन गर । इति सम्वत् १८६६ साल मिति जेष्ठ सुदी ४ रोज ५ शुभम् ।

भनिन्छ कि काफलीको गुठीमा धक्का पुग्दा उनले भीषण दैत्य रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिए; दिउँसै भूतप्रेतादि आएर गाउँमा त्रास मच्चाउन थाले । जनताको भागाभाग पर्‍यो र यो खबर सरकारमा जाहेर हुँदा उक्त चिट्ठी लेखी साविक बमोजिम काफलीको ठेकी राखिदिएपछि बल्ल शान्ति भएछ । आज भोलि उनको जग्गा गुठी त चन्द्रशमशेरकै पालामा हरण भै सक्यो तर तिनका ३ वटा भंडारमा रहेको अतुल धन (सुनचाँदी) को लेखोजोखो लिन सकिएको छैन । जनताको यी प्रति अद्यावधि निकै विश्वास छ । यिनका भंडारहरु गाउँ-वस्तीमा छन् तर यिनको मंदिर लेकमै पर्दछ । यो कुरा सबै सिद्धपीठहरूको विषयमा संझनुपर्दछ । मैले उक्त पत्र सो देकुराली गाउँमा स्थित कालकोठरीको भंडारबाट हेर्न पाएको हुँ । भंडारीले कुनै हालतमा पनि देखाउन नचाहेपछि मैले सो देवतालाई नै साछी राखें कि म यसको भेद लिन होइन प्रचार गर्न आएको हुं । स्थानीय व्यक्तिको नाताले निजले मलाई देखाउँदा सोही ठाउँमा नक्कल गरेको हुं । यो कालकोठरीबारे विशेष प्रकाश गर्नु पनि मनाही छ । भंडारी र पूजारीहरूले त यसको गोप्यतालाई अलिकता पनि भंग गर्दैनन् । सारांश के हो भने यी देवताको सो भेकमा निकै प्रभाव छ । यी देवतालाई खुशी पार्न पनि त्यति नै सजिलो छ । श्रद्धाभक्तिले अरुको हातमा पूजा र भाकल पठाई दिए पनि यिनले स्वीकार गर्दछन् । यिनका अधिकारप्राप्त कामदारहरुले त यी देवतालाई फलानाले पठाएको पूजा र भाकल हो भन्ने सूचना दिई सो आफ्नो उपयोगमा पनि ल्याउने गर्दछन् चाहे त्यो सुन नै किन नहोस् । यी काफलीको क्षेत्र पनि महाभारतको उत्तरी दक्षिणी दुबै भेकमा पर्दछ । प्रत्येक तेस्रो वर्षको जात्राको दिन यिनको धामी ठूलो भीरबाट हाम फाल्दछ । यसलाई चूर जाने भन्दछन् । चूर भनेको कहाली लाग्ने अग्लो चट्टान हो । काफलीको माणौबाट हाम फाली सो धामी करीब १५० फीट तल चट्टानको माझमा रहेको २ फीट लम्बा–चौडा खुट्कोमा अड्दछ जो एक साधारण व्यक्तिको लागि असम्भव हो । सो चूर जानुभन्दा अगाडि सो धामी खूब रुन्छ । त्यो वेला देवशक्तिको यस्तो अवतार हुन्छ कि धामीहरु मात्रै होइन सारा जात्रू नै काम्न थाल्दछन् । त्यो बेला यस्तो लाग्दछ मानो लेकको सम्पूर्ण धुरो नै देवशक्तिको अवतार भएर काँपी रहेछ । यसै बेला सो धामीले सुट्ट हाम फाल्दछ र जात्रूहरु बल्ल होशमा आउँछन् । सँकडौं वर्षदेखि सो जात्रा मनाइँदै आइरहेछ तर सो चूर जाँदा कुनै पनि धामी दुर्घटनाग्रस्त भएको थाहा छैन । डोटी–डडेल्धुराका दक्षिणी भेकका सबै देवताहरु यिनै चारवटा देवताको मुन्तिर वा अधीनमा छन् । यो लेकलाई सिद्धको लेक पनि भनिन्छ । यो थियो उक्त सिद्धपीठहरुको संक्षिप्त परिचय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि साहित्यिक चर्चातिर लागौं ।

यो गन्थापको चैतमा सो गणेशजीको उत्पत्ति र शिखरगमनको वर्णन गरिएको छ । कथा यस प्रकार छ—

डडेलधुरा जिल्लाको रूमाइल गाउँको ध्यौफाल भन्ने ठाउँमा फुलभाट नाम गरेका बाहुन बस्दथे । उनकी बाहुनी पतिव्रता थिइन् । उनीहरु जपध्यानमै समय बिताउँथे । एक दिन उनकी छोरी पानी भर्न जाँदा सो घडाभित्र सर्प पसेछ । त्यस बेला सो घडा चाँदीको हुन गयो; पानीको धार दूधको हुन गयो र सो सर्प सुवर्ण जस्तो दिव्य रूपमा देखिन थाल्यो जसलाई उनले ईश्वर भनेर विश्वास गरी घरमा खबर गर्दा सो सर्पलाई उनका आमा—बाबुले घरमा ल्याई पूजा गर्न थाले । सो सर्प उनीहरुको धानको भकारीमा बस्दथ्यो र सो धानको भकारी कहिले पनि सकिँदैनथ्यो । फुलभाटकी ब्राह्मणीको एउटा व्रत के थियो भने उनी पतिलाई खाना न खुवाई आफू पहिले खादिनथिन् । एक दिन उनका पति बाहिर कतै गाउँतिर गएको बेला एक जना धूर्तले सो ठाउँबाट उनको धोती र लट्ठी चोरेर लगी ती बाहुनीलाई भोजन गर्न भनेछ । पहिले त बाहुनी–लाई विश्वास लागेन तर पछि निजले पंडितजीको धोती र लट्ठी देखाई उनीले नै आदेश दिएको भन्दा ती बाहुनी निकै अबेर पनि भैसकेको हुनाले खान बसिछन् । खाइसक्ने बेला बाहिरबाट उनका पति आई 'खाना तयार भो' ? भनी सोध्दा उनलाई सो फटाहाको चाल थाहा भएछ र पतिको डरले जुठा भाँडाहरु बिर्सेर सोही सर्प भएको भकारीभित्र लुकाई दिइछन् । यस प्रकार जुठो भाँडाको स्पर्शले सो सर्प बाहिर निस्की लेकतिर लागेछ । आफ्नो गल्तीमा पछुतो गर्दै बाहुन–बाहुनी पनि निज सर्पकै पछि लागी हिंडेछन् र सो अघि वर्णन गरेको ठाउँमा पुगी सर्प अलिपई लिंग फुटेको देखी त्यहीं तिनीहरुले पनि प्राण विसर्जन गरेछन् । यस्ता प्रत्यक्ष गणेशजीको नै यो भक्तिपूर्ण लोकप्रार्थना हो ।

यसमा गणेशजीको बाइस खामको माणौ र नौ हारको बिंडी (लिंग बस्ने योनि) बताइदिने र गंगाजल चढाई पाँच काली गाईको दान गरी दिने छौं भन्ने प्रार्थना गरिएको छ । यस पछि फुलहरा (जात विशेष) द्वारा पत्र–पुष्पादि टिपाउने; जौतिल हवन र पूजन गर्ने उल्लेख छ । अन्तमा रेलगाउँका निवासी बाहुन (फुलारा) हरु यसका पूजारी र रूमाइल गाउँका निवासीहरु यसका धामी हुन् भन्ने उल्लेख गरी गोसाईं (स्वामी) सँग अन्न–धनको वर मागिएको छ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१- गन्याप (गणेश) जोको चैत

ए ! द्यौ ठाल□ फुल भाट पस्या★ जपध्यान
ए ! सरप स्वरूप मिल्या∾ भगवान
ए ! रूमाइल्या भाटँकी बाली कन्या चेली
ए ! जाहो बाली कन्या पानीधार जान
ए ! धाउनी धिपाउनी कन्या पानीधार गैन
ए ! क्याउकी छ घडुली❀ क्याउकी छ धार
ए ! रूपाईकी घडुली दूधँकी धार
ए ! बबुवा'फुलाभाट यो कसो भयो
ए ! रूपा घडुली सरप पसी गयो
ए ! क्याउकी छ मूरति क्याउकी छ बानी❧
ए ! ईश्वरँकी मूरति सुवरन बानी
ए ! काँछ○ भटेनी थलो काँ मुस्या पानी
ए ! वर छ भटेनी थलो पर मुस्या पानी
ए ! सरप जगावली भाटँकी रानी
ए ! भाट भटेनीको चौडँछ▬ नाउँ
ए ! हिट‡ गुसाईं गन पति शिखर चलि जाउँ
ए ! सरप चलन लाग्या शिखरँकी बाट◆ न
ए ! अग चल्या गण पति पछि फुलभाट
ए ! गोसाईं गन पति मेरी साक भाक=
ए ! बाइस खामकी तेरी माणो रोकाउँलो
ए ! नौहार गोसाईकी बीणी बधाउँलो
ए ! शिर माथि गंगाइको जल मगाउँलो
ए ! पंच कैलु गाईको दान अराउँलो
ए ! फुलहरा चेला हताउँ+ पाती टिपाउँलो
ए ! माली भूल चेला हताउँ पान▰ हलाउँलो
ए ! रङ्या रङ्या÷ जौतिल अगेरी हुमाउँलो

□ठाउँ विशेष, ★थाले, ∾मिले, ❀घडा, ❧वर्ण, रूप, ⊙ कहाँ छ, ▬विख्यात छ, ‡हिंड, ◆बाटो =कसम, किरिया, भाकल, +द्वारा, ▰लिपाउन लाउनु, ÷अखंडित, सुकेका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए ! शिरी खन्ड चानून गात पैराउँलो
ए ! पैंत्रा बेलाइतिकी ☐ पाती टिपाउँलो
ए ! उगुल गुगुलकी धूप अराउँलो
ए ! सपुरस्या कपडाइकी बाती फेराउँलो
ए ! शालीका चामलेकी पूजा लयाउँलो
ए ! काली गाईका घिउइकी मेधा अराउँलो
ए ! जोला भोकर गोसाईँ तोइव चढाउँलो
ए ! छोरी चढाउँलो गोसाईँ फोली चढाउँलो
ए ! जोला निशान गोसाईँ तोइव चढाउँलो
ए ! सुतारा चेला हताउँ माणौ चिठाउँलो∾
ए ! को होलो पूजाहारो को होलो धामी
ए ! रेल्या पुजारो होला रूमैल्या धामी
ए ! जौं गडा ज्वाँतो गुसाईँ धान गडा साउँ
ए ! सेवा पूरी भैछ गुसाईँ माथा बाउली पाउँ
ए ! अन्नै वर पाउँ गोसाईँ धनै वर पाउँ
ए ! धनै वर पाउँ गोसाईँ नर घर जाउँ

गन्यापजीको धुमारी -२

यो धु (ध) मारीको अन्तमा यसका रचयिता चन्दन भाटको नाउँ उल्लेख भएको छ। रूमाइल गाउँमा गैं सोधपूछ गर्दा निज छ पुस्ता अघि अर्थात् लग भग १५० वर्ष पूर्वका हुन् भन्ने थाहा भयो । यस प्रकार यो कविताको रचनाकाल भानुभक्तभन्दा पनि जेठो सिद्ध हुन्छ । यसमा हिन्दीका सूरदासको शैली अपनाइएको छ। यहाँ उल्लेखनीय कुरा के छ भने डोटीतिर भक्तिरस प्रायः यो धमारीलयमै व्यक्त भएको देखिन्छ र त्यस्ता अनेकौँ धमारी छन् । सबैमा हिन्दीको प्रभाव छ। कुनै त प्रायः हिन्दीमै रचिएका छन् । त्यस्तै प्रस्तुत धुमारीमा पनि हिन्दीको प्रभाव देख्न पाइन्छ तापनि यसमा नेपाली भाव र शब्दको प्रबलता छ ।

यसमा पनि उक्त गणेशजीको सर्परूपमा उत्पत्तिको वर्णनबाट आरम्भ गरी उनको सम्पूर्ण पूजन र उत्सवको वर्णन गरिएको छ। इन्द्रासन (श्रद्धामूलक उपमा मात्र हो) मा गणेशजी उत्पन्न भएका हुन् । उनी पश्य (भेक विशेष)

☐बेलपाती वा पत्र ∾बनाउन लाउँला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को शीख (पूजा) लिन्छन् । उनको निमित्त माली (जात) ले भोकर बजाउँछ; भाटले छाता ओढाउँछ । पन्त–पनेरूहरूले मत गरेर भदौको चतुर्दशीमा यसको जात्रा बनाएका हुन् । यहाँ स्मरणीय के छ भने गणेशजी माघमा पूजिन्छन् । तर सो बेला यो ठाउँमा हिउँ हुने र जान नसकिने हुँदा उक्त भादौमा पुजिने निर्णय पन्त पनेरूहरूले गरेका हुन् जो यो ठाउँमा कुलीन बाह्मण मानिन्छन् । यो प्रार्थनामा पुनः भनिएको छ कि सुनचाँदीले गणेशजीको माथा भरिएको छ । सुन र चाँदीको नै ठेकीले गणेशजीमा दूधको धारा लगाइन्छ । सुनका नै गात छन् वस्त्रको छाता छ । गणेशजीको गातमा दूध धारा लगाइन्छ । अक्कल (बुद्धि) को पूरो भाट ब्राह्मणले कविता बनाएको हो । गणेश नारायणको यो भनाइ छ कि मंठो (मष्टो) ले हतियार चलाउन जान्दछ । कैलिपाल (देवता) नाच्न जान्दछ र आफ्ना हातलाई नै छुरा बनाई लड्न सक्छ । गणेशजीको जात्रामा छत्तीस प्रकारका बाजा र नौ प्रकारका ढोलहरू बजी रहेछन् । यो कविता बनाउने चन्दन भाटको जुग जुग कीर्ति रहनेछ ।

२- गन्यापजीको धुमारी

ए ! चितउत★ ऐसी वात महाँप्रभु– चित ... ...
ए ! क्याउइका भेष उवज्या गणेश
ए ! क्याउइको लागलो भोग महाँप्रभु– चितउत... ...
ए ! सरपैका भेष उवज्या गणेश
ए ! दूध चामल घियो भोग महांप्रभु– चितउत... ...
ए ! कहां गणेशंले जनमन○ लियो
ए ! कहांकी मागलो शीख महांप्रभु– चितउत... ...
ए ! इन्द्रा सनमै उवज्या गणेश
ए ! पर्स्यंकी□ मागलो शीख महांप्रभु– चितउत ... ...
ए ! कोरे बजालो भान भोकर
ए ! कोरे खेलावं छात+ महांप्रभु– चितउत .. ..
ए ! माली बजालो भान भोकर
ए ! भाट खेलावै छात महांप्रभु – चितउत... ...
ए ! पन्थ–पनेरू बसी मिली मा अयो छ

★ चिन्तन गर; गरौं, ○जन्म, पूजा, □डडेल्धुराको भेक विशेष, +छाता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए ! भदौ चतुर्दशी जाँत महाँप्रभु – चितउत,... ...
ए ! सुनअ रौका रूपा क्रौका
ए ! उपरमाथो भरौका महाँप्रभु – चितउत ... ...
ए ! क्याउइकी फारी क्याउइकी पारी ::
ए ! क्याउइकी उपर धारी.'. महाँप्रभु– चितउत... ...
ए ! सुनैकी फारी रूपाइकी पारी
ए ! उपर दूधैंकी धारी महाँप्रभु – चितउत... ...
ए ! क्याउइका गात क्याउइका छात
ए ! क्याउ ढोलाउँ तेरा गात महाँप्रभु – चितउत ...
ए ! सुवरन गात वसतर□ छात
ए ! दूध ढोलाउँ तेरा गात महाँप्रभु – चितउत...
ए ! कौन ब्राह्मणले कविता बनाइछ
ए ! को छ अक्कलको पूरो महाँप्रभु – चितउत... ..
ए ! भाट ब्राह्मणले कविता बनाइछ
ए ! उइछ अक्कलको पूरो महाँप्रभु – चितउत .....
ए ! गणेश नारायण ऐसो बोलानी
ए ! मंठो★ हत्यारंको पूरो महाँप्रभु – चितउत......
ए ! धाइ○ खेलन लाग्या कैलीपाल देउ
ए ! पौनसमफि लेलो छूरो महाँप्रभु – चितउत ...
ए ! बाजन लाग्या छतीस बाजा
ए ! नौमति बाजली ढोल महाँप्रभु – चितउत... ...
ए ! भाट चन्दनले कविता बनाइछ
ए ! कीरति रही जुग जाइ महाप्रभु – चितउत... ...

श्री गन्यापजोको भोलाउलो -३

भोलाउलो भनेको ब्राह्म मुहूर्तको गीत वा प्रार्थना हो । डोटीतिर प्रायः सबै देवताहरु राति नै पूजिन्छन् । ब्राह्म मुहूर्तमा उनीहरुको पूजा सकी प्रार्थना गरिन्छ । तर सबै देवताको भोलाउलो हुँदैन । तिनीहरुको त्यसै प्रार्थना गरी वर मागिन्छ । मैले अहिलेसम्म स्थानीय देवताका जम्मा दुइ भोलाउलो

सुनको, शिवलिंगमा रूद्राभिषेक गर्ने फारी, फेदमा प्वाल परेको पात्र, फारी, :: ठेकी .'.धार; धारा, □वस्त्र, ★मण्टो देवता, ○वाद्यको लय विशेषमा नाच्ने नाच हात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संकलित गर्न सके । यद्यपि त्यहां धेरै भोलाउलाहरु छन् । त्यसमा एक त यही हो अर्को मालिका माईको छ । यसको साथसाथै पौराणिक देवताहरुका भोलाउला पाइन्छन् । भोलाउलोमा पनि सो देवताको पूजन, भक्ति र पराक्रमको वर्णन हुन्छ ।

प्रस्तुत भोलाउलोमा प्रभातमा गणेशजीको नाम लिई मुक्ति पाइने उल्लेख गरेर पछि सम्पूर्ण कथा उक्त खपऱ्या दैत्यसँगको युद्ध र विजयको वर्णनले भरिएको छ । सो युद्धमा गणेशजीलाई साथ दिने भूमिराज (मसानी भैरव) मष्टो, चौहत्ती मल्ल (देवता विशेष), अजितको लाटो, कउस्या लाटो, गौडी बाग र कटारी मल्लको नाम उल्लेख भएको छ । यी कटारी मल्ल पनि अद्भुतका देवता छन् । यी प्रायः कामी (लुहार) जातमा अवतरित हुन्छन् र बांज करांसको प्रज्वलित घुंडासम्मको आगोमा आधा घंटासम्म नाची रहन्छन् । यो चलन अद्यावधि छँदैछ । यसरी सबै देवशक्तिको साथ पाई गणेशजीले विषालु हतियार खपऱ्यालाई पहिराई दिए । ती गणेश (गन्याप) काफली, भर्गलिंग (भागेश्वर), घण्यालो (घंटेश्वर) चारै भाइ हुन् । यसबाट बुझिन्छ कि यिनीहरुले पनि यो युद्धमा भाग लिएका थिए । यी चारै धेरै ठूला दैत्य (देवता) हुन् र सृष्टि नै यिनीहरुले रचेको हो । यसपछि बिहान भयो । गणेशजीको धामीमा औतार भयो । अनेक बाजा बज्न थाले । रतन र मुसुभाट (तत्कालीन पूजारीको नाउँ) ले पूजा लगाए; गणेश प्रसन्न भई माथो झुलाउँदै बाहुली हल्लाउन थाले । जनताले गणेशजीका परम हितैषी भूमिराज (लडाकू भैरव) सँग प्रार्थना गरे कि हामी अब घर जान्छौं; गणेशजीमा हाम्रो सेवा लगाई देऊ । यो कविता चाम बलायरले बनाएको हो र गणेशजीले प्रसन्न भै उसलाई चारमुख भएको गड्वा (करूवा) पुरस्कार दिंदा उसले आफ्नो अपुतो कोखको दुःख पोख्यो र गणेशजीले दुइटा छोरा दिए र सो बलायरको कीर्ति पनि जुगजुगसम्म रहनेछ ।

हाल यो चाम बलायरका वंशधरहरुमा १० वटा जति परिवार छन् । उनीहरुको भनाइ अनुसार उनकी बज्यै (चामकी पत्नी) बुढी भई रजस्वला पनि रोकिइसकेकी थिइन् तर गणेशजीले उक्त वर दिएकै राति लगभग ७० वर्षकी बुढी नछुने भै पछि गर्भ रहन गयो र आज यत्रो परिवार भएको छ । यो चाम बलायरलाई ७।८ पुस्ता पूर्वको अर्थात् लगभग दुइ सय वर्ष पूर्वको मानिन्छ र यो कविताको समय पनि त्यही हुन आउँछ । डोटी बानेडुंग्रानिवासी एक अशिक्षित क्षत्रीद्वारा रचित यो भक्तिपूर्ण भोलाउलो दुइ सय वर्षदेखि डोटेली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकसाहित्यको प्रधान अंग रहेको छ । यी सबै चैत, धमारी र झोलाउलो उक्त गन्याप जात्राको राति भक्तिपूर्वक वाद्यवादनका साथ गाइन्छन् । यो बाहेक गोरा भन्ने स्थानीय पर्वको साताभरी पनि गाइन्छन् ।

गन्याप (गणेशजी) को झोलाउलो –३

प्रभात सुमिरौं पूजैको बेला देवताइको भोग लगाउँ
गोसाईं देवताइको भोग लगाउँ
तीन लेक तेरी पूजा चढत है
गणेश नारायणको नाउँ
परभात लीजै गणेशको नाउँ
हामले मुकुति फल पाउँ
इन्द्रासनमै चलिया नारायण
माण्डवि~ बैठा आइ
कहाँ गोसाईंले भंडार रच्यो
कहांकी बीणी बधाइ
रेल रूमाइल भंडार रच्यो
शिखर बीणी बधाइ
शिखर गोसाईंले बीगी बधाइछ
पखान+ चूआ□ नीर
पुर◆ रच्यो गोसाईंले शिखर पखान
तल रच्यो गंगा तीर
आफू गोसाईं शिखर पखान
भूमिराज गंगा तीर
देवीन दुर्गा जैसी बैन★ हमारी
भूमिराज जैसा हीत
गणेश नारायण ऐसो बोलानी
खपऱ्या मारनी तीर
सरक लाग्यो बादल गोसाईं
बरसन लाग्यो नीर
गणेश नारायण खपऱ्या दैत्या

~मण्डप, माणौ, +पाषाण, ढुंगो, □चुहुन थाल्यो, ◆माथि ★बहिनी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पडी रे गैछ रेख◼
जूजन लाग्यो कैलो पाल देउ
पौन समझि लेलो छूरो
लुवा÷ लौडीले∾ जून मसानी
मंठो हतियारको पूरो
लुवा लौडीले जूज मसानी
जैसी अगिनीको भूस
खोज गोसाईं चौहत्ति मल्ल
खोज अजितको लाटो
लैजा गोसाईं चौहत्ति मल्ल
लैजा अजितको लाटो
बाइस घाटको मसानी दैत्य
बाइस खामको लाटो
सनि मुखलाइ दिय लाटो मसानी
चौहत्ति काटलो बाटो
एक हात लेलो तलवार गोसाईं
एक हात लेलो ढाल
जुजन लाग्यो कउस्या लाटो
जैसी कउछ्याको फ्वान
गौंडा जुजलो गउंडी बाग
तलवार जुजलो तेरी
साँचिलो भयैं मसानी दैत्य
खपर्‍यैंका दल पउच्यो नेडी○
बाजन लाग्या छत्तीस बाजा
नौमति बाजली घाइ
खपर्‍या दैत्यका मोही म जान्छु
दिय□ कटारी मल्ल लाइ★
मारी खपर्‍यैंको किरदल अरेछ
रगतैको नदी बगाई
बाजन लाग्या छत्तीस बाजा

◼ईख; ईर्ष्या, ÷लोहा, ∾लठ्ठी, लाठी, ○नजीक, □देऊ, ★पठाइ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नौमति बाजली भेरी
जूजन लाग्या पञ्च देवता
गणेश नारायण रया हेरी
जूजन लाग्या गणेश नारायण
चन्द्र सूर्जे रया हेरी
खपऱ्या दैत्यका भान भोकर
गणेश नारायणकी छात
गणेश नारायणले हाण्यो विशालु
खपऱ्या दैत्यका गात
बाजन लाग्या छत्तीस बाजा
नौमति बाजलो कालो
गणेश नारायणले खपऱ्या दैत्य
पैरायो आलो विषालो
बाजन लाग्या छत्तीस बाजा
नौमति बाजली घाइ
गणेश नारायण घडेलो भर्गलिंग
काफली चारैं भाइ
इन वडा दैत्यले सृष्टि उपाइछ
अम्वर☐ काया पाइ
भोल बेहान पहर फटायो
शिखर पेलो लाग्यो घाम
सनिमुख भुभद्यौली धामी अमिरितु
पूजारो वक्रा राम
सरक लाग्यो बादल गोसाईं
बरसन लाग्यो पानी
औतऱ्या गोसाईं गणेश नारायण
जैसो विष्णुको बानी
बाजन लाग्या छत्तीस बाजा
नौमति बाज वडाइ
औतऱ्या गुसाईं भाट रे मुसु

☐अमर'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रतनैले पूजा लाइ
बाजन लाग्या छत्तीस बाजा
नौमति बाजली घाइ
गणेश नारायणकी रानी देवतिनी
तिलक हाल्यो पइराइ
भोल बिहान पहर फटायो
शिखर फुल्क्या लाग्यो घाम
माथो फुलाइछ बाहुली लुल्लाइछ★
हेरी लिय गणेशैंकी राम☙
सरक लाग्यो बादल गोसाईं
बरसन लाग्यो पानी
सेवा लगाइ दिय भूमिराज देउ
लोग सबै घर जानी▣
माथा बाहुली दिय गणेश नारायण
लोग सबै घर जानी
कविता बनाइछ बलाइर चामले
चौमुख गड्वा पाइ
बाजन लाग्या छत्तीस बाजा नौमति बाजली ढोल
चौमुखा गड्वाले क्यारु□ गोसाईं
अपुति रै गैं कोल
बाजन लाग्या छत्तीस बाजा नौमति बाजली घाई
कविता बनाइछ बलाइर चामले
जोलो∾ रे पूत पाइ– बजन ... ...
कविता बनाइछ बलाइर चामले
कीरति रइ○ जुग जाइ

काफलीको चैत -४

यो चैतमा काफलीको उत्पत्तिको संक्षिप्त कथा छ । यसको पहिलो पद 'नैरानी रञ्चन' यहाँ लय मिलाउन राखिएको जस्तो देखिन्छ र जसको भावार्थ

★हल्लायो, ☙तमाशा, सौन्दर्य, ▣जान्छन्, □के गरूँ, ∾युगल, जोडा, ○रह्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'नरले' हुन गएको छ । यो चैतको यस प्रकार व्याख्या गर्न सकिन्छ । 'नरले काफलीको कुनै भेउ पाउन सकेन । ती काफली धर्तीबाट फुटी उब्जेका हुन् । तिनका हितैषी (पहिले प्राप्त गर्ने) महरा तल र ती माथि बसेका छन् । जैभानले तिनको जयजयकार गऱ्यो । ती काफली दैत (अद्‌भुत पराक्रमी देवता) महरामा अवतरित भए । तिनका अरू दलमध्ये लंगरी लाटो बुआरा (बोरा जात) मा, चौहत्ती मल्ल भार्उसिंह (व्यक्तिको नाम) मा, कउछ्या लाटो बिनु भाटमा, कटारी मल्ल लुहारमा अवतरित भए । अब काफलीको पूजा हुन थाल्यो । उनका गण भैरौं (भैरव) लाई पनि बोलाई देऊ । जै देव बाहुनले काली गाईको दूध चढाई अभिषेक गर्नु पर्दछ । अगर र गुगुलको धूप बाली श्रीखंडको बासना फैलाउनुपर्छ । कपडा (सूत) को सोझो बत्ती बाली हातु र मानुक दमाईंलाई ताली र बाजा बजाउन लगाइयो । अब काफली अघि अघि हिंड्न थाले । उनको अघिपछि फूलको माला छ । यस प्रकार काफली शिखरको पखान (पाषाण) मा पहुँचे र उनको चारै जुग नाउँ रह्यो ।

यो काफलीको पहिलो नाउँ 'असिउ' हो तर पछि काफली रहेको हो । असिउँबाट काफलीमा परिवर्तित हुने कथा यस प्रकार छ । । एक चोटि डोटी राजा दिल्ली दरवारमा गए तर तिनलाई त्यहाँ कुनै नयाँ र अद्‌भुत कुरा देखाउन बाध्य गरियो । तिनले तुरून्त सँगै गएका बाहुनहरुलाई अस्यूँको नाउंमा हवन गर्ने आदेश दिए । यता राजाको डेरामा हवन शुरु भयो उता दिल्ली दरवारमा काफलको ताजा हाँगो कुन्नि कताबाट आई पुग्यो । त्यो हाँगो पाकेका स्वादिष्ट काफलले भरिएको थियो । बादशाहले पनि ती काफल चाखे र सो अस्यूँ देवतालाई स्वर्ण आदि उपहार दिए र यसै दिनदेखि जनताले यिनलाई काफली भन्न थाले । प्रायः सम्पूर्ण महाभारतको लेकैभरी काफल फल्दछन् । यो काफलीको सिद्धपीठको वरिपरि त आजभोलि पनि प्रशस्त काफलका वोट देखा पर्दछन् । यसैले पनि होला योसँग काफलको रहस्यपूर्ण घटना जोडी दिएको । यहाँ स्मरणीय के छ भने यो कथा डडेल्धुरातिर भागेश्वरसँग पनि सम्बद्ध भएको पाइन्छ । यसबाट के अर्थ निस्किन्छ भने यी एकै सिद्ध-शक्ति विभिन्न भेकमा पूजित भिन्नाभिन्नै रूपमा प्रकट भएका हुन् ।

यो सम्पूर्ण लेकैभरी ग्रीष्म र वर्षामा भैंसी गोठ रहन्छन् । निष्कपट र सोझा साझा गोठाला वा अरुहरुले पनि कहिले काहीं यी सिद्ध-शक्तिको क्षणिक दर्शन गर्न पाएका कुरा प्रशस्त सुन्न पाइन्छन् । फलफूलका सुरम्य बगैंचा, महल, दरवार, सुन्दर मूर्ति, डोली र दिव्य मान्छेहरुमा कुनैनकुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहिलेकाहीं देखापर्ने र पछि खोज्न जाँदा नपाइने हुन्छ । यस्तो देखेर प्रचार नगर्ने व्यक्तिलाई आजीवन राम्रो भएको पनि सुनियो तर चारैतिर प्रकाश गरिहिँड्ने व्यक्तिलाई राम्रो र नराम्रो दुवै हुने र कोही त बहुलाएका पनि देखिए । कार्तिकको शुक्ल पक्षमा यो लेकमा देवदल विशेष सक्रिय भएको अनुभव गर्न सकिन्छ भन्ने धेरै बुढापाकाहरुको भनाइ छ ।

काफलीको चैत -४

ए ! नैरानी रञ्चन नैपायो भेऊ
ए ! काँ फुटी उञ्जी गया काफली देउ
ए ! काँ बस्या काफली काँ मडरा हित
ए ! माथि बस्या काफली तलि मडरा (महरा) हित
ए ! कउन हित∾ लायो विजैकार○ चित
ए ! सान जैमान विजैकार चित
ए ! आयो काफली दैत्त महरा हित⊛
ए ! आयो लंगरी लाटो बुआरा हित
ए ! आयो चौहत्ती मल्ल तै भाउ सिङ
ए ! आयो कउछ्या लाटो भाटै बिनु
ए ! आयो कटारी मल्ल लुहारसित
ए ! भइरौं दोरिया डाको हाली पाउँ
ए ! देवता पूजनाको डाको हाली पाउँ
ए ! जैं देव वामनको अभिषेक पाउँ
ए ! कालो कैली गावडीको दूध चढाउँ
ए ! आगल= गुगुलको धूप लगाउँ
ए ! सिरी खण्ड चानुनैको◇ बास भगाउँ
ए ! हातु मानुक दमाईं तालुक▬ बजाई
ए ! सपूर कपडाको बत्ती जलाउँ
ए ! अगि हिट्या काफली पछि फूलमाल
ए ! जाइ पउच्या काफली शिखर पखान
ए ! काफली देवताईको चउँ जुग नाम

∾ले. ○जयजयकार, ⊛मा, सँग, =अगर, ◇चन्दन, ▬ताली, बाजा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीशिकाशको चैंत -५

यो शिकाशको लेक बैतडी जिल्लामा पर्दछ तापनि योसँग डोटी र डडेल्धुरा जिल्ला जोडिन पुगेका छन् । यो पनि अतिशय पवित्र पीठ मानिन्छ । यहाँ पनि कहिलेकाहीं सिद्धदर्शन गर्न पाइन्छ रे । यहाँ त रमणीय आश्रम र सो आश्रममा तपोमग्न जटाधारी ऋषिमुनि देखापर्दछन् भन्ने जनताको भनाइ छ तर विरलै भाग्यवान्लाई मात्र । यो कुरा मैले खपतडमा पनि सुनें । सो खपतडमा २४ वर्षदेखि अविच्छिन्न तपस्या गरेर वसी रहनुभएका महात्माजीले पनि यसको समर्थन गर्नु भयो । वहाँ निकै शिक्षित र योगी पनि हुनुहुन्छ । खपतडमा त यस प्रकारका विभिन्न दर्शनको साथसाथै शंखघंट, वीणा, मृदंग, बाँसुरी आदि बजेको सुनिने र कतै सुमधुर नाट्य भएको अनुभव गर्न सकिने कुरा प्रायः सबैले भन्दछन् र सो महात्माजीले विगत २४ वर्षमा कैयौं चोटि यसको अनुभव गरिसक्नुभएको कुरा स्वीकार गर्नु भयो । यसमा मेरो व्यक्तिगत केही भनाइ छैन । यो सब लोकविश्वास र जनश्रुति हो ।

यो चैंतमा धवल पहाड (हिमाल) बाट आएका शिवलिंगलाई स्नान गर्दा धौलाडी बोराले पाई शिरमा राखी ल्याउँदा शिरमै अन्तर्ध्यान हुँदा सो बोरालाई निकै पछुतो परेछ । तर शंकरले अप्रत्यक्ष भएर नै भनेछन् कि म अन्तर्ध्यान भएपनि तिम्रो पूजा नै पहिले ग्रहण गर्नेछु र तिम्रो सो पूजनसामग्री जतिसुकै बासी भएपनि मलाई स्वीकार्य हुनेछ ।

यसपछि शिवजीको मण्डपशिरमा (सो शिकाश धुरामा) र गाउँ (भक्तजन र भंडार) चमखाममा रहेको उल्लेख छ । सो मंडप बनाउन विभिन्न जातसँग सहयोग गर्न भनिएको छ र असौजको शुक्ल अष्टमीमा सो शिवलिंगको पूजा गर्नु पर्ने हुनाले माणौ (मण्डर) छिपी दिन वीरमा नामकी धमेनीलाई भन्दा निजले सो ठाउँमा पानी नभएकोले शिवजीसँग पानीको वर मागिछ । सो वर माग्दा कुनै चोप भएको रूखमुनि बसी रहेको बेला अघि अघि कालो नाग र उसको पछि पानी उत्रेछ । अब पूजा हुन थाल्यो । गढगर्खा (डडेल्धुरा) र चीर गर्खा (डोटी बैतडी) का अनेक भक्तले नानाथरी उपहार ल्याए । पूजा भयो । हवन पनि गरियो । वद्री नामक पूजारीले शिवलिंगमा भोग लगायो तर वलि चढाइदिएछ । यो अपवित्रता दूर गर्न शिवजीले गया, काशी, प्रयाग, हरिद्वार आदि तीर्थ गर्न चाहे । भूमिराज मामा (तान्त्रिक भैरव) सँग शिवजीले साइत हेरिदिन औंलाको हिराको औंठी शुल्कस्वरुप राखेर अनुरोध गरे । बुधवारको राति साइत मिल्यो । अब उनी आफ्ना सबै पाल (द्वारपाल) हरू र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाटो मसानी गणलाई समेत सँग लिई हिँडे । डडेल्धुरा उग्रताराको मन्दिरमा पुगी बहिनी उग्रतारालाई पनि सँगै हिँड्न भने । यसरी हिँडेका शिवजीले सबै तीर्थ स्नान गरी पवित्र भै पुनः शिकाशको लेकमा आई सबै अज्ञानी नरनारीलाई क्षमा गरी वरदान दिनुभयो ।

श्री शिकाशको चैत -५

धौली○ पहाड होइ〰 शिव लिंग आया
त्रिपुरा सुन्नर दैत्यौ शिव लिंग आया
क्यौकी छ मूरति क्यौकी छ काया
ईश्वर मूरति सुवरन काया
धौलाडी बोरो असनान अन्न◇ गयो
धौलाडी बोराका कान चढि आया
शिरमाथि शिव लिंग औलेप भया
धौलाडी बोरो बाहुली चुटी रोयो
जन रोइ बोरा तिलक जेठो तोइ
औरको पोखल सनिउँतो□ खाउँलो
बोराको पोखल बासी तुसी खाउँलो
कहाँ तेरो मण्डप कहाँ तेरो गाउँ
शिर रोज्यो मण्डब चमखाम गाउँ
ठाँट मगर कोटि मेरो बोल लिय
चमखाम आउँछु मण्डब साली▬ दिय
कति हारैंकी तेरो मण्डव रोकाउँ
कति हारैंकी तेरी बीणी बधाउँ
नौ हारैंको मेरो मण्डब रोकाउँ
बाइस हारैंकी मेरी बीणी बधाउँ
चमखाम वरिपरि रिटाइ✿ हाल साइ
कसिहाल्या साइ कटाइहाल्या छार
लेकाल ऐर मेरो बोलु लिय
मण्डब रोकाउँछु धुरी छोइ दिय
छुँनात छौं ला हाम रोताली पाउ

○धवल, सुकिलो, 〰बाट, ◇गर्न, □ताजा, ▬बनाई, ✿घुमाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न्यौराली गाउँ रोताली पाउँ
रोताली दिउँला लेक डाणो गाउँ
लुपडे बोरा मेरो बोलु जिय
मण्डब रोकाउँछु काठ काटी दिय
काटना काटुँला रोताली पाउँ
शिलिगी गाउ हाम रोताली पाउँ
रोताली दिउँला बोरा लुपुडिको गाउँ
ओ सैल्या लोहार मेरो बोलु लिय
मण्डब रोकाउँछु कुटो कारी दिय
कारना त कारूला रोताली पाउँ
वासा वासा भौल्याका भुजाइ खाउँ
छोइ छाइ मन्डब भइ फूल माल
कब तेरो परव कब तेरी जाँत ×
असौज परव अष्टमी जाँत
को तेरो पूजाहारो को तेरो धामी
बद्दरी पूजारो सुन्नरे धामी
धामीकी धमेनीको क्याउ होलो नाउँ
धामीकी धमेनीको वीरमा छ नाउँ
वीरमा धमेनी मेरो बोल लिय
परव आइछ मंडब छिपी दिय
छिपना त छिपूँला पनिया○ कहाँ पाउँ
धाराको बगरको पनिया भराउँ
पैं तेरा नरको भलो भलाउँ
कहाँ छ लुवा गडो कहाँ धामी गाउँ
तल छ लुवा गडो पुर धामी गाउँ
वीरमा धमेनी पानीवर बैठी
चोपाइला रूख मनि पानीवर बैठी
अघि अघि कालो नाग पछि पछि पानी
छिपी छापी मण्डब चढाइ हाल्यो धाजा
छ बिसी गडैको शिवलिंग राजा

× जात्रा, ○पानी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बार बिसी चौरैको शिवलिंग राजा
छ बीसी गढकी आइगैछ शीख
बार बीसी चौरैकी आइगैछ शीख
कति आयो सुन चाँदी कति आया गाई
भौतै आयो सुन चाँदी भौतै आया गाई
दूध घिया गोबरैले गात लिपायो
श्रीखण्ड चन्दन गात पैरायो
शालीका चामलैकी पूजा लायोछ
रण्या रण्या~ जौतिल अगेरी हुमाइछ
उगुल गुगुलैकी धूप अरायो
सपुरस्या कपडाइकी बाती फेरायो
कुरुजाकी पद्मैकी स्याउली
शिव लिंग भोग लागी बद्दरैकी बाउली ।
मारिहाल्यो बाकरोको गाडी हाल्यो पित्त
आब भैछ शिवलिंग गया जानि चित्त
भूमिराज मामाज्यू हो मेरो बोल लिय
गया नहाउन जान्छु दिउँस◆ हेरी दिय
थापी हाल्यो धुलाउटो हेरी हाल्यो पाति
बाहुलीकी हिरौंदा हेराउन राखि
दिउँस भलो मिलो छ हो बुधवार राति
गया जान शिव लिंगौ को दैव साथ
गया जान शिव लिंगौ कैली पाल साथ
गया जान शिव लिंगौ नीर पाल साथ
गया जान शिव लिंगौ द (द्यौ) पाल साथ
गया जान शिव लिंगौ भूपाल साथ
गया जान शिव लिंगौ सुरपाल साथ
गया जान शिव लिंगौ धौ पाल साथ
गया जान शिव लिंगौ रतन पाल साथ
लाटो मसानी दैत घरैको बाग
गया जान शिव लिंगौ भूमिराज साथ

~ बेरै या अखंड ◆ साइत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोली चढ्या शिव लिंग भूमिराज घोडा
तहाँ हैंत गोसाईं ज्यूले चलु भलु कियो
माणौका खेत आइ वैंसेक लियो
तहाँ हैंत गोसाईं ज्यूले चलु भलु कियो
खुनी पलेटा जाइ वैंसेख लियो
ताँहैंत गोसाईं ज्यूले चलु भलु कियो
उग्रतारा माणौ जाई वैंसेख लियो
चल बैंना उग्रतारा गया नुहाउन जाउँ
तहाँ हैंत गोसाईं ज्यूले चलु भलु कियो
हर द्वार पिडी जाइ वैंसेख लियो
वैंसेख लियो गोसाईं कियो असनान
असनान कियो गोसाईं अऱ्यो जपध्यान
जपध्यान अऱ्यो गोसाईं चलु भलु कियो
वद्री केदार जाइ असनान कियो
गंगोत्तरी जमुनोत्तरी असनान कियो
फर्की मथुरा पुगी असनान कियो
प्रयाग काशी पुगी असनान कियो
असनान कियो गोसाईं अऱ्यो जप ध्यान
जप ध्यान अऱ्यो गोसाईं चलु भलु कियो
गयाजीका घाट जाइ असनान कियो
गोदान दक्षिणा अरि जपध्यान कियो
न्वाइ ध्वाइ शिवजीले प्रस्थान कियो
शिकाशका लेक आइ वैंसेख लियो
नर पामर सब वर दान दियो ।

मालिका देवीको चैत -६

पश्चिम नेपालका सबै देवताले यी मालिका माईको अधीनता स्वीकार गर्दछन् । सबै देवताका गाँज र धामीहरुले यिनीलाई प्रणाम गर्दछन् । यी मालिका देवीको बारे केही भन्नु भन्दा पहिले यो गाँजको परिचय दिइहाल्नु आवश्यक हुन आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाँज

यसलाई द्यौरो पनि भन्दछन् । देवताको सम्पत्ति अनुसार सुनचाँदीले वेरेको शुद्ध काठको एक बलिलो र लामो डंडामा यो गाँज बनाइन्छ । यसको टुप्पामा रेशमी वस्त्रले सुनचाँदीका कतिपय प्रतिमाहरु बाँधिन्छन् । त्यसैमा चउँरीपुच्छ पनि झुंड्याएर यसको सिंगार गरिन्छ र पञ्च गव्यादिले अभिषेक र पूजन गरिसकेपछि यो गाँज स्वयं काम्न थाल्दछ । सम्बन्धित सेवकले यसलाई एकै हातमा सजिलोसँग उठाएर नचाउँछ यद्यपि यसको भार लगभग आधा मनको हुन्छ । यो गाँजसँग वाद्यवादनका साथ अनेक देवनृत्य गरिन्छन् । प्रत्येक देवताको गाँज हुनु अनिवार्य छ । आजभोलिको सबभन्दा रहस्यात्मक र शक्तिशाली गाँज डडेल्धुरा चिल्फी गाउँमा स्थित दुर्गादेवीको मानिन्छ । यो गाँज सिंगारिएर अभिषेक भैसकेपछि पहिलो चोटि पाँच पाइला कसैले नछोइकनै आफैं हिंड्दछ । पछि पनि जनताको भनाइ अनुसार अरुले सहारा मात्र दिने र यो आफैं काम्ने, जता चाह्यो जाने र कसैलाई दण्ड एवं पुरस्कार दिने गर्दछ । सो दण्ड र पुरस्कारको अंक तोक्दा अरु कसैले नछोइकन यसको फेदले माटोमा आफैं लेखी दिन्छ । यो प्रायः सबैले देखेको घटना हो । डोटीतिरका प्रायः सबै देवताका यस्ता गाँजहरु यिनै मालिका र दुर्गामा नतमस्तक भएर मात्र नाच्न थाल्दछन् भन्ने जनताको विश्वास छ ।

प्रस्तुत चैतमा दक्षिण (पूर्णागिरि) देशमा उदाई (गर्मी) ऋतु आएको हुनाले हिमालयमा गएकी मालिका देवीलाई जुवारन (पूजन गर्न) जाने उल्लेख छ । यहाँ यो विश्वास गरिन्छ कि असौज पूर्णिमादेखि चैत पूर्णिमासम्म मालिका माई पूर्णागिरि पर्वत (महाकाली नदीको पश्चिमी तटवर्ती भारतीय प्रदेश) मा र सो चैतदेखि असौजसम्म मालिका पर्वत (सेती अंचल बाजुरा) मा निवास गर्नु हुन्छ । यो पूर्णागिरिमा सतीदेवीको देब्रे कान पतन भएको उल्लेख स्वस्थानी कथामा पनि भएको छ । यसकारण यी उनै आदिशक्ति पार्वती हुन् । यस्ती आदिशक्तिको पूजा गर्न श्रीखण्ड चन्दन, पिठायो (केशरी), धूपकपूर, जर्न, गहना र वस्त्र एवं श्रीफल भेटी लैजानुपर्दछ ।

यसरी पूजन गरी प्रसन्न भएकी मालिका आमाले अपुत्रीलाई पुत्र, निर्धनीलाई धन, ब्राह्मणलाई चारै वेदको ज्ञान, पैकेलालाई हतियारमा सफलता, ऐर (गोठाला) लाई ठाँट (गाँई भैंसीले पूर्ण गोठ) कोवर, ठाकुर (राजा) लाई एकछत्र राज, सन्त महन्तलाई शान्ति र ज्ञानीलाई मोक्षको वर दिनेछिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालिका देवीको चैत-६

दक्षिण देश उदाइ ऋतु आइछ
चल माई नालिका जुवारन जाउँ
क्याउ क्याउ सौगात लइजाइ
माता जुवारन जाउँ
श्रीखण्ड चानुन लैजाइ माता जुवारन जाउँ
पियलो पिठायो लैजाइ माता जुवारन जाउँ
धूप कपूर लैजाइ माता जुवारन जाउँ
जोलो जनै लैजाइ माता जुवारन जाउ
गहना वस्त्र लैजाइ माता जुवारन जाउँ
श्रीफल भेटी लैजाइ माता जुवारन जाउँ
जुवारी* मालिका माता क्याउवर दिन्नी‡
अपूता दिन्नी माता पूतैको वर
निरधनी दिन्नी माता धनैको वर
वामन दिन्नी माता चारैकाणि वेद
पैकेला दिन्नी माता खाणाइको वर
ऐरन दिन्नी माता ठाटैको वर
ठाकुर दिन्नी माता एकै छात्र राज
सन्त महन्त दिन्नी शान्तिको वर
ज्ञानी वैरागी दिन्नी मोक्षैको वर

मालिकाको झोलाउलो-७

यसमा मालिका देवीले नङर कोटबाट मालिका पर्वतमा जाने इच्छा गरी विभिन्न वास बस्दै हिँडेको वर्णन छ। सो मालिका माईले सिंहमा चढेर जाँदा पहिलो वास डुमराकोट, दोस्रो वास गत्या, तेस्रो वास चाक भन्ने ठाउँमा बसी मालिका पर्वतको त्रिवेणीमा पुगेको भक्तिपूर्ण वर्णन यो चैतमा भएको छ। सो त्रिवेणीमा स्नान गरी पिंड हालेमा पितर (पितृ) तर्ने विश्वास लिइएको उल्लेख पनि यसमा भएको छ। सो मालिकामा चौधै भुवनका राजाहरू पनि नतमस्तक हुन्छन्। यस्ती मालिका मातामा आफ्नो पाप हरिलिन भक्तले प्रार्थना गर्दछन्।

---

* पूजा गरेपछि, ‡ देलिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी मालिका श्रावण पूर्णिमामा पूजिन्छिन् । यो पर्वतको उचाइ १४ हजार फीट छ । यो पूजामा उपहार र सलामी दिन अद्यावधि डोटीबाट शाही सेनाको टोली खटिएर जान्छ । डोटीबाट जाँदा तोकिएका ठाउँमा मात्र वास बस्नुपर्दछ । यस प्रकार जाँदा मालिकासम्म १५ वास छन् । तर फर्किंदा कुनै बन्धन छैन; हिँड्ने मान्छे ४।५ दिनमै डोटी आइपुग्दछन् । क्लिष्ट उकालो र सास फुल्ने हुँदा रुग्ण र कमजोर व्यक्तिलाई यहाँ पुग्न गाह्रो परी बीचैंबाट फर्किन्छन् पनि ।

भनिन्छ कि यी मालिका माईले पूर्णागिरिबाट यहाँ आउँदा बसिने वासहरू हुन् । उक्त मालिकातीर्थ जाँदा बाजुरा जिल्ला भएर जानुपर्दछ र बाजुरे राजाका सन्तानलाई खुशी पारी हँसाएर मात्र जानुपर्दछ भन्ने विश्वास लिइन्छ । यसको पृष्ठभूमि यस प्रकार छ :– पहिले मालिका माई बाजुरे राजासँग प्रसन्न भई एक यौवनवती सुन्दरीको रूप लिई पासा खेल्नुहुन्थ्यो जो कुरा सो राजालाई पनि थाहा थियो । एक दिन एकान्त कोठामा पासा खेली रहेको बेला राजाको मनमा पाप उठेछ र सो कुरा अन्तरज्ञानी मालिकाले थाहा पाई निजलाई अब-देखि मालिकाको मन्दिरमा जान नपाउने प्रतिबन्ध लगाई उनलाई पनि अबदेखि दर्शन नदिने निर्णय गरी हिँड्न थाल्दा राजाले क्षमा मागेछन् र उनले आजसम्म गरेको सेवालाई ध्यानमा राखी उनलाई वरदान पनि दिएर जानुभएछ । त्यो वरदान थियो उनले घरैंबाट पूजा दिएर पनि स्वीकार हुने र अरू तीर्थालुहरूले उनको अनुमति लिएर मालिका गएमा मात्र तीर्थयात्रा सफल हुने । यो परम्परा उनका सन्तानमा पनि आजसम्म चल्दै आएको छ । आज भोलि यात्रीहरूको टोली टोली मिली केही दाम दिई सो राजाका वंशधरलाई हाँस्न लगाई अघि बढ्दछन् । यो बेला चलाक गफाष्टकीहरूले अनेक जुक्ति र हाँसो ठट्टाको पनि उपयोग गर्दछन् । प्रस्तुत भोलाउलोमा उक्त सबै वासको वर्णन भएको छैन । तर सो सबै वर्णन भएको भोलाउलो पनि पाइन्छ । यो वर्ष सो संकलित हुन सकेन ।

मालिकाको भोलाउलो-७

फाँहाँ तुमारो रैथान माताउ
काहाँ उनै × चित्त लायो
नङर कोटको रैथान माताउ
मालिका उनै चित्त लायो

× जाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माताउ जुग जुग राज्य तुमारो
माताउ हरि लिय पाप हमारो
नङर कोट है सिंह चढिनी ★
देवी चलुरे भल कियो
डुमरा कोट खला रे टुप्पा
पइल्लो बासो लियो
पइल्ला बासा मालिका माताउ
घिया अक्षतको भोग
प्रसन्न भइन मालिका माताउ
दर्शन गरें सब लोग
हूम हुमाइछ पूजा लगाइछ
दोसरो बासो गत्या
रीस रिसाउन्नी मालिका माताउ
दानव मार्‍यो जँत्या
हूम हुमाइछ पूजा लगाइछ
तेसरो बासो चाक
प्रसन्न भैन मालिक माता
दान्नव छोड्यो हाक
किर्दल मार्‍यो भित्तिका खौला●
चन्दन भाडी साइ हाल्यो धान
माता पिताइका पिण्ड हलाइ
त्रिवेणी करउँ असनान
माली रे काइका कुवोर माथि
गैंटी रे हाल्यो धजा
तेरी रे सेवा आय्यारे माताउ
चौधैं भुवनका राजा

उग्रतारादेवीको चैत -८

यी उग्रतारा देवीको स्थान डडेल्धुरा नजदीकै पोखरानेर पर्दछ । यस लाई घ्यैमाणौ पनि भन्दछन् । यी देवीको नामै उग्र कामै उग्र भने पनि हुन्छ । देव-

★ चढेर ● डांडा को माथिको मैदान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दानव र मानव बन्दा यी भगवतीको सम्बन्धमा पनि अनेक चर्चा सुन्न पाइन्छ। असौजको नवरात्रीमा यहाँ भक्त जनहरूले व्रत-उपवासादिपूर्वक दुर्गा सप्तशती र देवी भागवतको पाठ गर्दछन्। यी देवी वर दिनमा पनि उग्र छिन्। यहाँ भक्तिपूर्वक गरेको साधारण पाठपूजाले पनि इच्छित कार्य सिद्ध हुने संकेत स्वप्नादिमा पाइन्छ भन्ने सबैको विश्वास र अनुभव पनि छ। तर यहाँ गरेको उग्र तपस्याले कसैलाई उल्टा फल पनि देखियो। त्यस्ता व्यक्तिहरूले आजीवन चित्तभ्रमको अवस्थामा रहनुपर्‍यो। तथापि कार्यसिद्धिको लागि साधारण जनताले आ–आफ्नो शक्ति अनुसार यो पीठमा पाठपूजन भरभाकल आदि गरेकै हुन्छन्। यी उग्रतारा कार्तिक शुक्ल चतुर्दशीमा पूजिने र त्यसै दिन यिनको माणौमा विशाल जात्रा लाग्दछ। पश्चिम नेपालको सबभन्दा ठूलो जात्रा यही हुन सक्दछ। जस्तो यी देवीको शक्ति छ त्यस्तै यो सिद्धपीठ बस्तीको बीचमा भएर पनि एकान्त र अतिशय रमणीय छ। यहाँबाट पश्चिम नेपालका प्रायः सबै देवस्थल, सेती नदी र समुज्वल हिमालयको झाँकी एकसाथ हेर्न सकिन्छ। यहाँबाट अजमेरकोट पनि नजदीकै छ।

प्रस्तुत चैतमा अजमेरका राजा भूपति शाहीले यो दुर्गाको जात्राको समय पात्तर शोभा नामक नारी (वेश्या) बाट जान्न चाहेको र सो पात्तर शोभा आई दुर्गाका पूजारी र धामी आदिसँग पूजा हुने समयबारे जानकारी गरी पुनः अजमेर गई भूपति शाहीलाई सो बारे जानकारी गराएको र त्यस–पछि भूपति शाही सो अवसरमा आफैं आई पुगेको वर्णन यो चैतमा गरिएको छ। देवीको यो स्थान र माणोलाई बुंगाजोली र देइबुंगा माणी भन्ने चलन अद्यावधि पनि छँदैछ। भूपति शाहीले पनि आफ्नो कुल–परम्परा अनुसार सो देवीको परीक्षा लिएका रहेछन्। उनले दुर्गाको धामीलाई तरवारको धारमा नाच्ने र माणौमा फुंड्याइएका ध्वजा पताकामा हिंडेपछि मात्र देवीलाई मान्ने शर्त राखेछन्। तर भनिन्छ कि सो धामीले तरवारको धारमा मात्रै नाचेन कि सोझो उभ्याइएको तरवारको तीखो टुप्पामा आफ्नो नांगो नाइटो राखी चक्का जस्तै फनफन घुमी दिएछ। अब राजाले सो देवीलाई मान्न करै लाग्यो र कुयेली र धामी गाउं गुठीस्वरूप दिउँला भनी अन्न, धन र राज्य स्थायी राखी दिन अनुरोध गरेछन्। तर देवीले स्वीकार गरेकी रहिनछिन्। यसको केही दिन पछि चन्नहरुको आक्रमणले गर्दा भूपति शाहीले अजमेर जस्तो कलापूर्ण दरवार त्याग गरेर दिपाइलको सानो घरमा गई बस्नुपर्‍यो।

यहाँ स्मरणीय के छ भने यी डोटी राजाले प्रायः सधैं स्थानीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवी–देवताको अपमान गरे । यो अपमान देवीदेवताको नभैकन तिनमा अपार श्रद्धा राख्ने जनशक्तिको थियो । यसबाट यो पनि बुझिन्छ कि डोटी राजा र जनताको दृष्टिकोण भिन्नाभिन्नै मात्रै होइन परस्परविरोधी थियो र अन्ततोगत्वा जनताको नै विजय भयो । ती जनताले आजसम्म पनि यी देवी–देवतालाई मानी नै रहेछन् जब कि डोटी राज्य आजभन्दा लगभग दुइ सय वर्ष पूर्व नै उडी सकेको थियो ।

उग्रतारा देवीको चैत-८

अजैमीर भूपति शाही राजौ पूछन लाग्या बात
जानरे जान पात्तर शोभा देवी रे बुंगाजोली
साँकि संक्याल भुत्याल पदु कब हुन्छे दुर्गाकी जांत
कातिक मास सुकुलि चतुर्दशी वें○ हुन्छे दुर्गाकी जांत
धाउनी धिपाउनी पात्तर शोभा अजै ीर पउची
कहुन कहु पात्तर शोभा कब हुन्छे दुर्गाकी जांत
कातिक मास सुकुली चतुर्दशी वें हुन्छे दुर्गाकी जांत
सुजान सुजा राउली चेली लुगुडा सुजाइ दिय

बोटी रे हैंत भूपति शाही राजौ बाटी पाइलो सान्यो
आइतंका खान∾ रे जाइत बेली रे बासो लियो
ताँहैंत भूपति शाही राजौ चलु रे भलु कियो
देइ बुंगा माणौ जाइ बेली रे बासो लियो
देवी बुंगा भूपति शाही राजौ हाँका रे हाँक भैछ
ततिकीत□ दुर्गा छैंत◆ छुरी रे चढी आन
ततिकी त दुर्गा छैंत धजारे चढी आन
अवतरी दुर्गा देवी छुरी रे चढी गैन
अबतरी दुर्गा देवी धजा रे चढी गैन
को हो देवीको लौडिया पगडिया
को होलो देवीको धामी
ढाँट दुमाडी जंसा लौडिया पगडिया
साँकि भुत्याल जसो धामी ।

○ त्यसैबेला, ∾ कुनै वेला खानी रहेको ठाउँ । यस्ता खान नाम गरेका डोटीमा धेरै ठाउँ छन्, □ त्यस्ती शक्तिशाली, ◆ छौ भने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(लय बदलेर)

कुयेंली चढाउँ मेरी माता कुयेली चढाउँलो
धामीगाउं चढाउँ मेरी माता धामीगाउँ चढाउँलो
अन्नै वर पाउँ माता धनै वर पाउँ
राज्यै वर पाउँ हाम घर जाउँ

कृष्णजीको धुमारी-९

यो धुमारी यहाँ केवल नमूनाको लागि प्रस्तुत गरिएको छ । नेपालीको डोटेली भाषिकाभन्दा हिन्दीको व्रज भाषिकाका शब्द र शैली यसमा बढी प्रयुक्त भएका देखिन्छन् । तर शब्द शय्या सरल र भाव साधारण नै देखिन्छन् तथा सम्पूर्ण धमारीमा 'छन्ज्या' र 'ले' दुइटा विशुद्ध डोटेली शब्द पनि प्रयुक्त भएका छन् । यसको अन्तिम पद हिन्दी र नेपालीको साझा जस्तो देखिन्छ तापनि त्यसलाई नेपालीतिर बढी ढल्काएको छ । 'रगतैको भोग लगाइ' मा 'रगतै' भन्नाले डोटेली भाषिकामा रगतको नै जन्ने अर्थ हुन आउँछ ।

यो धमारी रचिएको त डोटेलीहरूद्वारा नै हो तर यसमा र यस्ता डोटेली लोकसाहित्यका अंग जस्ता भैसकेका धमारीहरूमा व्रजका सूरदासको प्रवेश कसरी र कहिलेदेखि भयो यो खोजको नै विषय छ । यो धमारीको अर्थ स्पष्ट भै छ। स्थानीय देवताहरूका धमारी पनि यस्तै हिन्दीप्रभावित हुन्छन् । अर्थात् धुमारी भन्नाले हिन्दी प्रभावित लोक-साहित्य संझनुपर्दछ ।

कृष्णजीको धुमारी-९

हाँ हाँ मोहन श्याम गावडी दुइ दीजै
संवात कीजै तमारी लागि
ए कौन बलावन लीजै-मोहन ... ...
मथुरा थात जनम अधरात
ए कंसन कहनीय बात-मोहन... ...
भाद्र रोहिणीको जन्म कनैया
ए बुधवार अष्टमी छन्ज्या
ऐसो पूत तप्यो वसुदेव
ए व्रजवासी खेलैं धुमारी
शूद्र कुमारी गोकुल लैजाउँ
ए मथुरा ल्याउँहा कुमारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ए जब वसुदेव गोद परि लेना
द्वार पाल सव सोइ
कोख कनैया माया भुजंगा
गोकुल बालख रोइ
सात दीप मै द्वारी फिरत हैं
तीन लोक जुग चार
कृष्ण कनैयाले जनम लियो हैं
खुसी भयो सनसार
अगि गुवालो पछि गुवालिन रे
बीच बीच कृष्ण कनैया
कंस कलंकी कैसो समझाउँ
बालक कैसो बचाउँ
कृष्ण कनैयाले जन्म लियो है
जसोदा कैसो पत्याउँ
कंस कलंकी मारना को धाई
देवी भई जग जाई
हिमालय पर थान रचाइ
कन्द मूल फल खाई
शिवगण शंकर वास करत है
रगतैको भोग लगाइ

कृष्णजीको चैत -१०

यो नारीरचित हो र नारीहरुले नै गाउँछन् यसमा विशुद्ध डोटेली शब्द, लय, शैली पाइन्छ । यो कथाको आधार कृष्णलीलासम्बन्धी कुन पुराणको प्रसंग हो पैल्याउन सकिएन । तर यसमा स्थानीय चलन र दृष्टिकोणलाई प्रधानता दिइएको हुनाले यसलाई मौलिक नै भन्न सकिन्छ । यसको कथा यस प्रकार छ—

कृष्णकी आमाले भनिन्– कृष्णहरि ! तिमी त अझसम्म सुतेकै छौ, अरु सबका गाई त चर्न रनवन पुगिसके । यो सुनेर कृष्ण जुरुक्कै उठेर माझको कोठामा गई सुन झिकी सुनार दाजिकहाँ गएर त्यो सुनको गिणवा (खेल्ने कुरो) बनाइमागेछन् । यस पछि घर फर्की सबै भाइबहिनी (साथीसंगिनी) लाई गाई चराउन जाऊँ भनेछन् । तर यसरी गाई चराउन लेजाँदा परको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनमा बाघ बोल्ने, उवो (डाँडामा) वनमा सल्ला सुसाउने (स्याईं स्याईं हावा चल्ने) उंधो (खोलातिर) वनमा गंगा कराउने हुनाले जमुनाको किनार-तिर नै गाई लग्नु उचित ठानी त्यहीं लगे र सो गिणवाको खेल खेल्न थाले। पहिलो खेलदेखि नै हार्दै गएका कृष्णले पाँचौं खेलमा त लाज र ग्लानिले गर्दा जमुनामा हाम फाली डुबे। डुब्दा साथीभाइसँग उनकी आमालाई कृष्ण आउँदै छ र उनका बाबुलाई डुबिसक्यो भन्ने खबर गरी उनको भाग लाड्-चिउरा सबैले बाँडेर खाने अनुरोध गरे। आमाले कृष्ण डुबेको खबर पाई तुरुन्त जमुनाको किनारमा गई 'मेरो साँचिलो छोरा कृष्ण आइजा' भनी बोलाउँदा कृष्णले '६ महिना र वर्ष दिन कुरेपछि आउँला' भन्ने जवाफ दिए। यो चैत नारीवर्गद्वारा कृष्णाष्टमी र गौरापूजनको साताभा भक्तिपूर्वक करुणलयमा गाइन्छ।

कृष्णजीको चैत -१०

सबैंका गायलु ▬ कृष्ण हरि !
रनवन पउँच्या रे कृष्ण हरि !
हामरो कृष्ण बालो कृष्ण हरि !
खाटै सुती रैछ रे कृष्ण हरि !
जुडुक्कै उठ्यो बालो कृष्ण हरि !
धुडुक्कै रोयो रे कृष्ण हरि !
धाउनो धिपाउनो बालो कृष्ण हरि !
गावन मजेली गयो कृष्ण हरि !
गावन मजेली जाइत कृष्ण हरि !
सुन प्याउलो गाड्यो रे कृष्ण हरि !
निको निको बुकी सुन कृष्ण हरि !
सुन प्याउला हाल्यो रे कृष्ण हरि !
जसो तसो बुकी सुन कृष्ण हरि !
पगडीका ÷ चाल = बान्यो कृष्ण हरि !
धाउनो धिपाउनो बालो कृष्ण हरि !
सुनारैको गयो रे कृष्ण हरि !
सुनारै सुनान्नी बौज्यू कृष्ण हरि !

▬ गाई, ÷ फेटो, = किनार,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुनार दाजि काँछ रे कृष्ण हरि !
क्याउ आदिस हुन्छ गोसाईं कृष्ण हरि !
घरैं राज भयो छ रे कृष्ण हरि !
सुनार दाजि सुनार दाजि कृष्ण हरि !
मेरैं बोल लेन हो कृष्ण हरि !
सुनार दाजि सुनार दाजि कृष्ण हरि !
सुमको गिणवा बनारे कृष्ण हरि !
सुनको गिणवा बनाइ कृष्ण हरि !
रोताली क्याउ पाउँला कृष्ण हरि !
माल दिउलो गाउँ जति कृष्ण हरि !
माथा दिउँलो साइ रे कृष्ण हरि !
माल दिउँलो गाउँ जति कृष्ण हरि !
गाथ दिउँलो बागो रे कृष्ण हरि !
धाउनो धिपाउनो बालो कृष्ण हरि !
घर आइव गयो रे कृष्ण हरि !
हिट हिंट भाइ बैंनाउ कृष्ण हरि !
गोरु खोइव लैजाउँ रे कृष्ण हरि !
पुणा○ वन लैजाउँ त कृष्ण हरि !
बाग गुगाउनो रे कृष्ण हरि !
उवा□ वन लैजाउँ त कृष्ण हरि !
सल्ला सुलाउँना रे कृष्ण हरि !
उवा⬬वन लैजाउँ त कृष्ण हरि !
गंगा सुसाउनी रे कृष्ण हरि !
हिट हिट भाइ बैनाउ कृष्ण हरि !
जमुनाइकी तीर रे कृष्ण हरि !
पैल्लो गिणवा हाँण्यो+ कृष्ण हरि !
कृष्ण बालो हारियो रे कृष्ण हरि !
दोसरो गिणवा हाँण्यो कृष्ण हरि !
कृष्ण बालो हारियो रे कृष्ण हरि !
तेसरो गिणवा हाँण्यो कृष्ण हरि !

○पर, □माथि, उँभो ⬬उँधो; तल, +हान्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्ण वालो हारियां रे कृष्ण हरि !
पचाउँ गिणवा हाँप्यो कृष्ण हरि !
कृष्ण वालो ड़विगयो कृष्ण हरि !
मेरा बवा सोधन्ना त कृष्ण हरि !
कृष्ण वालो डुबिगयो कृष्ण हरि !
मेरी इजु सोधन्नी त कृष्ण हरि !
पछि पछि आउंछ भण्या कृष्ण हरि !
मेरो खान्या दूध भात कृष्ण हरि !
तमै मागि खाया रे कृष्ण हरि !
मेरी सिन्यँ खाट माथि कृष्ण हरि !
तमै सुतिरया रे कृष्ण हरि !
सबका गवलु × कृष्ण हरि !
गोरुघर आइया रे कृष्ण हरि !
हामरो कृष्ण वालो कृष्ण हरि !
नइव आयो रे कृष्ण हरि !
मेरा इन गोरू बाच्छा कृष्ण हरि !
घर पुगाइ दिया भण्यो कृष्ण हरि !
तमरो त कृष्ण वालो कृष्ण हरि !
उमना नदी डुब्यो रे कृष्ण हरि !
जुडुक्कँ उठिन् रानी कृष्ण हरि !
धुडुक्कँ रोइन रे कृष्ण हरि !
धाउनी धिपाउनी रानी कृष्ण हरि !
जमुनाइका तीर गइन कृष्ण हरि !
मेरो जो साँवलो वाला छइन कृष्ण हरि !
मेरी कोख आइजा रे कृष्ण हरि !
छ मैना हेर इजु कृष्ण हरि !
बर्सँ दिन हेर इजु कृष्ण हरि !
पइ आउँलो मेरी इजु कृष्ण हरि !
तमरी कोख रे कृष्ण हरि !

× गाई, भनेको थियो, पर्खं; प्रतीक्षा गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताजीको चैत -११

यो पुरुष र नारी दुवै वर्गद्वारा गाइने लोककाव्य हो । यसका भावहरुको गहिराइतिर दृष्टिपात गर्दा वाल्मीकि रामायणका प्रभावकारी प्रसंगहरुलाई नै ध्यानमा राखी यसको रचना भएको देखिन्छ । डोटीतिर पहिले नवाह यज्ञ गर्दा देवी भागवतको स्थानमा वाल्मीकि रामायणकै वाचन हुन्थ्यो भनी बुढापाका पंडितहरु भन्दछन् । पछि लघुताको दृष्टिले क्रमशः देवी भागवतलाई अपनाएको रहेछ । वाल्मीकि रामायणमा चौबीस हजार र देवी भागवतमा अठार हजार श्लोक मात्रै छन् । अर्को कुरा के भने भानुभक्तको भाषा रामायणले पनि जनसाधारणलाई पंडितहरुको सहायता न लिइकनै स्वयं रामचरितको रसास्वाद गर्ने सुबिधा प्रदान गरेको हुनाले नवाह यज्ञमा लामो वाल्मीकि रामायणभन्दा देवी भागवतको वाचन गर्नु सुबिधाजनक ठहरियो होला । यस प्रकार यो चैत भानुभक्तको रामायणभन्दा प्राचीन सिद्ध हुन आउँछ ।

भाव वाल्मीकि रामायणको लिएपनि यो चैतको कथानक भने आफ्नै किसिमको छ । यसका प्रथम दुइ पदमा अरण्यकाण्डको ४२।४३ सौं सर्गको प्रसंगको संकेत गरेर अयोध्याकाण्डबाट राम, लक्ष्मण र सीताको वनवास गराई पुनः क्रमशः किष्किन्धा काण्डमा पुगी कथानक टुंग्याएको देखिन्छ ।

यसका प्रथम दुइ पदमा फूलको थाल (बगैंचा) मा फूल बोएको (यहां टिपेको) र सो फूलहरु मृगले खाएको हुनाले सीताजीले रामचन्द्रसँग सो मृगलाई मारी दिने अनुरोध गर्दछिन् । यो प्रसंगमा वाल्मीकीय रामायणमा यस प्रकारको वर्णन पाइन्छ, 'फूल टिप्दै उनी (सीता) त्यहीं घुम्न थालिन् । उनको मुखमण्डल अतिशय सुन्दर थियो । उनी वनवासको कष्ट भोग्न योग्य थिइनन् । त्यस्ती परम सुन्दरी सीताले त्यो मृगलाई देखिन् जसको अंग प्रत्यंग मुक्तामणिले चित्रित जस्तो देखिन्थ्यो○ । यसै पदको दोस्रो वाक्यमा सो मृगको अगिया छेक्ने (अग्रिम पलायन रोक्ने) र सो मृग कता भाग्यो त्यसको पाइलो (खोज) समेत नपाइएको भनी रामलाई सो मृगले कतै प्रकट कतै अप्रकट हुँदै दूर लगी गएको अरण्यकाण्डको भावाभिव्यक्तिलाई संकेत गरेको देखिन्छ☙ ।

○ कुसुमान्यपचिन्वन्ती चचार रूचिरानना
अनर्हा वनवासस्य सा तं रत्नमयं मृगम्
मुक्तामणि विचित्रांगं ददर्श परमांगना । (वा. रा. ३।४२।३२,३३)

☙ दर्शनादर्शनेनैव सोपाकर्षत राघवम्
स दूरमाश्रमस्यास्य मारीचो मृगतां गतः । (वा. रा. ३।४४।८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो चैतमा स्वाउट उदाउत (खुवा, खीर, कुराउनी आदि) लाई सुनको थालमा खाने बानी भएकी सीता वनफललाई पातको टपरीमा राखेर कसरी खालिन् भन्ने प्रश्न गर्दा सीताले आफ्ना पति रामको खाने कुरो नै उनको निमित्त स्वाउद उदाउट हो र सो खाने कुरो राखी खाने पात्र नै सुबरन थाल हो भनी उत्तर दिएको छ । यो प्रसंगमा रामायणमा यस प्रकारको भाव व्यक्त गरिएको छ 'प्रभुले आफैं ल्याएर थोरै वा धेरै फल- मूल वा पातै भएपनि मलाई दिइबक्सेमा त्यही मेरो निमित्त अमृत रस बराबर हुनेछ□ ।

त्यस्तै यो चैतको सुतहर खाट (आरामदायी पलंग) की अभ्यस्त सीताले वनमा कुशासनमा कसरी सुत्नेछिन् भनी प्रश्न गर्दा सीताले उत्तरमा जुन (आसन) मा मेरा पति राम सुत्नेछन् त्यही मेरो निमित्त सुतहर खाट हुनेछ भनेकी छिन् । रामायणमा यो प्रसंगमा यस प्रकारको वर्णन पाइन्छ 'वनभित्र रहँदा म प्रभुसँग घाँसमा पनि सुत्न सक्छु । रंगीन र कोमल गलैंचा तथा गद्दामा के त्योभन्दा पनि बढी सुख पाइन्छ र ?〰' यस्तै यो चैतमा सीताले रावणलाई दिएको प्रत्युत्तर पनि वाल्मीकि रामायणको भाव भूमिसँग मिल्दो जुल्दो छ । रावणले आफ्नो प्रभुता दर्शाउन वीर कुम्भकर्ण उसको भाइ हो जसलाई अब सीताले देवर भन्न पाउने छिन् भनी उनी (सीता) लाई रामको नाम लिन त्यागी दिने सल्लाह दिन्छ । तर सीता कुम्भकर्णलाई मारेर रामैको नाम लिने आफ्नो दृढ निर्णय व्यक्त गर्दछिन् । रामायणमा यो कुम्भकर्णको ठाउँमा घोररूप विभिन्न राक्षसहरुलाई रामले निर्विष (पुरुषार्थ हीन) गरी दिने उल्लेख भएको छ★ ।

तर यो चैतमा रामले कोट (कुटी) मा फर्किंदा सीतालाई नपाई लक्ष्मणमाथि शंका गरेको कुरा छ तापनि यो रामायणको सीताकै लक्ष्मणप्रतिको मार्मिक वचनको रुपान्तर हो जसको पछि लक्ष्मणले स्पष्टीकरण दिएका छन् । यसमा लक्ष्मणले सीताजी भाउजू हुन् र भाउजू मातृवत् नै हुन्छिन् भन्दै सीताका गहना पाउन सकिनँ भनी रामायणको यो भावलाइ संकेत गरेको देखिन्छ –

□ पत्रं मूलं फलं यत्तु अल्पं वा यदि वा बहु
दास्यसे स्वयमाहृत्य तन्मेऽ मृत रसोपमम् । (वा. रा. २।३०।१५)

〰 शाद्वलेषु यदा शिश्ये वनान्तर्वन गोचरा
कुथास्तरण युक्तेषु किं स्यात् सुखतरं ततः । (वा. रा. २।३०।१४)

★ य एते राक्षसाः प्रोक्ताः घोररूपा महाबलाः
राघवे निर्विषा सर्वे सुपर्णे पन्नगाः यथा । (वा. रा. ३।४६।६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मैले सीताको मुखमा कैले पनि नहेरेको हुनाले म उनका केयूर र कुंडल (मुख भागका गहना) लाई चिन्दिनँ तर सधैं सीतालाई प्रणाम गरेको हुनाले उनका नूपुर (पायल) मात्र चिन्दछु"~ । यहां लोकसाहित्यको 'पाइनँ' को भावार्थ 'चिनिनँ' हुन गएको छ।

यस प्रकार प्रस्तुत चैंतलाई वाल्मीकीय रामायणसँग तुलना गरी पाठकहरुको सुविधाको निमित्त अब यसको मूल पाठको सारांश लेखी दिनु उचित ठान्दछु ।

कुसुम थालमा कुसुम छरें र सो थाल मृगले खाइदियो । त्यो मृगको पलायन रोकेर मानुं पर्दछ तर सो मृग कता भाग्यो कता भाग्यो थाहा छैन र उसको पाइलो समेत पाइएन । राम– लक्ष्मण वनवास जांदा सीता पनि पछि लागिन् । रामले वनका अनेक कष्ट देखाउँदैं उनीलाई रोक्न चाहे तर सीताले रामसँग वन जान पाउँदा कुनै कष्ट नभै सुखको नै अनुभव हुने अनुरोध गर्दै रामसँग गइनंछोडिन् । दूधकी अभ्यस्त सीताले वनमा पानी मात्र पिउँदा एक दिन रामसँग अयोध्याको राज्य (सुखवैभव) को चर्चा गरिन् । लंकाबाट तपसिया जोगी आयो; भीक माग्दा सीताले 'हामी वनमा रहने र वनफल खानेले के भिक्षा दिऊं" भन्दा उसले रामको खाने कुरो नै भिक्षामा माग्यो । सीताले दासीको हातमा भिक्षा पठाउँदा जोगीले सो दासीबाट भिक्षा दिलाएमा सीतालाई सत्यबाट च्युत हुने श्राप दिने धम्की दियो । द्वारको दाहिने र देब्रे दुवैतिर (लक्ष्मणले) भष्मको रेखा हाली सो वाहिर र भित्र जाने मान्छे जलेर मर्नेछ भनी अभिमंत्रित गरेका थिए । आफ्नो सत्य राख्न सीताले स्वयं भिक्षा दिने सूर कसी सो द्वारबाट एक कदम मात्र वाहिर राख्दा उक्त जोगीले सीतालाई रथमा चढाई लंका पुऱ्यायो । त्यहाँ रावणले सीतालाई अनेक प्रलोभन र डर देखाउँदै रामको नाम त्यागी उसैलाई पतिरूपमा वरण गर्ने अनुरोध गऱ्यो । तर सीताले सो लबै वैभव र त्रासलाई नगण्य संझी रामको नै नाम लिने अठोट गरिन् ।

यता लक्ष्मणले मृगको शिकार गरी सकेपछि रामलाई अब घर जाऊँ भनी अनुरोध गरे । यहाँ 'खानीका कुकुर कुखानी लाग्या' भनेकोले कुनै विपरीत कार्य वा असगुन भएको जनाउँछ। यो असगुन प्रकट गर्ने लोकोक्ति हो । आज कोट (दरवार, अर्थात् जहाँ राजा राम उहीं अयोध्या भन्ने लोक भावना

~ नाहं जानामि केयूरे नाहं जानामि कुण्डले
नूपूरे त्वाभिजानामि नित्यं पादाभिवन्दनात्। (वा. रा. ४।६।२२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार कुटी) मा कुनै गीत गाइएका छैनन् । पात्तर (वेश्या) हरू नाचेका छैनन् । दाजु राम ! आज कोटमा अन्धकार छ । (कुटीमा फर्केका रामले लक्ष्मणको यो संकेततिर ध्यान दिई हेर्दा त्यहाँ सीता नपाई उनी विलाप गर्दै मग्न थाले) या त मेरी सीतालाई चोरले लग्यो या बाघले खायो वा सर्पले डस्यो अथवा उनी आफैँ कुवा (इनार) मा हाम फाली मरिन् यात उनीले पऽड (पहरा, भीर) बाट खसेर मृत्युलाई अंगालिन् अथवा उनीलाई लछिमनको दोष लाग्यो । यो सुनेर लछिमनले रामसँग त्यस्तो कठोर वचन नबोल्ने अनुरोध गर्दै भने- सीता मेरी भाउजू हुनाले आमा नै हुन् । अब रामले लक्ष्मणलाई सीताको सिंहासन र गहनाको खोज गर्दै त्यसबाट उनको पत्ता लगाउने अनुरोध गरे । तर भौल्या (भाइ) लछिमनले सो केही पनि पाउन नसकेको कुरा राममा बिन्ती गरे ।

यो चैतमा करुण रस प्रधान छ । वास्तवमा रामायणको निष्कर्ष अनुसार 'सीता'को नाम नै करुण रसको पर्यायवाची रहेको निर्विवाद छ, त्यसैमा प्रसंग समेत मार्मिक हुँदा सो बढी प्रभावकारी हुनु स्वाभाविक हो । यसकारण यो चैत गाउँदा कोमल हृदय भएका नारीहरूले अश्रुपात गरेको देख्न पाइन्छ ।

सीताजीको चैत - ११

कुसुम थाल कुसुम वोया सो थाल मृगैले खाई
मारौं मृग छेकौं अगिया अगियाको पाइलोइन पाई
राम लछेमन वनवास चल्या
सीता देवी घरै छाडी गया
राम लछेमन वनवास चल्या
देवी सीता पछि लागी गैन
स्वाउट उदाउटकी खाई रानी सीता
वनफल कसेरी खाल्यौ〰

ज्यै☙ मेरा रामज्यूकी ज्यूनार लाग
त्यै मखि☐ स्वाउट उदाउट
सुवरन थालैकी खाइ रानी सीता
वन पातली कसि अरि खाल्यौ
जामि मेरा रामज्यूकी ज्यूनार लाग
त्यैं मखि सुवरन थाल

〰खाने छौ, ☙जुन, ☐मलाई; मेरो लागि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुतहर खाटकी सुति रानी सीता
कुशासन कसि अरि सेल्यौ
जाइमि मेरा रामज्यूको सुकालो होलो
उइ मखि सुतहर खाट
दूध खाइ रानी चीसो पानी पूछ
रानी अयोध्याइको राज
लंका गड हूँ तपसिया आयो
ल्या माई तपसिया भीक
आफू रानी छोटी केश बडा लामा
तँ माथि भयो वने वास
लंका गड हूँ तपसिया आयो
मागन तपसिया भीक
वनैं रना वनैं फल खाना
क्याहाइ की तपसिया भीक
जेइ तेरा रामज्यूकी ज्यूनार लाग
त्यैं मखि तपसिया भीक
फुलेली छापरी माथि दुइ दाना कुन्ना फल
दी हाल्यो दासिनीका हात
दासिनी कमारीहताउ भीक दिइहाल्यौ
सीताईको सत्य हरालो
दाइन रे दार हाली रे हाल्यो भसमैको रेख
बाउँ रे दार हाली रे हाल्यो भसमैको रेख
यैं देली बाइर आउन्या लोग
जली रे मरी जाउ
यैं देली भीतर जान्या लोक
जली रे मरी जाउ
आफनी बाउलीले भीख देल्यौ
सीताइको सत्य रैंजालो
एक पाउ सीताइको दियली बाइर
एक पाउ दियली भीतर
छोड■ जोगी तपसिया भीक

■थाप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाहा पगडी रथ चढाइ लैं गयो
लंका तरायो
लंका गडमुंडि◆ लडकदी■ सीता
हाइ मेरा राम भतार★
अयोध्या नगरी जसो लंका हामारो
छाड सीता रामैको नाम
लंका गड तेरो अगिनी जलाउँलो
मइ लिउँलो रामैको नाम
लंका गडमुणि कडकदी सीता
घडी घडी रामैको नाम
कुम्भकरण जसो देवर तमारो
छाड सीता रामैको नाम
कुम्भकरण तेरो मारी छेदाउँलो
मइ लिउँलो रामैको नाम
सिंदुरीको छाडो मेरो पड्यो मेरो पड्यो
छाड सीता रामैको नाम
सिंदूरीको छाडो○ तेरो अगिनी जलाउँलो
मै लिउँलो रामैको नाम
खानीका कुकुर कुखानी लाग्या
उठ दाजु घर निसी जाउँ
नैं आज कोट गाइनी गाइना
नैं कोट पात्तर नात्ता
रामौ कोट छ अन्धकार
कि मेरी सीता चोरैले चोऱ्यो
कि सीता बागैले खायो
कि मेरी सीता सरपैले डस्यो
कि सीता कुवा पसि गइन
कि मेरी सीता पाड लोटिन
कि सीता लछिमन दोष
तसो बोल जन बोल दाजु हामरा

◆मा, बीचमा, ■घुमी रहेकी ★भर्ता ○धार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीता बौज्यू छँ* महतारी।
खोज भौल्या लछिमन सीताको सिघासन
खोज भौल्या सीताइका गहना
नैं पाया दाजु मेरा सीताको सिघासन
नैं पाया सीताइका गहना

हनिमन्त (हनुमान्) को चैत-१२

यो चैतमा मौलिक दृष्टिकोण देख्न पाइन्छ। यसमा राम लछिमन दुइ साकै भाइ हुन्, भरत शत्रुघ्न सहित चारै भाइ भई सर (समुद्र) मा सेतु बांधेको उल्लेख छ। अर्थात् हनुमान्ले लंका जांदा खेरि नै सेतुबन्ध भैसकेको देखिन आउँछ। अब हनुमान् लंका पुगे। बाटामा पर्ने जलाशयमा उनले सोह्र सय पनेवारी (पानी भर्ने नारीहरु) अघि र सोह्र सय पछि लगाएर बीचमा सीताकी लडु (प्रिय) पनेवारीलाई आइरहेकी देखे। उनी त्यहीं उभिए। त्यस्तो चिमड मुख्या (मुजा परेको नराम्रो बांदरको मुख भएको) लाई देखी नारीहरुले उनको परिचय सोधी उनी रामका चाकर हुन् भनी थाहा पाए। उनीहरुले वीर हनुमान्लाई पानीको घडा उठाई उनको टाउकोमा राखी दिने (डोटीतिर नारीहरुले टाउकोमा घडा राखी पानी बोक्ने चलन छ) अनुरोध गरे। हनुमान्ले यतिका पानी आज किन चाहियो भनी सोद्धा सीताको स्नान हुन्छ भन्ने उत्तर पाई पुनः त्यो स्नान कहां हुने हो भनी सोद्धा पनेवारी-हरुले कुसुमको बर्गैचामा हुने हो भनी उत्तर दिए।

सीताले थोरै जलले मात्र स्नान गरिन्। बढी भएको जल उनीले पोखी दिइन्। स्नान गरेर सूर्यलाई अर्घ दिंदा औंठी पाई रामको नै भनी चिनेर आफ्नो बाहुलीमा राखिन् जो हनुमान्ले पानीको घडामा (बाटैमा कसैले थाहा नपाउने गरी) खसाली दिएका थिए। यसपछि सीताले हनुमान्सँग प्रेमपूर्वक कुशल समाचार सोधिन्। सो सबै कुशलताको बोध गराइसकेपछि हनुमान्ले सीतासँग आफूलाई भोक लागेका कुरा बिन्ती गरे। सीताले भाडी मुंडो (फलोद्यानतिर) गई पाकेका फल टिपी खाने अनुमति हनुमान्लाई दिइन्। तर हनुमान्ले पाकेका फल खाई कांचा फल पनि झारिदिए र कुम्भकर्णको वाटिका विलोसी (विनाश गरी) दिए। मालीले यो वाटिका विनाश गर्ने को हो भनी प्रश्न गर्दा उनले गौरवपूर्वक म रामको चाकर हनुमान् हुँ भनी जवाफ दिए। अब हनुमान्लाई नाश गर्न सोलसय (असंख्य) लंकाको घिउतेल जम्मा गरी

*हो; छ, ,आमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान्को पुच्छरमा (कपडा सहित) बेरेर रांको लगाई दिइयो । हनुमान्को पुच्छरमै मृत्यु छ भन्ने पनि विश्वास लंकानिवासीले लिएका थिए तर हनुमान्ले लंका नै पोलिदिए र त्यहांबाट शिला र शिलामा उफ्रिंदै हाम फाल्दै (समुद्रपार) पुगे ।

हनिमन्तको चैत -१२

पानी पन्यारा फुलि गंछ जाइ
राम लछेमन दुइ साक भाइ
भरत शत्रुघ्न तिन चारै भाइ
तिन चारैले सर सेतुलाई
लायो सर सेतु बादिहाल्यो तार
हनिमन्त चलिगया लंकाइका पार
सोलसय पनेवारी अगिलूंड चल
सोल सय पनेवारी पछि लुंड चल
बीच सीताइको लडु+ पनेवारी
नवालीकी पारिमै चिमड मुख्या लोग
चिमड मुख्या□ बस्याको~ को लोग होइ
रामैको चाकर मै हनिमन्त
हनिमंत वीर विनती मेरी लेन
तम टिपी घडुलो उंचाइ हाम देन
आजभोल यो पानी क्याउ काम चाइयो
आज सीताइको असनान हुन्छ
कां बसी सीताको असनान हुन्छ
कुसुम सुबाडी बसी असनान हुन्छ
थोका जल नाइ हाल्यो बर्ता जल पोखी
सूरज अरघ दिना हिरौंदा पायो
रामैको हिरौंदा सीताकी बाउली
रामैकी हिरौंदा घडुली हाल्यो
घडुली सीताले नाउना▬ पायो
कुशल छौ हनिमंद कुशल गात
कुशलै छौं सीता रानिउ कुशलै छ गात

+प्रिय, □चाउरीपरेको मुख भएको, ~बसेकी, ▬नुहाउंदा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अजोध्या कोटको कुशल छ गात
लछेमन देवरको कुशल छ गात
कौशिला सासूको कुशल छ गात
आफू राजा रामको कुशल छ गात
कुशल छौं सीता रानिउ कुशल छ गात
हामत सीता रानिउ भोकैव लागि
जानं जान हनिमन्त भाडि◆ मुंडो○ जान
पाक्या जति फलफूल तइ टिपी खान
पाक्या फल खाइहाल्यो काचा फल झाडी
बिलोसी+ हाल्यो हनिमन्दले कुम्भकरणको भाडी
भाडी बिलोसन्या को लोग्या होइ
रामैको चाकर मैं हनिमंत
चुली पताल जडी अगास
यैं हनिमन्दको कसो होलो नाश
सोल सय लंकाइको घिउ तेल खेड
यैं हनिमन्दैका पुछड भेड
यैं हनिमन्तका पुछड राँको
यैं हनिमन्दैकी पुछडैं छ मरू★
लंका पोली विलंका डोली
ताँकी फाल फटक शिला हाली

भगवान् जगाउन्या फाग -१३

यो नारीरचित हो र नारीहरुद्वारा नै गाइन्छ। यसमा भगवानलाई जागा हुन अनुरोध गरिएको छ। पार्वतीले महादेवलाई रात बियाई (प्रसूतिका मैं) सकी अर्थात् प्रभात हुन थाली सक्यो; तपाईं अब जागा हुनुहोस् भनी अनुरोध गर्दा महादेवले 'तिमीले प्रभात हुन थाल्यो भनी कसरी थाहा पायौ पार्वती?' भनी प्रश्न गरे। पार्वतीले उत्तर दिँदै अनुरोध गरिन् कि मेरो काखमा मुतेको नानी अब फुनमुन (बालकहरुको उठ्ने बेलाको गतिविधि र शब्द) गर्न थाल्यो। गोठको बाच्छो आमाको दूध पिउन 'हम्मा!' गरिरहेछ अर्थात् गाई दुहुने बेला पनि भयो। मेरो नाककी बेसरी (फूली) चिसो भएको छ। यसकारण महादेव, अब तपाईं जागा हुनुहोस्।

◆बारी ○तिर; मा, +नाशिदियो ★मृत्यु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय जनदृष्टिकोण र प्रथाको कति स्पष्ट र सुन्दर प्रस्तुतीकरण भएको छ यसमा । यो फाग माद्रमा पर्ने गौरापूजनको बेला गाइन्छ । कुनै रसिक र प्रेमी नारीहरुले आफ्ना पतिलाई बिहानी पख जगाउनुपर्दा प्रेम र विनोदवश यो फाग गाइदिन्छन् ।

भगवान् जगाउन्या फाग -१३

जागो जागो महादेवौ रात बियाउनी○
क्याउ□ जाण्या▩ पार्वताउ रात बियाउनी
कोखिको बालो मेरो कुनमुनाउन लाग्यो
मैले जाण्या महादेवौ रात बियाउनी
जागो गोसाई॑ महादेवौ रात बियाउनी
क्याउरे जाण्या पार्वताउ रात बियाउनी
गोठको बछुरी मेरी हमरान लागी
थाकको मउरी मेरी रणकन लागी
नाकको बेसरी मेरी चिसो रे लागि
जागो गोसाई॑ महादेवौ रात बियाउनी

○बिहान हुन थाल्यो, □के, ▩जान्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

डोटेली लोकसाहित्य

भारत (हुड्केली) खण्ड -४

भारत

यो 'भारत' लाई 'भणाग' र 'हुडकेली' पनि भन्दछन् । दमाईंहरुले हुडको नामक वाद्यसँग यसलाई गाएर सुनाउँछन्। यो गाउँदा तिनीहरू विशेष रूपले शृंगारित भएका हुन्छन् । फेदतिर फुकेर गएको खुट्टासम्म पुग्ने लामो सुकिलो भोटो लगाई काँधमा ससाना घंटीको माला र चौंरी गाईको पुच्छर झुंड्याई प्रायः दल बाँधेर नै ती दमाईंहरुले यो भारत गाउँदै नाच्ने पनि गर्दछन् । यो देवस्तुति झैं पवित्र मानिँदैन । यहाँसम्म कि कुनै विशिष्ट देवताको माणौ, मन्दिर र महाभारत लेकको प्रायः सम्पूर्ण धुरोभरी यसको गायन हुँदैन । उक्त ठाउँहरुमा यो भारत गाए दमाईंहरुलाई तुरुन्त झाडाबान्ता आदि लागी सिकिस्त बिरामी होइन्छ भन्ने विश्वास लिइन्छ । उनीहरुको भनाइ अनुसार यो एक तान्त्रिक अभिचार हो जसको परम्परागत अधिकार दमाई हरु-लाई मात्र छ । उनीहरु योसँग मोहिनी विद्या आबद्ध भएको परम्परा दर्शाउँछन्। तर यो दमाईं (शूद्र) वर्गसम्म मात्र सीमित छ र वैदिक आचरणयुक्त व्यक्तिमा यसको कुनै प्रभाव नपरी उल्टो प्रयोगकर्ताको नै हानि हुन्छ भन्ने पनि उनीहरुको विश्वास छ । किन्तु आज भोलि यो लोकमनोरञ्जको परम्परागत प्रचलन मात्र रहन गएको छ र योसँग रहेको मोहन वशीकरण आदि तान्त्रिक विश्वास र प्रक्रिया लुप्त भैसकेको छ ।

यो भणागको बाह्य रूप पनि मंत्रात्मक नभै कथावृतले नै पूर्ण भएको हुन्छ । मंत्रहरू त उनीहरू प्रायः गुप्त नै राख्दछन् र यसको गायनको साथसाथै आवश्यक परेमा ती मंत्रहरूको प्रयोग पनि गर्दछन् जसले गर्दा विपक्षीको बोली नै बन्द हुने, पेटमा गानो उठ्ने, ऊ मोहित हुने आदि फल घटित हुन्छन् भन्ने विश्वास लिइन्छ । यस्ता कुशल तान्त्रिक दमाईं अब विरलै देखापर्दछन् ।

यी प्रायः वीर रसपूर्ण नै हुन्छन् । यी मध्ये कुनै वियोगान्त भै करूण रस प्रकट गर्ने हुन्छन् तापनि त्यो करूण रसमा समेत वीर रस नै देखापर्दछ । कुनै जोधा (लडाकू वीर) को मृत्युमाथि शोक अवश्य व्यक्त भएको हुन्छ तर त्यसको मृत्युलाई दयनीय नमानिकन त्यसमा जातीय गौरवको अनुभूति प्रकट गरिएको हुन्छ । यो भारतको प्रारम्भ गर्दा ती दमाईंहरूले आफ्नै किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मंगलाचरण गाउँछन् जसमा सृष्टिको आरम्भदेखिको कथासहित विभिन्न पौराणिक र स्थानीय देवी-देवताको नाम लिइन्छ। यसपछि लयपूर्ण गद्यमा प्रस्तुत 'भारत' को भूमिका बाँधिन्छ। यो भूमिका नितनवीन हुन्छ। यो त त्यो बेलाको गायकको स्फुरणमाथि निर्भर गर्दछ। यसलाई गायकले समयानुसार छोटो र लामो पनि पार्दछ। मुख्य गायक (विशेज्ञ) प्रायः एकै जना हुन्छ र अरूले उसको लयमा लय मिलाई साथ मात्र दिन्छन्। भूमिकाबाट नै लयपूर्ण गद्यमा भट्याउने काम शुरू हुन्छ। भूमिकापछि केही निश्चित पद्य भागको पाठ भई पुनः गद्यमै त्यसको लामो व्याख्या हुन्छ। यो प्रक्रिया आदिदेखि अन्तसम्म पद्यको बीचबीचमा चलिनैरहन्छ। यसकारण यसको पद्यभाग पनि धेरै विकृत भैसकेको हुनुपर्दछ। अतः भन्न सकिन्छ कि यो हुड्केली डोटेली लोकसंस्कृतिको परम्परागत अभिन्न अंग भएर पनि यसको रूप सर्वथा सामयिक हुन्छ। जबसम्म अतिशयोक्ति हुँदैन तबसम्म यसमा आकर्षण नहुने हुनाले दर्शकहरूको मनोरंजनको लागि यो यति अतिशयोक्तिले भरिदिइएको हुन्छ कि यसबाट कुनै ऐतिहासिक निष्कर्षमा पुग्न असम्भव नै हुन्छ र कहिले काहीँ त मार्गभ्रष्ट पनि हुन जाने संभावना रहन्छ। यसको पद्य भागलाई लेखी सरर पढ्दा २ मिनटभन्दा पनि कमै समय लाग्छ तर यसको बीचबीचमा लयपूर्ण गद्यको प्रवेश गराएर दमाईँहरूले यसलाई ४।५ घंटासम्म पनि पुग्ने गरी लम्याइदिन्छन्। डोटीतिर प्रचलित केही मुख्य भणागहरू निम्न प्रकार छन्—

१– रानी मौलाको भणाग या भारत
२– उदा छपलाको भारत
३– सकराम (संग्राम) कार्कीको भारत
४– छिया मिया कठायतको भारत
५– केलसिजा कठायतको भारत
६– विगा पनेरूको भारत
७– दुना ऐरको भारत
८– रनि राउतको भारत – आदि

प्रायः यी सबै ऐतिहासिक पुरुष हुन्। यी ती पाइक (वीर) हुन् जसले देश र नरेशको निमित्त युद्ध गरे र कोही विजयी भए एवं कसैले युद्धमै आफ्ना प्राणको आहुति दिनुपर्‍यो। प्रस्तुत योजना अनुसार इतिहास खण्डमा यिनीहरूलाई पनि समावेश गरी ऐतिहासिक तथ्य फेला पार्नमा यिनीहरूबाट सहयोग लिने लक्ष्य राखिएको थियो। तर कार्यक्षेत्रमा गई अध्ययन गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानीय संस्कृतिका यी प्रमुख अंगलाई लोक प्रचलित दृश्य काव्यको क्षेत्रभित्र राख्नु उचित ठानियो । यिनीहरूको संकलनमा जति कठिनाइ छ ऐतिहासिक तथ्यको दृष्टिले यी त्यति महत्वपूर्ण नभएका हुनाले सो तथ्यपूर्ण ताम्रपत्र, शिलालेख एवं विभिन्न राजा र पाइकहरूका चैंत (चरित्र) धमारी आदिमैं विशेष ध्यान दिँदा उक्त योजनाको छोटो समयमा यिनीहरूको विशेष संकलन पनि हुन सकेन । यति भएर पनि उदाहरणको लागि यहाँ 'रानी मौलाको भारत' प्रस्तुत गरिन्छ ।

रानीमौलाको भारत

यो डोटीतिरको प्रमुख भारत हो । स्थानीय जनताले मात्रादि लाघवको दृष्टिले यसलाई 'रन मौला' को भारत पनि भन्दछन् ।

यसको कथा कुनै पूर्वापर प्रसंग नमिलेको छ । यसलाई प्रथाम द्यौ राजाका सात रानीमध्ये जेठी रानी 'मौला' सँग र डडेल्धुराका प्रसिद्ध मसानी देवता घटालसँग पनि सम्बद्ध गरेको छ । दमाईंहरूसँग सोधी जानकारी गर्दा कुनै तथ्य हात लागेन । उनीहरूले यसबारे धेरै कुरा भनेर पनि कुनैको पनि प्रसंग मिलाउन सकिएन । पहिले त उनीहरूले यसलाई गुप्त मानी भन्न नै अस्वीकार गरे तर पछि आफूलाई कंठ भए अनुसार आरम्भका केही पद मैले नै पहिले भन्दा उनीहरुले गाइदिए । उनीहरुले भनेको कथा यस प्रकार छ—

'प्रथाम द्यौ राजाका सात रानी थिए । सबै पुत्रवती भए । तर जेठी रानी मौला अपुतै रहेकी हुनाले सौताका वचन लागी उनी तपस्या गर्न हिंडिन् । यी प्रथाम द्यौको राजधानी कुमाउँ चम्पावतमा थियो । उनी महाकाली किनारको परशुराम तीर्थ वाङ्घाट (नेपाल) मा आई तपस्या गर्न थालिन् । उनीलाई देवताले वरदान दिए । पति विना नै उनको पुत्र जन्म्यो जो कोखिबाट बाहिर निस्क्यो । जन्मने बित्तिकै ऊ सूर्य जस्तो देदीप्यमान र हिंड्न सक्ने भयो । पछि यही घटाल देवता भयो ।'

अर्को थरीको भनाइ के छ भने उनले जन्माएको पुत्र त राजा नै भयो तर कालीका तीरको देवता पछि सो पुत्रले डडेल्धुरामा राज्य गर्दा त्यहीं आई घटालको रूपमा बस्यो । अव प्रसंगवश यी घटाल देवताको परिचय दिइहाल्नु पनि उचित ठान्दछु ।

घटाल

यी श्मसानवासी प्रत्यक्ष फलदाता र अद्‌भुत पराक्रमले भरिएका देवता मानिन्छन् । डडेल्धुराबाट नजबीकै डोटी खोलाको माझमा यिनको निवास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ । प्रायः सबै जनता, कर्मचारी र हाकिमहरू समेतले आफ्नो आफ्नो इष्ट सिद्धिको निमित्त यिनलाई पूजा, वलि आदिबाट सन्तुष्ट गर्दछन् । २०१४ सालको सवारीमा स्वर्गीय श्री ५ महेन्द्रबाट पनि यिनलाई बर्सेनी रू. ३६०।– को पूजा भेटी ठेकी बक्सेको सर्वविदित नै छ । श्री ५ महेन्द्रलाई यिनको धामीले कैयौं सेर बालुवा र कैयौं घडा पानी निलेर देखाएको थियो । श्री ५ महेन्द्रले डोटीतिरका धेरै देवताहरुलाई यस्तो भेटी चढाई बक्सेको छ जसमा मूल बाटामा पर्ने शिखरवासी घंटेश्वरको मन्दिरमा पनि कुनै चमत्कार भएर सो भेटी बक्सेको हो भन्ने जनताको भनाइ छ । यी घटाल वलिप्रिय छन् । जति टाढाबाट वलि दिएपनि स्वीकार गर्दछन् । टाढाका व्यक्तिलाई चाँडै फल दिन्छन् । स्थानीय भूत प्रेत आदि आसुरी शक्तिलाई दमन गरी जनताको पीर हर्दछन् । यिनको कुनै लिंग छैन । यिनको दुबैतिरबाट डोटी खोला बग्दछ र त्यसमा जतिसुकै बाढी आएपनि यिनको स्थानलाई कुनै प्रभाव नपारेको कुरा सबैले देखेकै छन् । यिनलाई आइतवार बाहेक सबै दिन बोका, रांगा र कुखुरा आदिको वलि चढाउन सकिन्छ । तर सो घाटमा मुर्दा आइपुगेपछि सो दिनभरी-लाई वलि दिइँदैन । यिनको मुख्य स्थान भन्नु घट्टको ढुंगाको बीचको प्वाल हो त्यसै प्वालमा वलिको रगत चढाइन्छ । त्यो घट्ट उक्त परशुराम क्षेत्र कालीको किनाराबाट जनताले पिसी खान बोकेर ल्याएका थिए र त्यो ठाउँमा आइपुग्दा त्यो यति भारी भयो कि त्यसलाई उचाल्न त के हल्लाउन पनि सकिएन र त्यहीं छोडिदिंदा पछि त्यसैमा सो घटालको वास भयो भन्ने जनताको विश्वास छ । यी घटाललाई घटोत्कचको अवतार मान्दछन् । महाभारत युद्धमा राक्षसी पट्टिका भीमपुत्र घटोत्कचलाई भगवान् कृष्णले कर्णको अमोघ वाणको सन्मुख पठाई मार्न लाएका थिए । सो वाण कर्णले अर्जुनको निमित्त राखेको थाहा पाई योगेश्वर कृष्णले यो जाल रचे र अर्जुनको ठाउँमा राक्षस घटोत्कचलाई मार्न लगाई धर्मस्वरुप पांडवपक्षको विजय गराए । धर्मसंस्थापनको आफ्नो प्रमुख प्रतिज्ञा पूरा गर्न प्राणको आहुति गर्ने घटोत्कचको मृत्युपछि कृष्णले उनलाई कलिमा देवता हुने वरदान दिए 'कलौ देवो भविष्यति' । भनिन्छ कि कलियुगको पश्चिम नेपालका यी अद्भुत पराक्रमी घटाल बाबा परब्रह्मका अवतार कृष्णद्वारा वरप्रदत्त घटोत्कच नै हुन् । यिनलाई डडेल्धुरातिर पिता झैं रक्षा गर्ने हुनाले बाबा भन्ने चलन पनि छ ।

अब आऊँ प्रस्तुत 'भारत'को परिचयतिर । यसका प्रथम दुई पदका उधउधकार, बुधबुधकार र धमधमकार स्थानीय बोलीका अभ्युदय र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैभव जनाउने शब्द हुन् । 'आजभोलि 'क' को धमधमकार छ' भन्नाले स्थानीय बोलीमा उसको प्रबल भाग्योदय र उन्नति भएको बोध हुन्छ । यी दुबै पद प्रथाम द्यौ राजाका अभ्युदय सूचक नै हुन् । यसपछि प्रथाम द्यौ राजाका सात रानीमध्ये रानी मौला अपुत्री रहेकी हुनाले 'उनले पुत्र पाउन देवताका नाउँले ढुंगा मुणा पुज्यो तीर्थ हेतु सबै खोला नदीमा स्नान गऱ्यो, नांगालाई लुगा र भोकालाई खीर दियो र पंडित पुरोहितहरूलाई दान गऱ्यो र पुत्रको वर पायो ।'

पुत्र नपाउँदा अरू सौताले काखमा छोरा खेलाएको देखी आफ्नो रित्तो कोखमा आगो लागिजाऊ भन्ने मौलालाई अरूले यात गरेर खाऊ या मरेर जाऊ अथवा जोगीको भेष लिएर हिँड भन्दा मौलाले तपस्याको लागि प्रस्थान गरिन् । उनले घरको कोठा छोडेर पहिलो वास ढिकीको कटेरामा लिइन्, दोस्रो वास आँगनमा लिइन् र क्रमशः उनी कालीका घाटमा पुगिन् । यसमा डोटीतिर मसान साध्न जाने बेलाको प्रक्रियाको संक्षिप्त उल्लेख भएको पाइन्छ । डोटीतिर मसान साध्नेहरुले पहिलो रात जाँतोको कोठामा बस्ने, दोस्रो रात घरको दैलोमा बस्ने, तेस्रो रात ढिकीमा, चौथो पानीधारामा, पचाउं दोवाटोमा बसी मसानमा पुग्ने चलन थियो जो अब अतीतको कथाको रूपमा मात्र सुन्न पाइन्छ । यद्यपि अद्यावधि पनि यस्ता मशानसाधकहरू रहेको गुप्त रूपले थाहा हुन आएको छ ।

अब सो महाकालीको तीरमा मौलाज्यूले गाईदान गरी जौतिल समेत होमी यज्ञ गरिन् र पुत्रको वर पाइन् । यसरी मौलाज्यूले पुत्र पाइसकेपछि तुरून्तै घटालको प्रार्थना आरम्म भएको छ - जो निम्नप्रकार छ - 'गुसाई' (स्वामी), तिम्रो मंडपमा वांझको बुटा छन्, तिम्रो सेवामा चौधसय (समस्त) डोटी आएको छ । ए चौडा शिला ! दुनियाँको बीचमा अवतरित होऊ । तिमी जस्तो महाबली र छत्रपति आजसम्म कुनै जन्मेन । तिमी अवतरित भएर आशीर्वाद देऊ । तिमी ठाडो भएर उठ । तिमीले स्वर्गलोकमा भऱ्याङ लगायौ, खोलाको मशानी र लेकको विषधर सर्पको पनि (वशवर्ती) तिमीले साधना गऱ्यौ । सेर भरी लुहाका चना तिमीले चपायौ । तिमी जस्तो महाबली कोही पनि छैन । अब घटालको अवतार भयो । उनले हरद्वार, गुरूद्वार, सिन्धु सागर र गया नुहाई सकेका छन् । आधा खेतमा धान बाली र आधा खेतमा साउंछ (मिलाउने मात्र) हाम्रो (जनताको) सेवा पूरा भयो । हे मालिक, हामी माथा बाहुली (आशीर्वाद) पाऊँ ।'

यो पूरै 'भारत' पूजाको बेला घटालको धामीलाई गाएर सुनाइन्छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऊ काम्न थाल्दछ । भनिन्छ कि यो 'भारत' लाई डडेल्धुरा हट गाउँ निवासी जयाढोलीले सात रातसम्म घटालको मसान बु्रेर सिद्ध गरिसकेको थियो र उसले गाउँदा घटालको धामी आफूमा देवावतार भैसकेपछि फुत्त उफ्रेर उसको हातमा रहेको हुड्कोमाथि नाच्न थाल्दथ्यो । यो कार्य साधारण रूपले असम्भव नै छ । एक जना मानिसको एकै हातमा रहेको आधा फुट जति चाक्लो हुड्को-मा नाच्नु धामीको लागि पनि असम्भव र उसलाई थाम्नु ढोली (हुड्के) को निमित्त झन् असम्भव । ६।७ वर्ष पूर्व निज जया ढोलीको परलोक भैसक्यो ।

यति भएर पनि यो भारत अरू देवस्थान र लेकको धुरामा गाइँदैन । नत घटालको दर्शन गरेर भागेश्वरको मन्दिरमा जाने चलन छ । डडेल्धुराबाट भागेश्वरको धुरामा जाँदा घटाल देवताको बाटो नजदीक परेर पनि घुमाउरो बाटो नै जाने चलन छ । भागेश्वरको दर्शन गरी फर्किंदा घटालकै बाटो आएपनि हुन्छ । यो बाहेक अरू 'भारत' को देवतासँग सम्बन्ध छैन ।

रानी मौलाको भारत

उध उध कारकी▬ बुध बुध कार=
बुध बुध कारकी धम धम कार::
प्रथाम द्यौ राजाकी सात रानी मौला
सात रानी मौलाकी को रे रानी जेठी
सात रानी मौलामैकी रानी मौला जेठी
छ रानी प्रथाम द्यौकी पुताली× होइ गइन
साताऔं रानी मौलाज्यूत अपुती रै~ गइन
देवताईका नाउँले मौलाज्यूले ढुंगा मुणा पुज्यो
तीरथका नाउँले खोली रोडी नायो
नांगा जति मौलाज्यूले कपडा वडायो卐
भोक्या॰ जति मौलाज्यूले खिरोडी○ खवायो
तिस्या★ जति मौलाज्यूले दूध पिलायो
पुरीत+ पंडित मौलाज्यूले दान पुण्य दियो
तौन= पायो मौलाज्यूले पूत खरू❍ वर
सँगैकी सौतेलो कोल□ बालो खेलाउँछिन्

▬= ::यी तीनै अभ्युदय र वैभवसूचक अतिशयोक्ति हुन्, ×पुत्रवती, ~रही, 卐ओढायो, ॰भोकालाई, ○खीर, ★तिर्खाएकालाई, +पुरोहित =तब न; अनि त, ❍को, □कोख,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यँ मेरी कोल अगिनी जलि जाउ
फिरे मौला अरि¦ खानु फिरे मरिजानु
फिरे लिय जोग खरू भेख§
ताँरे हैत मौलाज्यूले चलभल कियो
गावकी मजेली छाडी उवोटेरी* बासो लियो
ताँरे हैत मौलाज्यूले चल भल कियो
ओटरीको × वास छाडी आँगनी बासो लियो
ताँरे हैत मौलाज्यूले चलभल कियो
चुल्ल सिराड+ जाई बेली बासो लियो
ताँ रे हैत मोलाज्यूले चलभल कियो
कालीका□ घाट जाई बेली वासो लियो
ताँ रे बसी मौलाज्यूले गाईदान अन्यो◇
ताँ रे बसी मौलाज्यूले जौंतिल हुम्यो
तौन पायो मौलाज्यूले पूत खरू वर
तमरा मंडप गुसाईं बाँज खरि वोटि○
तमरी त सेवा आइछ चौध सय÷ डोटी
तमरा मंडप गुसाईं सुन खरि झांझ
अवतरिजा∾ चौडा शिला दुनियाकी माज
तोरेजसो महा बली कोइलै न जर्म्यो∞ छ
तोरे जसो छत्रपति कोइलै न जर्म्योछ
आधा गडा धान बाली आधा गडा साउँ
अवतरिजा छत्रपति माथाबहुली$ पाउँ
ठाडो उठिजा राजा चौडा शिला
तोरे जसो महाबली कोइलैन जर्म्यो
सर्ग लिसनी★ तँले लाइछैं
गाडको मसानी तँले साधि छैं

¦गरि, §भेष, *ढिकीको कटेरो ×ढेकीकटेरो, +डडेलधुरा रुपाल भेक. □काली नदीको घाट ◇गऱ्यो ○रुखबोट, ÷त्यो बेलाको डोटीको आवादी गाउं र जनसंख्याको पर्यायवाची. बाजा, ∾प्रकट भइहाल, जस्तो, ∞जन्मेछ, खेत, बारी $आशीर्वाद ★भन्याङ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेकको चुडाइन~ तँले साधी छँ
सेर भरि लुहा चना तँले बुकाइछँ◆
तोरे जसो महाबली कोइलँ नजम्र्यो
अवत–योद्ध चौडा शिला सुनौला गात
हरद्वार नाइछँ गुरुद्वार नाइछँ
फड खन्डी वनारस नाइछँ
सिन्धु सागर नाइछँ गया नाइछँ गजाधर नाइछँ
आधा गडा धान वाली आधा गडा साउँ
सेवा पूरी भँछ गुसाईं भाथाबाउली पाउँ ।

~लेकको विषधर विशाल सर्प, ◆चपायो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३

वाल्मीकिविद्यापीठ

वाल्मीकि विद्यापीठ (

१३३२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. 13321
Class No 398.204 Book No PAN
Author पन्त, देवकान्त
Title डोटेली लोक साहित्य

Due on	Borrower's Name	Returned on

398.204
PAN
13329

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेससम्पादक तथा प्रूफरीडर — बलराम "श्रमजीवी"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu